३४६

# भक्तपुर मासिक

Bhaktapur Monthly

चैत २०८१

ISSN 2705-4454






## भक्तपुरमा अन्तर-नगर जिम्नास्टिक प्रतियोगिताको उद्घाटन समारोह - २०८१

- उपभोक्ता अदालत गठन र उपभोक्ता हितको प्रश्न
- जोन बायड डनलप टायरका आविष्कारक
- स्थानीय सरकार सञ्चालनको भक्तपुर मोडेल
- महिला दिवसको अवसरमा समाजवादको नारा किन ?
- भक्तपुरको रमणीय ऐतिहासिक सिद्धपोखरी
- गोविन्द गौतमले शहादत प्राप्त गरेको ठाउँमा पुग्दा ...
- भक्तपुर नपाको गतिविधि



अन्तर-नगर जिम्नास्टिक प्रतियोगिताबारे पत्रकार भेटघाट कार्यक्रम
( चैत २१ गते)



राराहिल मेमोरियल स्कूलका शिक्षकहरू भक्तपुर भ्रमणमा
(चैत २ गते)

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np
email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j ì{$@★cÆ %★g};‡!$%★|j-;‡@)*! r}{★A.D.2025

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३


email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी
सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार
डेस्कटप : धनलक्ष्मी त्यात
आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :
भक्तपुर अफसेट प्रिन्टर्स
ब्यासी, भक्तपुर
☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)


भक्तपुरको कमल विनायक पोखरी जीर्णोद्धार र सुधार गर्नुअघिको एक दृश्य


'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

## ‘जसले आफ्नो देशलाई माया गर्दैन उसले कसैलाई माया गर्दैन ।’– बाइरन

### यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | भक्तपुरमा अन्तर–नगर जिम्नास्टिक प्रतियोगिताको उद्घाटन समारोह | – | ३ |
| २) | “स्थानीय तहलाई कर्मचारी भर्नाको अधिकार नदिनु सङ्घीयताको भावना र सिद्धान्त विपरीत छ” | प्रमुख सुनिल प्रजापति | १५ |
| ३) | उपभोक्ता अदालत गठन र उपभोक्ता हितको प्रश्न | विवेक | १७ |
| ४) | जोन बायड डनलप टायरका आविष्कारक | राजेन्द्र बहादुर कायष्ठ | १९ |
| ५) | स्थानीय सरकार सञ्चालनको भक्तपुर मोडेल | शान्ति तामाङ | २३ |
| ६) | महिला दिवसको अवसरमा समाजवादको नारा किन ? | अनिता जधारी | २७ |
| ७) | भक्तपुरको रमणीय ऐतिहासिक सिद्धपोखरी | रश्मी भुजेल | २९ |
| ८) | गोविन्द गौतमले शहादत प्राप्त गरेको ठाउँमा पुग्दा ... | रविन | ३० |
| ९) | जिम्न्यास्टिक खेलाडी तथा प्रशिक्षक नेपल कोजु | राजकुमार लघु | ३२ |
| १०) | The City of the Yellow Devil (VIII) | Maxim Gorky | ३४ |
| ११) | भक्तपुर नपाको कार्यपालिकाको बैठक निर्णय | – | ३६ |
| १२) | भक्तपुर नगरपालिका गतिविधि | – | ४८ |
| | क) शैक्षिक गतिविधि | – | ५९ |
| | ख) स्वास्थ्य सेवा | – | ६३ |
| | ग) अनुभवको आदान–प्रदान | – | ६८ |
| | घ) भेटघाट | – | ६९ |
| १३) | विविध समाचार | – | ७१ |
| १४) | नयाँ वर्ष २०८२ को शुभकामना ! (सम्पादकको पृष्ठ) | – | ८८ |

**साथमा** :

बसिबियाँलो – १४/ चीनका प्राचीन नीति कथा – १६/ यता–उताबाट – ४४/ जीवन–आचरण – ४७/ख्वप अस्पतालको प्रगति – ६७/ हाम्रा पुराना मूर्ति – ७०/ Word Searh – ७०/ हाम्रो स्वास्थ्य – ८५/ हाम्रो स्थानीय तह–८६/ थाहा पाइराखौं – ८६/ पर्यटक तथ्याङ्क – ८७/ तस्बिरमा केही गतिविधि – क–घ ।




# भक्तपुरमा अन्तर-नगर जिम्नास्टिक प्रतियोगिताको उद्घाटन समारोह




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छेँ (रोहित)** ले भक्तपुर नगरपालिकाको आयोजनामा २०८१ चैत २३ गतेदेखि चैत २५ गतेसम्म सञ्चालन हुने तीनदिने अन्तर-नगर जिम्नास्टिक




प्रतियोगिताको चैत २३ गते एक समारोहबिच पानसमा दीप प्रज्ज्वलन गरी उद्घाटन गर्नुभयो । सोही अवसरमा अध्यक्ष बिजुक्छेँले भक्तपुर नगरपालिकाद्वारा प्रकाशित 'खेलकुद स्मारिका–२०८१' को बिमोचन गर्नुभयो ।

भक्तपुरको सहिद स्मृति खेल मैदानमा भएको उद्घाटन समारोहमा प्रमुख अतिथि बिजुक्छेँले प्रतियोगिता पूर्ण सफलताको कामना गर्दै जिम्नास्टिक खेल जोखिमपूर्ण खेल भएकोले सुरक्षितका साथ खेल्न आग्रह गर्नुभयो ।

नाचगान र शारीरिक अभ्यासले शरीरका अङ्ग प्रत्यङ्गहरूलाई चलायमान बनाइ स्फूर्ति प्रदान गर्ने बताउँदै उहाँले खेलकुद व्यक्तिगत रूपमा शारीरिक तन्दुरुस्ती, मानसिक स्वस्थका साथै राष्ट्रलाई विश्वमाझ चिनाउने माध्यम भएको प्रस्ट पार्नुभयो ।

खेलाडीहरूलाई आफ्नो कला र कौशल अनुशासित ढङ्गले प्रदर्शन गर्न जोड दिँदै उहाँले सरकारले खेलाडीहरूलाई हौसला र प्रोत्साहन दिनु जरुरी रहेको बताउनुभयो ।

कार्यक्रमका सभापति एवम् भक्तपुर नपाका प्रमुख **सुनिल**




**प्रजापति**ले प्रत्येक युवा र विद्यार्थीलाई कुनै न कुनै खेलमा सहभागी गराउन भक्तपुर नगरपालिकाले उत्साहित गर्दै आएको बताउँदै भक्तपुर नपाले विद्यालयहरूमा खेलकुद प्रशिक्षकहरूको व्यवस्था गरी खेलकुद प्रशिक्षणहरू सञ्चालन गर्नु त्यसको सिलसिला हो भन्नुभयो ।

प्रत्येक वर्ष अन्तर-नगर खेलकुद प्रतियोगिता र अन्तर-विद्यालय खेलकुद प्रतियोगिताको आयोजना गर्ने नेपाल मजदुर किसान पार्टीको निर्वाचन घोषणापत्रअनुसार भक्तपुर नगरपालिकाले काम गर्दै आएको स्पष्ट पार्दै उहाँले सबै नगरवासीहरूलाई स्वस्थ राख्ने, राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलाडीहरू तयार गर्ने मुख्य उद्देश्यले भक्तपुर नगरपालिकाले खेलकुद प्रतियोगिताको आयोजना र प्रशिक्षणहरू सञ्चालन गर्दै आएको बताउनुभयो ।



भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले जिम्नास्टिक खेल जगतको महत्त्वपूर्ण खेलको रूपमा रहँदै आएको उल्लेख गर्दै विद्यार्थीहरूको बौद्धिक विकाससँगसँगै शारीरिक र मानसिक विकासको लागि खेलकुद महत्त्वपूर्ण पक्ष रहेको बताउनुभयो ।

भक्तपुरका प्रमुख जिल्ला अधिकारी **गोपालप्रसाद अर्याल**ले अन्तर-नगर खेलकुद प्रतियोगिता आयोजनाले विभिन्न नगरपालिकाबिच अन्तरसम्बन्ध विस्तार र अनुभव आदानप्रदानमा योगदान पुग्ने विश्वास



व्यक्त गर्नुभयो ।

नेपाल जिम्नास्टिक सङ्घका महासचिव **मुकुन्दराज शर्मा**ले भक्तपुर नपाको आयोजनामा भएको अन्तर-नगर जिम्नास्टिक प्रतियोगितामा सहभागी हुन पाउँदा गौरवान्वित महसुस भएको बताउँदै १८ वटा महानपा, उपमहानपा र नपाबिच हुने प्रतियोगिताले राष्ट्रिय प्रतियागिताको स्वरूप लिएको बताउनुभयो ।












कार्यक्रममा भनपा वडा नं. १ का वडाध्यक्ष तथा युवा तथा खेलकुद समितिका संयोजक **श्यामकृष्ण खत्री**ले अन्तर–नगर जिम्नास्टिक प्रतियोगिता सफलतापूर्वक सम्पन्न गर्न सबैको साथ र सहयोगको अपेक्षा गर्दै सबै नगरवासीहरूलाई स्वस्थ राख्न, राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलाडीहरू तयार गर्ने उद्देश्यले भक्तपुर नगरपालिकाले खेलकुद प्रतियोगिताको आयोजना र प्रशिक्षणहरू सञ्चालन गर्दै आएको हो भन्नुभयो।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले शुभकामना मन्तव्य, भनपा वडा नं. ४ का वडाध्यक्ष **उपेन्द्र सुवाल**ले धन्यवादज्ञापन मन्तव्य राख्नुभएको थियो। युवा तथा खेलकुद समितिका सदस्य **रामसुन्दर बासी**ले पनि बोल्नुभएको थियो।

प्रतियोगिताको उद्घाटनअघि भक्तपुर नपा वडा नं. ९ दत्तात्रयबाट सुरु भएको र्‍याली नगर परिक्रमा गरी सहिद स्मृति खेल मैदानमा पुगी सभामा परिणत भएको थियो। र्‍यालीमा भक्तपुर नगरपालिकाका जनप्रतिनिधि, पूर्वजनप्रतिनिधि, कर्मचारी, स्वयम्सेवक, खेलाडी, शिक्षक कर्मचारी, स्काउट, सहकारी, समाजसेवी, व्यवसायी तथा विभिन्न विद्यालयका विद्यार्थीहरूको उल्लेख्य सहभागिता थियो।



भक्तपुर जिल्ला जिम्नास्टिक सङ्घका अध्यक्ष **दिपककृष्ण प्रजापति**ले प्रतियोगिता सफलताको शुभकामना व्यक्त गर्दै खेलाडीहरूलाई अनुशासन र मित्रतामा जोड दिन आग्रह गर्नुभयो।








# अन्तर-नगर जिम्नास्टिक प्रतियोगिताको पुरस्कार वितरण

## भक्तपुर नपा प्रथम, मध्यपुर थिमि नपा दोस्रो र चन्द्रागिरी नपा तेस्रो




भक्तपुर नगरपालिकाको आयोजनामा २०८१ चैत २३, २४ र २५ गतेसम्म सञ्चालन भएको अन्तर-नगर जिम्नास्टिक प्रतियोगिताको समापन समारोह तथा पुरस्कार वितरण कार्यक्रम सहिद स्मृति खेल मैदानमा चैत २५ गते एक समारोहबिच सम्पन्न भयो। अन्तर-नगर जिम्नास्टिक प्रतियोगितामा भक्तपुर नगरपालिका प्रथम, मध्यपुर थिमि नगरपालिका दोस्रो र चन्द्रागिरी नगरपालिकाले तेस्रो स्थान हासिल गरेको थियो ।

कार्यक्रममा नेमकिपाका सचिव एवं सङ्घीय सांसद **प्रेम सुवाल**ले खेलकुद स्वास्थ्य, अनुशासन, मित्रता र



देशको सार्वभौमिकता रक्षाको निम्ति भएको बताउँदै खेलकुदको माध्यमबाट जोडिएको मित्रतालाई सधैँ मजबुत बनाइराख्नुपर्ने बताउनुभयो।

नागरिकहरू अनुशासित भए मात्र देश समृद्ध हुने उल्लेख गर्दै उहाँले नागरिकहरूमा कर्तव्यबोध भएपछि मात्र देश बन्न र समाज व्यवस्थित रूपमा अगाडि बढ्न सघाउ पुग्ने बताउनुभयो।

खेलाडीहरूले आफ्नो खेल जीवनसँगसँगै विद्यालय र विश्वविद्यालयको शिक्षालाई पनि अगाडि बढाउन सके व्यक्तित्व विकासमा धेरै महत्त्वपूर्ण भूमिका खेल्ने उल्लेख गर्दै उहाँले देशको रक्षाको लागि खेलकुदको महत्त्वपूर्ण भूमिका हुने बताउनुभयो।

सांसद सुवालले छिमेकी देश भारतले नेपालका भूभागहरू अतिक्रमण गरिरहेको सन्दर्भ जोड्दै देशको सिमाना रक्षा गर्ने नयाँ पुस्ता तयार गर्ने महत्त्पूर्ण थलो खेलकुद हो भन्नुभयो।

जनताको माग सम्बोधन हुने राजनीतिक व्यवस्था समाजवादी गणतन्त्र भएको स्पष्ट पार्दै उहाँले साम्राज्यवादी देश अमेरिकाले इजरायललाई हतियार बेचेर प्यालेस्टिनी जनतामाथि बर्बर हमला तथा बमबारी गरिरहेको बताउनुभयो।



भनपाका प्रमुख **सुनिल प्रजापति**ले प्रत्येक युवालाई कुनै न कुनै खेलकुदमा सहभागी गराउने र खेललाई जीवन पद्धतिको रूपमा विकास गर्ने उद्देश्यले भक्तपुर नगरपालिकाले खेलकुद प्रतियोगिताको आयोजनालाई निरन्तरता दिँदै आएको बताउनुभयो।

दुईवटा महानगर, एकवटा उपमहानगर समेत गरी १८ वटा

नगरपालिकाको सहभागितामा भव्य रूपमा सम्पन्न अन्तर नगर प्रतियोगिताले खेलकुद जगतको इतिहासमा एउटा इँटा थप्ने काम भएको प्रमुख प्रजापतिले बताउनुभयो ।

भक्तपुर नगरपालिकाले सरकारको भर नपरी आफ्नै बलबुत्तामा भक्तपुरको विकास गर्ने प्रयास गर्दै आएको बताउँदै उहाँले देशको सिमाना रक्षा गर्ने र सार्वभौमिकता रक्षा गर्ने नयाँ पुस्ता तयार गर्ने उद्देश्यले खेलकुद क्षेत्रलाई प्राथमिकतामा राखी काम गर्दै आएको हो भन्नुभयो ।



वाग्मती प्रदेश सभाका सदस्य **सृजना सैंजु**ले जिम्नास्टिक प्रतियोगितामा महिला सहभागिताले उत्साह थपेको बताउँदै भक्तपुर नगरपालिकाले गर्दै आएको खेल गतिविधिले देशको खेलकुद क्षेत्रमा महत्त्वपूर्ण भूमिका खेलेको चर्चा गर्नुभयो ।

उहाँले राज्यको उदासिनताविरुद्धको सटिक पाइला भक्तपुर नपाले चाल्दै आएको बताउँदै समाजवादी गणतन्त्र नै कामदार वर्गको प्रजातन्त्र हो भन्नुभयो ।



कार्यक्रममा भक्तपुर जिल्ला जिम्नास्टिक सङ्घका अध्यक्ष **दिपककृष्ण प्रजापति**ले प्रतियोगिता भव्य रूपमा सफल भएकोमा सरोकारवाला सबैमा हार्दिक आभार व्यक्त गर्दै जिम्नास्टिक प्रतियोगिता आयोजनाले खेलाडीहरूमा उत्साह थपेको बताउनुभयो ।



कार्यक्रममा प्रमुख अतिथि सुवालले विजयी खेलाडीहरूलाई प्रमाणपत्र, शिल्ड र नगद पुरस्कार वितरण गर्नुभएको थियो । विशेष अतिथि तथा अतिथिहरूले सहभागी नगरपालिकाहरूलाई मायाको चिनो वितरण र विजयी खेलाडीहरूलाई पुरस्कार वितरण गर्नुभएको थियो ।

कार्यक्रममा खेलकुद समितिका संयोजक **श्यामकृष्ण खत्री**ले स्वागत मन्तव्य, प्रमुख प्रशासकीय अधिकृत **बसन्त भट्टराई**ले धन्यवादज्ञापन मन्तव्य दिनुभएको थियो भने वडा सदस्य **रामसुन्दर बासी**ले





पनि बोल्नुभएको थियो ।

भक्तपुर नगरपालिकाद्वारा आयोजित जिम्नास्टिक प्रतियोगितामा काठमाडौँ र ललितपुर महानगरसहित देशका विभिन्न १८ वटा नगरपालिकाहरूले भाग लिएका थिए । उक्त प्रतियोगिता नेपालकै पहिलो प्रतियोगिताको रूपमा भक्तपुर न.पा.ले आयोजना गरेको थियो भने प्रतियोगितामा प्रथम हुने टीमलाई रु. ५० हजार, दोस्रोलाई रु. ३० हजार र तेस्रोलाई रु. २० हजार नगद पुरस्कारको व्यवस्था गरिएको थियो भने सहभागी खेलाडी र अफिसियलहरूलाई खाने र बस्नेको व्यवस्था पनि गरिएको थियो ।



## प्रतियोगिताको नतिजा

प्रथम – भक्तपुर नगरपालिका
द्वितीय – मध्यपुर थिमि नगरपालिका
तृतीय – चन्द्रागिरी नगरपालिका

### सिनियर ब्वाइज टप १४ (अल राउन्डर)

रामग्राम नगरपालिकाका रोहन बुढाथोकी – प्रथम
मध्यपुर थिमि नगरपालिकाका सुमन तामाङ – दोस्रो
चाँगुनारायण नगरपालिकाका विज्ञान भैल – तेस्रो

### सिनियर ब्वाइज टप ८ (फ्लोर)

भक्तपुर नगरपालिकाका सुमित तमखू – प्रथम
भक्तपुर नपाका अर्नेष्ट सुवाल – दोस्रो
रामग्राम नगरपालिकाका रोहन बुढाथोकी – तेस्रो

### सिनियर ब्वाइज टप ८ (भल्ट)

रामग्राम नगरपालिकाका रोहन बुढाथोकी – प्रथम
भक्तपुर नपाका सुमन नापित – दोस्रो
चाँगुनारायण नपाका विज्ञान भैल – तेस्रो

### सिनियर गर्ल्स टप १४ (अल राउन्डर)

भक्तपुर नपाका रेगिसा घेमोसू – प्रथम
रामग्राम नगरपालिकाका विदिशा न्यौपाने – दोस्रो
रामग्राम नपाका चन्द्रकला खड्का – तेस्रो

### सिनियर गर्ल्स टप ८ (फ्लोर)

मध्यपुर थिमिका प्रकृति थापा मगर – प्रथम
भक्तपुर नगरपालिकाका रेगिसा घेमोसू – दोस्रो
रामग्राम नपाका चन्द्रकला खड्का – तेस्रो

### सिनियर गर्ल्स टप ८ (भल्ट)

रामग्राम नपाका अन्जना थोकर – प्रथम
रामग्राम नपाका चन्द्रकला खड्का – दोस्रो
भक्तपुर नपाका रेगिसा घेमोसू – तेस्रो

### जुनियर गर्ल्स टप १४ (अल राउन्डर)

काठमाडौं महानगरपालिकाका जोया मानन्धर – प्रथम
ललितपुर महानपाका चेरिस्मा अर्याल – दोस्रो
ललितपुर महानपाका एन्गेल दाहाल – तेस्रो

### जुनियर गर्ल्स टप ८ (फ्लोर)

ललितपुर महानपाका कृसा महर्जन – प्रथम
काठमाडौं महानपाका कृसु भट्टराई – दोस्रो
काठमाडौं महानपाका जोया मानन्धर – तेस्रो

### जुनियर गर्ल्स टप ८ (भल्ट)

काठमाडौंका महानपाका जोया मानन्धर – प्रथम
सूर्यविनायक नपाका भूमिका लामिछाने – दोस्रो
भक्तपुर नपाका तुलिसा कोजु – तेस्रो

### जुनियर ब्वाइज टप १४ (अल राउन्डर)

भक्तपुर नपाका लिज अवाल – प्रथम
भक्तपुर नपाका ब्रायन लवजू – दोस्रो
पोखरा उपमहानपाका टनिक्स थापा – तेस्रो

### जुनियर ब्वाइज टप ८ (फ्लोर)

भक्तपुर नपाका रिसब जाकिबन्जार – प्रथम
भक्तपुर नपाका लिज अवाल – दोस्रो
वालिङ नगरपालिका सोनिस थापा – तेस्रो

### जुनियर ब्वाइज टप ८ (भल्ट)

मध्यपुर थिमि नपाका **रामकुमार खड्का** र
भक्तपुर नपाका **लिज्व अवाल** – प्रथम
पोखरा उपमहानपाका सिमोन थापामगर – दोस्रो

**जुनियर गर्ल्स टीम**
**प्रथम** : चन्द्रागिरी नपा
याना पी.सी., राजश्री प्रधान, अर्या थापा र आराध्या महत

**जुनियर गर्ल्स टीम**
**दोस्रो** : मध्यपुर थिमि नपा
समीक्षा श्रेष्ठ, विज्ञता श्रेष्ठ, अद्धिती प्रजापति र गीता साउद

**जुनियर गर्ल्स टीम**
**तेस्रो** – काठमाडौँ महानपा
कृसु भट्टराई, हर्साली रन्जित, सुरभी श्रेष्ठ, जोया मानन्धर

**जुनियर ब्वाइज टीम**
**प्रथम**– भक्तपुर नगरपालिका
ब्रायन लवजू, प्रनिस माक, रिसब जाकिबन्जार र लिज अवाल

**जुनियर ब्वाइज टीम**
**दोस्रो** – मध्यपुर नगरपालिका
रुजेन श्रेष्ठ, प्रयुष श्रेष्ठ, रेहान श्रेष्ठ र रामकुमार खड्का

**जुनियर ब्वाइज टीम**
**तेस्रो** – बनेपा नगरपालिका
विनायक देवकोटा, असल जोशी, आरोज गिरी र आसिसकुमार साह

**सिनियर गर्ल्स टीम प्रथम** – रामग्राम नगरपालिका
विशेस न्यौपाने, अन्जना थाकोर, सुमा तामाङ र चन्द्रकला खड्का

**सिनियर गर्ल्स टीम दोस्रो** – भक्तपुर नगरपालिका
रिगिसा घेमोसू, रिजु रन्जित, चेरिसा प्रजापति, सिनोन बासुकला

**सिनियर गर्ल्स टीम तेस्रो** – मध्यपुर नगरपालिका
दूधकला साउद, सिताकुमारी खड्का, प्रकृति थापामगर र आर्या रञ्जितकार

**सिनियर ब्वाइज टीम प्रथम** – भक्तपुर नगरपालिका
गौरव तुल्सिबाख्यो, अर्नेस्ट सुवाल, सुमन नापित, सुमित तमखू

**सिनियर ब्वाइज टीम दोस्रो** – रामग्राम नपा
सुनिल बुढाथोकी, विश्वास सुवेदी, आर्या केसी, रोहन बुढाथोकी

**सिनियर ब्वाइज टीम तेस्रो** – मध्यपुर नपा
सृजन राजभण्डारी, सुरेन्द्र तामाङ, सुमन तामाङ र शिवजी भण्डारी















"Creation of predecessors — Our art and culture"

# वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छें र सांसद प्रेम सुवाल अन्तर-नगर जिम्नास्टिक प्रतियोगिता अवलोकन गर्नुहुँदै

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित)ले भक्तपुर नगरपालिकाको आयोजनामा २०८१ चैत २३ गतेदेखि चैत २५ गतेसम्म सञ्चालन हुने तीनदिने अन्तर-नगर जिम्नास्टिक प्रतियोगिता चैत २४ गते अवलोकन गर्नुहुँदै ।

नेपाल मजदुर किसान पार्टीका सचिव एवं प्रतिनिधिसभा सदस्य प्रेम सुवालले भक्तपुर नगरपालिकाको आयोजनामा २०८१ चैत २३ गतेदेखि चैत २५ गतेसम्म सञ्चालन हुने तीनदिने अन्तर-नगर जिम्नास्टिक प्रतियोगिता चैत २३ गते अवलोकन गर्नुहुँदै ।















# अध्यक्ष रोहितसित खेल प्रशिक्षक तथा अफिसियलहरूको भेटघाट



नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छैं (रोहित) ले खेलकुद पनि एक प्रकारको लडाइँ वा सङ्घर्ष भएको धारणा राख्दै खेलमा पछि हट्नु भनेको भाग्नु होइन भन्नुभयो ।

भक्तपुर नगरपालिकाद्वारा आयोजित अन्तर–नगर जिम्नास्टिक प्रतियोगितामा भाग लिन भक्तपुर आएका विभिन्न १८ वटा नगरपालिकाका खेल प्रशिक्षक, अफिसियल र खेलाडीहरूबिच चैत २४ गते भएको भेटघाट कार्यक्रममा अध्यक्ष बिजुक्छैंले सरकारले सहयोग गर्छ भन्ने भावनाले होइन हरेक स्थानीय तहले आ–आफै विकास गर्छौं भन्ने सोचले अगाडि बढे देशको छिट्टै विकास हुने बताउनुभयो ।

खेलकुद अनुशासन र मित्रताको लागि अत्यन्त महत्त्वपूर्ण भएको उल्लेख गर्दै अध्यक्ष बिजुक्छैंले खेलकुदलाई जीवन पद्धतिको रूपमा विकास गर्न सके नागरिकहरू स्वस्थ हुने र स्वस्थ नागरिकहरूले मात्रै देशको सार्वभौमिकता रक्षा गर्न सकिने बताउनुभयो ।

उहाँले भन्नुभयो, "युवाहरू देशका चालक शक्ति हुन् । हरेक विद्यालयमा खेल प्रशिक्षकहरू नियुक्ति गर्नु राम्रो हुनेछ । त्यसले युवा–विद्यार्थीलाई अनुशासित बनाउन सहयोग गर्नेछ, अनुशासित युवा–विद्यार्थीलाई खेलकुदले स्वस्थ बनाउँछ ।"

संसद्मा राजनीतिशास्त्र अध्ययन गरेका सांसदहरू कमी भएको कारण संसद् संसद्जस्तो नभएको उल्लेख गर्दै उहाँले भन्नुभयो, "खेलाडी र खेलकुद प्रशिक्षकहरूले पनि राजनीतिशास्त्र विषय अध्ययन गर्नु आवश्यक छ ।"

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नगरपालिकाले शिक्षा, स्वास्थ्य उपचार, सम्पदा संरक्षण, सरसफाइ र रोजगारी प्रवर्द्धनबारे गरिरहेको कामबारे सङ्क्षिप्त जानकारी दिँदै भनपाले नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी कार्य गरिरहेको स्पष्ट पार्नुभयो ।

उहाँले भक्तपुर नगरपालिकाले आजको अवस्थामा पुऱ्याउन यहाँका अग्रजहरूले गर्नुभएको निःस्वार्थ सेवाको महत्त्वपूर्ण योगदान छ भन्नुभयो ।

भनपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले खेलकुदमा नगरपालिकाले गरिरहेको गतिविधिबारे सङ्क्षिप्तमा जानकारी दिनुभयो ।

१८ वटै पालिकाका प्रशिक्षकहरूलाई प्रमुख प्रजापतिले नगरपालिकाका प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभएको थियो ।




## अन्तर-नगर जिम्नास्टिक खेलकुद प्रतियोगिताबारे

# पत्रकार भेटघाट



भक्तपुर नगरपालिकाको आयोजनामा २०८१ चैत २३, २४ र २५ गतेसम्म हुने अन्तर-नगर जिम्नास्टिक प्रतियोगिताबारे चैत २१ गते पत्रकार भेटघाट कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाले चुनावी घोषणापत्रमा उल्लेख प्रतिबद्धताअनुसार एक एक काम पूरा गर्दै आएको बताउँदै भक्तपुर नपाले प्रत्येक वर्ष अन्तर-नगर प्रतियोगिता, विद्यालयस्तरीय खेलकुद प्रतियोगिता, खेलाडीको मनोबल बढाउन खेलाडी सम्मानलगायतका गतिविधिलाई जोड दिँदै आएको बताउनुभयो ।

अन्तर-नगर जिम्नास्टिक प्रतियोगिता भव्य रूपमा सम्पन्न गर्न सबै सरोकारवालाहरूको साथ र सहयोगको अपेक्षा रहेको उहाँले बताउनुभयो ।

विद्यालयका विद्यार्थी र युवाहरूलाई शारीरिक रूपमा स्वस्थ र तन्दुरुस्त बनाउन कुनै न कुनै खेलमा सहभागी बनाउनुपर्छ भन्ने मान्यताअनुरूप भक्तपुर नगरपालिकाले ६ वटा खेलकुदको नियमित प्रशिक्षण चलाउँदै आएको स्पष्ट पार्दै नगरपालिकाको आयोजनामा हुने प्रतियोगितामा विद्यार्थीहरूको उत्साहजनक सहभागिता रहँदै आएको प्रमुख प्रजापतिले बताउनुभयो ।

खेलकुदलाई मानव जीवनको अभिन्न अङ्गको रूपमा विकास गर्ने लक्ष्य लिएको औँल्याउँदै उहाँले भक्तपुर नपाले आफ्नो क्षमताअनुसारको खेलकुद पूर्वाधार विकास गर्ने प्रयास गरिरहेको बताउनुभयो ।

युवाहरूलाई नेपालमै योग्यताअनुसारको काम र कामअनुसारको ज्यालाको बन्दोबस्त हुनुपर्नेमा जोड दिँदै उहाँले युवाहरूको बढ्दो विदेश पलायनले देश विकासको आधार झन्झन् कमजोर हुँदै गएको बताउनुभयो ।

पत्रकार भेटघाट कार्यक्रममा भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष एवम् युवा तथा खेलकुद समितिका संयोजक श्यामकृष्ण खत्रीले अन्तर-नगर जिम्नास्टिक प्रतियोगिताबारे प्रेस विज्ञप्ति वाचन गर्दै प्रतियोगितामा प्रथम हुने टीमलाई रु. ५० हजार, दोस्रोलाई रु. ३० हजार, तेस्रोलाई रु. २० हजार नगद पुरस्कारको व्यवस्था गरिएको र सहभागी खेलाडी र अफिसियलहरूलाई खाने र बस्ने व्यवस्था नगरपालिकाले गरेको अवगत गराउनुभयो ।

उहाँले निर्वाचनको बेला जनताबिच गरेको प्रतिबद्धताअनुसार भक्तपुर नगरपालिकाले हरेक वर्ष अन्तर-नगर खेलकुद प्रतियोगिता सञ्चालन गर्दै आएको उल्लेख गर्दै पहिलो वर्ष भलिबल, दोस्रो वर्ष कराँते, तेस्रो वर्ष एथलेटिक्स, चौथो वर्ष बुद्धिचाल, पाँचौं वर्ष खो खो र गत वर्ष महिला कबड्डी खेलको प्रतियोगिता सफलताका साथ सम्पन्न गरिसकेको बताउनुभयो ।

कार्यक्रममा युवा तथा खेलकुद समितिका सदस्य रामसुन्दर बासीले अन्तर नगर जिम्नास्टिक प्रतियोगिताको लागि १५१ सदस्यीय आयोजक मूल समिति र १३ वटा विषयगत उपसमिति गठन भएको जानकारी गराउँदै भक्तपुर नगरपालिकाले भलिबल, फुटबल, कराँते, बक्सिङ, टेबुलटेनिस, जिम्नास्टिकलगायत ६ वटा खेलकुदको नियमित प्रशिक्षण चलाउँदै आएको बताउनुभयो ।

कार्यक्रममा विभिन्न सञ्चारमाध्यमबाट प्रतिनिधित्व गरेका पत्रकारहरूले प्रतियोगिताबारे आ-आफ्ना जिज्ञासा व्यक्त गरेका थिए ।

अन्तर-नगर जिम्नास्टिक प्रतियोगितामा हालसम्म काठमाडौं महानगरपालिका, ललितपुर महानगरपालिका, पोखरा महानगरपालिका, हेटौंडा उपमहानगरपालिका, भक्तपुर नगरपालिका, चाँगुनारायण नगरपालिका, सूर्यविनायक नगरपालिका, मध्यपुर थिमि नगरपालिका, बाग्लुङ नगरपालिका, रामग्राम नगरपालिका, बनेपा नगरपालिका, गोकर्णेश्वर नगरपालिका, शंखरापुर नगरपालिका, चन्द्रागिरी नगरपालिका, वालिङ नगरपालिका, कीर्तिपुर नगरपालिका, बुढानिलकण्ठ नगरपालिका र नागार्जुन नगरपालिका गरी १८ वटा महानगरपालिका तथा नगरपालिकाले प्रतियोगितामा भाग लिन नाम दर्ता गराइसकेका छन् ।

## अन्तर-नगर जिम्नास्टिक प्रतियोगिताबारे

# प्रेस विज्ञप्ति

**पत्रकार मित्रहरू,**

भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षणसँगै खेलकुद क्षेत्रमा पनि विशिष्ट स्थान हासिल गर्दै छ। विद्यालयका विद्यार्थी र युवाहरूलाई शारीरिक रूपमा स्वस्थ र तन्दुरुस्त बनाउन कुनै न कुनै खेलमा सहभागी बनाउनुपर्छ भन्ने मान्यताअनुरूप भक्तपुर नगरपालिकाले भलिबल, फूटबल, कराँते, बक्सिङ, टेबुलटेनिस, जिम्नास्टिकलगायत ६ वटा खेलकुदको नियमित प्रशिक्षण चलाउँदै आएको छ। भक्तपुरबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलाडीहरू उत्पादन गर्ने र खेलकुद क्षेत्रबाट पनि भक्तपुरको नाउँ उच्च बनाउने प्रशिक्षणको उद्देश्य हो।

ज्येष्ठ नागरिक, युवा, विद्यार्थीलगायत सम्पूर्ण नागरिकले सजिलैसँग अभ्यास गर्न मिल्ने श्वासप्रश्वाससँग सम्बन्धित छिकोङको शारीरिक अभ्यास पनि वडा–वडामा प्रशिक्षण चलाइरहेका छौँ। प्रशिक्षणमा सहभागी प्रशिक्षार्थीहरूबाटै प्रशिक्षक बनाउने उद्देश्यले २७ जना छिकोङका प्रशिक्षार्थीहरूलाई माघ ९ गतेदेखि १७ गतेसम्म प्रशिक्षक तालिम सम्पन्न गऱ्यौँ। विद्यालयहरूमा खेलकुदको विकास गर्ने उद्देश्यले विगत ४ वर्षदेखि पूर्णकालीन खेलकुद प्रशिक्षकहरू नियुक्ति गरी खेलकुद प्रशिक्षणलाई निरन्तरता दिँदै छौँ। विद्यालयका छात्राहरूलाई आत्मरक्षासम्बन्धी प्रशिक्षण पनि सञ्चालन गर्दै आएका छौँ। २०८० कार्तिक १७ गतेदेखि २४ गतेसम्म नगरभित्रका ४९ वटा विद्यालयका खेलकुद शिक्षकहरूलाई एकहप्ते प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गऱ्यौँ।

नेपाल मजदुर किसान पार्टीले स्थानीय तहको चुनावमा घोषणापत्रमार्फत व्यक्त प्रतिबद्धताहरूमध्ये प्रत्येक वर्ष एउटा खेलको अन्तर–नगर खेलकुद प्रतियोगिता आयोजना पनि एक हो। निर्वाचनको बेला जनताबिच गरेको प्रतिबद्धताअनुसार भक्तपुर नगरपालिकाले हरेक वर्ष अन्तर–नगर खेलकुद प्रतियोगिता सञ्चालन गर्दै आएको यस अवसरमा यहाँहरूलाई जानकारी गराउन चाहन्छौँ। पहिलो वर्ष भलिबल, दोस्रो वर्ष कराँते, तेस्रो वर्ष एथलेटिक्स, चौथो वर्ष बुद्धिचाल, पाँचौं वर्ष खो खो र गत वर्ष महिला कबड्डी खेलको प्रतियोगिता सफलताका साथ सम्पन्न गऱ्यौँ। सहिद दिवसको अवसरमा आयोजित एक कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिले यो वर्ष उपयुक्त समयमा अन्तर–नगर खेलकुद प्रतियोगिताको आयोजना गर्ने घोषणा गर्नुभयो। तत्पश्चात भक्तपुरमा क्रियाशील जिम्मेवार खेल प्रशिक्षकहरू र खेलाडीहरूसँग व्यापक छलफल गऱ्यौँ र उहाँहरूको सल्लाह र सुझावअनुसार भक्तपुर नगरपालिकाको कार्यपालिका बैठकले २०८१ साल चैत २३, २४ र २५ गते अन्तर–नगर जिम्नास्टिक खेल प्रतियोगिता गर्ने निर्णय गरेको हो। प्रतियोगिता भव्य रूपमा सम्पन्न गर्न नगर प्रमुखको संयोजकत्वमा १५१ सदस्यीय मूल आयोजक समिति र १३ वटा विषयगत उपसमितिहरू गठन गऱ्यौँ। ती सबै समितिहरूले आ–आफ्नो जिम्मेवारीअनुसार काम गरिरहेका छन्। हरेक वर्षको प्रतियोगिताले हामीलाई थप हौसला र उत्साह प्रदान गरिरहेको छ। हामी हाम्रा हरेक प्रतिबद्धताहरू दृढताका साथ पूरा गर्दै छौँ।

यस वर्ष अन्तर–विद्यालय खेलकुद प्रतियोगिता पनि सम्पन्न गऱ्यौँ। त्यस प्रतियोगितामा नगरमा रहेका ९२ वटा विद्यालयमध्ये ८५ वटा विद्यालयले सहभागिता जनाएका थिए। जिम्नास्टिक खेलमा उत्साहजनक सहभागिता थियो। २१ वटा विद्यालयले जिम्नास्टिक खेलमा भाग लिएका थिए। यस वर्षदेखि स्थानीय पाठ्यक्रमअन्तर्गतको बाघचाल खेललाई पनि प्रतियोगितामा समावेश गरिएको थियो। प्रतियोगितामा समावेश गरिएका १५ वटा खेलमध्ये बाघचाल प्रतियोगितामा भाग लिने विद्यार्थीहरू अत्यन्त उत्साहित देखिएका थिए। यस किसिमका खेलकुद प्रतियोगिताहरूमा आगामी वर्षहरूमा अझ बढी विद्यालय र विद्यार्थीहरूले भाग लिने हामीले आशा गरेका छौँ।

भक्तपुर नगरपालिकाद्वारा आयोजित यस प्रतियोगिता नेपाल जिम्नास्टिक सङ्घबाट मान्यता प्राप्त प्रतियोगिता हो। यस प्रतियोगितामा काठमाडौँ र ललितपुर महानगरसहित देशका विभिन्न १८ वटा नगरपालिकाले भाग लिन नाम दर्ता गराइसकेका छन्। सहभागी नगरपालिकाहरू : १. काठमाडौँ महानगरपालिका २) ललितपुर महानगरपालिका ३) पोखरा महानगरपालिका ४) हेटौँडा उपमहानगरपालिका ५) भक्तपुर नगरपालिका ६) चाँगु नगरपालिका ७) सूर्यविनायक नगरपालिका ८) मध्यपुर थिमि नगरपालिका ९) बाग्लुङ नगरपालिका १०) रामग्राम नगरपालिका ११) बनेपा नगरपालिका १२) गोकर्णेश्वर नगरपालिका १३) शंखरापुर नगरपालिका १४) चन्द्रागिरी नगरपालिका १५) वालिङ नगरपालिका १६)

कीर्तिपुर नगरपालिका १७) बुढानीलकण्ठ नगरपालिका १८) नागार्जुन नगरपालिका रहेका छन् । अन्तर–नगर जिम्नास्टिक प्रतियोगिता नेपालकै पहिलो प्रतियोगिताको रूपमा भक्तपुर नगरपालिकाले आयोजना गर्दै छ । प्रतियोगितामा प्रथम हुने टीमलाई रु. ५० हजार, दोस्रोलाई रु. ३० हजार, तेस्रोलाई रु. २० हजार नगद पुरस्कारको व्यवस्था गरिएको छ । सहभागी खेलाडी र अफिसियलहरूलाई खाने र बस्ने व्यवस्था गरेका छौँ ।

प्रतियोगिताको उद्घाटन नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) बाट हुनेछ । चैत २३ गतेदेखि २५ गतेसम्म हुने जिम्नास्टिक प्रतियोगिताको उद्घाटन न्याली भक्तपुर न.पा. वडा नं. ९ दत्तात्रय परिसरबाट बिहान ८:०० बजे सुरु भई तचपाल, इनाचो, सुकुलढोका, टौमढी, नासमना, भार्वाचो, दूधपाटी हुँदै नगरको मुख्य बजार परिक्रमा गरी सहिद स्मृति खेल मैदानमा पुगी उद्घाटन हुनेछ । यस प्रतियोगिताबारे आ–आफ्नो सञ्चार माध्यमबाट व्यापक प्रचार प्रसार गरी सहयोग गर्नुहुन सम्पूर्ण सञ्चारकर्मी मित्रहरूमा भक्तपुर नगरपालिकाको तर्फबाट हार्दिक अनुरोध गर्दछौं ।

(भक्तपुर नगरपालिकाको आयोजनामा २०८१ चैत २३ गतेदेखि २५ सम्म सञ्चालन हुने अन्तर–नगर जिम्नास्टिक प्रतियोगिताबारे भएको पत्रकार भेटघाट कार्यक्रममा युवा तथा खेलकुद समितिका संयोजक एवम् भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीद्वारा प्रस्तुत प्रेस विज्ञप्ति)


## खेल सामग्री वितरण



भक्तपुर नगरपालिकाको आयोजनामा २०८१ चैत २३ गतेदेखि २५ गतेसम्म हुने अन्तर–नगर जिम्नास्टिक प्रतियोगिताको लागि चैत २० गते खेल सामग्री वितरण कार्यक्रम ।


## बासिबियाँलो

क) पहिलो प्रयासमा ८० प्रतिशत असफल हुने यस चित्रमा कतिओटा वर्गाकार भेटाउन सक्नुहुन्छ ? उत्तर यसै अङ्कमा दिइएको छ ।



तलको चित्रको धर्कोमाथि नकाटी, नदोहोर्‍याइ हात नझिकी अर्को धर्को तान्नुहोस् ।





BHAKTAPUR [MONTHLY] मासिक

भक्तपुर नपाको वेबसाइट
bhaktapurmun.gov.np
को 'प्रकाशनहरू' मा पढ्न सक्नुहुनेछ ।

भक्तपुर नगरपालिकाको आयोजनामा २०८१ चैत २३, २४ र २५ गते सम्म सञ्चालन भएको अन्तर- नगर जिम्नास्टिक प्रतियोगितामा भएका गतिविधिहरूको केही झलक











भक्तपुर नगरपालिकाको आयोजनामा २०८१ चैत २३, २४ र २५ गते सम्म सञ्चालन भएको अन्तर- नगर जिम्नास्टिक प्रतियोगितामा भएका गतिविधिहरुको केही झलक












भक्तपुर नगरपालिकाको आयोजनामा २०८१ चैत २३, २४ र २५ गते सम्म सञ्चालन भएको अन्तर- नगर जिम्नास्टिक प्रतियोगितामा भएका गतिविधिहरुको केही झलक









भक्तपुर नगरपालिकाको आयोजनामा २०८१ चैत २३, २४ र २५ गते सम्म सञ्चालन भएको अन्तर - नगर जिमनास्टिक प्रतियोगितामा भएका गतिविधिहरुको केही झलक









# "स्थानीय तहलाई कर्मचारी भर्नाको अधिकार नदिनु सङ्घीयताको भावना र सिद्धान्त विपरीत छ"

सुनिल प्रजापति, प्रमुख भक्तपुर नगरपालिका



सङ्घीयता समाजवाद होइन राज्य संरचना मात्रै हो। देशमा सङ्घीयताबारे कुरा उठ्दा केही राजनैतिक दलहरूले सङ्घीयता नै समाजवाद जस्तो प्रचार प्रसार गरेका थिए। अहिले नेपालको संविधानले समाजवादउन्मुख राज्य व्यवस्था घोषणा गरेको छ। सङ्घीय संरचनाभित्र रहेर समाजवाद प्राप्तिको लागि अघि बढ्नु नै संविधानले देखाएको बाटो हो। समाजवादको अर्थ उत्पादनका मुख्य मुख्य साधनहरू सामाजिकीकरण, योग्यताअनुसार काम र कामअनुसारको ज्यालाको बन्दोबस्त, शिक्षा र स्वास्थ्य उपचार निःशुल्क, व्यक्तित्व विकासमा समान अवसर हो। हामी राजनैतिक दलहरू संविधानले देखाएको समाजवादप्रति कति इमानदार छौं ? समाजवाद संविधानमा हस्ताक्षर गर्ने सबै राजनैतिक दलहरूको साझा प्रतिबद्धता हो।

नेपालमा सङ्घीयताको विषय उठेदेखि नै नेपाल मजदुर किसान पार्टीले विकेन्द्रीकरण र स्वायत्तताको राम्रोसँग कार्यान्वयन भएमा नेपाल जस्तो सानो देशमा सङ्घीयता आवश्यक नहुने विचार राख्दै आएको थियो। सङ्घीयता राम्रोसँग कार्यान्वयन हुन नसक्दा नेमकिपाको त्यो विचार अहिले झन्झन् सान्दर्भिक हुँदै गएको छ।

नेपालमा सङ्घीयता कार्यान्वयनमा आएको ८ वर्ष भयो तर प्रभावकारी कार्यान्वयन हुन सकेन। प्रदेश र स्थानीय तहले सधैँ सङ्घकै मुख ताक्नु पर्ने अवस्था छ। प्रदेश र स्थानीय तहहरू संविधानले दिएको अधिकार पाउन पनि सङ्घ सरकारसँग सङ्घर्ष गर्नु परेको अवस्था छ। देशका सबै क्षेत्र केन्द्रले हेर्न नसक्ने भएकैले सङ्घीयताको कुरा उठेको हो। हाम्रा सरकारका जिम्मेवार पदाधिकारीहरूमा अझै एकात्मक सोचको अन्त्य भएको छैन। बेला बेलामा हाम्रा सरकार प्रमुखहरू नै प्रदेश र स्थानीय तहहरू सङ्घका एकाइ मात्र हुन् भन्ने गर्नुहुन्छ। यसलाई शासकहरूमा रहेको एकात्मक सोच र चिन्तनको उदाहरण भन्न सकिन्छ।

प्रदेश र स्थानीय तह अधिकार सम्पन्न भए जनताले छिटो छरितो सेवा पाउनेछन्। अहिले सङ्घीयता कार्यान्वयनमा आएपछि पनि जिल्लास्तरीय कार्यालयहरू कृषि, वन, भूमिसुधार, पुरातत्त्व, खानेपानी, नगर विकासजस्ता कार्यालयहरू कायमै छन्। यसले कामको दोहोरो र तेहोरोपन हुनुका साथै राज्यको खर्च बढ्न गएको छ।

शिक्षामा मावि तह (कक्षा १२) सम्म संविधानले स्थानीय तहको एकल अधिकारमा राखेको छ। तर जिल्ला शिक्षा समन्वय एकाइ खडा गरेर स्थानीय तहको अधिकारमाथि केन्द्रले हस्तक्षेप गर्दै छ। तलब खुवाउने स्थानीय तह शिक्षकको नियन्त्रण सङ्घले गर्ने यो गलत छ। जिल्ला शिक्षा समन्वय एकाइ खारेज गर्नुपर्छ।

गणतन्त्र र सङ्घीयता कार्यान्वयनमा आएको यतिका वर्षमा पनि अहिलेसम्म शिक्षा, वन, प्रहरी, कर्मचारी ऐनहरू पुरानै कार्यान्वयन भइरहेको छ। समयानुकूल कानुन निर्माण हुनु आवश्यक छ।

२१४ लाख रूपैयाँका आयोजनाहरू पनि सङ्घ र प्रदेशले बनाउँछन् भने नेपालमा कस्तो सङ्घीयता लागु गर्न खोजिएको हो ? रु. ५ करोडसम्म स्थानीय तह, ५ देखि २५ करोडसम्म प्रदेश र ठूलठूला आयोजनामात्र सङ्घले हेर्ने बन्दोबस्त हुनुपर्छ।

प्रदेश र स्थानीय तहहरूलाई सङ्घले दिने समानीकरण अनुदान हरेक वर्ष घटाउँदै लगेको छ। समानीकरण अनुदान स्थानीय तहले आवश्यकताअनुसार विकास निर्माणमा खर्च गर्न पाउने बजेट हो। सशर्त अनुदानमा स्थानीय तहको त्यति भूमिका हुँदैन। यसर्थ, सशर्त बजेट घटाउँदै क्रमशः समानीकरण अनुदान बढाउँदै लानु आवश्यक छ।

स्थानीय तहलाई कर्मचारी भर्नाको अधिकार नदिनु सङ्घीयताको सिद्धान्त र भावनाविपरीत छ। स्थानीय स्वायत्त शासन ऐन २०५५ ले कार्यकारी अधिकृतबाहेक सबै कर्मचारी स्थानीय तहले भर्ना, स्थायी, अस्थायी, बढुवा र सुविधा दिने अधिकार प्रदान गरेको थियो। अहिले सबै कर्मचारी प्रदेशअन्तर्गत लगेको छ। सङ्घको अधिकार प्रदेशसम्म मात्र पुर्याइएको छ। कर्मचारी भर्नासम्बन्धी वर्तमान कानुनी व्यवस्था स्थानीय

स्वायत्त शासन ऐन २०५५ भन्दा पनि प्रतिगामी छ। कर्मचारी भर्नाको अधिकार स्थानीय तहलाई दिनुपर्छ।

नेपाललाई १० वर्षमा स्वीट्जरल्यान्ड बनाउँछौं भन्नेहरू पनि देखिए। हो, स्वीट्जरल्यान्ड आकारमा सानो देश हो। त्यसलाई विश्वमा सङ्घीयताको सफल उदाहरण पनि मानिन्छ। त्यहाँ नेपालमा जस्तो सांसदहरू पेशेवर हुँदैनन्। सांसदहरू कुनै न कुनै पेसामा संलग्न भएकै हुन्छ। त्यहाँ राजनीतिलाई आंशिक कामको रूपमा मात्र लिइन्छ। संसद् अधिवेशन चलुञ्जेल राजधानीमा बस्ने र खान बस्न सरकारले नै मिलाइएको हुन्छ। संसद् अधिवेशन समाप्त भएपछि पुनः सबै सांसदहरू आ-आफ्नै काममा फर्किने गर्छन्। त्यहाँ राष्ट्रपतिसहित ७ जनामात्र मन्त्री हुने संवैधानिक व्यवस्था छ। राज्यलाई निकै कममात्र आर्थिक भार पर्ने गर्छ। तर, नेपालमा झन्डै १०० मन्त्रीहरू र ८०० भन्दा बढी सांसदहरू छन्। देशको राजस्वले सांसदहरूको सेवा सुविधा पनि धान्न नसक्ने अवस्थामा पुगेको छ।

भक्तपुर नपाले उच्च शिक्षा प्रदान गर्ने ७ वटा शैक्षिक संस्थाहरू सञ्चालन गर्दै आएको छ। त्यहाँ ७७ जिल्लाका ७ हजारभन्दा बढी विद्यार्थीहरू अध्ययनरत छन्। भक्तपुर नपाले शिशुस्याहार केन्द्रदेखि स्नातकोत्तर तहसम्मको कक्षासम्म सञ्चालन गर्दै आएको छ। सरकारले विधेयक पारित गरिदिएको खण्डमा ख्वप विश्वविद्यालय सञ्चालन गर्ने तयारी पनि गर्दै छ। हाम्रा मन्त्रीहरू स्थानीय तहलाई विश्वविद्यालय सञ्चालन गर्ने कानुनमा व्यवस्था नभएको बहाना देखाएर विधेयक अगाडि बढाउन चाहिरहेका छैनन्। भनपाले जस्तै बाँकी ७५२ स्थानीय तहले पनि विश्वविद्यालयको माग गरे के गर्ने ? भनी उहाँहरू चिन्ता व्यक्त गर्नुहुन्छ। अरु पालिकाहरूले पनि विश्वविद्यालय चलाएमा त्यो झन् राम्रो हो। सक्षम पालिकाहरूले विश्वविद्यालय सञ्चालन गर्न खोजेमा सरकारले किन आपत्ति गर्ने ? कानुनै बनाएर सक्षम पालिकाहरूलाई विश्वविद्यालय सञ्चालन गर्ने अधिकार दिइनु पर्छ भन्ने हाम्रो जोड रहिआएको छ।

अहिले जिल्ला समन्वय समितिसँग न कार्यकारी अधिकार छ न वित्तीय अधिकार नै छ। त्यस्ता संस्थाहरू राखिरहनुको कुनै औचित्य छैन। सबै जिल्ला समन्वय समितिहरू खारेज गर्न पनि सबैको ध्यानाकर्षण गर्दछु।

(भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले वाग्मती प्रदेश सुशासन केन्द्रले चैत ९ गते नेपाल प्रशासनिक प्रशिक्षण केन्द्र ललितपुरमा आयोजित सङ्घीयता सबलीकरण, प्रदेश र स्थानीय तहका सवालहरू विषयक अन्तरक्रिया कार्यक्रममा व्यक्त गर्नुभएको मन्तव्यको सार सङ्क्षेप)

# चीनका प्राचीन नीतिकथा

## k}fsf] lk/

युङचओ गाउँका बासिन्दाहरू पौडी खेल्न निकै सिपालु थिए। एकपल्ट त्यहाँ बाढी आएको थियो। पाँच छ जना गाउँलेहरूले एउटा सानो डुङ्गामा बसेर नदी तर्ने निधो गरे। नदीको माझमा पुगेपछि डुङ्गा फुट्यो। तर सबै जना पौड्न जान्ने हुनाले उनीहरू पौडी खेल्दै नदी तर्न थाले। उनीहरूमध्ये एक जना मानिस पौड्न अरूभन्दा सिपालु थियो। तर, ऊ अरूभन्दा पछि पर्न थाल्यो। उसका साथीहरूले किन पौड्न नसकेको भनेर सोधे।

"मेरो कम्मरमा चाँदीको एक हजार सिक्का बाँधिएको छ। त्यसैको भारले गर्दा म पछि पर्दै छु।" उसले भन्यो।

"त्यसो भए कम्मरमा बाँधेको पैसा तुरुन्तै फ्याँक, नत्र तिमी डुब्नेछौ।" उसका साथीहरूले उसलाई सल्लाह दिए। तर उसले पैसा फ्याँक्न मानेन।

उसका सबै साथीहरू नदीको किनारमा आउँदा पनि ऊ नदीको माझमै थियो। साथीहरूले हेर्दाहेर्दै ऊ पानीमा डुब्न लाग्यो। साथीहरू चिच्याए, "कम्मरको पैसा फ्याँक र आफ्नो ज्यान जोगाऊ। मरेपछि पैसाको के काम ?"

तर, उसले पैसा फ्याँक्न मानेन। पैसासँगै ऊ पनि पानीमा डुबेर बेपत्ता भयो।

अनुवादः विनय कसजू


# भक्तपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर

## पर्यटक सेवा शुल्कसम्बन्धी सूचना

यस नगरपालिका क्षेत्रभित्र प्रवेश गर्ने गैरसार्क पर्यटकलाई १५ अमेरिकी डलर वा रु. १५००।- नेपाली रुपैयाँ लिँदै आइरहेकोमा हाल आएर डलरको भाउ क्रमशः वृद्धि हुँदै एक अमेरिकी डलर बराबर १२७।- नेपाली रुपैयाँको हाराहारीमा पुगेकोले डलरको भाउ समायोजन गर्न नेपाली रुपैयाँको हकमा पर्यटक सेवा शुल्क रु. १५००।- को सट्टा सन् २०२३ जनवरी १ देखि लागु हुने गरी एक गैरसार्क पर्यटकको **१५ अमेरिकी डलर वा रु. १८००।- (एक हजार आठ सय) नेपाली रुपैयाँ** कायम गर्ने निर्णय गरिएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

# उपभोक्ता अदालत गठन र उपभोक्ता हितको प्रश्न

**विवेक**

नेपाल सरकारले हालै उपभोक्ता अदालत गठन गरेको छ। काठमाडौँ, भक्तपुर र ललितपुरको उपभोक्तासम्बन्धी मुद्दा हेर्ने अधिकार तोकिएको अदालत उपभोक्ता संरक्षण ऐन २०७५ आएको ६ वर्षपछि मात्र गठन भएको हो। उपभोक्ता अदालत गठन गर्न सर्वोच्च अदालतले २०७८ साल फागुन ८ गते सरकारको नाउँमा निर्देशनात्मक आदेश जारी गरेको थियो भने २०७२ सालमै संसदीय समितिले सरकारको नाउँमा अदालत गठन गर्न निर्देशन दिएको थियो। ढिलै भए पनि अदालत गठन हुनु सकारात्मक कुरा हो। ७ वटै प्रदेशमा उपभोक्ता अदालत गठन गर्न आदेश भए पनि अहिले उपत्यकाका मुद्दाहरूमात्र हेर्ने गरी अदालत गठन गरिएको छ।

उपभोक्ता कानुन र अदालत हुँदैमा उपभोक्ताको हक अधिकार सुरक्षित हुन्छ भन्ने होइन। कानुनको प्रभावकारी कार्यान्वयन जनताको चेतनास्तरमा भरपर्ने विषय हो। कानुन आफै कार्यान्वयन हुने होइन। जो व्यक्ति आफ्नो अधिकारप्रति सचेत हुन्छ, त्यसले मात्रै कानुनमा उल्लेख भएका अधिकारहरू प्राप्त गर्नसक्छ। जतिसुकै राम्रो र जनताको हितको कानुन भए पनि उपभोक्ता सचेत छैन भने उसले कानुनअनुसार क्षतिपूर्ति भराउन सक्दैन।

२०७२ सालमा निर्मित नेपालको संविधानले उपभोक्ता अधिकार सुनिश्चितता गरेको छ। संविधानको धारा ४४ (१) मा 'प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुने' उपधारा (२) मा 'गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुने' उल्लेख गरिएको छ।

संविधानमा उपभोक्तासम्बन्धी अधिकारलाई उच्च प्राथमिकतामा राखेर मौलिक हकमा राखिएको छ। मौलिक हक कार्यान्वयनको सिलसिलामा व्यवस्थापिकाले कानुन निर्माण गरेको थियो। ऐन आएको आधा दशकमा पनि अदालत गठन नभएकोले उपभोक्ताहरूले न्याय पाउन सकेका थिएनन्। हरेक उपभोक्ताले गुणस्तरीय वस्तु प्राप्त गर्ने कानुनले सुनिश्चितता प्रदान गरेको छ। ऐनको प्रस्तावनामै 'गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने, उपभोक्ताको संवैधानिक अधिकारको संरक्षण र संवर्द्धन गर्ने, उपभोक्तालाई प्राप्त हकको प्रचलनका लागि न्यायिक उपचार प्रदान गर्ने र उपभोक्तालाई हुनसक्ने हानि नोक्सानीबापत क्षतिपूर्ति उपलब्ध गराउने' भनी उद्देश्य प्रस्ट पारिएको छ।

व्यापारीहरूबाट ठगिएका जनतामा ढिलै भए पनि उपभोक्ता अदालतको गठनले केही आशा जगाएको छ। अहिले उपभोक्ताहरू दिन प्रतिदिन व्यापारीहरूबाट ठगिरहेका छन्। फितलो अनुगमन प्रणालीले ठग व्यापारी, उत्पादक कम्पनीहरूलाई मलजल पुगिरहेको छ। अहिले दैनिक हजारौँ टन विषादीयुक्त तरकारी भारतबाट आयात भइरहेको छ। स्वास्थ्यलाई प्रत्यक्ष असर पुऱ्याउने तरकारी खान नेपालीहरू बाध्य छन्। तरकारीमा मिसाइएको विषादीको कारण मानिसको ज्यान पनि जान सक्ने वा दीर्घरोग लाग्न सक्ने भन्ने धेरै प्रयोगले देखाइसकेको छ। तर, अदालत गठन नहुँदा कानुनले दिएको उपभोक्ता अधिकार पनि नेपाली जनताले उपभोग गर्न पाएका थिएनन्। अदालतको गठनले अब कमसे कम उपत्यकावासीले त्यो अधिकारको अधिकतम उपभोग गर्न पाउने भएका छन्।

बजारमा नक्कली औषधि छ्यासछ्यास्ती बिक्री भइरहेको हुनसक्छ। त्यस्ता गलत औषधि सेवनको कारण मानिसको अङ्गभङ्ग हुने र ज्यानै जान पनि सक्छ। नक्कली डाक्टरले बिरामी जाँचेको, गलत औषधि बिक्री गरेको, चाहिनेभन्दा बढी औषधि सेवन गराएको कारण बिरामीको स्वास्थ्यमा नकारात्मक असर परेको जस्ता समाचारहरू समय समयमा आउने गरेका छन्। त्यस्तो अवस्थामा कानुनबमोजिम औषधि बिक्रेता, निर्माता वा चिकित्सकमध्येबाट सम्बन्धित व्यक्तिलाई आवश्यक क्षतिपूर्ति तिराउन सकिनेछ। अदालतको गठनले डाक्टरहरूले गलत औषधि लेखिदिने, एउटा खुट्टामा गर्नुपर्ने शल्यक्रिया अर्को खुट्टामा गर्ने, म्याद नाघेका औषधि बिक्री गर्ने, मिसावट वस्तुहरू बिक्री गर्नेजस्ता कानुनविपरीत काम गरेकाहरूलाई कानुनबमोजिम क्षतिपूर्ति भराउन सक्नेछ।

अहिले कुनै कुनै निर्माण कम्पनीहरूले जथाभावी घर तथा संरचना निर्माण गर्ने गरेको पनि पाइन्छ। त्यस्ता कम्पनीहरू सम्झौतामा उल्लेख भएको भन्दा फरक पर्ने गरी कमसल निर्माण गरे पनि सजायबाट जोगिँदै आएका छन्। कति संरचनाहरू सामान्य भूकम्प आएमा पनि भत्किने गरेका छन्। मानिसले जीवनभरको कमाइबाट बनाएका संरचना निर्माण कम्पनीको लापरबाहीको कारण घर भत्किनुका साथै

मानिसको ज्यान जाने गरेको छ। त्यस्तो अवस्थामा निर्माण कम्पनीका जिम्मेवारहरूलाई क्षतिपूर्तिमात्र होइन ज्यान मुद्दा चलाउने अधिकार हुनुपर्छ। त्यस्तो भएमात्र ठेकेदारहरू बढी सचेत हुन्छन्; कमसल निमाण गर्न डराउँछन्। अन्य विकसित देशहरूमा स-साना लापरबाहीमा पनि उपभोक्ताहरू अदालतमा पुग्ने र क्षतिपूर्ति भराउने गरेका हुन्छन्। जलवायु मन्त्रालयले समयमा सूचना नदिएको कारण घरधनी बाहिर गएको बेला खुला राखेका झ्यालका सिसाहरू फुटेमा, अचानक बिजुली बन्द भई कुखुराका चल्लाहरू मरेमा सम्बन्धित मन्त्रालयविरुद्ध मुद्दा राखेर क्षतिपूर्ति भराएको र कुनै होटलमा बस्ने क्रममा उपियाँ र उडुसले तोकेको कारण उजुरी परेकामा हजारौँ डलर क्षतिपूर्ति भराउने गरेका जस्ता उदाहरणहरू नभएका होइनन्।

सबै मुद्दाहरू उपभोक्ता अदालतले हेर्ने गर्दैन। ३ लाखभन्दा बढी जरिवाना हुने र १ वर्षभन्दा बढी कैद सजाय हुने मुद्दामात्रै उपभोक्ता अदालतले हेर्ने कानुनले अधिकार तोकेको छ। अब सचेत उपभोक्ताहरूले आवश्यक कानुनी प्रक्रिया अवलम्बन गरेर गलत काम गरेर नाफा लिन खोज्ने व्यापारीहरूबाट क्षतिपूर्ति भराउन सक्ने वातावरण बन्दै गएको छ। उपभोक्ताको क्षतिपूर्ति, उपभोक्ताविरुद्धको कसुर र वस्तु तथा सेवासँग सम्बन्धित मुद्दाहरू मात्रै उपभोक्ता अदालतले हेर्ने गर्दछ।

स्वास्थ्यकर्मीहरूका अनुसार नेपालीमा सर्नेभन्दा नसर्ने रोगहरू बढी देखिन्छन्। नसर्ने रोगहरू बढ्नुको मुख्य कारण मिसावटयुक्त खाना, अखाद्य वस्तुहरूको सेवन, हानिकारक वस्तुसमेत विभिन्न वस्तुमा मिसाउनाले हो भन्ने छ। एउटै सामानको भाउ पसलै पिच्छे फरक हुने, मिठाइ पसलहरूमा रङ्गरोगन गरेर बेच्ने, गेडागुडीहरूमा रङ्ग लगाउनेजस्ता कुराहरू बजारमा प्रशस्त पाइन्छ। फितलो अनुगमनकै कारण व्यापारीहरू त्यस्तो अनैतिक र कानुनविपरीत काम गर्न डराउँदैनन्।

पुँजीवादी व्यवस्थामा नाफाको निम्ति जस्तोसुकै काम गर्न पनि व्यापारी र उद्योगपतिहरू पछि पर्दैनन्। तिनीहरूले नाफाको निम्ति गरेका गलत कामको परिणाम हजारौँ नागरिकको स्वास्थ्य जोखिममा पर्ने गरेको छ। तापनि, पैसाको बलले वा पहुँचको भरमा त्यस्ता अनैतिक र जनताको स्वास्थ्यमाथि खेलबाड गर्नेहरू सजाय पाउनबाट बच्दै आएका छन्। यसले गलत काम गर्नेहरूको मनोबल बढ्दै गएको पाइन्छ।

उपभोक्ता कानुन निर्माणको लागि नेपाल मजदुर किसान पार्टीको पनि ठुलो योगदान छ। नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँले तत्कालीन संसद्मा निजी विधेयकको रूपमा उपभोक्ता हित संरक्षण विधेयक पटक-पटक दर्ता गर्नुभएको थियो। तत्कालीन नेका, एमालेका सरकारहरूले त्यसलाई बेवास्ता गरे, तर पछि त्यही रूपमा नभए पनि नेपालमा पहिलोपटक उपभोक्ता संरक्षण ऐन बन्यो। नयाँ संविधानमा उपभोक्ता हितलाई प्राथमिकतामा राखेर गुणस्तरीय वस्तुको उपभोग मौलिक हकमै राखियो। उपभोक्ता ठगिन गएको रहेछ भने त्यस्ता बिक्रेता कम्पनीबाट क्षतिपूर्ति पाउनेसमेतको व्यवस्था गरियो।


उपभोक्ताहरूको हक सुरक्षाको लागि ऐनमै केन्द्रीय बजार अनुगमन समितिको व्यवस्था गरिएको छ। उद्योग वाणिज्य मन्त्रालयका सचिवको संयोजकत्वमा गठन हुने उक्त समितिमा विभिन्न मन्त्रालयका सचिवहरू र विभागका मानिर्देशकहरू सदस्य रहने व्यवस्था छ। त्यसैगरी, प्रदेशले प्रदेश बजार अनुगमन समिति र स्थानीय तहले स्थानीय बजार अनुगमन समितिको गठन गर्ने व्यवस्था छ। तीन तहको सरकारले आ-आफ्नै संरचनामार्फत बजार अनुगमन गर्ने भए तापनि उपभोक्ता ठगिने क्रम भने रोकिएको छैन। बजार अनुगमन प्रभावकारी नभएका जनगुनासाहरू आइरहेका छन्। धेरैवटा संरचना बनाउनुभन्दा पनि केन्द्रले ठुलठुला उद्योग, कम्पनीहरूको अनुगमन गर्ने र बाँकी स्थानीय तहलाई जिम्मेवारी दिएको भए प्रभावकारी हुने देखिन्छ। यसतर्फ कानुन निर्माताहरूको ध्यान जानु जरुरी छ।

ऐनले उपभोक्तालाई निश्चित अधिकार प्रदान गरेको छ। वस्तु वा सेवामा सहज पहुँच, गुणस्तरीय सेवा वा वस्तु प्राप्त गर्ने, वस्तु वा सेवाको मूल्य, परिणाम र शुद्धताबारे सूचित हुने, हानिकारक वस्तु वा सेवाबाट सुरक्षित हुने, उचित कानुनी कारबाही गर्ने र क्षतिपूर्ति भराइ पाउने अधिकार ऐनको दफा ३ ले उपभोक्तालाई प्रदान गरेको छ। यसबारे सचेत उपभोक्ताले आफू ठगिएको कारणसहित अदालतमा उजुरी दिएर क्षतिपूर्ति पाउन सकिन्छ।

अहिले उपभोक्ता अदालत गठन भएदेखि मुद्दा दर्ताको क्रम बढिरहेका समाचारहरू आइरहेका छन्। यसलाई नेपाली उपभोक्ताहरू सचेतताको उदाहरण मान्न सकिन्छ। यस्ता उपभोक्ता अदालत ७ वटै प्रदेशमा छिटोभन्दा छिटो स्थापना हुनु आवश्यक छ र कुनै पनि उपभोक्ता ठगिनबाट जोगिनुपर्छ। उपभोक्ता ठगेर छिटै करोडपति र अर्बपति बनेकाहरूलाई कानुनको कठघरामा ल्याएर उभ्याउनुपर्छ। गलत काम गर्ने व्यापारी र उद्योगपतिहरूलाई कडाभन्दा कडा सजाय गर्न सकेमा नै उपभोक्ताहरूको हक सुरक्षित हुन्छ। उपभोक्ता अदालत गठनको सार्थकता पनि त्यसैमा हुनेछ।

# जोन बायड डनलप टायरका आविष्कारक





जोन बायड डनलप

राजेन्द्र बहादुर कायष्ठ

**विषय प्रवेश :** गोलाकार वस्तु जसको घेरा वा परिधिमा रहेको प्रत्येक विन्दु एउटा निश्चित विन्दुबाट (केन्द्रविन्दु) बराबर दूरीमा रहेको हुन्छ त्यसलाई वृत्त भनिन्छ । दैनिक जीवनमा प्रयोग हुने रिकापी, चुरा, पाङ्ग्रा, औँठी आदि वृत्त हुन् । वृत्तमा केन्द्रविन्दुबाट घेरा वा परिधिसम्मको दूरीलाई अर्धव्यास वा व्यासार्ध भनिन्छ । एउटै वृत्तका अर्धव्यासहरू बराबर हुन्छन् । वृत्तका कुनै दुई परिधिका विन्दुहरू जोड्ने र केन्द्रविन्दुबाट जाने रेखालाई व्यास भनिन्छ । व्यासले वृत्तलाई आधा गर्दछ । जुनसुकै वृत्तको परिधिलाई त्यसको व्यासले भाग गर्दा सधैँ एउटै मान आउँछ त्यसलाई अचर वा सङ्केतमा 'TT' लेखिन्छ जसको मान सधैँ औसत 3.14159 हुन्छ । सामान्यतया गुडेर जानसक्ने वृत्ताकार वस्तुलाई पाङ्ग्रा भनिन्छ । हामीले देखिरहेका साइकल, मोटरसाइकल, बस, ट्रिपर, ट्रक आदि सबैमा हावा भरिएको टायर भएका पाङ्ग्राहरू हुन्छन् । यी सबै सवारी साधनहरू पाङ्ग्राको सहायताले सडकमा गुड्ने गर्दछन् । उड्ने हवाईजहाजमा पनि टायर भएको पाङ्ग्रा नै हुन्छ । यसको अर्थ टायरबिना कुनै पनि सवारी साधन गुड्न सक्दैन । अहिले मानव जीवनको लागि टायरको आवश्यकता खानाजस्तै भएको छ । टायरबिना मानवीय जीवन एक किसिमले ठप्प नै हुन्छ । हाम्रो तराईमा टायर नभएको पाङ्ग्राबाट चल्ने गोरु वा राँगोले तान्ने गाडाहरू देखेका छौँ । त्यस्ता गाडाहरू तान्न गोरु वा राँगोलाई कठिन भएको र त्यसको गति पनि एकदम धिमा वा ढिलो भएको अनुभव गरेका छौँ । यसको तुलनामा हावाले भरिएको टायर भएको पाङ्ग्रा एकदम सजिलो र छिटो घुम्दछ । हावाले भरिएको टायर भएको पाङ्ग्राको आविष्कार नहुँदासम्म सडकमा गुड्ने सवारीसाधनको पाङ्ग्रा काठ वा धातुले बनेका हुन्थे । धार्मिक पुस्तकमा उल्लेख भएअनुसार राजा महाराजालगायत विशेष व्यक्तिहरूले प्रयोग गर्ने रथमा पनि धातुले वा काठले बनेको पाङ्ग्राको प्रयोग गरेको उल्लेख गरिएको छ । त्यस्ता पाङ्ग्रा भएका सवारीसाधनहरूको गति निकै ढिलो हुन्थ्यो ।

मानिसहरूले पाङ्ग्राको आविष्कार कसले गरेको भन्ने पत्ता लगाउन सकेका छैनन् । सवारीसाधनहरूलाई तीव्र गति गुडाउन सजिलो बनाउने हावा भर्नुपर्ने टायरको आविष्कार भने जोन बायड डनलप (John Boyd Dunlop (1840-1921) ले गरेका हुन् । यो आविष्कारले पाङ्ग्राको विकासमा एक किसिमको क्रान्ति ल्याइदियो । यसले सवारी साधनहरूलाई तीव्रगतिमा गुडाउने मानिसहरूको आकाङ्क्षालाई पूरा गरिदियो ।




रबर टायरको क्रमविकास

**बाल्यकाल र शिक्षा :** डनलपको जन्म ५ फेब्रुअरी १८४० मा Dreghorn, Ayrshire (now North Ayrshire), Scotland मा भएको थियो । उनको पिताको

नाम John Dunlop र माताको नाम Agnes Boyd Dunlop थियो । डनलपका मातापिता किसानी काम गर्दथे । उनी सामान्य जन्मभन्दा दुई महिना अगाडि वा सातौँ महिनामा जन्मेका थिए । उनी जन्मेदेखि शरीर पातलो र दुब्लो भए तापनि उनलाई जीवनभर कुनै गम्भीर रोगले सताएन । उनी सानोमा पढाइमा सामान्य खालका थिए तर जिज्ञासु स्वभावका थिए । उनी विद्यालय शिक्षा पूरा गरेपछि पशु शल्य चिकित्सक पढाइको लागि Dick Vet, University of Edinburgh (सन् १५८२ मा स्थापना भएको) मा भर्ना भए । उनले त्यहाँबाट पशु शल्य चिकित्साको उपाधी हासिल गरेपछि सन् १८६७ मा परिवारसहित काम गर्नको लागि Downpatrick, Ireland (हाल Northern Ireland) मा गए । उनले लामो समय Northern Ireland को Belfast मा बसेर काम गरे ।

**टायर आविष्कारप्रति आकर्षण हुनुको कारण** : Belfast, North Ireland को राजधानीमा रहेर कार्य सुरु गर्दा उनी २७ वर्षका लक्का जवान थिए । उनी उपचार गर्न जाँदा घोडाले तान्ने टमटम गाडा प्रयोग गर्दथे । एकचोटि उनले गाडालाई तान्ने घोडाको उपचार गर्दागर्दै उनको मनमा घोडाप्रति दया जागेर आयो । उनी सोच्न थाले घोडाले कम बल लगाएर गाडा सजिलै तान्न सक्ने पाङ्ग्राको निर्माण गर्न सके कति जाती हुन्थ्यो ! यही सोचले उनलाई पछि हावा भर्ने टायरको आविष्कार गर्न उत्प्रेरित गऱ्यो । यसरी नै उनलाई आफ्नो ९ वर्षको छोरा John Boyd Jr. Dunlop को ट्राइसाइकल (अगाडि एउटा र पछाडि दुईवटा पाङ्ग्रा भएको साइकल) चलाउँदा गाह्रो भएकोले यसको काम छैन भनी डनलपलाई गुनासो गरेपछि उनलाई ट्राइसाइकल चलाउन कसरी सजिलो बनाउने ? भन्ने जिज्ञासाले पनि टायर आविष्कारमा थप उत्प्रेरणा प्रदान गऱ्यो । यसरी उनको ९ वर्षको छोराले धातुले बनेको पाङ्ग्राले बनेको ट्राइसाइकल चलाउँदा समस्या आएको कुरा आफ्नो पिता डनलपलाई बताएका थिए । त्यसपछि यसको समाधान गर्न डनलपलाई प्रेरणा प्राप्त भएको थियो । हुन त उनलाई सुरुदखि नै सडकमा गुड्ने वाहनहरूप्रति धेरै गहिरो चासो रहँदै आएको थियो । उनले चढ्ने टमटम गाडाको पाङ्ग्रामा धातुको स्प्रिङ राखिएको थियो । उक्त गाडा बाटोमा कुनै ढुङ्गामाथि वा सानो या ठूलो डल्लामाथि भएर जाँदा गाडा पूरै हल्लिन्थ्यो । यसबाट गाडीमा सवार मानिसहरू तथा गाडा तान्ने घोडालाई पनि चोटपटक लाग्न सक्दथ्यो । गाडालाई पनि क्षति पुग्दथ्यो । यसबाहेक गाडाको गति पनि धेरै सुस्त थियो । अब उनले गाडाबाट यात्रा गर्दा ती असुविधाहरू कसरी हटाउन सकिन्छ भनी उपायहरू सोच्न थाले । उनले प्रयोगको रूपमा पाङ्ग्रा घुम्नेबिचको घुरा (Axle) देखि रिमसम्म धातुका तारहरू राखे । साथै पाङ्ग्रामा स्प्रिङ राखेर पनि हेरे । उनले यो सम्बन्धी विभिन्न प्रयोगहरू गरिसकेपछि डनलप के निष्कर्षमा पुगे भने सडक र पाङ्ग्राको रिमबीच कुनै त्यस्तो उपाय अपनाउनु पर्दछ जसले पाङ्ग्राको धुरामा कम चाप पैदा गर्दछ र कम बलमा नै गाडाको गति सजिलै बढाउन सकिन्छ । अब उनी त्यो उपायअनुसारको पाङ्ग्रा बनाउन लागिपरे । डनलपलाई यो विचारले यति धेरै प्रभावित पाऱ्यो कि फुर्सदमा मात्र यससम्बन्धी कार्य गरिरहेकाले पशु शल्य चिकित्सकको काम छोडेर रातदिन पाङ्ग्राको सुधारको कार्यमा लाग्न थाले ।



डनलपले बनाएको टायर प्रयोग भएको ट्राइसाइकल चलाउँदै छोरा


**टायर आविष्कारको सुरुवात** : सन् १८८८ मा उनले रबर र क्यानभास ट्युवभित्र हावा भरेर त्यसलाई पाङ्ग्राको रिममाथि जडान गरी एक नयाँ किसिमको पाङ्ग्राको आविष्कार गरे । यस आविष्कारले पाङ्ग्राको विकासमा क्रान्तिकारी सुधार ल्यायो । यसैक्रममा उनले १६ इन्च व्यास भएको काठको एक चक्का बनाए । उनले १/१६ इन्च मोटाइ भएको रबरको फित्ता लिएर त्यसबाट एक 'हावा आपूर्ति' ट्युवलाई 'हवाइ ट्युव' भित्र घुसाएर पूरै घेरामा राखे । अब उनले हावा आपूर्ति ट्युवलाई मुखले फुकेर फूटबलजस्तै फुलाए । त्यसपछि फुलेको ट्युवको निकास प्वाललाई उनले कसेर बाँधिदिए ताकि त्यसबाट हावा बाहिर निस्कन नसकोस् । यसलाई परीक्षण गर्ने क्रममा उनले एउटा मोटो रबरको पाङ्ग्रा लिएर त्योसँग हावा भरिएको पाङ्ग्रालाई एकसाथ उत्तिकै बलमा धकेलिदिए । उनले सोचेजस्तै हावा भरिएको रबरको पाङ्ग्राले हावा नभरिएको ठोस रबरको पाङ्ग्रा भन्दा तीव्रगतिले अगाडि बढ्यो । त्यसमा पनि हावाले भरिएको पाङ्ग्रा भित्तामा ठोकिँदा पुनः त्यो तेज गतिले फर्केर आयो । यसरी परीक्षणबाट हावाले भरिएको पाङ्ग्रा अरू पाङ्ग्राको तुलनामा धेरै गतिवान र सुविधाजनक भएको प्रमाणित भयो ।



सुरुमा डनलपले आविष्कार गरेको टायर

**सङ्घर्ष र सफलता** : उनले आफ्नो आविष्कारलाई सन् १८८८ मा आफ्नो नाममा सर्वाधिकारको रूपमा दर्ता गराए । तर उनको आविष्कारलाई खासै महत्त्व दिइएन । उनले यसलाई व्यावसायिक रूपमा उत्पादन र प्रयोगको लागि विभिन्न उद्योगपतिहरूसँग सम्पर्क गरे । तर कोही पनि उद्योगपति यसमा लगानी गर्न उत्सुक र तयार भएनन् । किनभने, उनको आविष्कारमा धेरैले भरोसा र विश्वास गरेका थिएनन् । यसैक्रममा बेलफास्टमा ट्राइसाइकल दौड प्रतियोगिताको आयोजना गरियो । उक्त प्रतियोगितामा डनलपको छोरा John Boyd Jr. Dunlop ले पनि भाग लिएका थिए । उनले आफ्नो पिताले आविष्कार गरेको हावा भरिएको टायर भएको ट्राइसाइकल चढेर प्रतियोगितामा अन्य सबै प्रतियोगीहरूलाई धेरै नै पछाडि पारिदिए । यो घटना पछि उनको आविष्कारमा धेरै मानिसहरूको आकर्षण बढ्न गयो । यसपछि बेलफास्टका दुईजना उद्योगपति तथा साइकल निर्माता एडलिन र सिन्केलेयर डनलपको आविष्कारलाई औद्योगिक रूपमा उत्पादनको लागि लगानी गर्न तयार भए । यसरी सन् १८८८ मा डनलपको आविष्कार गरेको टायरको व्यवसायिक रूपमा उत्पादन हुन सुरु भयो ।

यसरी नै एक अर्को साइकल दौड प्रतियोगितामा बेलफास्टको कुर्जस साइकल क्लबका क्याप्टेन विलियम ह्युमले डनलपले आविष्कार गरेको हावाले भरिएको टायरयुक्त साइकल चढेर बेलफास्टमा रहेको Queen's College मा भएको साइकल दौडको चारवटै विधाका सबै प्रतियोगिताहरू जिते ।




एक पशु शल्य चिकित्सक डनलप जसले टाएरको आविष्कार गरे

यसबाट डनलपको आविष्कारलाई सर्वत्र स्वागत गर्न थालियो । अब गुडाउनको लागि डनलपको हावाले भरिएको टायरको महत्त्व सबैले अनुभव गर्न थाले । उक्त प्रतियोगितामा हार्ने विभिन्न साइकल चालकमध्ये एकजना Irish Cyclists' Association का अध्यक्ष Harvey Du Cros का छोरा पनि थिए । उनी एकजना व्यावसायिक लगानीकर्ता तथा व्यापारी थिए । उनले डनलपसँग व्यक्तिगत रूपमा सम्पर्क राखेर रबरको हावाले भरिएको टायर व्यावसायिक रूपमा उत्पादन गर्न प्रस्ताव राखे । सन् १८८९ मा आएर उनको आविष्कारलाई Dunlop Pneumatic Tyre Co. Ltd. उद्योगको रूपमा स्थापना गरेर ठूलो मात्रामा उत्पादन गर्ने कार्य सुरु भयो । यसपछि विभिन्न सवारी साधनहरूमा यसको प्रयोग हुन थाल्यो । यसको प्रयोगबाट सडकमा सवारी साधनहरू सजिलै अत्यधिक गतिमा गुड्न थाले । उनीहरूले उक्त कम्पनीलाई सन् १८९६ मा ब्रिटिश लगानीकर्ता Terah Hooley लाई उक्त कम्पनी ३० लाख पाउन्डमा बिक्री गरे । उनले पनि केही समयपछि ५० लाख पाउन्डमा बिक्री गरे । बिसौं शताब्दीको सुरुदेखि उक्त कम्पनी बहुराष्ट्रिय कम्पनी Dunlop Rubber Ltd. को नामले सञ्चालनमा आइरहेको छ । हाल यो कम्पनीले विश्वका विभिन्न देशहरू संयुक्त राज्य अमेरिका, ब्रिटेन, जर्मन, चीन, ब्राजिल, फ्रान्स, भारत, थाइल्यान्ड, जापानलगायतबाट उत्पादन गरी विश्वका १२० भन्दा बढी देशहरूलाई सेवा दिइरहेको छ ।

**विवाह** : उनले सन् १८७१ मा Margaret Stevenson सँग विवाह आयरल्यान्डको बेलफास्टमा गरे । उनीहरूको एक छोरी Jane Willis (Dunlop) र एक छोरा John Boyd Dunlop Jr. थियो ।

### डनलपसम्बन्धी केही तथ्यहरू :

क) उनले हावाले भरिएको रबरको टायर उत्पादनमा उत्प्रेरणाको एउटा मुख्य स्रोत आफ्नो छोराको ट्राइसाइकल



५० वर्षको उमेरमा साइकल चलाउन सिकेका डनलप साइकल चलाउँदै

सजिलै र छिटो गुडाउन सजिलो उपायको खोजी थियो।

ख) उनी सातौँ महिनामा जन्मेका सन्तान थिए। जन्मदा शरीर सानो भए तापनि जीवनकाल भर उनलाई गम्भीर रोगले दुःख दिएन।

ग) उनको जन्मथलो स्कटल्यान्ड भए पनि उनको कर्मक्षेत्र उत्तरी आयरल्यान्ड थियो।

घ) उनले सन् १८८८ मा सर्वप्रथम टायरको आविष्कार गरेका थिए।

ङ) उनले आफ्नो आविष्कारको सर्वाधिकार सन् १८८८ को डिसेम्वर ७ मा दर्ता गराएका थिए। तर, यसको दुई वर्षपछि उनलाई यसको आविष्कार अन्य स्कटिस वैज्ञानिक Robert William Thomson ले गरिसकेको जानकारी हुन गयो। Robert William Thomson ले पुनः भर्न मिल्ने फाउन्टेन कलम र पहिलो टायरको आविष्कार गरेका थिए। उनले आफ्नो टायरको आविष्कारसम्बन्धी धारणा फ्रान्समा सन् १८४६ र संयुक्त राज्य अमेरिकामा सन् १८४७ मा दर्ता गराएका थिए। तर, त्यसबेला उनले बनाएको टायर ठोस रबरले बनेको र त्यसबेला रबरको मूल्य धेरै उच्च भएकोले उनको आविष्कारलाई खासै प्राथमिकता दिइएको थिएन। उनको आविष्कारलाई सबैले छिट्टै बिर्से।

च) विश्वमा डनलपले भन्दा पहिले नै टायरको आविष्कार Robert William Thomson ले गरेको भए पनि व्यवहारमा हावाले भरिएको टायरको प्रयोग डनलपको आविष्कारपछि भएको कारण टायरको आविष्कारकको रूपमा डनलपलाई नै लिइन्छ। साथै उनलाई **टायरका पिता** भन्ने उपनाम पनि दिइएको छ।

छ) आविष्कारको छोटो समयमा नै डनलपको टायरले व्यावसायिक सफलता प्राप्त गर्न सफल भयो।

ज) सुरुमा उनले आविष्कार गरेको टायर साइकलमा बढी प्रयोग भयो, पछि विभिन्न सवारी साधनहरूमा प्रयोग हुन थाल्यो।

झ) उनले आविष्कार गरेको हावाले भरिएको टायर उबड खाबड बाटोमा पनि कम झट्का दिने, गुडाउन सजिलो र गति बढी दिने गुण भएकोले यसको प्रयोग विश्वभरि तीव्र रूपमा बढ्न गयो।

ञ) डनलपले आविष्कार गरेको टायरको विश्वव्यापी चर्चा हुँदा पनि उनलाई भने साइकल चलाउन आउँदैन थियो। पछि उनले ५० वर्षको उमेरमा साइकल चलाउन सिके।

## पाङ्ग्रा कसरी गुड्दछ ?

गुडेर जाने वृत्ताकार वस्तुलाई पाङ्ग्रा भनिन्छ। वृत्तको चारैतिरको सतहलाई घेरा वा परिधि भनिन्छ। परिधिको सुरु र अन्त्य हुँदैन। यो वृत्तको विशेषता पनि हो। पाङ्ग्रालाई ठड्याउँदा वृत्तको अत्यन्त सानो अंशले मात्र जमीनमा टेकेको हुन्छ। जसमा पाङ्ग्राको सम्पूर्ण भार परेको हुन्छ। तर पाङ्ग्राको परिधिको जुनसुकै अंशबाट पाङ्ग्रा ठड्याउँदा पनि पाङ्ग्राको भार पर्ने अंश समान नै हुन्छ। पाङ्ग्रालाई जति घुमाए पनि यो स्थितिमा परिवर्तन हुँदैन। पाङ्ग्रालाई अगाडि वा पछाडि धकेल्दा वा त्यो दिशामा बल लगाउँदा पाङ्ग्राको भार पर्ने विन्दु वा अंश परिवर्तन हुन्छ तर त्यसको प्रकृतिमा कुनै परिवर्तन हुँदैन। यसको कारण परिधिको कुनै सुरु विन्दु र अन्तिम विन्दु नहुने भएकोले हो। साथै परिधिको सबै विन्दुहरू केन्द्रबाट बराबर दूरीमा (व्यासार्ध वा त्रिज्या वा अर्धव्यास) भएकोले समतल सतहमा त्यसको भार पर्ने अंश सधैँ उत्ति नै हुन्छ। यसकारण पाङ्ग्रालाई धकेल्दा त्यसको भार उत्तिकै मात्रामा परिधिका अंशहरूमा क्रमशः पर्दै जान्छ र अन्य आकार भएका वस्तुहरूभन्दा छिटो पाङ्ग्रा गुड्दछ।

**निधन :** डनलपको निधन सन् १९२१ अक्टोबर २३ मा ८१ वर्षको उमेरमा आयरल्यान्डको डब्लीनमा भएको थियो। उनको शवलाई Dean’s Grange Cemetery मा समाधीस्थ गरिएको थियो।

आविष्कारकको देह नरहे पनि उनले आविष्कार गरेको टायर विश्वमा विभिन्न सवारी साधनहरू गुडिरहेबाट उनी जीवित रहेका छन्।

**सन्दर्भ सामग्री**

क) जेम्स वाट र वैज्ञानिकहरू : तुल्सीदास महर्जन : मूल्याङ्कन प्रकाशन गृह ख) जुनियर साइन्स डाइजेस्ट ग) गुगल

# स्थानीय सरकार सञ्चालनको भक्तपुर मोडेल



शान्ति तामाङ

**प्रतिबद्धताअनुसार इमानदारीपूर्वक काम गर्ने प्रयासले नेतृत्वप्रति नगरका मतदाताको भरोसा र विश्वास बढ्दै**

चुनावमा मतदाताको समर्थन जुटाउन आकर्षक नारा र कार्यक्रम प्रस्तुत गर्ने तर जितेपछि प्रतिबद्धताबाट पन्छिने कति राजनीतिक नेतृत्वको प्रवृत्ति छ। तर, भक्तपुर नगरपालिकाको नेतृत्वले स्थानीय निर्वाचनमा व्यक्त गरेका प्रतिबद्धताअनुसार इमानदारीपूर्वक काम गर्ने प्रयास गरिरहेको छ। यही कारण नगरपालिकाको नेतृत्वप्रति मतदाताको गुनासोभन्दा भरोसा र विश्वास बढी देखिन्छ।

भक्तपुर दरबार क्षेत्रमा सूर्यभक्त श्रेष्ठको पूजा सामग्रीको पसल छ। बिहानैदेखि आफ्नो पसलमा व्यस्त रहने उनलाई नगरपालिकाको कामप्रति खास चासो नभए पनि दरबार क्षेत्रलाई चलायमान बनाइराख्न नगरपालिकाको महत्त्वपूर्ण भूमिका रहेको विश्वास छ। 'मेरो पसलमाथि फाइबरको पाली लगाएको थियो। नगरपालिकाका कर्मचारी आएर जबरजस्ती उठाएर लगे। तर, केही गुनासो छैन। उनले भने, “नगरपालिकाले पटकपटक आग्रह गर्दा पनि पाली हटाउन भ्याएको थिइनँ। यहाँ राम्रो हुँदा दरबार क्षेत्र चलायमान भएको छ। सफा छ। पर्यटक पनि धेरै आएका छन्।”

सुकुलढोकाका जगतबहादुर ह्यौमिखालाई भोट माग्ने बेलामा नमस्कार गर्ने, त्यसपछि फर्केर घरदैलो नआउने नगरपालिका प्रमुख सुनिल प्रजापतिप्रति अलि चित्त दुखाइ छ। तर, नगरपालिकाले टोल सुधारमा गरेको काम भने निकै राम्रो लागेको उनले सुनाए। 'प्रजापति मेयर भएपछि यता आएका छैनन्। भोट माग्ने बेलामा नमस्कार भन्छन्। त्यसपछि फर्केर के कस्तो छ ? भनेर आउँदैनन्,' उनले भने, 'नगरपालिकाले टोल सुधार गरेको छ। पहिला इँटा छापेको ठाउँमा अहिले ढुङ्गा छापेको छ। राम्रै काम भएको छ।'

उनीजस्तै रतनमाया पनि केही कमीकमजोरी भए पनि नगरपालिकाले राम्रै काम गरेको बताउँछिन्। “वृद्धवृद्धाका लागि भजनकिर्तन गर्ने ठाउँको व्यवस्था भएको छ, स्वास्थ्य उपचार पाइन्छ। राम्रै भएको छ,” उनले भनिन्।

स्थानीय तह निर्वाचन ०७९ मा नेपाल मजदुर किसान पार्टीका सुनील प्रजापतिले निकटतम प्रतिद्वन्द्वी काङ्ग्रेसका रामप्रसाद कासुलाभन्दा नौ गुना बढी मत ल्याएर जितेका थिए। सबै प्रतिद्वन्द्वीको जमानत जफत भएको थियो। उनको टोलीले दोस्रो कार्यकाल सुरु गरेको तीन वर्ष हुन लागेको छ।


तीन वर्षमै प्रजापति नेतृत्वको टोलीले देखिने र सम्झनलायक थुप्रै काम गरेको छ। जुन धेरै स्थानीय तहका लागि उदाहरणीय छन्। मतदाता भ्रष्टाचारमुक्त वातावरण बनाउने, सुशासन कायम गर्ने र विकास निर्माणका काममा केन्द्रित हुने नेमकिपाका नेताहरूको चरित्र रहेको मान्छन्। त्यसैले पनि होला, यहाँ भ्रष्टाचारको विषय कहिल्यै उठ्दैन।

नेमकिपाले स्थानीय तह निर्वाचन २०७९ मा सार्वजनिक गरेको प्रतिबद्धतापत्रमा शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, पुनर्निर्माण, खेलकुद, वातावरण सरसफाइ, खानेपानी, कृषि, पर्यटन, युवा तथा बालबालिका गतिविधि, सहकारीलगायत ११ शीर्षकमा काम गर्ने प्रतिबद्धता जनाएको थियो। मेयर सुनील प्रजापति नेतृत्वको टोलीले यो प्रतिबद्धतापत्रलाई आधार मानेर योजनाबद्ध रूपमा काम गरिरहेको छ।

“हामी प्रतिबद्धतापत्रका विषयलाई प्राथमिकता दिएर कार्यान्वयन गरिरहेका छौं। हनुमन्ते खोलाको सफाइ कार्य चुनौतीपूर्ण भए पनि अन्य क्षेत्रमा प्रतिबद्धतामा उल्लेख भएको भन्दा बढी काम सम्पन्न गरेका छौं,” मेयर प्रजापतिले भने। उनले दिगो विकासका योजना बनाउँदै ५० वर्षपछिको भविष्यलाई दृष्टिगत गरेर काम भइरहेको दाबी गरे।

मेयर प्रजापतिका अनुसार पारदर्शी र समावेशी कार्यशैलीका कारण भक्तपुर नगरपालिकामा कुनै विवाद छैन। “यहाँ उपभोक्ता समितिमा पदका लागि विवाद हुँदैन। यो सेवामुखी संस्था हो। विभिन्न परियोजनामा विभिन्न राजनीतिक दलका प्रतिनिधिहरू अध्यक्ष र उपाध्यक्षका रूपमा सहभागी छन्। लोभ र स्वार्थ नहुँदा पदका लागि विवाद हुने कुनै कारण रहँदैन,” उनले भने, “हामीकहाँ सबै काम पारदर्शी र इमानदार रूपमा गरिन्छ। यस्तो अवस्थामा को कहाँ बस्छ भन्ने कुराले कुनै फरक पर्दैन।”

राजनीतिक विश्लेषक प्रा.डा.लोकराज बराल भक्तपुर नगरपालिकाको काम गर्ने शैलीलाई विशिष्ट ठान्छन्।



नगरपालिकाले पर्यटनमैत्री क्रियाकलापमा जोड दिएको छ। नगरपालिकाले पर्यटनबाट वार्षिक ३५ करोड राजस्व संकलन गर्ने लक्ष्य राखेको छ। १६ लाख पर्यटक नेपाल आए नगरपालिकाको लक्ष्य पूरा हुनेछ।



नगरपालिकाले २५ शय्याको आफ्नै ख्वपः अस्पताललाई सय शय्यामा स्तरोन्नति गरेको छ। हाल ६० जना डाक्टरले ११ घण्टा सेवा दिएका छन्।



भक्तपुर दरबार क्षेत्रमा फुटपाथ व्यवसायलाई जनजीविकासँग जोडिएको छ। बिहान ८ बजेसम्म र बेलुका ४ बजेपछि फुटपाथमा व्यापार गर्न पाइन्छ।



१५१ जना नगरवासी विद्यार्थीलाई प्रमाणपत्र धितोमा शैक्षिक ऋण उपलब्ध गराउन स्वीकृत गरेको छ। युवालाई सहुलियतपूर्ण ऋण उपलब्ध गराउँदै आएको छ।



**मौलिक घर बनाउनेलाई १० लाखसम्म अनुदान**



पर्यटकलाई आकर्षित गर्न नःपुखु पोखरीमा वाटर एक्टिभिटी। यसबाहेक घरेलु मेला, गाईजात्रा प्रदर्शनी मार्गलाई पर्यटक मार्गको रूपमा विकास गरिएको छ।

"भक्तपुर नगरपालिकाले शिक्षा र स्वास्थ्यजस्ता आधारभूत क्षेत्रमा धेरै प्रगति गरेको छ। यसको काम गर्ने शैली अन्य नगरपालिकासँग मेल खाँदैन। भक्तपुरले भ्रष्टाचारमुक्त वातावरण सिर्जना गर्दै आफूलाई उदाहरणीय बनाएको छ," बरालले भने, "भक्तपुरमा धेरै विकासका काम भएका छन्। नगरपालिकाभित्र बस्ने धेरैले आफूलाई सुरक्षित महसुस गर्छन्।"

**प्रतिबद्धतापत्रमा के छ ?**

शिक्षाअन्तर्गत ख्वपः विश्वविद्यालय सञ्चालन गर्न जोड दिने, सामुदायिक विद्यालयको शैक्षिकस्तर उठाउन शिक्षक तालिम र भौतिक पूर्वाधार निर्माणमा जोड दिने, जनज्योति पुस्तकालयलाई ई–लाइब्रेरीको रूपमा विकास गर्ने र वडा–वडामा पुस्तकालयलाई समयानुकूल सुधार गर्दै लाने उल्लेख छ।

यस्तै, स्वास्थ्यअन्तर्गत ख्वपः अस्पताललाई एक सय शय्यामा स्तरोन्नति गरी सुविधासम्पन्न बनाउने, वडा–वडामा स्वास्थ्य उपचार केन्द्र विस्तार गर्ने तथा विशेषज्ञ डाक्टरमार्फत स्वास्थ्य शिविर सञ्चालन गर्ने र नगरवासीको व्यक्तिगत स्वास्थ्य विवरण तयार गरी घरदैलो नर्सिङ सेवा थप प्रभावकारी बनाउने उल्लेख छ।

यसबाहेक भाज्या पुखु, इखालाछी मठ, लक्ष्मीनरसिंह मन्दिर, इन्द्रायणी द्योछेँलगायत निर्माणाधीन सम्पदा सम्पन्न गर्ने र कला सङ्ग्रहालय रहेको न्ह्यक झ्या दरबार मल्लकालीन शैलीमै पुनर्निर्माण अगाडि बढाउने उल्लेख छ। समुदायको सहभागितामा वातावरण सुधार, हरियाली व्यवस्थापनलगायत कार्य अझ प्रभावकारी ढङ्गले सञ्चालन गर्ने, कुहिने र नकुहिने फोहोर अलगअलग सङ्कलन गरी प्राङ्गारिक मल बनाउन किसानलाई तालिम उपलब्ध र फोहोर सङ्कलनबाट

प्राप्त वस्तुहरूको पुनः प्रयोग गर्ने उल्लेख छ।

नेमकिपाको प्रतिबद्धतापत्रमा भक्तपुर नगरपालिकालाई पर्यटकीय गन्तव्यस्थल बनाउन आवश्यक भौतिक सुधार गर्ने र गाईजात्रा प्रदर्शन मार्गलाई पर्यटकीय मार्गको रूपमा विकास गर्ने उल्लेख छ। नगरभित्र सञ्चालित सहकारी संस्थाका सदस्यको सांस्कृतिक स्तर उठाउने र नगरप्रति उत्तरदायी बनाउने तथा उत्पादनमूलक गतिविधि सञ्चालनमा प्रोत्साहित गर्ने साथै उत्पादनमूलक गतिविधि गरी रोजगारी सिर्जना गर्नेजस्ता विषय समावेश गरेर काम गर्ने प्रतिबद्धतापत्रमा छ।

## फुटपाथ व्यवसायको अब्बल व्यवस्थापन

भक्तपुर नगरपालिकाले फुटपाथ व्यवसायलाई जनजीविकासँग जोड्दै व्यवस्थित रूपमा सञ्चालन गर्ने नीति अपनाएको छ। स्थानीय जनताको दैनिक जीवन सहज बनाउँदै आर्थिक गतिविधिलाई पनि चलायमान बनाउने प्रयास भएको छ। यसैअनुसार स्थानीय नगरपालिका कार्यालयअगाडि केही तरकारी बेच्न अनुमति दिइएको छ।

"हामीले धनीहरूको पक्षमा मात्र सोच्ने होइन, गरिबहरूको जीविकोपार्जन कसरी सहज हुन्छ भन्ने कुरामा ध्यान दिनुपर्छ। उनीहरूले कसरी व्यवसाय गर्छन् र जीविका चलाउँछन्, त्यो सोचेर समय मिलाएर फुटपाथमा अलिअलि सामान राखेर बेच्न दिएका छौँ। सामान बेच्नेले नै क्षेत्र सफा गर्नुपर्छ भनेर निर्देशन दिएका छौँ," मेयर प्रजापतिले भने।



● **सुनील प्रजापति**
मेयर, भक्तपुर नगरपालिका

हामी प्रतिबद्धतापत्रका विषयलाई प्राथमिकता दिएर कार्यान्वयन गरिरहेका छौँ। हनुमन्ते खोलाको सफाइ कार्य चुनौतीपूर्ण भए पनि अन्य क्षेत्रमा प्रतिबद्धतामा उल्लेख भएभन्दा बढी काम सम्पन्न गरेका छौँ। दिगो विकासका योजना बनाउँदै ५० वर्षपछिको भविष्यलाई दृष्टिगत गरेर काम भइरहेको छ।



● **प्राडा लोकराज बराल** राजनीतिक विश्लेषक

भक्तपुर नगरपालिकाले शिक्षा र स्वास्थ्यजस्ता आधारभूत क्षेत्रमा धेरै प्रगति गरेको छ। यसको काम गर्ने शैली अन्य नगरपालिकासँग मेल खाँदैन। भक्तपुरले भ्रष्टाचारमुक्त वातावरण सिर्जना गर्दै आफूलाई उदाहरणीय बनाएको छ। भक्तपुरमा धेरै विकासका काम भएका छन्। नगरपालिकाभित्र बस्ने धेरैले आफूलाई सुरक्षित महसुस गर्छन्।

नगरपालिकाले बिहान ८ बजेसम्म र बेलुका ४ बजेपछि (कार्यालय समयपछि ८ बजेसम्म फुटपाथमा व्यापार गर्न अनुमति दिँदै छ। प्रजापतिका अनुसार गरिबहरूको दुःख र आवश्यकतालाई बुझ्नुपर्छ। "हामी आफैँ गरिबीबाट आएका हौँ। कसैको लागि पाँच रुपैयाँको आम्दानी पनि ठूलो कुरा हो। त्यो आम्दानीले कसैको चुलो बल्छ। गरिब जनताको काम माम कपडामा सहयोग पुग्थ्यो। यो सबैको कर्तव्य हो। यही हाम्रो सुन्दरता हो।" उनले थपे।

## सय शय्याको ख्वपः अस्पताल

नगरपालिकाले अहिले एक सय शय्याको अस्पताल चलाउँदै छ। २५ शय्याको अस्पताललाई एक सय शय्यामा स्तरोन्नति गर्ने सार्वजनिक रूपमा घोषणा भएअनुसारै नगरपालिकाले अस्पताल सञ्चालनमा ल्याएको हो।

प्रजापतिले निर्वाचित भएको अर्को वर्ष नै एक सय शय्याको अस्पतालले स्वीकृति प्राप्त गऱ्यो। हाल ६० जना डाक्टरले ११ घण्टा सेवा दिएका छन्।

अस्पतालमा मेडिकल डाक्टरबाट सेवा लिएको ५० र विशेषज्ञ डाक्टरबाट सेवा लिएको ८० रुपैयाँ मात्र शुल्क लाग्छ। एक अर्बको यो योजना पूरा गर्न नगरपालिका आफैँले करोडौँ खर्च गरेको छ। "सस्तो र गुणस्तरीय सेवा दिन्छौँ भनेर लागेका छौँ," उनले भने, "यो योजना सफल बनाउन हामीले धेरै दुःख गऱ्यौँ। भवन निर्माणका लागि मन्त्रालय धायौँ। न्यूनतम १८ करोड पाउने व्यवस्था भए पनि यो योजनाका लागि केन्द्रबाट जम्मा ६ करोड मात्र प्राप्त भयो र सरकारको संवेदनशीलता बुझेर बाँकी रकमले सबै उपकरण खरिद गरियो।," उनले भने।

हाल अस्पतालमा पाँच भेन्टिलेटर, ६ वटा आइसीयूसमेतको शय्याको सुविधा छ। नगरपालिकाले प्रसूति सेवा पनि थप गरेर सेवा दिएको छ। वडामा सहरी स्वास्थ्य केन्द्र छन्। चालु आवमा ख्वपः तिलगंगा आँखा अस्पतालसमेत सञ्चालनमा ल्याएको छ।

## शैक्षिक प्रमाणपत्र धितोमा राखेर पाँच लाख ऋण

नगरपालिकाले आव ०८१/८२ को लागि १५१ जना नगरवासी विद्यार्थीलाई शैक्षिक ऋण उपलब्ध गराउन स्वीकृत गरेको छ। नगरपालिकाले गरिब तथा जेहनदार विद्यार्थीको लागि उच्च शिक्षा अध्ययनलाई सघाउ पुऱ्याउन शैक्षिक ऋणको व्यवस्था गर्दै आएको हो।

१२ कक्षाभन्दा माथि अध्ययन गरेका विद्यार्थीले शैक्षिक प्रमाणपत्र धितो राखी उच्च शिक्षाका लागि नगरपालिकाबाट सहुलियत ऋण पाउँछन्। यस्तो ऋण विद्यार्थीले पढाइ पूरा नहुँदासम्म तिर्नुपर्दैन। पढाइ पूरा भएको चार वर्षभित्र वार्षिक २५ प्रतिशतको दरले ऋण चुक्ता गर्नुपर्ने व्यवस्था छ। यसअघि ६ सय विद्यार्थीलाई नगरपालिकाबाट पाँच लाखसम्म ऋण उपलब्ध गराइसकेको छ।

हालसम्म कुल ७५१ जनाले पाँच लाख शैक्षिक ऋण सुविधा लिएर उच्च शिक्षा अध्ययन गरिरहेका छन् भने ५१ जनाले ऋण चुक्ता गरिसकेका छन्। नगरपालिकाले शैक्षिक ऋणमा १३ करोड ६९ लाख ५० हजार लगानी गरेको छ भने एक करोड ६४ लाख ९४ बराबरको सावाँ–ब्याज फिर्ता भइसकेको छ। भक्तपुर नगरपालिकाले ७५३ स्थानीय तहमध्ये शैक्षिक ऋणको व्यवस्था गर्ने पहिलो भएको दाबी गरेको छ।

**ख्वप:विश्वविद्यालय सञ्चालनको लागि निरन्तर प्रयास**

ख्वप: विश्वविद्यालय सञ्चालनका लागि नगरपालिका निरन्तर लाग्दै छ। सल्लाघारीको जग्गा र संसद्बाट ख्वप विश्वविद्यालय विधेयक, ०८० स्वीकृत भएमा नगरपालिकाले चालु आवदेखि नै काम थाल्ने तयारी गरेको थियो। काम अगाडि बढे विश्वविद्यालय सञ्चालन गर्ने नगरपालिका पहिलो स्थानीय तह हुनेछ। नगरपालिकाले सञ्चालन गरेका सातवटा क्याम्पसमा सात हजार विद्यार्थी अध्ययनरत छन्। विश्वविद्यालय सञ्चालन गर्ने वा के गर्ने भन्ने विषय सांसदहरूको हातमा भएको प्रजापति बताउँछन्। 'हामीले गर्नुपर्ने सबै गरेका छौँ। प्रजापतिले भने, "विश्वविद्यालयको लागि सल्लाघारीको एक सय आठ रोपनी जग्गा उपलब्ध गराई पाऊँ भनेर भूमिसुधार मन्त्रालय, नेपाल ट्रस्टलगायत सबैतिर गएका छौँ। त्यो पनि उपलब्ध भएको छैन।"

**सम्पदा संरक्षणमा सर्तसहितको लगानी प्रतिबन्ध**

नगरपालिकाले सम्पदा संरक्षणमा सर्तसहितको लगानी प्रतिबन्ध गरेको छ। अहिले पनि केही सम्पदा पुनर्निर्माणका लागि नगरपालिकालाई आर्थिक सहायता आवश्यक छ। तर, सर्तसहितको रकम अस्वीकार गर्दै आएको छ। "हामीले एनजीओ, आइएनजीओसँग काम नै नगर्ने भनेको होइन। तर, सर्तसहितको कुनै पनि काम हामीले गर्नुहुँदैन भन्ने मान्यता लिएका छौँ," मेयर प्रजापति भन्छन्। सोही मान्यताअनुसार नगरपालिकाले जर्मन सरकारले उपलब्ध गराएको एक अर्ब २० करोड रुपैयाँ अस्वीकार गरेको थियो।

**मौलिक घर बनाउनेलाई १० लाखसम्म अनुदान**

सांस्कृतिक नगरपालिकाको रूपमा विकास गर्न नगरपालिकाले मौलिक घर निर्माण गर्नेलाई १० लाखसम्म अनुदान दिएको छ। मौलिक घर निर्माण गर्ने स्थानीयलाई अनुदानको व्यवस्था गरेको छ। नगरपालिकाले यसको लागि वार्षिक एक करोड रुपैयाँसम्मको बजेट छुट्याएको थियो। स्थानीय जनताले ले इँटा, झिँगटी र काठजस्ता परम्परागत सामग्री प्रयोग गरी घर निर्माण गर्दा अनुदान प्राप्त गरेका थिए। अघिल्लो आर्थिक वर्षसम्म केही परिवारले १० लाख रुपैयाँसम्म अनुदान लिएका थिए। तर, हाल नगरपालिकाले अनुदान वितरणमा समानता सुनिश्चित गर्दै मौलिक घर निर्माण गर्ने प्रत्येक परिवारलाई तीन लाख रुपैयाँ अनुदान दिने नीति लागु गर्दै छ।

**सहकारीबाट फाइदा लिँदै**

नगरपालिकाले सहकारीलाई आर्थिकस्तर उठाउने माध्यम बनाएपछि धेरैजसो सहकारी उत्पादनमूलक गतिविधिमा छन्। २८ मङ्सिरदेखि २ पुससम्म भएको भक्तपुर महोत्सवमा सहकारी गतिविधि तथा उत्पादनका स्टल, सदस्यहरूबाट उत्पादित वस्तु तथा सेवाको बिक्री स्थल राखिएको थियो। भक्तपुरमा १८० सहकारी छन्। जसमध्ये दुई/चारवटा सहकारी मात्र समस्याग्रस्त छन्। प्रदेशमा दर्ता भएर नगरपालिकाभित्र २० वटा बहुउद्देश्यीय सहकारी संस्था आएका थिए। तर, नगरपालिकाले दर्ता गरेन।

**फोहोरबाट मोहर**

भक्तपुरमा दैनिक करिब ३५ टन फोहोर उत्पादन हुन्छ। नगरपालिकाले त्यो फोहोरलाई स्रोतमै छुट्याएर उठाउने गरेको छ। स्रोतमै नछुट्टिएका फोहोर नगरपालिकाले उठाउँदैन। उठेकामध्ये सुक्खा फोहोर नगरपालिकाले बिक्री गरेर आम्दानी गर्छ। उठेकामध्ये ६५ प्रतिशत कुहिने फोहोर पनि मल बनाएर बिक्री गर्छ। नगरपालिकाले तरकारी खेती लगाउने समयमा प्रतिकिलो १० रुपैयाँको दरले कृषकलाई प्राङ्गारिक मल बिक्री गर्दै छ।

**पर्यटनमैत्री गतिविधिमा जोड**

नगरपालिकाले पर्यटनमैत्री क्रियाकलापमा जोड दिएको छ। आन्तरिक र बाह्य पर्यटकलाई भक्तपुर चिनाउनुपर्छ भनेर नगरपालिकाले पर्यटक आकर्षित गर्नका लागि कहिले पोखरी पदयात्रा, कहिले सांस्कृतिक पदयात्रा, घरेलु मेला प्रदर्शनी, गाईजात्रा प्रदर्शनी मार्गलाई पर्यटक मार्गको रूपमा विकास र महोत्सव गर्ने गरेको छ। गत वर्ष नेपाल आएका १० लाख पर्यटकमध्ये साढे दुई लाख भक्तपुर नगरपालिका पुगेका थिए। जसबाट २७ करोड राजस्व सङ्कलन भएको थियो। नगरपालिकाले पर्यटनबाट ३५ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य राखेको छ। १६ लाख पर्यटक नेपाल आए नगरपालिकाको लक्ष्य पूरा हुनेछ।

**युवालाई सहुलियतपूर्ण ऋण**

नगरपालिकाले युवालाई मध्यनजर गरेर बेकरी, सिकर्मी, मोबाइल मर्मत तालिम चलाउँदै आएको छ। नपाले पनि हेयर कटिङ, जुत्ता बनाउने, मोबाइल मर्मत, सिलाइ कटाइ, कुक, इलेक्ट्रिसियन र जग्गा नापीलगायत तालिम सञ्चालन गरिरहेको छ। नपाले जापानिज, चाइजिन भाषाको तालिम पनि दिएको छ। तालिम लिन पाँच सय रुपैयाँ तिर्नुपर्छ। तालिम सञ्चालनका लागि नगरपालिका आफैँले लगानी गर्छ। तालिममा सहभागीलाई व्यवसाय सञ्चालनका लागि नगरपालिकाले पाँच लाखसम्म सहुलियतपूर्ण प्रदान गर्छ।

*तस्बिर : दीपेन्द्र ढुङ्गाना/नयाँ पत्रिका (२०८१ चैत २ गते)*

# महिला दिवसको अवसरमा समाजवादको नारा किन ?



अनिता जधारी

प्रत्येक वर्ष मार्च ८ मा विश्वभर महिला दिवस मनाइन्छ, जुन महिला अधिकार र सशक्तीकरणका लागि समर्पित दिन हो । यस अवसरमा विभिन्न सामाजिक, राजनीतिक र आर्थिक सुधारको आवश्यकता र महिलाहरूका सङ्घर्षको स्मरण गरिन्छ । महिला दिवसको अवसरमा समाजवादको नारा उठाउनुको विशेष अर्थ छ । समाजवादले मात्र साँचो अर्थमा महिलाहरूको समानता र न्यायको पक्षमा आवाज उठाउँछ । समाजवादको मूल उद्देश्य नै समाजमा कुनै किसिमको विभेदको अन्त्य गरी सबैलाई योग्यताअनुसारको काम र अवसर दिने हो । समाजवादमा कुनै किसिमको शोषणलाई अन्त्य गर्दै जाने हो, चाहे त्यो आर्थिक, जातीय, लैङ्गिक वा वर्गीय होस् । बहुमत जनताको पक्षमा काम गर्ने व्यवस्था भएकोले यसले समाजमा महिलालाई पनि समान अधिकार र अवसर मात्र नभई पछाडि परेका महिलाहरूलाई अगाडि ल्याउन विशेष व्यवस्था गर्दछ । मार्च ८ को दिन मनाउनुमा समाजवादी आन्दोलनसँग जोडिएको थियो । पछि यसलाई महिला अधिकारको विषयमा केन्द्रित गरिँदा समाजवादी आन्दोलन वा श्रमिक महिलाहरूको समाजवादी आन्दोलन ओझेलमा परेको हो । हामीले मार्च ८ महिला अधिकारको लागि मात्र नभई सम्पूर्ण काम गरेर बाँच्ने श्रमिक महिलाहरूको हितमा समाजवादको लागि सङ्घर्ष गर्ने हो । श्रमिक महिलाहरूले गरेको योगदान वा ऐतिहासिक आन्दोलनहरू सम्झिँदै समाजवादको पक्षमा आन्दोलनलाई अगाडि बढाउन श्रमिक महिला दिवसको रूपमा मनाइनु पर्दछ ।

## समाजवादको सिद्धान्त र महिलाको अधिकार

समाजवाद एक यस्तो प्रणाली हो जसले आर्थिक, सामाजिक र राजनीतिक असमानता अन्त्य गर्ने लक्ष्य राख्दछ । यसको मूल उद्देश्य सबै नागरिकलाई समान अवसर र अधिकारको प्राप्ति हो, चाहे तिनीहरू पुरुष हुन् वा महिला । समाजवादमा जसरी वर्ग विभेदलाई हटाउने लक्ष्य राख्दछ त्यसरी नै महिला र पुरुषबिचको भेदभाव हटाउने, समान तलब, समान अवसर र शोषणविरुद्धको सङ्घर्षलाई प्रमुख स्थान दिइन्छ ।

विश्व सर्वहारा वर्गका महान् गुरू तथा समाजवादी विचारका प्रणेता कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सले आफ्नो कृतिमा लैङ्गिक समानताको पक्षमा पनि उत्तिकै विचार पोखेको पाइन्छ । एङ्गेल्सले आफ्नो पुस्तक 'परिवार, निजी स्वामित्त्व र राज्यको उत्पत्ति' (१८८४) मा परिवार र पितृसत्तात्मक समाजको उत्पत्ति र महिलाको शोषणका कारणबारे विश्लेषण गरेका छन् । उहाँहरूका अनुसार, महिलाको उपेक्षात्मक स्थिति पितृसत्तात्मक संरचनाबाट उत्पन्न भएको हो र यसलाई समाप्त गर्नको लागि समाजवाद नै आवश्यक छ । मार्क्स र एङ्गेल्सले भन्नुभएको छ कि वर्गरहित, शोषणविहीन समाजको स्थापनाका लागि लैङ्गिक समानताविना कल्पना पनि गर्न सकिँदैन ।

समाजवादले लैङ्गिक समानता र महिला अधिकारको सिद्धान्तलाई एउटा आधार बनाउँछ । यसले महिलाहरूलाई पारिवारिक जिम्मेवारी मात्र होइन, समाजका अन्य सबै क्षेत्रमा समान सहभागिता दिन्छ । समाजवादमा महिलाहरूको सशक्तीकरणका लागि शिक्षा, स्वास्थ्य, रोजगारी र राजनीतिक सहभागिता सुनिश्चित गर्नको लागि विशेष योजना र नीति ल्याइन्छ । समाजवाद स्थापना भइसकेका र समाजवादी बाटोमा अग्रसर देशका उदारहरणहरू हेर्ने हो भने यी कुरा पुष्टि भइसकेका छन् । तत्कालीन सोभियत सङ्घ, अहिलेको चीन, प्रजग कोरिया र क्युवाका उदाहरणहरूबाट स्पष्ट हुन्छ । ती देशहरूमा महिलालाई समान अवसर मात्र नभई महिला लक्षित व्यवस्था गरिँदा महिलालाई अगाडि बढ्न सजिलो भएको छ । शिक्षा, स्वास्थ्यको लागि व्यवस्था तथा अवसरहरू सृजना गर्ने मात्र नभई मातृ शिशु स्वास्थ्य तथा जन्मदेखि मृत्यु पर्यन्तसम्मका जिम्मेवारीहरू सरकारले नै लिने हुँदा पुरूष समान काँधमा काँध मिलाएर अगाडि बढेका छन् ।

## समाजवादको नारा र नेपाल

नेपालमा पनि महिला श्रमिक दिवसको अवसरमा समाजवादको नारा उठाउनु महत्त्वपूर्ण छ । नेपालको संविधानमा लैङ्गिक समानता र महिला अधिकारलाई प्राथमिकतामा राखिएको छ, तर व्यवहारमा कार्यान्वयन भएको छैन । यस्तो हुनुको कारण संविधानमा समाजवादउन्मुख भनिए तापनि व्यवहारमा यो व्यवस्था पुँजीवादी व्यवस्था नै हो । पुँजीवादमा शोषण र असमानता स्वाभाविक हो । सरकारमा गएका दलहरूको नाम वा नारामा समाजवाद भए पनि व्यवहारमा

सबै एउटै छन्– पुँजीवादी प्रवृत्ति र सामन्तवादी सोच । यसकारण, नेपालमा महिला अधिकार प्राप्ति र समानताको लागि समाजवादको बिकल्प नरहेको स्पष्ट हुनुपर्छ । नेपाली महिलाले आज पनि विभिन्न सामाजिक, सांस्कृतिक र आर्थिक बाधाहरूको सामना गर्दै आएका छन् । चाहे त्यो छाउपडीको नाममा होस् वा बोक्सीको नाममा यहाँ महिलाहरू पीडित छन् । यसको कारण अशिक्षा र गरीबी मात्र नभई शासकहरूको सोच पनि हो । पुँजीवादी व्यवस्थामा महिलाको अधिकार र अवसरभन्दा सजाउने वस्तुको रूपमा प्रस्तुत गरिएको हुन्छ । माथिल्ला वर्गका केही महिलाहरू माथिल्लो पदमा बसेको देखाएर त्यो नै महिलाहरूको अधिकार र समानता हो भन्छन् । कुनै समयमा नेपालका धेरै उच्च पदमा महिलाहरू थिए तर त्यसले देशभरिका महिलाको स्थितिमा कुनै तात्विक भिन्नता ल्याएन बरू महिलाका उत्पीडन अझ बढ्दै गएको छ । हुन त नेपाल सरकारले महिलाको लागि आरक्षण र समान अधिकारको व्यवस्था गरेको छ तर सामन्तवादी सोच र पुँजीवादी व्यवस्थामा रहेको पितृसत्तात्मक मानसिकता र शासकहरूले बदल्न नचाहेको सामाजिक संरचना अझै ठुलो चुनौती छ ।

नेपाली महिलामा पनि ग्रामीण महिला र सहरिया महिलाको अवस्था फरक छ । ग्रामीण भेगमा महिलाले आज पनि विभिन्न सामाजिक, सांस्कृतिक र आर्थिक बाधाहरूको सामना गर्दै आएका छन् । यी बाधाले उनीहरूको जीवनस्तर, शिक्षा, स्वास्थ्य र आर्थिक स्वावलम्बनमा ठुलो प्रभाव पारेको छ । सामाजिक स्तरमा छुवाछूत र जातीय भेदभावले दलित महिलाहरूलाई पछाडि पारेको छ भने बाल विवाहले धेरै युवतीहरूको शिक्षा र स्वास्थ्यलाई बाधा पुऱ्याएको छ । पितृसत्तात्मक व्यवस्थामा महिलालाई दोस्रो दर्जाको रूपमा हेरेको पाइन्छ र धेरै चाडपर्व र रीतिरिवाजमा महिलालाई फरक व्यवहार गरिएको हुन्छ । आर्थिक क्षेत्रमा, महिलालाई रोजगारीमा असमानता र सम्पत्तिमा अधिकारको अभावले गर्दा आफ्नो पूर्ण क्षमता प्राप्त गर्न बाधा उत्पन्न भएको छ ।

केही मुद्दाहरूमा महिला अधिकारको प्रश्न उठाइए पनि यसले समाजमा ठुलो परिवर्तन ल्याउन सक्छ भन्ने कुरा आशा गर्न गाऱ्हो छ । त्यसैले महिला अधिकारको विषयमा सरकारले चालेको पाइलालाई समाधानको रूपमा लिनु मूर्खता हुनेछ । महिला अझै घरेलु हिंसा, यौन हिंसा र बलात्कारका शिकार छन् । महिला अधिकार र समानताका लागि जति देशका NGO, INGO हरूले जति काम गरेको रिपोर्ट प्रस्तुत गरे पनि व्यवस्था परिवर्तनबिना अहिले अवस्थामा परिवर्तन गर्छु भन्नु पनि गलत नै हुनेछ । विश्व स्वास्थ्य सङ्गठनका अनुसार, नेपालमा ६५ प्रतिशत महिलाले कुनै न कुनै हिसाबले अहिले पनि हिंसा भोगिरहेका छन् । पुँजीवादी व्यवस्थामा उपल्लो वर्गले बहुमत तल्लो वर्गलाई शोषण गर्दछ शोषित पुरूष होस् वा महिला । जसरी माथिल्लो वर्गले शोषण गर्छ त्यसरी नै पुरूषले महिलालाई शोषण वा अत्याचार गर्नुलाई स्वाभाविक थान्दछ । यस अर्थमा महिलामाथि मात्र होइन पूरै वर्गमाथि नै विभेद हुन्छ । यसमा पनि शोषित वर्गका महिलाहरू दोहोरो शोषणमा पर्दछन्– वर्गीय शोषण र पितृसत्ताको शोषण । त्यसको लागि समाजमा गहिरो र दीर्घकालीन परिवर्तन ल्याउन समाजवादी विचार र संरचनात्मक परिवर्तन आवश्यक छ । समाजवादले समानता, न्याय र सामूहिक हितलाई प्राथमिकता दिन्छ, जसले महिलालाई समान शिक्षा, स्वास्थ्य सेवा र रोजगारीका अवसरहरू प्रदान गर्न मद्दत गर्छ । यसले महिलाको आर्थिक स्वावलम्बनमा ठुलो योगदान दिनेछ र पितृसत्तात्मक व्यवस्थालाई चुनौती दिन्छ । महिला अधिकारको प्रश्न उठाउनु महत्त्वपूर्ण छ, तर यसलाई मात्र समाधानको रूपमा लिनु मूर्खता हुनेछ । समाजमा दीर्घकालीन र स्थायी परिवर्तन ल्याउन समाजवादी विचार र संरचनात्मक परिवर्तन आवश्यक छ ।

**निष्कर्ष**

समाजवादको उद्देश्य केवल उत्पादनको पुनर्वितरण होइन यो हाम्रो समाजका मूलभूत संरचनालाई नै परिवर्तन गरेर असमानता र शोषणलाई नै समाप्त गर्ने प्रक्रिया हो । अतः समाजवादको सिद्धान्त लैङ्गिक समानता हासिल गर्न अनिवार्य छ यसले मात्र महिलालाई अवसर प्रदान गर्दछ । श्रमिक महिला दिवसको अवसरमा समाजवादको नारा उठाउनु भनेको महिलाको वास्तविक समानता र न्यायको प्राप्तिको लागि सङ्घर्ष गर्ने प्रतिबद्धता हो । महिला दिवसको अवसरमा समाजवादको नारा उठाउनु भनेको महिला अधिकारका लागि लडिरहेको इतिहासलाई सम्मान दिने मात्र होइन, आजको दिनमा समाजको शोषण, असमानता र भेदभावका विरुद्ध सङ्घर्ष गर्ने प्रतिबद्धता व्यक्त गर्नु हो । यसबारे सचेत हुँदै समाजवाद प्राप्तिको बाटो क्रान्ति मात्र हो भनेर अगाडि बढ्नु हो । यस दिनलाई अझ प्रभावकारी बनाउनको लागि नारी दिवसको नाममा महिला अधिकार र पुरूषलाई गाली गरेर सेमिनारहरू गर्ने होइन बरू समाजवादको लागि श्रमिक महिला र पुरूषसँगसँगै सङ्घर्ष गर्न, आन्दोलन अगाडि बढाउने मूल भावनासहित अगाडि बढाउन आवश्यक छ । समाजवादको नारा महिलाको समान अधिकार र अवसरको सुनिश्चितताको लागि हो, जसले भविष्यमा एक न्यायपूर्ण र समान समाजको निर्माणमा योगदान पुऱ्याउनेछ । महिला दिवसको अवसरमा हामी सबैले यो नारा उठाउनु पर्नेछ कि समाजवादमा मात्र महिलाको साँचो मुक्ति छ, यो नै सबैको समानताको मार्ग हो ।

# भक्तपुरको रमणीय ऐतिहासिक सिद्धपोखरी



रश्मी भुजेल

हरेक दिनको व्यस्त दिनचर्यापछि जब समय निस्किन्छ मानिसहरू त्यस समयलाई निकै खुसीसाथ बिताउन र आफ्ना परिवार वा साथीसँग समय बिताउन कुनै निश्चित गन्तव्यतिर जान्छन् ।

सुन्दर वातावरण, मनोरम दृश्य अनि स्वच्छ वातावरणमा मानिसले आफ्ना दुःख अनि पीडा केही समयको लागि भए पनि बिर्सिएर खुसी महसुस गर्दछन् । आफ्नो मस्तिष्कका हरेक रोदन अनि तनावलाई हटाएर सकारात्मक ऊर्जा प्रदान गर्न पनि यस्ता ठाउँहरूले महत्त्वपूर्व भूमिका निर्वाह गर्दछन् ।

सायद हामी कोही पनि छैन होला जसलाई घुम्न मन पर्दैन अनि कहीं पनि घुम्न गएका छैनौं । झन् अहिलेको समयमा मानिसहरूलाई विभिन्न किसिमका तनावले सताइरहेको हुन्छ । आफ्नो दायित्व, कामको दबाब, साथीसँगको चिसिएको सम्बन्ध हरेक कुरालाई पन्छाउँदै मनमा आनन्द र उत्साह थप्नलाई नै मानिसहरू नयाँ ठाउँमा गएर आफ्नो निश्चित समय बिताउँछन् । त्यहाँको वातावरणमा रमेर, त्यस ठाउँलाई नियालेर आफैंमा पोजिटिभ भाइब महसुस गर्दछन् । जसले अर्को समय नमिलुन्जेलसम्ममा काम गर्ने ऊर्जा अनि शक्ति प्रदान गरिरहोस् ।

आजका दिनहरू व्यस्त मात्र होइन, तनावपूर्ण पनि छन् । अनि ती तनावमा रहेका मानिसहरूको गन्तव्यस्थल बन्दै गइरहेको छ भक्तपुरको केन्द्रमा रहेको एउटा पोखरी, जुन सदियौँदेखि सुन्दरताको प्रतीकको रूपमा रहँदै आएको छ । सिद्धपोखरी भक्तपुर जिल्लामा अवस्थित ऐतिहासिक पोखरी हो, जुन भक्तपुर दरबार क्षेत्रबाट केही दूरीमा रहेको छ ।

यो भक्तपुरकै सबैभन्दा ठूलो पोखरी हो, जसले ऐतिहासिक, धार्मिक, पर्यटकीय र मनोरञ्जनात्मक महत्त्व बोकेको छ । राजा जयस्थिति मल्लको पालामा निर्माण भएको सिद्धपोखरी आज आन्तरिक पर्यटकहरूको प्रमुख गन्तव्य बन्दै गएको छ । यसको भौगोलिक अवस्थितिको कुरा गर्ने हो भने यसको लम्बाइ करिब २७५ मिटर, चौडाइ करिब ९२ मिटर र गहिराइ १० फिट रहेको छ । सिद्धपोखरीको चारैतिर हरियाली, ऐतिहासिक पाटीपौवा, मठमन्दिर र परम्परागत वास्तुकलाका संरचनाहरू छन् । यसको वरिपरि बनेका ढुङ्गे पाटी तथा बस्ने ठाउँहरूले यसलाई झन् सुन्दर बनाएको छ ।

सहरको भीडभाड, सवारीसाधनको कोलाहल र दैनिक तनावबाट टाढा गएर केहीबेर शान्त वातावरणमा हराउन खोज्नेहरू जो–कोहीले पनि यहाँ पुगेपछि शान्त वातावरण अनुभव गर्न सक्छन् । पोखरीको पानीमा परावर्तित नीलो आकाश, वरिपरिका बुट्टेदार काठबाट बनेका ती फलचाहरू र पोखरीमा रहेका रङ्गीविरङ्गी माछाहरूले विशेष सुन्दरता दिन्छ । प्राचीन वास्तुकला हेर्ने, फोटोग्राफी गर्ने र शान्त वातावरणमा समय बिताउनेहरूका लागि यो आकर्षक गन्तव्य हो ।

आन्तरिक पर्यटकको प्रमुख गन्तव्य भए तापनि भक्तपुर दरबार स्क्वायर नजिक भएका कारणले गर्दा बाह्य पर्यटक पनि उत्तिकै मात्रामा देख्न सकिन्छ । सिद्धपोखरी भक्तपुरको ऐतिहासिक, धार्मिक र पर्यटकीय दृष्टिले महत्त्वपूर्ण गन्तव्य हो । मल्लकालदेखि वर्तमानसम्म यसको आकर्षण यथावत् रहनुले यसको सांस्कृतिक मूल्य दर्शाउँछ ।



सिद्धपोखरीको चारैतिर हरियाली र यसको जलस्रोतले वातावरणीय सन्तुलन कायम राख्न मद्दत पुऱ्याउँछ, तर बढ्दो सहरीकरण र प्रदूषणका कारण यसको संरक्षण चुनौतीपूर्ण बन्न थालेको छ । शान्त वातावरण, सुन्दर दृश्य र ऐतिहासिक सम्पदासँगको सम्बन्धले यसलाई आन्तरिक तथा बाह्य पर्यटकहरूको लागि एक अद्वितीय स्थान बनाएको छ ।

संरक्षण तथा प्रवर्द्धनका पहलहरू जारी राख्ने हो भने सिद्धपोखरी केवल भक्तपुरकै होइन, नेपालकै प्रमुख सांस्कृतिक सम्पदामध्ये एक बन्न सक्छ । भक्तपुर भ्रमण गर्नेहरूका लागि छुटाउनै नहुने गन्तव्यको रूपमा सिद्धपोखरी रहेको छ ।

*नेपाल समाचारपत्र, २२ चैत २०८१*

# गोविन्द गौतमले शहादत प्राप्त गरेको ठाउँमा पुग्दा ...

रविन




'देशको सिमाना रक्षाको आन्दोलनमा म मारिएँ भने चिन्ता नगर्नुस् बुबा। तपाईंका तीन सन्तान छन्। भारतीयसामु लड्दा लड्दै म ढलें भने पनि तपाइँका अरु दुइटा छोराहरू बाँकी नै छन् नि। 'वि.सं. २०७३ फागुन २६ गते बिहान सहिद गोविन्द गौतमले आफ्नो बुबा खिमलाल गौतमलाई नेपालको सीमा रक्षाको आन्दोलनमा जान अनुमति माग्ने क्रममा आफ्नो छाती पिट्दै गौरवका साथ बोलेको बुबालाई हिजै जस्तो लाग्दो हो।

२०८१ चैत ९ गते कञ्चनपुर जिल्लाको पुनर्वास नगरपालिका वडा नं. ४ आनन्द बजार कार्गिल डाँडामा सहिद गोविन्द गौतमको सालिकसँगै उभिएर उहाँको बुबाले दायाँ हातले मुठी कस्दै बोलिरहनुभएको थियो। उमेरले ७३ वर्ष नाघेका वृद्ध बुबा भन्दै हुनुहुन्थ्यो, "सरकारले सीमा रक्षाको लागि सेना र प्रहरी नराख्दा हामीले दुःख पायौं, हाम्रा सन्तानहरू नै सीमा रक्षक बनेर भारतसँग लडे।" गोविन्द गौतमलाई देशको सीमा रक्षार्थ प्राण आहुति दिने वीर सहिदको उपमा दिएर राष्ट्रिय सम्मान गरिएको थियो।

बैशाखी गाउँमा औपचारिक कार्यक्रमपश्चात् पुनर्वास जाने क्रममा कार्गिल डाँडा पुग्दा सहिद गौतमको स्मृतिमा बनाइएको पार्कको अवलोकन गर्ने अवसर जुर्‍यो। पार्क धेरै ठुलो थिएन, व्यवस्थित पनि भइसकेको थिएन। तर पनि त्यो ठाउँमा पुगेर सहिदको सालिक अगाडि उभिँदा मनभरि देशभक्ति भावना उद्वेलित भएको अनुभव भयो। त्यसमाथि सहिद पिता नै हामीसामु आएर घटना विवरण बताइरहँदा त्यतिबेलाको सङ्घर्षको चित्र मनमा झलझली आयो। गौतमलाई भारतीय सशस्त्र प्रहरीले गोली हानेको बेलाको भिडियो फुटेज यसअघि पनि हेरेको थिएँ।

घटनास्थलको भूगोल हेर्दा नेपाल र भारतको सिमानामा रहेको जङ्गलमा पारिपट्टि भारतीय सशस्त्र सीमा सुरक्षा बल तैनाथ थियो भने वारि नेपालीभूमि। दुई देशको सिमानामा भारतीय बसाही भन्ने बजार छ, जहाँ सिमानाका नेपाली जनता नुन तेललगायतका दैनिक उपभोग्य सामानहरू किनमेल गर्छन्। यो बजार भारत प्रवेश गर्ने सीमानाका पनि हो। नेपालतिर एउटा खोला छ, बर्खा मासमा बाढी आउँदा खोला तर्ने पुल नभएकोले त्यतिबेला स्थानीय नेपाली जनताले चार वटा ह्युम पाइप राखेर कल्भर्ट बनाएका थिए। आफ्नै भूमिमा कल्भर्ट बनाउँदा भारतीय सेना आएर पटक पटक धम्की दिने र भत्काउने कार्य गरेकोमा स्थानीय जनताले नेपाली सुरक्षा निकायलाई खबर पनि गरेका थिए। सरकारी पक्षबाट कुनै पहल नभएपछि स्थानीय जनता आफैं अघि सरेर भारतीय सेनासँग शान्तिपूर्ण प्रतिकार गरेका थिए। चार दिनसम्म दुवै पक्षबिच भनाभन भएको थियो।

घटना भएको बिहानको क्षण स्मरण गर्दै सहिद पिता खिमलाल सुनाउँदै हुनुहुन्थ्यो, 'माइलो छोरो गोविन्द आफ्नो सानो घर हाल्न डीपीसी ढलान गर्ने तयारीमा थिए। साथीहरूले सिमानामा भारतीय सेनाले कल्भर्ट भत्काउन लागेको र त्यस क्रममा स्थानीय नेपालीको घरमा लुटपाट गरेको खबर गरे। 'हाम्रो भूमिमा भारतीय रजाइँ' भन्दै उनी मुर्मुरिएर हिँड्ने तयारी गर्दै थिए। मेरो मनमा चिसो पसेर छोरालाई नजान भनेको थिएँ। छाँटकाँट निको मानिनँ, नजा छोरो। त्यहाँ तिमी गयौ भने फर्किन्नौ होला।' किन हो, मैले यसै भनेको थिएँ। तर छोरोले मेरो कुरा पटक्कै खाएन। उनी भन्दै थिए, "केही हुन्न बुबा। हाम्रै अगाडि हाम्रो भूमि मिच्दा कसरी सहेर बस्ने ? तपाईंको छोरो म एक्लो त होइन नि, अरु दुइटा पनि छन्। लडाइँमा म मरेँ भने मरेँ। देशको लागि रगत बगाउन पाउनु जति खुसीको कुरा के हुनसक्छ र बुबा !"

सहिद गोविन्द परिवार पाल्न आफ्नी जवान श्रीमती र ३ वटा कलिला छोरीहरूलाई छोडेर विदेशी भूमि साउदी अरब लामो समय बसेर भर्खरै फर्केका थिए। "साउदीको चर्को घाममा खुन पसिना कति बगाए, बगाए। घर फर्केको

त्यही वर्षको कार्तिकमा । तीन महिना पनि परिवारसँग बस्न पाएनन् ।” यतिभन्दै गर्दा सहिद पिताको आँखा रसायो ।

त्यस दिन सयौँ गाउँलेहरू सिमानामा भेला भएका थिए । भारतीयहरूले जबरजस्ती कल्भर्ट भत्काउने प्रयास गरेको विरोधमा नारा लगाउँदै स्थानीयहरू प्रतिकारमा उत्रिए । नेपाली प्रहरीहरू केही जवान थिए तर निःशस्त्र । केही समय मुठभेड भयो । यतिकैमा भारतीय सेनाले गोली चलायो । ‘मुर्दारहरूले गोली हाने’ भन्दै नेपालीहरू भागाभाग गर्न थाले । गोविन्द लड्दै थियो, उनलाई कम्मरमा गोली लाग्यो । उनी ढलिहाले । सँगै आन्दोलन गरिरहेका साथीहरूले कसैले हात, कसैले खुट्टा र कसैले टाउको समातेर उनलाई नजिकैको सालको रुखमुनि ल्याइपुऱ्याए । उनी अचेत अवस्थामा पुगिसकेका थिए । रगत भलभल्ती बगिरहेको थियो ।

साँझमात्र गाउँलेले सहिद पिता खिमलाललाई खबर गरे । आफ्नो छोरा भारतीयको गोली लागेर ढलेको र धनगढीको अस्पताल लगिएको थाहा पाउनासाथ खिमलाललाई रिंगटा लाग्यो । उनी त्यही लडे । कसले सहारा दिएर उनलाई घर पुऱ्यायो भन्ने पत्तै पाएनन् । गौतमकी बुढी आमा बिरामी थिइन् । आफ्नो छोरोलाई गोली लागेको थाहा पाउनासाथ बुढीआमा विक्षिप्त भइन्, रुन पनि सकिनन्, छाति मात्र पिट्न थालिन् । गौतमकी श्रीमती पटकपटक बेहोस हुन थालिन् । स-साना लालाबाला छोरीहरूले आफ्नो बुबालाई के भएको भन्ने भेउ नै पाउन सकेनन् । उनीहरू त्वाँ परेर कहिले गाउँलेको त कहिले आफ्नी आमाको अनुहार हेर्दै टोलाइरहेका थिए ।

आन्दोलनमा सहभागी सबै प्रत्यक्षदर्शीहरूले भारतीय पक्षबाट दस राउन्ड गोली प्रहार भएको बताइरहेका थिए । गोविन्द गौतममाथि निर्ममतापूर्वक गोली हान्ने भारतीय एसएसबी जवान अरविन्द शुक्ला रहेको किटानीसहित समाचारहरू प्रसारण भइरहेका थिए । तर, भारतीय सरकार त्यस घटनामा भारतीय पक्षबाट गोली नचलाइएको झूटो दाबी गरिरहेको थियो । भारतीय ज्यादतीको विरोधमा आनन्द बजार र धनगढीमा मात्र होइन, काठमाडौँमा भारतीय दुतावास अगाडि र नेपालको सार्वभौम संसद्मा समेत चर्को विरोध भएको थियो । काठमाडौँमा नेपाल मजदुर किसान पार्टीले निरन्तर दबाबमूलक प्रदर्शन गरिरहँदा उल्टै नेपाली प्रहरीले देशभक्त प्रदर्शनकारीहरूमाथि लाठिचार्ज गरी दमन गरेको थियो । गोविन्द गौतमको हत्या गर्ने भारतीय सरकार, अनि संसद्मा गौतमलाई सहिद घोषणा गरी राहत स्वरूप दस लाख रूपैयाँ दिने र परिवारका बालबच्चाहरूलाई पढाउने जिम्मा भने नेपाल सरकारले लिने, हाम्रो सरकारले भारतीय सरकारसँग क्षतिपूर्ति माग्ने र घटनाको छानबिन गरी दोषीलाई कारवाही गर्न आग्रह पनि गर्न सकेन । स्वाभिमानी र देशभक्त नेपाली जनता आफ्नो सरकारको लाचारीपनप्रति आक्रोशित हुनु स्वाभाविक थियो ।

वि.सं. २०१६ सालमा नेपालको उत्तरी सीमा क्षेत्रमा चिनियाँ पक्षबाट गोली प्रहार हुँदा एक जना नेपालीको निधन भएको थियो । नेपाल सरकारले यस घटनाको चर्को विरोध गरेपछि तत्कालीन चिनियाँ प्रधानमन्त्रीले नेपालसामु लिखित माफी मागी मृतक परिवारलाई ठूलो रकम क्षतिपूर्ति दिइएको थियो । तर, गोविन्द गौतमको हत्या प्रकरणमा नेपाल सरकारले यति आँट गर्न सकेन ।

देशभक्त नेपाली जनताले लामो समयसम्म सडक र संसद्मा चर्को विरोध गरेपछि बल्ल भारत सरकारले त्यस घटनाको छानबिन गर्ने वाचा गऱ्यो । तर, विडम्बना ! भारतको वाचा शब्दमा सीमित भयो, घटनाको प्रतिवेदन सार्वजनिक गरिएको छैन, न त हत्यारा भनिएका अरविन्द शुक्लामाथि कारवाही गरिएको कुनै समाचार नै आयो । भारत सरकारको तर्फबाट मृतक सहिद परिवारले क्षतिपूर्तिबापत के पाए ? त्यो पनि कसैलाई थाहा छैन ।




हामीसँगको भेटमा सहिद पिता खिमलालले आफ्नो छोराले सहादत प्राप्त गर्नुअघि काम गरिरहेको स्थलतर्फ लग्दै भन्नुभयो, “गोविन्दले काम छोडेर गएको घर अहिले पनि डीपीसी ढलान हुन सकेको छैन । छोराको शोकमा डुब्दाडुब्दै आठौँ दिनमा उनकी आमाले पनि प्राण त्यागिन् । बुहारी र तीन नातिनीहरूलाई काठमाडौँमा त लगिएको छ, तर तिनीहरूले के गरिरहेका छन्, नातिनीहरूले राम्रो पढ्न पाएका छन् कि छैनन्, मलाई केही पनि थाहा छैन ।” उनको मुखबाट निराशाको आवाज सुनियो, ‘म पनि कति दिनको पाहुना बनुँला र ?’

हातका औँलाहरू मुठी कस्दै चर्को स्वरमा सहिद पिताले भने, “सिमानामा काँडेतार नलगाएसम्म भारतीयहरूले हाम्रो जग्गा मिच्न र हामीलाई दुःखदिन छोड्ने वाला छैनन् । त्यसैले मेरो माइलो (सहिद गोविन्द गौतम) जस्तै धेरै सपुतहरू जन्मिने पक्का छ ।”

सहिद गोविन्दको योगदान र सहिद पिता खिमलालको देशभक्ति भावनाप्रति उच्च सम्मान छ ।

# जिम्न्यास्टिक खेलाडी तथा प्रशिक्षक नेपल कोजु



राजकुमार लघु




नेपल कोजु राष्ट्रिय खेलाडी तथा यस खेलका प्रशिक्षक हुन् । उनको जन्म २०४३ साल पुस २७ गते भक्तपुर ब्यासीमा भएको थियो । उनको माताको नाम मोहन केसरी कोजु र पिताको नाम राधेश्याम कोजु हो । उनको उद्देश्य खेलकुदको माध्यमबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी उत्पादन गर्नु हो । उनी देश विदेशको भ्रमण गर्न रुचाउँछन् । उनी भक्तपुर जिल्ला जिम्न्यास्टिक सङ्घमा विगत दुई वर्षदेखि सदस्यको रूपमा कार्यरत छन् । नेपल कोजुले आफ्नो पढाइ प्रभात सेकेन्डरी स्कूलबाट सुरु गरे । उनले वाइजल्यान्ड सेकेन्डरी स्कूल जगातीमा कक्षा तीनसम्म अध्ययन गरेका थिए । त्यसपछि कक्षा ४ देखि १० सम्म बासु माविमा उनले अध्ययन गरे । उनी २०५९ सालमा दोस्रो डिभिजनमा एसएलसी परीक्षा उत्तीर्ण गरे ।

नेपल कोजुले प्लस टु निकल्सन कलेज सल्लाघारीबाट २०७१ सालमा उत्तीर्ण गरे । उनी ब्याचलर २०७२ सालमा भर्ना भए ।

नेपल कोजुको जिम्न्यास्टिक खेलको पहिलो गुरु सुरेश भेले, मिलन भुजु र कृष्णराम जाकिबन्जार हुन् । उनले



त्रिपुरा सुन्दरीमा रहेको भक्तपुर जिम्न्यास्टिक क्लवबाट यस खेलको प्रारम्भिक प्रशिक्षण २०५२ सालदेखि २०६२ सालसम्म १० वर्ष लिए । उनको जिम्न्यास्टिकको अर्को गुरु पूर्णमान बज्राचार्य हुन् । उनले पूर्णमान बज्राचार्यसँग दशरथ रंगशालामा यस खेलको प्रशिक्षण लिएका थिए । उनी नेपाल जिम्न्यास्टिक सङ्घद्वारा सन् २०२३ अगष्ट २३ देखि २५ गतेसम्म भक्तपुर लिबाली हलमा आयोजित Artistic Gymnastics coaches course Training मा सहभागी भएका थिए ।

GEMS school द्वारा २०५९ साल जेठ २४ गतेदेखि २६ गतेसम्म आयोजित र वाग्मती जिम्न्यास्टिक क्लवको सह आयोजनामा सम्पन्न पाँचौं अन्तर-विद्यालय जिम्न्यास्टिक प्रतियोगितामा बासु मा.वि.बाट सहभागी भई उनले दोस्रो स्थान प्राप्त गरेका थिए ।

नेपल कोजुले नेपाल जिम्न्यास्टिक सङ्घद्वारा सन् २०२४ जुलाई २३ देखि २८ गतेसम्म भक्तपुरमा आयोजित Foundations of Gymnastics course मा सहभागीता जनाएका थिए । उनले Asian Gymnastics union को सहयोगमा नेपाल जिम्न्यास्टिक सङ्घको सहयोगमा Nepal Gymnastics Association द्वारा सन् २०२४ सेप्टेम्बर १६ देखि २० गतेसम्म आयोजित AGU –common Training camp for men Artistics coaches सहभागी भई उत्तीर्ण गरेका थिए ।

नेपल कोजुले Bhaktapour District Gymnastics Association को समन्वय नेपाल जिम्न्यास्टिक सङ्घद्वारा सन् २०२५ फेबुअरी १३ देखि १५ सम्म आयोजित MAG/WAG JUDGES COUSES मा सहभागिता जनाएका थिए । उनले Anti Doping Educations and Learning बाट सन् २०२४ सालमा आयोजित coaches of high perfomence coaches programme सफलतापूर्वक उत्तीर्ण गरेका थिए ।

नेपल कोजुले सन् २०२४ जूनमा FIG Academy द्वारा आयोजित Safe guarding For coaches and exam




course उत्तीर्ण गरेका थिए।

खेलाडी तथा प्रशिक्षक नेपल कोजुले सन् २०२४ जून १३ मा FIG ACADEMY द्वारा आयोजित Fondations of Gymansstics Theory Exam part of Fig Academy diploma programme मा सहभागी भई खेल विकासमा योगदान गरेका थिए।

उनी भक्तपुर जिल्ला जिम्न्यास्टिक सङ्घमा पनि आबद्ध छन्। भक्तपुर जिल्ला जिम्न्यास्टिक सङ्घको स्थापना २०३७ सालमा भएको थियो। त्यसको संस्थापक अध्यक्ष स्व. शिवजि श्रेष्ठ हुन्। २०८१ फागुन १ देखि ३ गतेसम्म जिम्न्यास्टिक खेलको judge ट्रेनिङ लिबाली कभर्ड हलबाट लिइएको थियो। त्यस खेलमा प्रशिक्षण र निर्णायकको रूपमा तीन दिन तालिम भएको थियो। उनले जिम्न्यास्टिक खेलको प्रशिक्षण प्रशिक्षक राजेश्वरमान स्थापितबाट पनि लिएका थिए। राजेश्वरमान स्थापित जिम्न्यास्टिक खेलको राष्ट्रिय खेलकुद परिषद्का वरिष्ठ प्रशिक्षक हुन् र त्यस प्रशिक्षणमा नेपल कोजु लगायत १७ जना खेलाडी साथीहरूले प्रशिक्षण लिएका थिए।

उनले प्रभात सेकेन्डरी स्कूलमा यस वर्षको माघ महिनादेखि कक्षा १,२ र ३ का विद्यार्थीहरूलाई जिम्न्यास्टिक खेलको प्रशिक्षण दिइरहेका छन्।

उनले भक्तपुर जिम्न्यास्टिक क्लव त्रिपुरा सुन्दरीमा विगत तीन वर्षदेखि अर्थात् २०७८ सालदेखि जिम्न्यास्टिक खेलको प्रशिक्षण दिइरहेका छन्। त्यस प्रशिक्षणमा उनले ६०/७० जना विद्यार्थीलाई प्रशिक्षण दिइसकेका छन्।

FIG बाट सन् २०२४,२३ जुलाई २८ जुलाईसम्म भक्तपुरमा आयोजित जापानबाट आएका प्रशिक्षक FIG EXPERT ARAKI TATSUO ब्राजिलका MARcO ANTONIO र अस्ट्रेलियाका प्रशिक्षक FIG EXPERT PETRINA बाट जिम्न्यास्टिक खेलको प्रशिक्षण भएको उनी बताउँछन्।

यस खेलको भावी योजनाबारे प्रश्न गर्दा उनी भन्छन्, भक्तपुरका सबै स्कूलमा यस खेल बिस्तार गर्ने योजना छ। २१ जना भक्तपुरका कोचहरूबिच विद्यालयमा जिम्न्यास्टिक खेलको प्रशिक्षण दिने छलफल भइरहेको छ। नेपल कोजुले २०५४ सालमा आयोजित राष्ट्रिय जिम्न्यास्टिक प्रतियोगिता पुलिस क्लव काठमाडौँमा खेलेका थिए। त्यसमा ब्वाइज टीममा दोस्रो स्थान प्राप्त गरेका थिए। त्यस्तै स्कूलव्यापी जिम्न्यास्टिक प्रतियोगिता जेम्स स्कूल धापाखेलमा भएको थियो। त्यस खेलमा नेपल कोजु बासु मा.वि. बाट खेलेका थिए।

जिम्न्यास्टिक किन खेल्ने भन्ने प्रश्नमा उनी भन्छन्, "यसमा सबै विधा हुन्छ। जिम्न्यास्टिक खेलको आठवटा विधा हुन्छ। यस विधामा साना बालबालिकादेखि वृद्धसम्मले खेल्न सक्छन्। अपाङ्गले पनि यस खेलको अभ्यास गर्न सकिन्छ।"

यस खेलले तन्दुरुस्त र स्वास्थ्य जीवन बिताउन महत्त्वपूर्ण योगदान दिन्छ। उनी भन्छन्, "जिम्न्यास्टिक यस खेलको जननी (Mother of all sports) हो। यस खेलमा लचकता, सामर्थ्य र क्षमता हुन्छ।"

यस खेलको फाइदाबारे प्रश्न गर्दा खेलाडी नेपल कोजु भन्छन्, "यस खेलबाट अनुशासित र स्वस्थ बन्न सकिन्छ। यस खेलमा राखेप र नेपाल जिम्न्यास्टिक सङ्घबिच राम्रो समन्वय भएमा राष्ट्रिय अन्तर्राष्ट्रिय तथा उत्कृष्ट खेलाडी उत्पादन गर्न अझ टेवा पुग्छ। खेलाडीले मेहनत गरेमा यस खेलको माध्यमबाट नेपालका खेलाडीहरू ओलम्पिकसम्म पुग्ने सम्भावना छ।" यस खेलको सामग्री महँगो र विदेशबाट आयात गर्न गाह्रो हुन्छ। सकेसम्म स्थानीयबाट उत्पादन गर्ने सामग्रीहरू प्रयोग गर्ने प्रयास हामीले जारी राखेका छौँ।




युवा पुस्ताका खेलाडीहरूलाई केही सल्लाह सुझाव छ कि भन्ने प्रश्नमा खेलाडी तथा प्रशिक्षक नेपल कोजु भन्छन्, खेल जीवन जिउन गाह्रो छ। पढाइको साथसाथै राम्रो खेल्न सके खेलकुदमा पनि सफल भइन्छ।

*स्रोत: कुराकानी र खेलाडीको प्रमाणपत्रमा आधारित*


**बसिबियाँलो (क) को उत्तर : १५।**

## Gorky in America (VIII)



# The City of the Yellow Devil

Maxim Gorky




Indeed, all the sights in this city have a single aim: to show people how and wherewith they will be punished for their sins after death, to teach them to live on earth meekly and to obey laws....

"Thou shalt not!" is their one commandment.

The overwhelming majority of the visitors are working folk, you see.

...................

But money must be made, and so in the quiet corners of' the glittering city, as everywhere on this earth, lust mocks at hypocrisy and lies. Of course, it is concealed and, naturally, it is dull, for it too is "for the people". It has been organised as a profitable business, an instrument for extracting a man s pay from his pocket and permeated as it is with a passion for gold, it is triply odious and repulsive in this quagmire of scintillating dullness....

The people feed on it....

.. .They flow in a dense stream between two rows of brightly-lit buildings and the buildings swallow them up in their hungry maws. The buildings on the right terrorize with the horrors of eternal torment, proclaiming:

"Do not sin! It is dangerous!"

In a spacious dance hall to the left women circle slowly on the floor and everything about the establishment urges:

"Sin! It is pleasant_"

Blinded by the glitter of lights, tempted by the cheap but dazzling luxury, intoxicated by the din, the people circle in the slow dance of gnawing boredom and readily, blindly, go to the left to sin—and to the right—into the houses that preach piety.

This stupefying toing and froing are equally profitable to the traders in morals and the merchants of vice.

Life is ordered so that people shall work six days and sin on the seventh. They shall pay for their sins, repent and pay for the penance; and that's all.

The arc lights hiss like so many hundreds of thousands of angry snakes, and the dark fly-swarms of people buzz with a dreary impotence as they slowly swirl, caught in the gleaming, fine cobweb of the buildings. Without haste, without a smile on their smooth-shaven faces, they indolently enter every door, linger in front of the animal cages, chew tobacco and spit.

In a huge cage a man chases some Bengal tigers around, firing a revolver and mercilessly lashing them with a fine whip. The handsome beasts, maddened with fear, blinded by the lights, deafened by the music and the shooting, race wildly to and fro among the iron rods, roaring and growling, their green eyes flashing; their lips quiver, exposing angry fangs, and now one, now another paw hits viciously at the air. But the man fires into their eyes and the loud reports

of the blank shells and the searing pain of the lash drives the powerful, sinuous body of the beast into a corner of the cage. Seized by a paroxysm of wrathful indignation, by the bitter resentment of the strong, choking with the anguish of humiliation, the captive beast freezes momentarily in his corner and, the snakelike tail twitching nervously, stares before him with frenzied eyes....

The supple body tenses into a hard bundle of muscle and quivers, ready to pounce and sink its claws into the flesh of the man with the whiplash, to tear him to pieces, to destroy him....

The hind legs twitch like springs, the neck stretches out, and blood-red sparks of joy dance in the green eyes.

The colourless, coldly expectant gaze of the uniformly sallow faces that merge into a dull coppery blotch beyond the bars of the cage pierces the pupils of the beast with hundreds of blunt jabs.

Terrifying in its lifeless immobility, the face of the multitude waits—the crowd too wants to see blood and is waiting for it, waiting not out of a desire for vengeance, but out of curiosity as a wild beast that has long been tamed might wait.

The tiger draws its head into its shoulders, widens its eyes in anguish, and with a soft, rippling movement draws back its body as if its hide, feverish with the thirst for revenge, were doused suddenly with an icy shower.

The man fires, cracks his whip, shouts like a madman—he shouts to hide his deadly terror in the face of the tiger and his slavish anxiety to please the herd that calmly watches his capers, tensely awaiting the fatal leap of the beast He waits, a primitive instinct has awakened in him: he thirsts for battle, longs to experience the orgasm when the two bodies will clinch, blood will spurt, steaming human flesh will fly to the floor of the cage, and a roar and a scream will rend the air....

But the brain of the herd has already been permeated with the poison of diverse interdictions and fears; though it thirsts for blood, the crowd is afraid, it both wants it and does not want it, and in this dark contest with itself it finds keen delight—it lives....

The man has terrorized all the animals, the tigers retreat on padded feet to the back of the cage, and he, perspiring and relieved that today he has survived, smiles with pallid lips whose trembling he endeavours to conceal, and bows to the copper face of the crowd as if paying obeisance to an idol.

The multitude bellows and claps its hands and breaks up into dark clots, to continue crawling over the sticky mire of the boredom around it....

Having relished to the full the spectacle of man's contest with the beasts, the herd goes on in search of some other amusement. Here is the circus. In the centre of the ring a man tosses two children into the air with his long legs. The children flash above him like two white doves with broken wings; every now and then they miss the man's feet, drop on to the ground and, casting a fearful glance at the upturned blood-suffused face of their father or employer, they go spinning in the air again. A crowd has gathered around the ring. They all stare. And when one of the children misses the artist's foot, a tremor of animation flits over all these faces the way a light breeze ripples the somnolent water of a muddy puddle.

**(To be continued)**

# भक्तपुर नगरपालिका
# कार्यपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बैठक भक्तपुर नपा वडा नं. २ ब्यासीस्थित नगरपालिकाको कार्यालय भवनमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

## बैठक सङ्ख्या- ७३

## मिति २०८१ माघ ३ गते, बिहीबार

**उपस्थिति**

| | |
|---|---|
| १. प्रमुख सुनिल प्रजापति | उपस्थित |
| २. उपप्रमुख रजनी जोशी | ऐ |
| ३. वडाध्यक्ष श्यामकृष्ण खत्री | ऐ |
| ४. वडाध्यक्ष हरिप्रसाद बासुकला | ऐ |
| ५. वडाध्यक्ष राजकृष्ण गोरा | ऐ |
| ६. वडाध्यक्ष उपेन्द्र सुवाल | ऐ |
| ७. वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँ | ऐ |
| ८. वडाध्यक्ष हरिराम सुवाल | ऐ |
| ९. वडाध्यक्ष उकेश कवां | ऐ |
| १०. वडाध्यक्ष कृष्णप्रसाद कोजु | ऐ |
| ११. वडाध्यक्ष रविन्द्र ज्याख्व | ऐ |
| १२. वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौंमिखा | ऐ |
| १३. कार्यपालिका सदस्य रोशनमैया सुवाल | ऐ |
| १४. कार्यपालिका सदस्य छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. कार्यपालिका सदस्य सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. कार्यपालिका सदस्य कृष्णप्यारी भुजु | ऐ |
| १७. कार्यपालिका सदस्य रञ्जना त्वाती | ऐ |
| १८. प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराई | ऐ |

## निर्णयहरू

**आदर निकेतन सेवा दोस्रो संशोधन**

भक्तपुर नगरपालिका आदर निकेतन सेवासम्बन्धी ऐन, २०७७ मा निम्नअनुसारको दोस्रो संशोधन प्रस्ताव स्वीकृत गरी निर्णयार्थ नगरसभामा पेस गर्ने निर्णय गरियो–

| क्र. सं. | सम्बन्धित दफा | साविकको व्यवस्था | संशोधनपछिको व्यवस्था | संशोधन हुनुपर्ने कारण |
|---|---|---|---|---|
| १ | बुँदा नं. ४ | सुपरिवेक्षण तथा सहयोग समिति : भक्तपुर नगरपालिकाअन्तर्गत सञ्चालन हुने आदर निकेतन वा आदर निकेतन दिवा सेवा केन्द्र सञ्चालनको लागि सम्बन्धित वडामा सहयोग समिति हुनेछ । यस सहयोग समितिमा देहायका पदाधिकारीहरू हुनेछन् :<br>(१) नगर प्रमुख - संयोजक<br>(२) उपप्रमुख - सदस्य<br>(३) सम्बन्धित वडाको वडाध्यक्ष-सदस्य<br>(४) सम्बन्धित वडाको महिला जनप्रतिनिधि - सदस्य<br>(५) महिला, बालबालिका तथा समाज कल्याण समितिका संयोजक - सदस्य<br>(६) प्रमुखबाट मनोनीत एक जना - सदस्य<br>(७) आदर निकेतन रहेको वडाका वडा सचिव - सदस्य सचिव | सञ्चालक समितिः भक्तपुर नगरपालिका अन्तर्गत आदर निकेतन सेवा केन्द्र सञ्चालनको लागि देहायबमोजिमको सञ्चालक समिति रहने छ :<br>(१) नगर प्रमुख - संयोजक<br>(२) उपप्रमुख- सदस्य<br>(३) सम्बन्धित वडाको वडाध्यक्ष - सदस्य<br>(४) कार्यपालिका सदस्यहरूमध्ये एक जना महिलासहित दुई जना प्रमुखबाट मनोनीत हुने - सदस्य<br>(५) महिला, बालबालिका तथा समाज कल्याण समितिका संयोजक - सदस्य<br>(६) प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव | समितिलाई समसामयिक र प्रभावकारी बनाउनका लागि |

## रकमान्तर स्वीकृत

यस नगरपालिकाको निम्नअनुसारको बजेट संशोधन तथा रकमान्तर स्वीकृत गरी निर्णयार्थ नगर सभामा पेस गर्ने निर्णय गरियो–

**योजनाहरूको लागि बजेट स्रोत सुनिश्चितताका लागि बजेट संशोधन सम्बन्धमा**

चालु आ.व. २०८१/८२ मा देहायका योजनाहरूको लागि विनियोजित रकममा अपुग भएकोले सो योजनाको लागि बजेट स्रोत सुनिश्चित गर्न देहाय बमोजिम रकमान्तरण गर्ने गरी बजेट संशोधन गर्न नगर परिषद्मा सिफारिस गर्ने निर्णय गरियो ।

| क.सं. | विनियोजित बजेट शीर्षकको नाम | साविक बजेट | घटाइएको बजेट | संशोधित बजेट | क.सं. | बजेट नपुग योजनाको नाम | वडा नं. | साविका बजेट | थप बजेट | संशोधित बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | निजि सांस्कृतिक घर न.पा.ले आफैले जिर्णोद्धार तथा पुनः निर्माण | १०,०००,०००।०० | ४,२००,०००।०० | ५,८००,०००।०० | १. | लक्ष्मीनरसिंह मन्दिर पुनःनिर्माण (अन्तिम चरण) | १, ३, र ४ | | ५,०००,०००।०० | ५,०००,०००।०० |
| २ | छुमा गणेश च:छेँ पुनः निर्माण ( तेस्रो चरण) | ५,०००,०००।०० | ८००,०००।०० | ४,२००,०००।०० | | | | | | |
| ३ | अन्य योजनाहरूको बाँकी भुक्तानी | १७,५००,०००।०० | १,३५०,०००।०० | १६,१५०,०००।०० | २ | शित भण्डारण गृह भवन निर्माण कार्य (दोश्रो चरण) | ८ | ३१,०००,०००।०० | १,३५०,०००।०० | ३२,३५०,०००।०० |
| ४ | खानेपानी पूर्वाधार विकास योजना | १०,०००,०००।०० | ४,०००,०००।०० | ६,०००,०००।०० | ३ | तुमचो चोखा दुगुरे आवास क्षेत्रमा ओभरहेड टयाकी निर्माण कार्य | ९ | ४,०००,०००।०० | ४,०००,०००।०० | ८,०००,०००।०० |
| ५ | विपद व्यवस्थापन कार्य | ५,०००,०००।०० | ३,५००,०००।०० | १,५००,०००।०० | ४ | खोला सुधार कार्य | नपा | ५,०००,०००।०० | ३,५००,०००।०० | ८,५००,०००।०० |
| ६ | तापालाछि फल्चा मर्मत कार्य | १,५००,०००।०० | ११००००० | ४००,०००।०० | ५ | ईतापाके पाटी पुनः निर्माण | २ | ५००,०००।०० | १,१००,०००।०० | १,६००,०००।०० |
| ७ | ख्वप टेलिभिजन स्टुडियो निर्माण तथा संचालन | १०,०००,०००।०० | २,५००,०००।०० | ७,५००,०००।०० | ६ | मर्मत कार्य | नपा | ७,५००,०००।०० | ५,०००,०००।०० | १२,५००,०००।०० |
| ८ | एफ एम संचालन | १,०००,०००।०० | ५००,०००।०० | ५००,०००।०० | | | | | | |
| ९ | कृषि तथा खाद्य अनुसन्धान केन्द्र | ३,०००,०००।०० | १,०००,०००।०० | २,०००,०००।०० | | | | | | |
| १० | सि सि क्यामेरा जडान तथा मर्मत | ३,०००,०००।०० | १,०००,०००।०० | २,०००,०००।०० | | | | | | |
| | | | | | ७ | टेलिकमदेखि ईटाछेसम्म पीच सडकको दाया बाया ढुंगा छपाइ मर्मत कार्य | १ | १,२८०,०००।०० | २२०,०००।०० | १,५००,०००।०० |
| ११ | सडक स्तरोन्नती योजना | २०,०००,०००।०० | २२०००००।०० | १७,८००,०००।०० | ८ | इताछे सडक मर्मत कार्य | २ | १,२८०,०००।०० | २२०,०००।०० | १,५००,०००।०० |
| | | | | | ९ | वासिक टोल बाटोमा ढुंगा छपाइ मर्मत कार्य | ३ | १,२८०,०००।०० | २२०,०००।०० | १,५००,०००।०० |
| | | | | | १० | तारा मा.वि.को उतरतर्फको बाटोमा ढुंगा छपाइ मर्मत | ४ | १,२८०,०००।०० | २२०,०००।०० | १,५००,०००।०० |
| | | | | | ११ | बालाखुदेखि त्रिपुरासुन्दरीको बाटो ढुंगा छपाइ मर्मत कार्य | ५ | १,२८०,०००।०० | २२०,०००।०० | १,५००,०००।०० |
| | | | | | १२ | बालबोध शान्ति स्कूलबाट यालाछेसम्म ढुंगा छपाइ मर्मत कार्य | ६ | १,२८०,०००।०० | २२०,०००।०० | १,५००,०००।०० |
| | | | | | १३ | सिथामला बाटो ढुंगा छपाइ मर्मत कार्य | ७ | १,२८०,०००।०० | २२०,०००।०० | १,५००,०००।०० |
| | | | | | १४ | लिवाली कभर्ड हल अगाडिको ३ वटा बाटोमा ग्राभेलिंग गर्ने | ८ | १,२८०,०००।०० | २२०,०००।०० | १,५००,०००।०० |
| | | | | | १५ | नवदुर्गा चछेदेखि गछें हुदै सकोलानसम्मको सडक मर्मत | ९ | १,२८०,०००।०० | २२०,०००।०० | १,५००,०००।०० |
| | | | | | १६ | महालक्ष्मी मन्दिरदेखि नागपोखरीसम्मको बाटोमा ढुंगा छपाइ मर्मत कार्य | १० | १,२८०,०००।०० | २२०,०००।०० | १,५००,०००।०० |

यस न.पा.को १६ औ नागर सभावाट पारिट आ.व. २०८१।८२ को वजेटमा चालु तर्फको रकमान्तर निम्न वमोजिम गर्ने प्रस्ताव

| सि.नं. | शिर्षक | विननियोजन | खर्च | वाकी | नपुग | झिक्ने शिर्षक | अव हुने रकम | थप्ने क.सं. |
|---|---|---|---|---|---|---|---|---|
| १ | पदाधिकारी अन्य सुविधा | ९,०००,०००।०० | ५,४७८,०००।०० | ३,५२२,०००।०० | २,१००,०००।०० | | ११,१००,०००।०० | |
| २ | युवा तथा खेलकूद समिति | ७,५००,०००।०० | ५,३७४,१७४।०० | २,१२५,८२६।०० | १,८७५,०००।०० | | ९,३७५,०००।०० | |
| ३ | सफाइ इन्धन खर्च | २०,०००,०००।०० | ९,८७४,४७२।०० | १०,१२५,५२८।०० | १,५००,०००।०० | | २१,५००,०००।०० | |
| ४ | कर्मचारी प्रोत्साहन | ९,०००,०००।०० | ५,३३५,८३८।०० | ३,६६४,१६२।०० | | ३,०००,०००।०० | ६,०००,०००।०० | क्रस १ मा २१०००००। र क्रस ३ मा ९०००००। |
| ५ | सार्वजनिक उपयिगताको | ३,०००,०००।०० | ( | ३,०००,०००।०० | | १,८००,०००।०० | १,२००,०००।०० | क्रस २ मा १८०००००। |
| ६ | नगर प्रहरी | १२,०००,०००।०० | ४,८९१,६४०।०० | ७,१०८,३६०।०० | | ६७५,०००।०० | ११,३२५,०००।०० | क्रस २ मा ७५०००। र क्स ३ मा ६०००००। |
| | | | | | | | | |
| | जम्मा | ६०,५००,०००।०० | | | ५,४७५,०००।०० | ५,४७५,०००।०० | ६०,५००,०००।०० | |

यस न.पा.को १६ औ नागर सभावाट पारिट आ.व. २०८१।८२ को वजेटमा वितिय तर्फको रकमान्तर निम्न वमोजिम गर्ने प्रस्ताव

| सि.नं. | शिर्षक | विननियोजन | खर्च | वाकी | नपुग | झिक्ने शिर्षक | अव हुने रकम | थप्ने क.सं. |
|---|---|---|---|---|---|---|---|---|
| ३ | युवा उमिशलता ऋण | ३००००००००।०० | ०।०० | ३००००००००।०० | | २००००००००।०० | १०००००००० | |
| ४ | सावा भुक्तानी | ५००००००००।०० | १४३५४१९०।६३ | ३५६४५८०९।३७ | २००००००००।०० | | ७०००००००० | |

## ख्वप कलेजको विधान २०८१ स्वीकृत

यस नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज विधान, २०८१ स्वीकृत गरी निर्णयार्थ नगर सभामा पेस गर्ने निर्णय गरियो ।

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

क. भक्तपुर नगरपालिका र नेपालस्थित चिनियाँ राजदूतावासको संयुक्त आयोजनामा 'नेपाल भ्रमण वर्ष २०२५' को शुभारम्भको औपचारिक घोषणा तथा 'चिनियाँ नयाँ वर्ष २०२५' को अवसरमा सांस्कृतिक कार्यक्रम तथा ज्याली २०८१ माघ ५ गते, शनिबार लायकु, भक्तपुरमा गर्ने निर्णय गरियो ।

ख. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को प्रारम्भिक नतिजामाथि जिल्ला समन्वय समितिबाट प्राप्त पृष्ठपोषण सम्बन्धमा छलफल गरी आवश्यक संशोधनसमेत गरी सकिएको र औसतमा प्राप्त ८९ प्रतिशत नतिजालाई स्वीकृत गरी सार्वजनिक गर्ने निर्णय गरियो ।

ग. यस नगरपालिकाको बा १ क ३५५८ नं. को गाडी मर्मत गरेबापत रु. ३५,४८२।– र FAA 0287 नं. को गाडी मर्मत गरेबापत रु. १७,५७१।–गरी कुल जम्मा रु. ५३,०५३–। सिद्धि गणेश मोटर पार्टस्‌लाई भुक्तानी दिने निर्णय गरियो ।

घ. यस न.पा.को बा ३४ प ८६३० नं मोटरसाइकल सर्भिसिङ्ग गरेबापत रु. ६,३२५।–लक्ष्मी अटो वर्कशपलाई भुक्तानी दिने निर्णय गरियो ।

ङ. यस न.पा.को बा १ क ८१५६ नं. स्काइभेटर चेन डोजर मर्मत गरेबापत रु. ९७,२१४।–हाम्रो हेभीइक्युप्मेन्ट वर्कशप प्रा.लि. लाई भुक्तानी दिने निर्णय गरियो ।

च. यस न.पा.को BAC 9071 नं. गाडी मर्मत गरेबापत रु. ३७,९६८।–इभर्त न्यु इनर्जी प्रा.लि.लाई भुक्तानी दिने निर्णय गरियो ।

छ. यस न.पा.को BAC 9071 नं. गाडी मर्मत गरेबापतको रु.४३,५९५।–, BAC 5822 नं. को गाडी मर्मत गरेबापत रु. ३४,२८४।–, BAC 4960 नं. गाडी मर्मत गरेबापत रु.९,७७५।– र BAC 4953 नं. को गाडी मर्मत गरेबापत रु.२७,४१३।– गरी कुल जम्मा रु. १,१५,०६७।–एन. बी. ट्रेडिङ प्रा. लि. लाई भुक्तानी दिने निर्णय गरियो ।

ज. यस न.पा मा विभिन्न मितिमा आवश्यक खाजा उपलब्ध गराएबापत जम्मा रु.१,६९,०००।–दिव्य स्विट्सलाई भुक्तानी दिने निर्णय गरियो ।

झ. यस न.पा. मा विभिन्न मितिमा आवश्यक खाजा उपलब्ध गराएबापत रु.२६,२७०।– ब्रदर्श क्याफे एन्ड भोजनालयलाई भुक्तानी दिने निर्णय गरियो ।

ञ) आ.व.२०८२।०८३ को अनुमानित आयव्यय सम्बन्धमा :

आ.व.२०८१।०८२ मङ्सिर मसान्तसम्मको यथार्थ आम्दानीको जानकारीका साथै स्थानीय राजस्व परामर्श समितिको प्रतिवेदनलाई आधार मानी आगामी आ.व.२०८२।०८३ का लागि अनुमान गरी नियमानुसार २०८१ पुस मसान्तभित्र नेपाल सरकार अर्थ मन्त्रालयमा पेस गरिएको कुल अनुमानित आयव्यय रु. २ अर्ब ६८ करोड ६१ लाख ५ सय रहेको व्यहोरा बैठकबाट अनुमोदन गरियो ।

# बैठक सङ्ख्या- ७४

## मिति २०८१ माघ १० गते, बिहीबार

## निर्णयहरू

### जिम्नास्टिक प्रतियोगिता सञ्चालन गर्नेबारे

यस नगरपालिकाको आयोजनामा २०८१ चैत २३ गतेदेखि २०८१ चैत २६ गतेसम्म यस वर्षको अन्तर-नगर खेलकुद प्रतियोगिताअन्तर्गत अन्तर-नगर जिम्नास्टिक प्रतियोगिता सञ्चालन गर्ने निर्णय गरियो ।

### लेखा परीक्षण गर्न चार्टड एकाउन्टेन्ट नियुक्ति

यस नगरपालिकाद्वारा सञ्चालित निकायहरू क्रमशः ख्वप कलेज, ख्वप माध्यमिक विद्यालय, ख्वप कलेज अफ ल, शारदा क्याम्पस, शारदा क्याम्पस मा.वि., विनायक विद्याश्रम, भक्तपुर क्राफ्ट पेपर लिमिटेड, ख्वप बहुप्राविधिक अध्ययन संस्थान, ख्वप अस्पताल, ख्वप अस्पताल भवन निर्माण आयोजना, ख्वप इन्जिनियरिङ कलेज, ख्वप कलेज अफ इन्जिनियरिङ, देको, मिवा, इतापाके जग्गा एकीकरण आयोजना, ख्वप टेलिभिजन र थन्थु दरबार पुनःनिर्माण आयोजनासमेतको आर्थिक वर्ष २०८०।०८१ को लेखा परीक्षण गर्न चार्टड एकाउन्टेन्टलाई नियुक्ति गरी पठाइदिनु हुन महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

### समितिको निर्णय अनुमोदन

समिति निर्णय अनुमोदन सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो-

**कृषि समिति**

मिति २०८१।०९।०४ गते

वाग्मती प्रदेश सरकारको सःशर्त अनुदानतर्फको कौसी खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्माण समिति**

मिति २०८१।१०।१०गते

| क.सं. | योजनाका विवरण | वडा नं. | बजेट शीर्षक | ल.ई.रकम | रि ल.ई./ कबोल रकम | पेस्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क) ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | लर्के पुलको पूर्वतर्फ रिटेनिङ वाल लगाउने कार्य | ८ | खोला नियन्त्रणका लागि रिटेनिङ वाल निर्माण कार्य | ४,७६६,४२०।६४ | | | | | | | | |
| २ | इलेक्ट्रिकल, स्यानिटरी र सीसी क्यामेरा मर्मत सम्भार कार्य, नपाभवन | २ | मर्मत | ९४,७६४।३० | | | | | | | | |
| ख) उपभोक्ता समिति स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | लक्ष्मीनरसिंह मन्दिर पुनःनिर्माण कार्य अन्तिम चरण | ४ | नपा | ३,४४४,२८६।४० | | | उ.स.अ. : श्री न्हुछें भेले<br>अ.स.स. : श्री उपेन्द्र सुवाल | | | | | |
| ग) ल.ई. स्वीकृति, पेस्की फछ्र्यौट तथा भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | हाडा छैं पुनःनिर्माण कार्य (दोस्रो चरण) | ४ | नपा | ८,७९५,९३१।२९ | पहिलो पेस्की | २,३००,०००।०० | ४,३२४,४०१।०० | २,०२४,४०१।०० | ७,०५५,६९६।९४ | सम्पन्न | कृष्ण गोविन्द दुवाल | |
| | | | | | | | | | | | | |
| | | | | | दोस्रो पेस्की | ९५०,०००।०० | १,२१२,३२९।२७ | २६२,३२९।२७ | १,४३०,५७३।८२ | | | |
| | | | | | जम्मा | ३,२५०,०००।०० | ५,५३६,७३०।२७ | २,२८६,७३०।२७ | ८,४८६,२७०।७६ | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | खँचापुखु स्वास्थ्यचौकी निर्माण कार्य (तेस्रो चरण) | ७ | वाग्मती प्रदेश विशेष बजेट + नपा | १४,२४६,१६१।८७ | कबोल अङ्क ९१,३१,२६२।६३ | | २,१८२,७०८।८३ | २,१८२,७०८।८३ | २,१८२,७०८।८३ | सम्पन्न | Newa Construction, मध्यपुर थिमि ५, भक्तपुर | |
| ३ | सृजनानगरस्थित खानेपानी ट्याङ्की निर्माण कार्यको लागि माटो परीक्षण कार्य | २ | परामर्श सेवा | १८४,५२८।८८ | कबोल अङ्क १,३५,६००।०० | | १३५,६००।०० | १३५,६००।०० | १३५,६००।०० | सम्पन्न | Planet Test Pvt. Ltd., Shantinagar, Kathmandu | |
| ४ | तध्याध्व क्षेत्रमा राजकुलोले गरेको कटान नियन्त्रण गर्न तटबन्ध निर्माण कार्य | १० | मर्मत | ९०,५३४।१८ | | २९,०००।०० | ८८,६००।०० | ५९,६००।०० | ९८,५८८।८६ | सम्पन्न | राजनप्रजापति (अमानत) | |
| ५ | ५५ झ्याले दरबार, थन्थु दरबार निर्माण अफिसमा विद्युतीकरण कार्य | ३ | मर्मत | ९१,५७५।०० | | | ७३,१४०।३४ | ७३,१४०।३४ | ८९,४००।५४ | सम्पन्न | जयराम प्रजापति (अमानत) | |
| ६ | ६ वडास्थित शिशु स्याहार तथा बालविकास केन्द्रमा छाना मर्मत कार्य | ६ | मर्मत | ५७८,९०४।६३ | | १९०,०००।०० | ३४२,२३७।७५ | १५२,२३७।७५ | ३९२,३१७।२९ | सम्पन्न | कुमार कुम्पाख | |
| ७ | सीएनबीएम कम्पोस्ट प्रविधिको पूर्वाधार विकास कार्य | १० | नपा | ९,१०१,०६०।२३ | पहिलो पेस्की | २,९००,०००।०० | ३,९०६,०६५।०३ | १,००६,०६५।०३ | ४,१३४,४८०।७६ | आंशिक सम्पन्न | विकुराम तजले | |
| | | | | | दोस्रो पेस्की | २,९००,०००।०० | ४,९१३,०३५।२२ | २,०१३,०३५।२२ | ४,९२२,३९५।६६ | | | |
| | | | | | जम्मा | ५,८००,०००।०० | ८,८१९,१००।२५ | ३,०१९,१००।२५ | ९,०५६,८७६।४२ | | | |

## ख्वप टेलिभिजन सञ्चालन तथा व्यवस्थापन समिति

मिति २०८१।१०।१० गते

१. ख्वप टेलिभिजनमा दैनिक ज्यालादारीमा कार्य गर्दै आएका कर्मचारीहरू सार्वजनिक बिदा र अन्य बिदामा हाजिर भएमा दैनिक ज्यालाअनुसार पारिश्रमिक भुक्तानी गर्ने निर्णय गरियो ।

२. विभिन्न कार्यक्रमहरूको भिडियो समाचार तयार गर्ने समाचार प्रस्तोता रवीन्द्र कुसीलाई एउटा कार्यक्रम तयार गरे बापत रु.५००।- र समाचार रिकर्डिङ गर्ने स्टुडियो प्राविधिक राजेश हाडालाई प्रतिमिनेट रु. १२०।- पारिश्रमिक दिने निर्णय गरियो ।

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

क. भ.न.पा. वडा नं. ७ को आर्थिक वर्ष २०८१/०८२ को लागि नगरपालिकाबाट सञ्चालन गरिने पर्ती जग्गा संरक्षण गर्ने योजनाअन्तर्गत निम्न योजनाहरू सञ्चालन गर्ने निर्णय गरियो :

| क्र.सं. | योजनाको नाम | शीर्षक |
|---|---|---|
| १ | झर्तिला बाटो सीमाङ्कन | पर्ती जग्गा संरक्षण |
| २ | बनकिवाको पोखरी तथा पर्ती जग्गा सीमाङ्कन एवम् संरक्षण | पर्ती जग्गा संरक्षण |

# बैठक सङ्ख्या- ७५

## मिति २०८१ फागुन १ गते, बिहीबार

## निर्णयहरू

### राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता

यस नगरपालिकाको आयोजनामा २०८१ फागुन ६, ७ र ८ गते राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता सञ्चालन गर्ने निर्णय गरियो।

### समितिको निर्णय अनुमोदन

समिति निर्णय अनुमोदन सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो-

**युवा तथा खेलकुद समिति**

मिति २०८१।११।११ गते

१. प्रदेश खेलकुद विकास परिषद्, वाग्मती प्रदेश, हेटौँडाको पत्रानुसार भक्तपुर नगरपालिबाट २०८१ फागुन ६, ७ र ८ गते राष्ट्रपति रनिङ शिल्ड खेलकुद (भलिबल, कबड्डी, एथ्लेटिक्स, उसु, तेक्वान्डो र कराँते) प्रतियोगिता आयोजना गर्न रु.३,५०,०००।- (अक्षरेपि रु.तीन लाख पचास हजार रूपैयाँ) अनुमानित खर्च विवरण पेस गर्ने निर्णय गरियो।

२. भक्तपुर नगरपालिकाको आयोजनामा २०८१ फागुन ६, ७ र ८ गते राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिताको लागि आवश्यक खर्च व्यवस्था गर्न यस समितिका सदस्य ज्ञानबहादुर मानन्धरलाई रु.३,५०,०००।- (अक्षरेपि रु.तीन लाख पचास हजार रूपैयाँ) पेस्की लिन लगाउने निर्णय गरियो।

**शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति**

मिति २०८१।१०।२८ गते

१. भक्तपुर नगरपालिकाद्वारा चिनियाँ भाषा तथा जापानी भाषासम्बन्धी तालिम सञ्चालन देहायबमोजिमको Level समयावधि तथा प्रशिक्षकको पारिश्रमिक निर्धारण गरी सञ्चालन गर्ने निर्णय गरियो-

**तपसिल**

| क्र.सं. | तालिम | Level | समयावधि | पारिश्रमिक प्रशिक्षकको (१.५hr/day) |
|---|---|---|---|---|
| १ | जापानी भाषा | $i_{st}$& $2^{nd}$ | चार/चार महिना | ७५० प्रतिदिन($N_3$) |
| २ | चिनियाँ भाषा | $i_{st}$&$4^{th}$ | चार/चार महिना | ८५० प्रतिदिन($N_2$) |

चिनियाँ भाषा प्रशिक्षक पारिश्रमिक (१.५ hr/प्रतिदिन)
Hsk 6 - ९५०।- Hsk 5 - ८५०।- आधारभूत - ७५०।-

२. उपरोक्तबमोजिम तालिम सञ्चालनका लागि देहायबमोजिम प्रशिक्षक नियुक्त गर्ने निर्णय गरियो-

**चिनियाँ भाषा**

हरिलक्ष्मी दनेखु, विनय हाडा, राजेन्द्र चवाल

**जापानी भाषा**

ज्ञानकुमार सुवाल, सीताराम सिबंजार, अमिर लिवी

३. यस नगरपालिकाबाट हरेक महिना प्रकाशन हुने 'भक्तपुर मासिक' पत्रिकाको Proof Reading का लागि विष्णुगोपाल कुसीलाई काममा लगाउने तथा निजलाई प्रतिअङ्क बापत रु.१०,०००।- पारिश्रमिक प्रदान गर्ने निर्णय गरियो।

४. नेपाल कर्मचारी समाजद्वारा प्रकाशन हुने 'सन्देश' बुलेटिन अन्तिम गाताको भित्री पृष्ठमा सन्देशमूलक सूचना प्रकाशन गरी सो बापतको रकम १५,०००।- भुक्तानी दिने निर्णय गरियो।

५. यस नगरपालिकाद्वारा विगतमा प्रदान गरिएको शैक्षिक ऋणको अभिलेख सफ्टवेयरमा प्रविष्ट गर्नका लागि दैनिक १०००।- पारिश्रमिक प्रदान गर्ने गरी २ जना जनशक्ति (मोहनप्रसाद अधिकारी र महेश पोखरेल) लाई २० दिन काममा लगाउने निर्णय गरियो।

६. भक्तपुर नगरपालिकाद्वारा सञ्चालन गरिएको जग्गा नाप जाँचसम्बन्धी २०८१।७।४ देखि सुरु भएको तालिमको अनुमोदन गरी ख्वप बहु प्राविधिक अध्ययन संस्थानबाट तालिम सञ्चालनका लागि प्रस्ताव गरिएको रकम भुक्तानी दिने निर्णय गरियो।

७. ख्वप कलेजको च.नं. ४२०।०८१/०८२ को पत्रानुसार उक्त कलेजमा राजनीतिशास्त्र विषय लिई अध्ययन गर्ने बी.ए. चौथो वर्षका लागि ११ जना र बी.ए. दोस्रो वर्षका लागि ११ जना गरी २२ जना विद्यार्थीलाई प्रदान गर्ने छात्रवृत्ति रकम रु.१,८६,४५०।- रकम निकासा प्रदान गर्ने निर्णय गरियो।

**महिला बालबालिका तथा समाज कल्याण समिति**

मिति २०८१।१०।२४गते

१. महिला बालबालिका तथा समाज कल्याण समितिबाट सञ्चालित ४ महिने युवा लक्षित सीपमूलक तालिमअन्तर्गत आधारभूत पाक शिक्षा तालिम प्राप्त प्रशिक्षार्थीहरूलाई थप २ महिने एड्भान्स पाक शिक्षा तालिम दिन आवेदन प्रशिक्षार्थीहरूको निम्ति १५ दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो।

मिति २०८१।१०।३० गते

१. भक्तपुर नगरपालिका क्षेत्रभित्रका युवा लक्षित पाक शिक्षा तालिमका प्रशिक्षार्थीहरूलाई पाठ्यक्रमअनुसार होटल भिजिट तथा प्राक्टिकलका लागि होटल चौतारी, नगरकोटमा मिति २०८१।११।२ गते बिहान ७:०० बजे लैजाने निर्णय गरियो। सोको लागि लाग्ने रकममा प्रति प्रशिक्षार्थी रु.५००।- (पाँच सय) का दरले शुल्क उठाउने र नपुग खर्च भ.न.पा. ले व्यहोर्ने निर्णय गरियो। अवलोकन तथा निरीक्षणका निम्ति भक्तपुर नगरपालिकाका प्रमुखज्यूलाई अनुरोध गर्ने निर्णय गरियो।

## निर्माण समिति

मिति २०८१/१०/३० गते

| क्र. सं. | योजनाका विवरण | वडा नं. | बजेट शीर्षक | ल.ई. रकम | रिल.ई./ कबोल रकम | पेस्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क) ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | नगरका विभिन्न सडकहरूको स्तरोन्नती कार्य | ४, ६, ८ र १० | सडक स्तरोन्नी | १८,४९८,५३२।८९ | | | | | | | | बोलपत्र आह्वानको सूचना प्रकाशन गर्ने |
| २ | हाडा छें पुन:निर्माण कार्य अन्तिम चरण | ४ | नपा | ५,९७०,३९९।४२ | | | | | | | | |
| ३ | न्याकीदह नारायण मन्दिर पुन:निर्माण कार्य | ८ | नपा | ५,०१९,७९१।४३ | | | | | | | | विनियोजित बजेटअनुसार खर्च गर्ने |
| ४ | भनपा भवनको सभाहल र बैठक कक्षमा रङ्गरोगन कार्य | २ | मर्मत | ४८,४४४।३३ | | | | | | | | |
| ५ | बाराही पुलको एप्रोच रोडमा क्याचड्रेन कभर निर्माण कार्य | ३ | मर्मत | ८०,३७२।९७ | | | | | | | | |
| ६ | सल्लाघारी १०८ रोपनी जग्गाको उत्तर-पश्चिमतर्फ पीचबाटो मर्मत कार्य | १ | सडक स्तरोन्नति | ८५२,२३९।०८ | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ख) उपभोक्ता समिति स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | इखालाछी मठ पुन:निर्माण कार्य ( पाँचौ चरण) | ४ | नपा | ८,७९५,८४७।०९ | | | उ.स.अ. : श्री पशुपति प्रजापति<br>अ.स.स. : श्री उपेन्द्र सुवाल | | | | | |
| २ | वन्ती पाटीको छाना मर्मत कार्य | ६ | मर्मत | १९७,५८७।८२ | | | उ.स.अ. : श्री शर्मिला मानन्धर<br>अ.स.स. : श्री हरिराम सुवाल | | | | | |
| ३ | वासिक टोल बाटोमा ढुङ्गा छपाइ मर्मत कार्य | ३ | सडक बोर्ड नेपाल नपा | १,२८३,५९४।४७ | | | उ.स.अ.: श्री राजाराम स्वानेपा<br>अ.स.स.: श्री कृष्णगोपाल चौगुठी | | | | | |
| ४ | सडक बत्ती जडान कार्य ( लिबाली आवास क्षेत्रको पूर्वतर्फको दुई वटा बाटोमा) | ८ | सडक बत्ती जडान कार्य | ५८८,२६४।९० | | | उ.स.अ. : श्री विश्वराम सैंजु<br>अ.स.स. : श्री रामसुन्दर बासी | | | | | |
| ५ | सल्लाघारी १०८ रोपनी जग्गाको उत्तर-पश्चिमतर्फ पीच बाटो मर्मत कार्य | १ | सडक स्तरोन्नति | ८५२,२३९।०८ | | | उ.स.अ. : श्री ढकराज थापा<br>अ.स.स. : श्री श्यामकृष्ण खत्री | | | | | |
| ग) ल.ई. स्वीकृति, पेस्की फछ्र्यौट तथाभुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | न:पुखु पर्खाल पुन:निर्माण कार्य ( दक्षिण पश्चिम) | १ | नपा | २,८४५,०१०।८५ | पहिलो पेस्की | ४६०,०००।०० | १,३९३,९८८।०० | ९३३,९८८।०० | १,७८२,३७०।८९ | सम्पन्न | नरेश गोठे | |
| | | | | | दोस्रो पेस्की | ६००,०००।०० | ६००,०००।०० | | ८८१,४५५।१७ | | | |
| | | | | | जम्मा | १,०६०,०००।०० | १,९९३,९८८।०० | ९३३,९८८।०० | २,६६३,८२६।०६ | | | |
| २ | खँचापुखु स्वास्थ्य चौकी निर्माण कार्य (तेस्रो चरण) | ७ | बाग्मती प्रदेश विशेष बजेट नपा | १४,२४६,१६१।८७ | कबोल अङ्क ९१,३१,२६२।६३ | प्रथम रनिङ्ग बिल | २,१८२,७०८।८३ | २,१८२,७०८।८३ | २,१८२,७०८।८३ | आंशिक सम्पन्न | Newa Construction,मध्यपुर थिमि ५, भक्तपुर | |
| | | | | | | दोस्रो रनिङ्ग बिल | २,१२२,४१९।२९ | २,१२२,४१९।२९ | २,१२२,४१९।२९ | | | |
| | | | | | | जम्मा | ४,३०५,१२८।१२ | ४,३०५,१२८।१२ | ४,३०५,१२८।१२ | | | |
| | | | | | | रनिङ्गी बल | ४१९।२९ | १९।२९ | २९ | | | |
| | | | | | | जम्मा | ४,३०५,१२८।१२ | ४,३०५,१२८।१२ | ४,३०५,१२८।१२ | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | राममन्दिर सँगको पाटी मर्मत कार्य | ४ | मर्मत | ३३४,८३१।८१ | | १९०,०००।०० | ३४२,२३७।७५ | १५२,२३७।७५ | ३९२,३१७।२९ | सम्पन्न | समिर प्रजापति | |
| ४ | इलेक्ट्रिकल, स्यानिटरी र सीसी क्यामेरा मर्मत सम्भार कार्य, नपाभवन | २ | मर्मत | ९४,७६४।३० | | | ७९,०३५।२५ | ७९,०३५।२५ | ९३,२०९।३३ | सम्पन्न | जयरामप्रजापति | |

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

क. नेपालभाषा साहित्य तःमुज्याको स्मारिकामा भित्री कभर पूरा पृष्ठमा सन्देशमूलक सूचना प्रकाशन गरी सो बापतको रकम रु.४०,०००।– भुक्तानी दिने निर्णय गरियो।

ख. भ.न.पा. को BAB 8655 नं. को गाडीमा आवश्यक सामान मर्मत गरेबापत रु. ५,४२५।– र बा ३ च ८७९ नं को गाडीमा आवश्यक सामान मर्मत गरेबापत रु.४,२००।– गरी कुल जम्मा रु.९,६२५।– पूर्ण अटो वर्कशपलाई भुक्तानी दिने निर्णय गरियो।

ग. भ.न.पा.को बा१क ३५५८ नं. गाडीमा हाइड्रोलिक पम्प मर्मत गरेबापत रु. ३७,००७।– र बा १ क ८१५६ नं को गाडी मर्मत गरेबापत रु ९८,२४२।– गरी जम्मा १,३५,२४९।– हाम्रो हेभी इक्युप्मेन्ट वर्कशप प्रा.लि.लाई भुक्तानी दिने निर्णय गरियो ।

घ. यस नपाको BAC 5822 नं. को गाडी मर्मत गरेबापत रु.३५,९९१।–एन. बी. ट्रेडिङ कन्सर्न प्रा लि.लाई भुक्तानी दिने निर्णय गरियो।

ङ. यस नपाको बा १ ग ३२३९ नं. को गाडी मर्मत गरेबापत रु.१,१५०।–आशराम नागाजुलाई भुक्तानी दिने निर्णय गरियो ।

च. यस न.पा.मा विभिन्न मितिमा आवश्यक खाजा उपलब्ध गराए बापत रु.२२,०००।–बाल कृष्ण खाजा घरलाई भुक्तानी दिने निर्णय गरियो।

छ. यस न.पामा विभिन्न मितिमा आवश्यक खाना उपलब्ध गराए बापत जम्मा रु. १६,७८०–। भ्क छँ नेवारी खाजा घरलाई भुक्तानी दिने निर्णय गरियो।

ज. भ.न.पा वडा नं. ६ स्थित अरनिको सभाभवन निर्माण कार्यमा विभिन्न मितिमा बसेको प्राविधिक बैठकमा आवश्यक खाजाको व्यवस्था र विविध खर्च गरेबापत जम्मा रु. ११,३१५।– मयाश्वरी सुवाललाई भुक्तानी दिने निर्णय गरियो ।

झ. कराँते सङ्घद्वारा आयोजित भक्तपुर जिल्ला व्यापी कराँते प्रतियोगितामा भक्तपुर नगरपालिकाका खेलाडीहरूलाई आवश्यक खाजा नास्ताको व्यवस्था गरेबापत जम्मा रु १२,४८०।– प्रशिक्षक रविना सुवाललाई भुक्तानी दिने निर्णय गरियो ।

ञ. यस नपाको बा १ क ९१३४ नं. को गाडी मर्मत गरेबापत रु.४,२००।– ड्राइभर दिनेश बासीलाई भुक्तानी दिने निर्णय गरियो ।

ट. भक्तपुर महोत्सव २०८१ मा नौका विहार र दीपावली व्यवस्थापन गर्न श्री सूर्यप्रसाद श्रेष्ठलाई रु २,५०,०००।– पेस्की दिएकोमा जम्मा खर्च रु ७३,१६७।– समर्थनका साथै बाँकी रकम दाखिला गराई निजको नाममा रहेको पेश्की फछ्र्यौट गर्ने निर्णय गरियो।

ठ. भ.न.पाद्वारा आयोजित चिनियाँ नयाँ वर्षको कार्यक्रममा पाल्नुभएका विशिष्ट महानुभावहरूलाई चिया र खानाको व्यवस्था गरेबापत जम्मा रु ५०,०००।– न्यु वत्सला गार्डेन रेस्टुरेन्टलाई भुक्तानी गर्ने निर्णय गरियो।

**यता-उताबाट**

**Same Words but different meaning**



# बैठक सङ्ख्या– ७६

## मिति २०८१ फागुन १३ गते, मङ्गलबार

## निर्णयहरू

### योजना छनौट

आ.व. २०८२/०८३ को लागि निम्नअनुसारको सङ्घीय समपुरक तथा विशेष अनुदानको लागि योजना छनौट गरी प्रस्ताव पठाउने निर्णय गरियो–

### आ. व. २०८२/८३ लागि सङ्घीय समपूरक तथा विशेष अनुदानको लागि योजना प्रस्ताव

आ. व. २०८२/८३ का लागि राष्ट्रिय योजना आयोगबाट प्राप्त हुने सङ्घीय अनुदानअन्तर्गत देहायका योजनाहरूका लागि समपूरक तथा विशेष अनुदान माग गर्ने निर्णय गरियो। साथै समपूरक अनुदानका योजनाको लागि आवश्यक लागत सहभागिताको रकम नगरपालिकाबाट व्यहोर्ने गरी आगामी आ.व. मा आवश्यक बजेटको व्यवस्था गर्ने निर्णयसमेत गरियो–

| क्र.सं. | विवरण | वडा नं. | ल. ई. | राष्ट्रिय योजना आयोगले व्यहोर्ने | भक्तपुर न.पा.ले व्यहोर्ने | मूलभूत क्षेत्र | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|
| क | समपूरक अनुदान | | | | | | |
| क१ | नयाँ | | | | | | |
| i | अरनिको सभागृह भवन निर्माण कार्य | ६ | ६९,४९९,००५।१४ | १३,८९९,८०१।०३ | ५५,५९९,२०४।११ | अन्य पूर्वाधार | १ |
| ii | ब्रह्मयणीदेखि थुसाचासम्म खोलामा रिटेनिंगवाल निर्माण कार्य | ८ | ६९,८९०,९३८।०२ | १३,९७८,१८७।६० | ५५,९१२,७५०।४२ | सिँचाइ तथा नदी नियन्त्रण | २ |
| iii | थँथु दरबार पुनःनिर्माण कार्य | ३ | ६९,७२२,३९३।११ | १३,९४४,४७८।६२ | ५५,७७७,९१४।४९ | पर्यटन पूर्वाधार | ३ |
| | कुल रकम | | २०९,११२,३३६।२७ | ४१,८२२,४६७।२५ | १६७,२८९,८६९।०२ | | |
| | | | | | | | |
| ख | विशेष अनुदान | | | | | | |
| ख१ | क्रमागत योजना | | | | | | |
| i | ख्वप इन्जिनियरिङ कलेजको ब्लक बि भवनको फर्निचर तथा प्रयोगशाला निर्माण कार्य (तेस्रो चरण) | ८ | २९,५१८,३९३।३६ | २९,५१८,३९३।३६ | ( | शैक्षिक विकासका लागि सेवाको गुणस्तर अभिवृद्धि | १ |
| ख२ | नयाँ | | | | | | |
| i | बाढीबाट क्षतिग्रस्त पूर्वाधारहरूको पुनःनिर्माण | १, ६, ८ | २९,७६४,६८७।९९ | २९,७६४,६८७।९९ | | विपद् जोखिम न्यूनीकरण तथा विपद्बाट क्षतिग्रस्त सार्वजनिक पूर्वाधारको पुनःनिर्माण | २ |
| ii | भ.न.पा. वडा नं. १, ७ र १० का स्वास्थ्य चौकीहरूको सेवा गुणस्तर अभिवृद्धि कार्य | ७, १० | २६,८८०,६४०।०० | २६,८८०,६४०।०० | | आधारभूत स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि | ३ |
| | कुल रकम | | ८६,१६३,७२१।३५ | ८६,१६३,७२१।३५ | | | |

## समिति निर्णय अनुमोदन

समिति निर्णय अनुमोदन सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

**निर्माण समिति**

मिति २०८१/११/११ गते

| क. सं. | योजनाका विवरण | वडा नं. | बजेट शीर्षक | ल.ई. रकम | रिल.ई/ कबोल रकम | पेस्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क) पेस्की फछ्र्यौट तथा भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | कुसुम मेच मर्मत कार्य | नपा | मर्मत | ९६,६६१।७४ | | ३०,००००।० | ७९,५५२।०० | ४९,५५२।०० | ८५,९००।०० | सम्पन्न | आरजु सुवाल | |
| २ | भनपाका विभिन्न स्थानमा नियमित मर्मत सम्भार कार्य (पुस महिनाको) | १–१० | मर्मत | ज्याला ७५,८७६।५० | | | ज्याला ६९,६००।०० | ज्याला ६९,६००।०० | ज्याला ७४,५८२।९० | सम्पन्न | (राधेश्याम भैनात्व) अमानत | जिन्सी शाखाबाट प्राप्त पुरानो निर्माण सामग्री प्रयोग भएको |
| ३ | भनपाका विभिन्न स्थानमा नियमित मर्मत सम्भार कार्य (माघ महिनाको) | १–१० | मर्मत | ज्याला ८०,२६३।२० | | | ज्याला ६९,६००।०० | ज्याला ६९,६००।०० | ज्याला ७९,३७६।०५ | सम्पन्न | (राधेश्याम भैनात्व) अमानत | जिन्सी शाखाबाट प्राप्त पुरानो निर्माण सामग्री प्रयोग भएको |
| ख) उपभोक्ता समिति स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | न:पुखु पर्खाल पुन:निर्माण कार्य | १ | नपा | २,६३४,९०४।०२ | | | उ.स.अ. : श्री नरेश बज्राचार्य<br>अ.स.स. : श्री श्यामकृष्ण खत्री | | | | | |
| २ | तमारीदेखि सुकुलढोकार साकोठाको मूल सडकको दायाँबायाँ बाटो मर्मत कार्य | ५ | नपा | ११,७५,१३५।२३ | | | उ.स.अ.: श्री जयन्द्र वैद्य<br>अ.स.स.:श्री नारायणप्रसाद त्वानाबासु | | | | | |

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

क. फार्मेसी सञ्चालनको लागि भक्तपुर अस्पताल परिसरभित्र अस्पतालको दक्षिणतर्फ मुख्यद्वारसँगै रहेको ७'X२०' वर्गफिटको खाली पर्ती जग्गा बहालमा दिन साझा स्वास्थ्य सेवाको मागअनुसार मासिक रु. ३०,०००।– वा फार्मेसीबाट हुने मासिक बिक्रीको २ प्रतिशत जुन बढी हुन्छ सो बराबर रकम बहाल कायम हुने गरी उक्त जग्गा बहालमा दिई साझा स्वास्थ्य सेवासँग सम्झौता गर्नेसम्बन्धी मिति २०८१।९।११ को सदर टिप्पणी अनुमोदन गरियो।

ख. यस न.पा.को BAC 9072 नं. को गाडीमा आवश्यक सामान मर्मत गरेबापत रु. १,२१,३९५।–एन.बी. ट्रेडिङ प्रा. लि. लाई भुक्तानी दिने निर्णय गरियो।

ग. यस न.पा.को बा १ क ९०२५ नं. गाडीमा एयर फिल्टर मर्मत गरेबापत रु. ४७,४४३।– हाम्रो हेभी इक्युप्मेन्ट वर्कशप प्रा.लि.लाई भुक्तानी दिने निर्णय गरियो।

घ. यस न.पा.को बा १ क ४५५४ नं. को गाडीमा

डेन्तपेन्ट र आवश्यक सामान मर्मत गरेबापत रु.२,०५,०२७।- बी.बी. इन्जिनियरिङ प्रा.लि.लाई भुक्तानी दिने निर्णय गरियो ।

ङ. यस न.पा.मा विभिन्न मितिमा आवश्यक खाजा उपलब्ध गराए बापत रु. १३,७७०।- सूर्यविनायक पार्टी भेन्युलाई भुक्तानी दिने निर्णय गरियो ।

च. यस न.पा. मा विभिन्न मितिमा आवश्यक खाजा उपलब्ध गराए बापत जम्मा रु.२८,६१५।- ब्रदर्श क्याफे एन्ड भोजनालयलाई भुक्तानी दिने निर्णय गरियो ।

छ. यस न.पा.मा आवश्यक खाजा उपलब्ध गराए बापत जम्मा रु. २,५८०।-चन्द्रायन स्विट्सलाई भुक्तानी दिने निर्णय गरियो ।

ज. यस न.पा. मा विभिन्न मितिमा आवश्यक खाजा उपलब्ध गराए बापत जम्मा रु. १५,६००।- ख्वप छैँ क्याफेलाई भुक्तानी दिने निर्णय गरियो ।

झ. यस न.पा.को BAC 9071 नं. को गाडीमा आवश्यक मर्मत गरेबापत रु. ३,०००।- ड्राइभर नारायण कृष्ण गाईजुलाई भुक्तानी दिने निर्णय गरियो ।

ञ. भ.न.पा. का का.स दयाराम आगन्जाले विविध खर्च गर्न रु. १०,०००।- पेस्की लिई रु. १३,३१५।- बराबरको खर्च बिल पेस गरेकोमा नपुग रकम रु. ३,३१५।- भुक्तानी दिई निजको नाममा रहेको पेस्की फछ्यौंट गरी निजलाई थप रु. १०,०००।- पेस्की दिने निर्णय गरियो ।

ट. भ.न.पा.द्वारा सञ्चालित विविध तालिमहरू सञ्चालन तथा व्यवस्थापन गर्न श्रीराम कासिछ्वालाई रु. २,००,०००।- पेस्की दिएकोमा बिल भर्पाई पेस भएअनुसार खर्च रु. २,१२,२१२।- समर्थनका साथै नपुग रकम भुक्तानी दिई निजको नाममा रहेको पेस्की फछ्यौंट गर्ने निर्णय गरियो ।

ठ. भक्तपुर महोत्सव २०८१ मा विविध व्यवस्थापन गर्न न्हुज किजुलाई रु. ५०,०००।- पेस्की दिएकोमा जम्मा खर्च रु २२,१८२।- समर्थनका साथै बाँकी रकम दाखिला गराई निजको नाममा रहेको पेस्की फछ्यौंट गर्ने निर्णय गरियो ।

ड. भक्तपुर महोत्सव २०८१ मा विविध व्यवस्थापन गर्न इन्द्रप्रसाद राजलवटलाई रु ५०,०००।- पेस्की दिएकोमा जम्मा खर्च रु २७,३७०।- समर्थनका साथै बाँकी रकम दाखिला गराई निजको नाममा रहेको पेस्की फछ्यौंट गर्ने निर्णय गरियो ।

ढ. भक्तपुर महोत्सव २०८१ मा विविध व्यवस्थापन गर्न विकास प्रजापतिलाई रु ५०,०००।- पेस्की दिएकोमा जम्मा खर्च रु ७,७७८।- समर्थनका साथै बाँकी रकम दाखिला गराई निजको नाममा रहेको पेस्की फछ्यौंट गर्ने निर्णय गरियो ।

# जीवन–आचरण

## सरल समाधान

एकदिन स्वर्गमा बस्दाबस्दै वाक्कदिक्क भएर देवराजले एक निजी इन्जिनियरिङ कम्पनीको कार्यक्षेत्रमा निकै धेरै बिजुलीका प्यानल लगाएका थिए । कम्पनीका कर्मचारीले प्यानलनजिक रहेर घण्टौं काम गर्नुपर्थ्यो । काम गर्दैगर्दा जतिसुकै सावधानी अपनाए पनि कर्मचारीलाई करेन्ट लागिरहन्थ्यो । विद्युतीय झड्काले कम्पनीका कर्मचारी निकै हैरान भए ।

यस समस्याबाट छुटकारा पाउन कम्पनीले विशेष बैठक आयोजना गर्‍यो र करेन्टको झड्काबाट बच्ने अनेकौं उपायमाथि विचारविमर्श गरियो । अन्त्यमा प्यानलको छेवैमा रबरका 'इन्सुलेटिङ म्याट' राख्ने निर्णय भयो । त्यसमाथि टेकेर काम गर्दा कर्मचारीलाई करेन्ट लाग्ने समस्या हुँदैनथ्यो । यो उपाय सस्तो र प्रभावकारी दुवै देखिएकोले तत्काल यसलाई कार्यान्वयन गरियो ।

यसबाट कर्मचारीलाई करेन्ट लाग्ने समस्या त समाधान भयो । तर, कम्पनीको सो कार्यक्षेत्र खुला स्थानमा रहेको हुनाले म्याट चोरी हुने समस्या बढ्यो । त्यसका लागि सुरक्षा गार्ड राख्नु थप खर्चिलो हुन्थ्यो । त्यसैले कम्पनीका अधिकारी पुनः चिन्तामा परे ।

म्याट चोरी हुने समस्याबाट कसरी छुटकारा पाउने भन्ने विषयमा लामो छलफल हुँदा पनि समाधान निस्किन सकिरहेको थिएन । अचानक एक सामान्य स्तरका कर्मचारीले भने– हाम्रो म्याट चोरी हुनबाट जोगाउन एउटा उपाय काम लाग्न सक्छ । हामी ती प्रत्येक म्याटलाई चार–पाँच टुक्रा पारेर काटौं र एकै स्थानमा मिलाएर राखौं । हामीले काटिएका टुक्रामाथि पनि टेकेर काम गर्न सकिहाल्छौं । तर, त्यसरी काटिएका म्याट अरूका लागि कुनै कामका हुँदैनन् । यस्तोमा त्यसलाई कसले चोरी गर्ला र ? त्यसपछि तिनै कर्मचारीले भनेजसरी नै प्रत्येक म्याटलाई चार–पाँच टुक्रा पारेर काटियो । त्यस दिनदेखि म्याट चोरी साँच्चै रोकियो ।'

**झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ ।**

## भक्तपुर नगरपालिका गतिविधि

### भक्तपुर नपा वडा नं. ६ चोछेँस्थित सुन्दरी गोपाल मन्दिर शिलान्यास



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपा वडा नं. ६ चोछेँस्थित सुन्दरी गोपाल मन्दिरको फागुन २६ गते शिलान्यास गर्नुभयो ।

शिलान्यास कार्यक्रममा प्रमुख प्रजापतिले जनताको सहभागितामा सम्पदा पुन:निर्माण र जीर्णोद्धार भक्तपुरको विशेषता नै बनेको बताउनुभयो ।

भूकम्पले भत्केका थुप्रै सम्पदाहरू भक्तपुर नपाले विदेशीको सहयोगबिना नै सम्पन्न गरिसकेको उल्लेख गर्दै उहाँले मौलिकता गुमेपछि सम्पदाको कुनै अर्थ नहुने हुँदा हरेक सम्पदाको विस्तृत अध्ययन र अनुसन्धान गरी मौलिक संरचनामै निर्माण गरेको बताउनुभयो ।

उपभोक्ता समितिमा बसेर काम गर्नेहरू इमानदार भएमा हरेक संरचना राम्रो बन्ने स्पष्ट पार्दै उहाँले ठेक्कामा दिएको संरचना गुणस्तरीय नहुने हुँदा सम्पदाहरू स्थानीय जनतालाई नै निर्माणको जिम्मेवारी दिनुपर्ने धारणा राख्नुभयो ।

प्रमुख प्रजापतिले भक्तपुर पर्यटकीय गन्तव्यस्थल बन्दै गएको चर्चा गर्दै शिक्षा, स्वास्थ्य उपचार र सरसफाइमा भक्तपुर नमुनाको रूपमा अगाडि बढेसँगै भक्तपुरका जनताको इज्जत पनि बढेको बताउनुभयो ।

परनिर्भर मानिसहरू स्वाभिमानीपूर्वक अघि बढ्न नसक्ने हुँदा भक्तपुर नगरपालिकाले जस्तोसुकै दु:ख कष्ट सहेर भए पनि आत्मनिर्भरतालाई जोड दिइआएको उहाँले बताउनुभयो ।



सुन्दरी गोपाल मन्दिर पुन:निर्माण शिलान्यास कार्यक्रमका सभापति एवं वडाध्यक्ष हरिराम सुवालले आ.व. २०८१/८२ मा भइरहेको विकास निर्माण कार्य वडावासीहरूकै साथ, सहयोग र सल्लाहमा अघि बढिरहेको चर्चा गर्दै मन्दिर पुन:निर्माण कार्यमा पनि उपभोक्ता समिति सक्रिय रूपमा आर्थिक सहयोगका साथै श्रमदान जुटाई समयमै पुन:निर्माण कार्य सम्पन्न हुने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर जिल्ला समितिका अध्यक्ष एवम् वडा नं. ६ का वडा सदस्य गोविन्द दुवालले विश्व सम्पदा सूचिकृत भक्तपुर नगर विश्वको सम्पत्ति, अध्ययन, अनुसन्धानको थलो रहेको चर्चा गर्दै राजनैतिक क्षेत्र राम्रो भएमात्र सबै क्षेत्रमा उन्नति हुने बताउनु भयो ।

कार्यपालिका सदस्य रोशनमैया सुवालले भक्तपुर नगरपाालिकाले कला, संस्कृति, शिक्षा, स्थास्थ्य र सफाइ क्षेत्रमा अग्रणी भूमिका निभाइरहेको छ भन्नुभयो ।

उक्त कार्यक्रममा शिक्षक जगनाथ सुजखु, सम्पदा शाखा प्रमुख रामगोविन्द श्रेष्ठ र वडा सदस्य सिद्धिराम अवालले आ–आफ्नो धारणा राख्नुभयो ।

### अन्तरनगर जिम्नास्टिक प्रतियोगिताको लागि अनुरोध



भक्तपुर नगरपालिकाको आयोजनामा २०८१ चैत २३ देखि २६ गतेसम्म अन्तरनगर जिम्नास्टिक प्रतियोगिता गर्दै छ। सोही क्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशी, वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्री, वडाध्यक्ष उपेन्द्र सुवाल, कार्यपालिका सदस्य रञ्जना त्वातीलगायतले फागुन २६ गते काठमाडौँ महानगरपालिकाका उपप्रमुख सुनिता डंगोल, ललितपुर महानगरपालिकाका उपप्रमुख मन्जली शाक्य र कीर्तिपुर नगरपालिकाका उपप्रमुख शुभलक्ष्मी शाक्यसँग भेटी अन्तरनगर जिम्नास्टिक प्रतियोगितामा महानगरपालिका र नगरपालिकाको तर्फबाट सहभागिताको लागि अनुरोध गर्नुभयो।

भ्रमणका आएका विद्यार्थीहरूले नगर प्रमुख प्रजापतिसँग भक्तपुरको सडक सुरक्षा, ज्येष्ठ नागरिकहरूप्रतिको दायित्व, भक्तपुरको शिक्षा, स्वास्थ्य, वातावरण, सम्पदा संरक्षण, सरसफाइ आदि विषयमा नपाको भूमिकाबारे जिज्ञासा राखेका थिए।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईको पनि उपस्थिति रहेको थियो भने नगरपालिकाका प्रशासकीय अधिकृत दामोदर सुवालले विद्यार्थीहरूलाई नगरपालिकाका शाखा उपशाखाहरूको अवलोकन गराउनुका साथै त्यहाँबाट प्रवाहित हुने सेवा सुविधाबारे अवगत गराउनुभयो।

## काठमाडौँ वर्ल्ड स्कूलका विद्यार्थीहरू भक्तपुर नगरपालिका अध्ययन अवलोकन भ्रमणमा



सूर्यविनायक नगरपालिकाको गुण्डुमा अवस्थित काठमाडौँ वर्ल्ड स्कूलको कक्षा ३ मा अध्ययनरत विद्यार्थीहरूले फागुन २८ गते भक्तपुर नगरपालिकाको स्थलगत अध्ययन अवलोकन भ्रमण गरेका छन्। सोही क्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग विद्यार्थीहरूले साक्षात्कार गरेका छन्।

कार्यक्रममा प्रमुख प्रजापतिले भक्तपुर नपाले सञ्चालन गरेका शैक्षिक संस्था र ख्वप अस्पतालको उद्देश्य र त्यहाँबाट प्रवाहित सेवाबारे प्रस्ट पार्दै भक्तपुरलाई शैक्षिक रूपमा अगाडि बढाउन भक्तपुरका विद्यालय र नपाबाट सञ्चालित कलेजहरूको महत्त्वपूर्ण भूमिका रहेको बताउनुभयो।

भक्तपुर नपाले सम्पदा संरक्षण र पुनःनिर्माणमा विशेष जोड दिँदै आएको उल्लेख गर्दै उहाँले नगरको शिक्षा विकास, सरसफाइदेखि लिएर समग्र नगरको सन्तुलित विकासमा जोड दिँदै आएको बताउनुभयो।

## धनी र गरिबवर्ग भएसम्म समाजमा भेदभाव रहने




११५ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा भनपा वडा नं. ३ को आयोजनामा फागुन २८ गते एक कार्यक्रम भयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले समाजमा निजी सम्पत्तिको विकास भएसँगै भेदभाव सुरू भएको बताउनुभयो।

उहाँले भन्नुभयो, “महिला समस्या लैङ्गिकभन्दा पनि वर्गीय हो। धनी र गरिबवर्ग भएसम्म समाजमा भेदभावको अन्त्य हुनेछैन।”

महिलालाई शिक्षा र रोजगारीको व्यवस्था गर्न सके समाज अगाडि बढ्ने धारणा उहाँले व्यक्त गर्नुभयो।

प्रमुख प्रजापतिले भन्नुभयो, “सामन्तवादी र पुँजीवादी राज्य व्यवस्थामा महिलालाई निजी सम्पत्तिकै व्यवहार गरिन्छ; महिला बेचबिखन, यौन व्यापारमा लगाइन्छ। त्यो पैसाकै लागि गरिन्छ। पुँजीवादी व्यवस्था व्यापक जनताको लागि ‘नर्क’ सरहको व्यवस्था हो।”

समाजका सबै नागरिक असल भए समाज सभ्य र सुसंस्कृत बने र त्यस्तो समाज निर्माण गर्न नेपाल मजदुर

किसान पार्टी लागिपरेको उहाँले बताउनुभयो ।

भनपा वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोराले महिलाहरू धेरै बेरोजगार हुनुमा वर्तमान पुँजीवादी व्यवस्थाको दोष भएको र यो व्यवस्थाको अन्त्य नभएसम्म महिलाको दुःख अन्त्य नहुने धारणा राख्नुभयो ।

उहाँले भन्नुभयो, “महिलाहरू घरको चुलो चौकामा मात्र सीमित रहनुहुन्न । राष्ट्रिय र अन्तर्राष्ट्रिय महिला आन्दोलनको इतिहास अध्ययन गरी समाज परिवर्तनमा योगदान गर्न सक्ने क्षमता विकास गर्नु जरूरी छ ।”

कार्यक्रममा कृष्णगोपाल चगुठी र सुनिता अवालले महिला मुक्तिको निम्ति सबै मिलेर अघि बढ्नुपर्ने बताउनुभयो ।

## नियमित पाक्षिक सरसफाइअन्तर्गत चुपिंघाटमा सरसफाइ




भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुर नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी, स्थानीय क्लव, विद्यालयका विद्यार्थी र स्थानीय जनताको उत्साहजनक सहभागितामा भनपा ५ स्थित चुपिंघाटको सरसफाइ कार्यक्रम चैत १ गते सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरको प्रसिद्ध बिस्का जात्रासँग जोडिएको तथा ऐतिहासिक महत्त्व बोकेको ल्योसिंख्य र चुपिंघाटको आजको सरसफाइ रचनात्मक र साङ्केतिक कार्यक्रम हो भन्नुभयो । यहाँले भनपाको अयोजनामा धेरै वर्षअगाडि सुरु गरेको सरसफाइ कार्यक्रमले मूर्त रूप लिँदै गएको तथा नगरको सौन्दर्यकरणमा टेवा पुऱ्याउँदै नगरलाई पर्यटकीय गन्तव्य बनाउन सहयोग गरिरहेको बताउनुभयो ।

भक्तपुर नगरलाई अझ स्वच्छ र सुन्दर नगरको रूपमा विकास गर्न नगरको उत्तरमा रहेको खस्याङखुसुङ खोला र दक्षिणमा रहेको हनुमन्ते खोलालाई स्वच्छ बनाउनुपर्ने र त्यसको लागि नगरबाट बग्ने ढललाई प्रशोधन गर्न उपचार पोखरी बनाउनुपर्ने विचार व्यक्त गर्नुभयो । सो ढल व्यवस्थापन



र उपचार पोखरीको लागि अर्बौं रूपैँया बजेट आवश्यक हुने भएकोले नगरपालिकाले नेपाल सरकार र सम्बन्धित निकायहरूमा निरन्तर समन्वय गरिरहेको बताउनुभयो । उहाँले भनपा–७, हनुमानघाट नजिकैको उपचार पोखरी र सल्लाघारीस्थित २ वटा उपचार पोखरीहरू निर्माणाधीन रहेको बताउँदै ती उपचार पोखरीहरू सञ्चालनमा आएमा खोला प्रदूषणमा कमी हुने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले ऐतिहासिक पर्यटकीय नगरको रूपमा विकास गर्न २०७४ सालदेखि नै प्रत्येक महिनाको १ र १५ गते नगरका विभिन्न ठाउँको पाक्षिक सरसफाइ कार्यक्रम आयोजना गर्दै आएको अवगत गराउँदै सांस्कृतिक नगर भक्तपुरलाई जीवन्त राख्न सांस्कृतिक सम्पदाहरू जगेर्ना गर्ने कार्य गर्दै आएको जानकारी दिनुभयो ।



कार्यक्रममा भक्तपुर नपा वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँले भक्तपुर नपाले गरिरहेको नियमित सरसफाइले भक्तपुर नगर र नगरवासीहरूलाई सफा नगर र नगरवासीको पहिचान दिलाउन सहयोग गरिरहेको चर्चा गर्नुभयो ।

कार्यक्रममा भनपा ७ का वडाध्यक्ष उकेश कवां र वडा नं. ८ का वडाध्यक्ष कृष्णप्रसाद कोजूको पनि उपस्थिति रहेको थियो ।

## राराहिल मेमोरियल स्कूलका शिक्षकहरू भक्तपुर भ्रमणमा



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसित कीर्तिपुरस्थित राराहिल स्कूलका प्रिन्सिपल जगतबहादुर महर्जनको नेतृत्वमा आएको शिक्षक प्रतिनिधिमण्डलले चैत २ गते भेट गर्‍यो ।

भेटको अवसरमा नगर प्रमुख प्रजापतिले भक्तपुर नपाले संविधान र कानुनको परिधिभित्र रहेर जनताको सेवा गरिरहेको बताउनुभयो । उहाँले आफूहरू कामदारवर्गबाट आएको हुँदा कामदारवर्गको हितमा शिक्षा, स्वास्थ्य उपचार, सरसफाइजस्ता काममा जोड दिइरहेको बताउँदै भन्नुभयो, हरेक नागरिकलाई उच्च शिक्षाको पहुँच पुर्‍याउन नगरपालिकाले ७ वटा उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरू सञ्चालन गरिरहेको छ । गरिब विद्यार्थीहरूका लागि छात्रवृत्ति र शैक्षिक ऋणको बन्दोबस्त छ ।

भक्तपुर नपाले १०० शय्याको अस्पताल सञ्चालन, वडा वडामा स्वास्थ्य केन्द्र, आँखा अस्पताल सञ्चालन तथा घरदैलो नर्स सेवा दिएर जनताको सेवा गरिरहेको नगर प्रमुख प्रजापतिले बताउनुभयो ।

आत्मनिर्भर भएर बाँच्न कडा परिश्रम गरिरहेका छौं । सम्पदा पुन:निर्माणमा विदेशीको सहयोग स्वीकार गरेनौं । जनतासँग सहयोग माग्यौं, जनताकै सहयोगमा भक्तपुरका सयौं सम्पदाहरूको पुन:निर्माण र जीर्णोद्धार सम्पन्न गर्‍यौं, उहाँले प्रस्ट पार्नुभयो ।

सरकारले सहयोग नगरेको कारण ख्वप विश्वविद्यालय सञ्चालन गर्न नसकेको बताउँदै उहाँले शासन सत्तामा बस्नेहरूमा जनताका छोराछोरीलाई सहज ढङ्गले पठनपाठनको व्यवस्था गर्नुपर्छ भन्ने चेत नआएसम्म ख्वप विश्वविद्यालयको स्वीकृति पाउन सक्ने अवस्था छैन भन्नुभयो ।

राराहिल स्कूलका प्रिन्सिपल जगतबहादुर महर्जनले संविधानमा समाजवादउन्मुख राज्य व्यवस्थाको कुरा उल्लेख भएकोमा भक्तपुरमा भने समाजवादको अभ्यास भइरहेको आफूहरूले पाएको बताउनुभयो । सबैतिर भ्रष्टाचार, अनियमितता र बेथितिमात्र भएको सुन्दै आएकोमा फरक ढङ्गले काम गरिरहेको स्थानीय तह पनि भएको रहेछ र भक्तपुर उदाहरणीय भनेर सुन्दै आएको कुरा अनुभव गर्न पाएको विचार व्यक्त गर्नुभयो ।

उहाँले राराहित स्कूल २०४६ सालको जनआन्दोलनमा शहादत प्राप्त गर्नुभएका वीर सहिदहरूको सम्झनामा स्थापना भएको बताउँदै हाल उक्त विद्यालयमा ८ सय भन्दा बढी विद्यार्थीहरू अध्ययनरत रहेको र विद्यालय सार्वजनिक गुठीअन्तर्गत सञ्चालनमा रहेको जानकारी दिनुभयो ।

उहाँहरूले कलेजहरूको व्यवस्थापन र अस्पतालको आर्थिक पक्ष, प्राध्यापक र डाक्टर नियुक्ति प्रक्रिया, सञ्चालन समिति गठन प्रक्रियालगायतका विषयहरूमा नगर प्रमुखसमक्ष जिज्ञासा राख्नुभएको थियो ।

प्रतिनिधिमण्डलले नगरपालिकाबाट सञ्चालन ख्वप इ.कलेज, ख्वप कलेज अफ इ.लगायत शैक्षिक संस्थाहरू, ख्वप अस्पताल र भक्तपुरको सम्पदा क्षेत्रहरू दरबार क्षेत्र, टौमढी, दत्तात्रय क्षेत्रलगायत अवलोकन गर्‍यो ।

प्रतिनिधिमण्डलमा ६० जना जति शिक्षक, व्यवस्थापन समितिका सदस्यहरूको सहभागिता थियो । टोलीलाई पर्यटन शाखा प्रमुख गौतमप्रसाद लासिवाले स्वागत गर्नुका साथै सहजीकरण गर्नुभएको थियो ।

## चिनियाँ र जापानी भाषाका प्रशिक्षार्थीहरूलाई अभिमुखीकरण




भक्तपुर नगरपालिकाद्वारा सञ्चालन हुने चार महिने चिनियाँ भाषा र जापानी भाषा प्रशिक्षणका प्रशिक्षार्थीहरूलाई अभिमुखीकरण कार्यक्रम चैत ४ गते भनपा सभाकक्षमा सम्पन्न भयो ।

कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिले भाषा देश चिन्ने र विचार आदानप्रदान गर्ने माध्यम भएको उल्लेख गर्दै आफूले सिकेको ज्ञान र सीपबाट देशको सेवा गर्ने सोच युवाहरूमा हुनुपर्ने बताउनुभयो ।

नयाँ पुस्तालाई योग्य र सक्षम बनाउने उद्देश्यका साथ भक्तपुर नपाले विभिन्न विषय अध्ययन अध्यापन हुने शैक्षिक संस्थाहरू सञ्चालन गर्दै आएको स्पष्ट पार्दै उहाँले नगरपालिकाद्वारा सञ्चालित कलेजहरूमा अध्ययनरत विद्यार्थीहरूलाई आर्थिक र भौतिक सहयोग पनि गर्दै आएको बताउनुभयो ।

भक्तपुर नपाले समाजलाई बुद्धिजीवीकरण गर्दै भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र बनाउने दीर्घकालीन उद्देश्यका साथ काम गर्दै आएको बताउँदै उहाँले जुनसुकै क्षेत्रमा काम गरे पनि युवा–विद्यार्थीले आफ्नो योग्यताअनुसार क्षमता प्रदर्शन गर्न प्रेरित गर्नुभयो ।



भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले भक्तपुर नगरपालिकाले विदेशी भाषा तालिम र विभिन्न सीपमूलक तालिम सञ्चालन गर्दै नगरवासीहरूको अभिभावकीय दायित्व पूरा गर्दै आएको बताउनुभयो ।

उहाँले नपाबाट सञ्चालित विविध गतिविधिमा युवा, महिला र विद्यार्थीहरूको उत्साहजनक सहभागिता रहँदै आएको स्पष्ट पार्दै भक्तपुरलाई आत्मनिर्भर बनाउने सोचका साथ भक्तपुरले आफ्नो विकास कार्यलाई अगाडि बढाउँदै आएको बताउनुभयो ।

कार्यक्रममा चिनियाँ भाषा प्रशिक्षक राजेन्द्र चवाल र जापानी भाषा प्रशिक्षक सीताराम सिबन्जारले भाषा अध्ययनको महत्त्वबारे प्रस्ट पार्दै अन्तर्राष्ट्रिय भाषा दुई देशबिचको सभ्यता र संस्कृति आदानप्रदान गर्ने महत्त्वपूर्ण माध्यम भएको बताउनुभयो ।

उक्त कार्यक्रममा चिनियाँ भाषा तालिमका संयोजक दीपेन्द्र प्रजापतिले चिनियाँ भाषा र जापानी भाषा पहिलो तह (आधारभूत) को तालिम २०८१ चैत १० गते आइतबारदेखि सञ्चालन हुने जानकारी गराउनुभयो ।

# भनपा वडा नं १० मा मनाइयो अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस



भक्तपुर नगरपालिका वडा नं. १० कार्यालयको आयोजनामा ११५ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस सबै महिला तथा बालबालिकाका लागि अधिकार, समानता र सशक्तीकरण भन्ने नाराका साथ उपप्रमुख रजनी जोशीको प्रमुख आतिथ्यमा चैत ५ गते सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख अतिथि रजनी जोशीले समाजवादविना श्रमिक महिला मुक्ति नहुने भएकोले नेमकिपाको लक्ष्य समाजवाद हुँदै साम्यवाद पुग्ने भएकोले समाजवादी आन्दोलन अगाडि बढाएको बताउनुभयो । उहाँले देशको घटना छिनछिनमा बदलिरहेको औँल्याउँदै पुँजीवादी व्यवस्था भ्रष्टाचारयुक्त हुने बताउनुभयो ।

उहाँले अहिलेको पुँजीवादी व्यवस्था गरिब झन्झन् गरिब हुने र धनी झन्झन् धनी हुने भएकोले व्यवस्था परिवर्तन गर्न जनता राजनैतिक रूपले सचेत र सङ्गठित नभएसम्म असम्भव हुने बताउनुभयो । उहाँले समाजवादी व्यवस्थामा जन्मदेखि मृत्युसम्म राज्यको दायित्व हुने बताउँदै संविधानमा समाजवादउन्मुख उल्लेख भए तापनि शासक दलहरूले त्यसअनुसार काम नगरेको बताउनुभयो । उहाँले भक्तपुर नगरलाई सम्पदा संरक्षण, शिक्षा, स्वास्थ्य, रोजगारको लागि कार्य गर्दै समाजवादउन्मुख सोचले काम गरिरहेको बताउनुभयो ।

मीरा दुगुजुले अमेरिकामा महिला अधिकार अहिले



पनि नभएको बताउँदै काममा भर्ना हुन महिला हिंसा हुने गरेको चर्चा गर्नुभयो । उहाँले राजनीतिक सचेतना नभए अधिकार दुरूपयोग हुने बताउँदै राज्यको विभेद र दमनबाट मुक्त हुन क्लारा जेटकिन र जेनि मार्क्सको जीवनी अध्ययन गर्नुपर्ने बताउनुभयो ।

१० नं वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौमिखाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा लक्ष्मीप्रसाद चवाल, जितेन्द्र मुनंकर्मी, तारादेवी शाक्यले पनि बोल्नुभएको थियो ।

## भक्तपुर महोत्सव २०८१ को प्रतिवेदन हस्तान्तरण



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलाई भक्तपुर महोत्सव सचिवालयका संयोजक गौतमप्रसाद लासिवाले भक्तपुर महोत्सव प्रतिवेदन २०८१ एक कार्यक्रबिच भनपा सभाकक्षमा चैत ७ गते हस्तान्तरण गर्नुभयो ।

कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले पाँचदिने भक्तपुर महोत्सव सफल पार्न प्रत्यक्ष र अप्रत्यक्ष सहयोग गर्ने सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्नुभयो । हरेक काम सफल पार्न पर्दा पछाडि बसेर काम गर्नेहरूको भूमिका धेरै हुने बताउँदै उहाँले कार्यालयले दिएको जिम्मेवारी इमानदारीपूर्वक निर्वाह गर्ने साथीहरू सबै धन्यवादका पात्र हुन् भन्नुभयो ।

सचिवालय कर्मचारी, फोटोग्राफरहरू, बालमैत्री गतिविधिहरूमा सहयोगी शिक्षकहरू, चित्रकलाका कलाकारहरूलाई धन्यवाद तथा प्रमाणपत्र र मायाको चिनो प्रदान गर्ने कार्यक्रममा प्रमुख प्रजापतिले हरेक कुराको अभिलेखीकरणले भविष्यका लागि मार्ग निर्देश गर्ने बताउनुभयो ।

उहाँले भक्तपुर महोत्सवको भिडियो रेकर्ड र फोटो पुस्तक तयार गर्न सके अझ बढी प्रभावकारी हुने विचार व्यक्त गर्दै भक्तपुर महोत्सवमा लाखौंको सङ्ख्यामा आएका महोत्सव अवलोकनकर्ताहरूलाई पाँच दिनमा नयाँ नयाँ दृश्यहरूको अनुभव गर्न पाएका थिए भन्नुभयो ।

कार्यक्रममा उपप्रमुख रजनी जोशीले भक्तपुर महोत्सवले भक्तपुरको पहिचानलाई उचाइमा पुऱ्याउन तथा नगरलाई जीवन्त बनाउन सफल भएको बताउँदै भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउन महोत्सवले टेवा पुऱ्याएको चर्चा गर्नुभयो ।

उहाँले भक्तपुर महोत्सवमा हरेक नागरिकले अपनत्व ग्रहण गरी साथ दिएकोमा खुसी व्यक्त गर्दै महोत्सवलाई सोध विषयको रूपमा ख्वप इन्जिनियरिङ विद्यार्थीहरूले अध्ययन र अनुसन्धानको लागि छनोट गर्नु खुसीको कुरा हो भन्नुभयो ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले भक्तपुर महोत्सवलाई सफल पार्न जनप्रतिनिधि, कर्मचारीहरूको अथक मिहेनत, प्रयास र योगदान रहेको चर्चा गर्दै भक्तपुर महोत्सवले इतिहासको पानामा नाम राख्न सफल भएको चर्चा गर्नुभयो । उहाँले भक्तपुर महोत्सवको SWOt\ Analysis बाट समीक्षा गरी सबल, दुर्बल, अवसर र चुनौतीलाई केलाई आगामी दिनमा अझ बढी प्रभावकारी रूपमा कार्य गर्न सकिने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर महोत्सवका संयोजक गौतम प्रसाद लासिवाले महोत्सव सचिवालयद्वारा ७७७ पृष्ठको भक्तपुर महोत्सव प्रतिवेदन तयार गरी महोत्सवका सम्पूर्ण गतिविधिहरूलाई समेट्न खोजेको चर्चा गर्दै प्रतिवेदनले भविष्यमा भक्तपुर महोत्सव आयोजना गर्न सहज हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले भक्तपुर महोत्सवमा आठ लाख बयालीस हजार जना स्वदेशी एवं विदेशीहरूले अवलोकन गरेको उल्लेख गर्दै प्रतिवेदनमा समेटिएका विषयवस्तुलाई सार सङ्क्षेपमा प्रस्तुत गर्नुभएको थियो । भक्तपुर नगरपालिकाका प्रशासकीय अधिकृत दामोदर सुवालले पनि बोल्नुभएको थियो ।

## अन्तर-नगर जिम्नास्टिक प्रतियोगिताको मूल समिति बैठक



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगरपालिकाको आयोजनामा २०८१ चैत २३ देखि २५ गते सम्पन्न हुने अन्तर–नगर जिम्नास्टिक प्रतियोगिता मूल समितिको बैठक चैत ८ गते सम्पन्न भयो।

बैठकमा प्रमुख प्रजापतिले भक्तपुर नपाले भक्तपुरको मात्र नभई देशकै खेलकुद क्षेत्रलाई अगाडि बढाउन खेलकुदलाई प्राथमिकतामा राख्दै आएको बताउनुभयो।

उहाँले भक्तपुर नगरपालिकाको आयोजनामा हुने अन्तर–नगर जिम्नास्टिक खेलकुद प्रतियोगिता सभ्य र भव्य रूपमा सम्पन्न गर्न खेलकुद समिति, खेलाडी, निर्णायकलगायत सबैको भूमिका महत्त्वपूर्ण रहेको औंल्याउँदै सबैको सामूहिक निर्णयमा यस वर्ष भक्तपुर नपाले जिम्नास्टिक प्रतियोगिता गर्न लागेको बताउनुभयो।

भौतिक पूर्वाधारको विकास पनि खेलकुद विकासको महत्त्वपूर्ण आधार भएको उल्लेख गर्दै प्रमुख प्रजापतिले केही प्राविधिक कारणले भक्तपुर नपाले चाहेर पनि कभर्ड हल र खेलमैदानहरू निर्माण गर्न नसकेको बताउनुभयो।



नेपाल जिम्नास्टिक सङ्घका अध्यक्ष एवम् सांसद ध्रुवबहादुर प्रधानले भक्तपुर नपाले खेलकुद क्षेत्रमा गरिरहेको गतिविधिहरूबाट अन्य स्थानीय तहहरूलाई पनि प्रेरणा मिलेको उल्लेख गर्दै जिम्नास्टिक खेल सबै खेलहरूको प्रारम्भिक खेलको रूपमा रहेको र यो खेल सिकेपछि अन्य खेल खेल्न पनि सहज हुने बताउनुभयो।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले खेलकुद मानव जीवनको अभिन्न अङ्ग भएको बताउँदै विद्यालय तहदेखि खेलकुदमा विद्यार्थीहरूलाई सहभागी गराउन सके विद्यार्थीको व्यक्तित्व विकासमा टेवा पुग्ने बताउनुभयो।

भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष एवम् युवा तथा खेलकुद समितिका संयोजक श्यामकृष्ण खत्रीले अन्तर–नगर जिम्नास्टिक प्रतियोगिता भव्यताका साथ सम्पन्न गर्न १५१ सदस्यीय मूल समारोह समिति गठन भई १३ वटा उपसमितिहरू गठन गरिएको जानकारी गराउँदै प्रतियोगिता भव्य रूपमा सम्पन्न गर्न सबैको साथ र सहयोग आवश्यक भएको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराई, प्रशिक्षक राजेश्वरमान स्थापित र भक्तपुर जिल्ला जिम्नास्टिक सङ्घका अध्यक्ष दिपककृष्ण प्रजापतिले पनि बोल्नुभयो।

कार्यक्रममा युवा तथा खेलकुद समितिका सदस्य रामसुन्दर बासीले पनि बोल्नुभएको थियो।

## भक्तपुर महोत्सव २०८१ मूल समारोह समितिलाई धन्यवादज्ञापन कार्यक्रम




भक्तपुर नगरपालिकाको आयोजनामा २०८१ मङ्सिर २८ गतेदेखि पुस २ गतेसम्म सम्पन्न भक्तपुर महोत्सव २०८१ मूल समारोह समितिलाई धन्यवादज्ञापन कार्यक्रम चैत ८ गते सम्पन्न भयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर महोत्सव जनताको परम्परागत सीप र कौशल प्रदर्शन गर्ने अवसरको रूपमा सञ्चालन गरिएको बताउँदै महोत्सव भव्य, सभ्य बनाउन सहयोग गर्ने सबैमा धन्यवादज्ञापन गर्नुभयो।

महोत्सव अवधिभर सिँगो नगरलाई क्रियाशील बनाउने प्रयत्न गरेको बताउँदै उहाँले भक्तपुर महोत्सवको मुख्य उद्देश्य आन्तरिक पर्यटक प्रवर्द्धन गर्नु हो भन्नुभयो।

उहाँले महोत्सवमा सबैको साथ र सहयोग पाएको स्मरण गर्दै भक्तपुर महोत्सवबाट अनुशरण गर्दै अन्य नगरपालिकाले पनि महोत्सव आयोजना गरेको बताउनुभयो।

उपप्रमुख रजनी जोशीले भक्तपुर महोत्सवमा बालबालिका, युवा, विद्यार्थी, ज्येष्ठ नागरिकलगायत सबै उमेर समूहको उत्साहजनक सहभागिता रहेको स्पष्ट पार्दै महोत्सवले नयाँ पुस्तालाई भक्तपुरको विशेषता प्रदर्शन गर्ने अवसर प्रदान गरेको बताउनुभयो।

भक्तपुरका प्रहरी नायब उपरीक्षक ढुण्डीराज न्यौपानेले भक्तपुर महोत्सव पृथक ढङ्गले सञ्चालन भएको बताउँदै महोत्सव अवलोकनको लागि देश विदेशका विशिष्ट

व्यक्तित्वहरूले अवलोकन गर्नु अर्को ठूलो उपलब्धि रहेको बताउनुभयो ।

भक्तपुरका जिल्ला न्यायाधिवक्ता श्यामप्रसाद दाहालले भक्तपुर महोत्सवमा अन्य ठाउँहरूमा भएको महोत्सवमा नदेखिएका प्रदर्शनी अवलोकन गर्ने अवसर मिलेको बताउँदै भक्तपुर महोत्सव जनताको महोत्सवको रूपमा सम्पन्न भएको छ भन्नुभयो ।

उक्त कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराई र भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले पनि बोल्नुभएको थियो । भक्तपुर महोत्सव सचिवालय संयोजक गौतमप्रसाद लासिवाले भक्तपुर महोत्सव २०८१ को प्रतिवेदनमा समेटिएका विषयवस्तुलाई सारमा प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले भक्तपुर महोत्सव मूल समारोह समितिका सदस्यहरूलाई धन्यवादपत्र र मायाको चिनो प्रदान गर्नुभएको थियो ।

## लघु उद्योगहरूको विकासले देशको अर्थतन्त्रमा टेवा पुऱ्याउने



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले लघु उद्योगहरूको विकासले रोजगारी सिर्जना गर्नुका साथै देशको अर्थतन्त्रमा टेवा पुऱ्याउने बताउनुभयो ।

भक्तपुर नगरपालिकाको आयोजनामा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको सचेतना तालिमको चैत १० गते शुभारम्भ गर्दै प्रमुख प्रजापतिले प्रत्येक युवाको हातमा उत्पादनको सीप भएका युवाहरू बिदेसिने क्रमलाई कम गर्न सकिने बताउनुभयो ।

स्थानीय क्षेत्रमा सजिलै उपलब्ध वस्तुहरू प्रयोग हुने लघु उद्योगहरू सञ्चालन गर्न सकेमा सजिलै उद्यमी बन्न सक्ने बताउँदै उहाँले भन्नुभयो, "सफल उद्यमी बन्न मिहिनेत र परिश्रम गर्नु जरुरी छ । भक्तपुर नपाले उद्यम गर्न चाहनेहरूका लागि ऋण दिने व्यवस्था गरेको छ ।"

सङ्घ र प्रदेश सरकारहरूले पनि युवाहरूलाई विभिन्न तालिम दिएर उद्यमी बन्न उत्साहित गर्नुपर्ने विचार व्यक्त गर्दै प्रमुख प्रजापतिले एक दुईपटक काममा असफल हुँदैमा निराश हुनुपर्ने कुनै जरुरत नभएको बताउनुभयो ।

प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) को विस्तृत जानकारी दिनुभयो ।

आठ दिनसम्म चल्ने सो कार्यक्रममा भक्तपुर वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले स्वागत गर्नुभएको थियो । गत वर्ष पनि भक्तपुर नपाले यस्तो तालिम सञ्चालन गरेको थियो ।

## प्रवचन कार्यक्रम



भक्तपुर नगरपालिका वडा नं. ४ को आयोजनामा ११५ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा प्रवचन कार्यक्रम चैत ११ गते सम्पन्न भयो ।

## बचत तथा ऋण सहकारी संस्थामा नगरपालिकाको अनुगमन

भक्तपुर नगरपालिका सहकारी अनुगमन समितिले बुधबार भक्तपुर नगरपालिका वडा नं. १ स्थित बचत तथा ऋण सहकारी संस्था लि. मा चैत १३ गते अनुगमन गऱ्यो ।

अनुगमनको क्रममा उक्त सहकारीले आ.व. २०७९।८० देखि लेखा परीक्षण नगराएको पाइएको छ भने वार्षिक साधारणसभा पनि नगरेको देखिन्छ । १ वर्षदेखि सञ्चालक समितिको बैठक पनि बस्न नसकेको र सहकारीका पूर्व कर्मचारी र सञ्चालक समितिका पदाधिकारीहरूले आफ्नो दायित्व नबुझाएको सहकारी अनुगमन समितिका संयोजक हरिप्रसाद बासुकलाले जानकारी गराउनुभयो । बिनाधितोमा ऋण प्रदान गरिएकोले ऋण उठाउन नसकेको कारणले गर्दा बचत फिर्ता गर्न नसकेको अनुगमनको क्रममा देखिएको छ ।

सञ्चालक समितिको बैठक बसी लेखा परीक्षण स्वीकृतिको लागि नगरपालिकामा स्वीकृति लिनुपर्ने,

साधारणसभाको निर्णय गर्नुपर्ने र ऋण उठाई बचत फिर्ता दिनुपर्ने सुझाव अनुगमनको क्रममा सञ्चालक समितिलाई दिइयो ।

अनुगमनमा सदस्यहरू श्यामसुन्दर मातां, हरिरत्न गोर्खाली, कृष्णगोपाल चौगुठी, तारादेवी शाक्य, सहकारी शाखा प्रमुख रेबिड कुस्माको सहभागिता थियो ।

## सिज: फल्चा (पाटी) को शिलान्यास




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपा वडा नं. १० सुकुनाफाँटस्थित सिज: फल्चा (पाटी) को चैत १४ गते शिलान्यास गर्नुभयो ।

फल्चा शिलान्यास गर्दै नगर प्रमुख प्रजापतिले भक्तपुरका ठाउँहरूको प्राचीन नामको संरक्षण गर्नु हाम्रो दायित्व भएको बताउँदै भक्तपुरको पहिचान जोगाउन यहाँको धार्मिक, सांस्कृतिक र ऐतिहासिक महत्व भएका टोल, बस्ती, मठ, मन्दिर, सत्तल , पाटी आदिको प्राचीन नामको संरक्षण हुनु जरुरी रहेको बताउनुभयो ।

नगरका हरेक पाटीसँगै पानीको स्रोत रहने गरेको उल्लेख गर्दै उहाँले सम्पदा संरक्षणको महत्त्वपूर्ण पक्षको रूपमा नगरपालिकाले नगरभरिका फल्चा पुन:निर्माणलाई अगाडि बढाउँदै आएको हो भन्नुभयो ।

प्रमुख प्रजापतिले सम्पदा संरक्षणलाई भक्तपुर नपाले सामाजिक सम्पत्तिको रूपमा ग्रहण गर्दै महत्त्वका साथ जीर्णोद्धार र पुन:निर्माण गर्दै आएको बताउँदै भक्तपुरका मूर्त र अमूर्त सम्पदा संरक्षणकै कारण भक्तपुर आज संसारकै उत्कृष्ट गन्तव्यस्थलको रूपमा विकास भएको बताउनुभयो ।

हाम्रो ठाउँको विकास हामी आफैले गर्ने हो, अरुले विकास गरिदिन्छ भन्ने परनिर्भर सोचबाट हामी मुक्त हुनुपर्ने बताउँदै उहाँले फल्चा पुन:निर्माण गुणस्तरीय ढङ्गले निर्धारित समयमै सम्पन्न गर्नेतर्फ जोड दिन आग्रह गर्नुभयो ।

भक्तपुर नपा वडा नं. १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौंमिखाले वडा नं. १० मा ५४ वटा पाटी रहेको बताउँदै सिज फल्चा पाटी पुन:निर्माणसँगै छालिङवासी र यहाँका किसानहरू बढी लाभान्वित हुने बताउनुभयो । उहाँले वडामा अवस्थित पोखरीलाई पुन: जीवन दिने काम वडाले गर्दै आइरहेको बताउँदै फल्चा पुन:निर्माणको काम निर्धारित समयमै सम्पन्न गर्न उपभोक्ता समितिलाई आग्रह गर्नुभयो ।

कार्यक्रममा पूर्ववडाध्यक्ष चन्द्रबहादुर उलकले भक्तपुर नपाले प्राथमिकताका साथ भक्तपुरका सबै सम्पदाहरूको पुन:निर्माण र जीर्णोद्धार कार्य गर्नु प्रशंसनीय भएको बताउनुभयो ।

समाजसेवी न्हुछेभक्त फाँजुले नगरपालिकाको गतिविधिको आय र व्यय पारदर्शी बनाउन अनुरोध गर्दै सुकुनाफाँटमा नयाँ बस्ती वृद्धि हुने क्रममा रहेको हुँदा यहाँको ऐतिहासिक र पुराना ठाउँको नाम नामाकरण गर्नुपर्ने बताउनुभयो ।

सम्पदा शाखा प्रमुख ई. रामगोविन्द श्रेष्ठले फल्चाको ऐतिहासिक पक्षमाथि प्रस्ट पार्दै फल्चा पुन:निर्माणमा स्थानीय जनताबाट आर्थिक सहयोग र जनश्रमदानको अपेक्षा रहेको बताउनुभयो । फल्चा पुन:निर्माणपश्चात यहाँका स्थानीयले यसको संरक्षण संवर्द्धनमा विशेष जोड दिनुपर्नेमा उहाँले जोड दिनुभयो ।

कार्यक्रममा फल्चा पुन:निर्माण उपभोक्ता समितिका अध्यक्ष ज्ञानकुमार मगजु, भनपा वडा नं. १० का वडा सदस्य जितेन्द्र मुनंकर्मी र कृष्णनारायण दुमरुले पनि बोल्नुभएको थियो ।

## भक्तपुरको प्रसिद्ध बिस्का जात्रा सभ्य, भव्य र शान्तिपूर्ण तरिकाले सञ्चालन गर्न सरोकारवालाहरूसँग बैठक



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा नजिकिँदै गरेको भक्तपुरको प्रसिद्ध बिस्केट जात्रा सभ्य, भव्य र शान्तिपूर्ण तरिकाले सञ्चालन गर्न चैत १४ गते सरोकारवालाहरूसँगको बैठक भक्तपुर नपाको सभाकक्षमा सम्पन्न भयो ।

बैठकमा प्रमुख प्रजापतिले २०८१।८२ को बिस्का जात्रा निर्धारित समयमा सुरक्षित ढङ्गले सम्पन्न गर्न सम्बन्धित सरोकारवालाहरूले आ-आफ्नो तर्फबाट आवश्यक भूमिका निर्वाह गर्न आग्रह गर्नुभयो । उहाँले २०८१ चैत २८ गतेदेखि २०८२ वैशाख ५ गतेसम्म सञ्चालन हुने ८ रात ९ दिनको भक्तपुरको प्रसिद्ध बिस्का जात्रा देशी विदेशीको साझा जात्राको रूपमा रहेको बताउनुभयो ।

बैठकमा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले गत वर्षजस्तै यस वर्षको बिस्का जात्रालाई पनि शान्तपूर्ण ढङ्गले सम्पन्न गर्न सरोकारवालाहरूबाट साथ र सहयोग रहने विश्वास व्यक्त गर्नुभयो ।

जिल्ला प्रशासन कार्यालय भक्तपुरका प्रजिअ गोपालप्रसाद अर्याललले भक्तपुर नपाले अपनत्व ग्रहण गरी बिस्का जात्रालाई शान्तिपूर्ण बनाउने प्रयास सराहनीय भएको बताउँदै देशकै गौरवको रूपमा रहेको बिस्का जात्रालाई सबैको सहयोगमा सभ्य र भव्य रूपमा सम्पन्न गर्नुपर्ने बताउनुभयो ।

बैठकमा गुठी संस्थान भक्तपुरका प्रमुख खिमा ओलीले गुठी संस्थान कार्यालयले बिस्का जात्राबारे गुठी संस्थानको हालसम्मको तयारीबारे गराउनुभयो ।

बैठकमा भक्तपुर नपाका जनप्रतिनिधि, राष्ट्रिय अनुसन्धान विभाग, सशस्त्र प्रहरी बल, नेपाल टेलिकम, काठमाडौं उपत्यका खानेपानी लिमिटेड, नेपाल विद्युत प्राधिकरण, नेपाल रेडक्रस सोसाइटी, भैरवनाथ जात्रा सहयोग समिति, अस्पतालहरूका प्रतिनिधि र जात्रासँग सम्बन्धित सरोकारवालाहरूको उपस्थिति रहेको थियो भने बिस्का जात्रा व्यवस्थापनबारे आ-आफ्नो तर्फबाट हुने सहयोग र तयारीबारे बैठकमा अवगत गराउनुभयो ।

बिस्केट जात्रा सञ्चालन गर्ने विषयमा जात्रासँग सम्बन्धित सरोकारवालाबिच भएका महत्त्वपूर्ण निर्णयहरू :

१. यस वर्षको बिस्का जात्रा शान्तिपूर्ण र भव्यताका साथ सम्पन्न गर्न जात्रा सञ्चालन हुने सम्पूर्ण क्षेत्रहरूको सरसफाइ र आवश्यक व्यवस्थापन तथा प्रचारप्रसारलगायत सरकोकारवालाहरूसँग समन्वय गर्ने कार्य भक्तपुर नगरपालिकाले गर्ने निर्णय गऱ्यो ।

२. बिस्का जात्रा अवधिभर नगर क्षेत्रको शान्ति सुरक्षाको व्यवस्था जिल्ला प्रशासन कार्यालय, भक्तपुर र जिल्ला प्रहरी परिसर भक्तपुरलगायत सुरक्षा निकायले पारस्परिक समन्वयमा प्रभावकारी ढङ्ले मिलाउने निर्णय गऱ्यो ।

३. बिस्का जात्रासम्बन्धी सम्पूर्ण पूजाआजा र जात्रा समयमै सुरु र सम्पन्न गर्न आवश्यक तयारीको लागि गुठी संस्थान शाखा कार्यालय, भक्तपुरलाई जिम्मा दिने निर्णय गऱ्यो ।

४. बिस्का जात्रासँग सम्बन्धित पूजाआजा र आवश्यक तयारीको लागि भैल नायोहरू र भद्रकाली अजिमा गुठियारहरू, जात्रा व्यवस्थापन समिति र सम्बन्धित वडा कार्यालयलाई जिम्मेवारी दिने निर्णय गऱ्यो ।

५. बिस्का जात्रा सञ्चालन हुने नगरका सम्पूर्ण क्षेत्रहरूमा रहेको तार, केबुल र फाइबर नेटका केबुलहरू व्यवस्थित गर्न सम्बन्धित सेवा प्रदायकहरूलाई जिम्मेवारी दिने र आवश्यक सहजीकरण नगरपालिकाले गर्ने निर्णय गर्यो ।

६. बिस्का जात्रा सञ्चालन हुने दिनहरूमा नगर क्षेत्रमा रहेका अस्पतालहरूका एम्बुलेन्स, दमकल तथा विपद् पूर्वतयारीका सामानहरू तयारी अवस्थामा राख्न नेपाल रेडक्रस सोसाइटी, भक्तपुरले आवश्यक व्यवस्थापन गर्ने र अस्पतालको इमर्जेन्सी वार्डमा स्वास्थ्यकर्मीहरूलाई सतर्क अवस्थामा राख्न नगरपालिकाले आवश्यक समन्वय गर्ने निर्णय गऱ्यो ।

७. बिस्का जात्रा अवधिभर जात्रामा अत्याधिक भीड हुने दिनहरू २०८१ चैत ३१, २०८२ वैशाख १ र ५ गते भीड हुने स्थानहरूमा स्वयम्सेवकहरू खटाई आवश्यक व्यवस्थापन गर्ने निर्णय गऱ्यो ।

८. बिस्का जात्राको क्रममा सडकमा सवारी साधन व्यवस्थित गर्न ट्राफिक कार्यालय, भक्तपुरलाई जिम्मेवारी दिने निर्णय गऱ्यो ।

९. खानेपानी व्यवस्थापन केयूकेएललाई र विद्युत प्रशारणमा कुनै किसिमको समस्या आउन नदिन नेपाल विद्युत प्राधिकरण, भक्तपुर शाखालाई जिम्मेवारी दिने निर्णय गऱ्यो ।

## ६८ औं सहकारी दिवसको अवसरमा प्रवचन कार्यक्रम

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले सहकारी संस्थाहरूले उत्पादनमूलक क्षेत्रमा लगानी गर्नुपर्नेमा जोड दिनुभयो ।



भक्तपुर नगरपालिकाको आयोजनामा ६८ औँ राष्ट्रिय सहकारी दिवसको अवसरमा चैत २० गते सम्पन्न प्रवचन कार्यक्रममा उहाँले सहकारी संस्थाहरूको प्रमुख समस्या अनुत्पादनशील क्षेत्रमा लगानी गर्नु हो भन्नुभयो ।

प्रमुख अतिथि बिजुक्छेँले समुदायमा आधारित सहकारी संस्थाले पैसा लेनदेनमा मात्र सीमित नरही कृषि, स्वास्थ्य, ज्येष्ठ नागरिक लक्षित आदर निकेतन सञ्चालन, गरिबलाई छात्रवृत्ति, तालिमलगायतका सामूहिक हितका लागि काम गर्नुपर्ने बताउनुभयो ।

शासक दलका व्यक्तिहरूले नै सहकारीको रकम अपचलन गरी तिनीहरूलाई नै प्रश्रय दिइरहेको हुँदा सर्वसाधारणले आफूले बचत गरेको रुपैयाँ जोखिममा परेको बताउँदै उहाँले चीनले सहकारीले व्यापक जनतालाई सचेत र सङ्गठित पार्ने काम गर्दै आएकोले सहकारी चीनको लागि आर्थिक र सामाजिक विकासको क्रान्ति ल्याउने माध्यम बनेको चर्चा गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सहकारी संस्थाले बैङ्क तथा वित्तीय संस्थाले जस्तै काम गर्न नहुने उल्लेख गर्दै समुदायको हित र सिङ्गो समाज उत्थानमा सहकारीको अहम् भूमिका हुनुपर्ने बताउनुभयो ।

उहाँले भक्तपुर नपाले जनताको बचत रकम सुरक्षित गर्न नगरभित्र कार्यक्षेत्र नभएका सहकारीहरूलाई पत्रपत्रिका र अनलाईनमार्फत सचेत गरेको बताउँदै अधिकांश सहकारी संस्थाहरूले उत्पादनमूलक क्षेत्रमा लगानी गर्नु भन्दा पनि घरजग्गामा लगानी गरेको अनुगमनको क्रममा भेटिएको चर्चा गर्नुभयो ।

भक्तपुर नपाले सङ्कटको समयमा सहकारी संस्थाहरूसँग समन्वय गरी काम गर्दै आएको स्पष्ट पार्दै उहाँले सहकारीले बालबालिका र ज्येष्ठ नागरिकलाई लक्षित गरी गतिविधिहरू सञ्चालनमा जोड दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा उपप्रमुख रजनी जोशीले सहकारी संस्थाले जनताको अभिभावकत्व ग्रहण गरी गरिब जनताको साथीको रूपमा काम गर्नुपर्ने बताउँदै सहकारी संस्था स्थापनाको ६८ वर्ष पार गरिसक्दा पनि सहकारीहरूमा विकृतिहरू यथावत रहेकोमा चिन्ता व्यक्त गर्नुभयो ।

कार्यक्रममा भनपा २ का वडाध्यक्ष एवम् सहकारी समितिका संयोजक हरिप्रसाद बासुकलाले सहकारी स्थापनाको इतिहासबारे प्रस्ट पार्दै वित्तीय तथा आर्थिक अनुशासन, सहकारी सिद्धान्त र मूल्य मान्यतामा सञ्चालित सहकारीहरूमा कुनै समस्या नहुने बताउनुभयो ।

कार्यक्रममा नगरपालिकाका प्रशासकीय अधिकृत वसन्त भट्टराईले सहकारीमा देखिएका चुनौती र समस्याहरूबारे प्रस्ट पार्नुभयो । उक्त कार्यक्रममा सहकारी अनुगमन समितिका हरिरत्न गोर्खाली र नारायणप्रसाद त्वानाबासुले पनि बोल्नुभएको थियो ।

भक्तपुर नपाबाट प्रकाशित

शिक्षा सम्बन्धी पुस्तक




पढ्नुहोस्, पढाउनुहोस् ।

# शैक्षिक गतिविधि

## विद्यालय शिक्षा पाठ्यक्रमबारे अन्तरक्रिया




भक्तपुर नगरपालिका नगर शिक्षा शाखा, विद्यालय अनुगमन तथा प्राविधिक सहयोग समितिको आयोजनामा नगरपालिका सभाकक्षमा 'विद्यालय शिक्षा पाठ्यक्रमसम्बन्धी अन्तरक्रिया कार्यक्रम' चैत १ गते सम्पन्न भयो।

कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिले नेपाली पाठ्यक्रमबाट प्रशिक्षित विद्यार्थीहरू किन, कसरी विदेशमुखी भए भन्नेबारे सोच्नुपर्ने बेला भएको छ भन्दै पढ्नकै लागि ठूलो सङ्ख्यामा नेपाली युवा-विद्यार्थी बिदेसिनु हाम्रो लागि चिन्ताको विषय हो भन्नुभयो।

कृषिप्रधान देशमा कृषिजन्य वस्तुमात्र वर्षको खबौँको आयात गर्नुपर्ने भनेको देशकै लागि दुर्भाग्य हो भन्दै उहाँले हामीले उत्पादन गर्ने मिहिनेती विद्यार्थी विदेशीको सेवामा दास नहोस् भनेर सरोकारवाला हामी सबैले चिन्तन गर्नुपर्ने बेला आएको छ भन्नुभयो।

उच्च शिक्षामा विद्यार्थीहरू पाठ्यक्रम पुरानो भएको एकातिर गुनासो गर्छन् भने विद्यार्थीको चाहनाअनुरूपको विषय पढाउन खोज्दा विश्वविद्यालयले सम्बन्धन नै नदिनाले पनि नेपाली विद्यार्थीहरू बिदेसिन बाध्य भएको चर्चा गर्दै उहाँले देशको लागि आवश्यक जनशक्ति उत्पादन गर्न युग अनुकूल पाठ्यक्रम सुधार हुनुपर्नेमा जोड दिनुभयो।

उहाँले भन्नुभयो, "एआईले शिक्षकमाथि चुनौती थपिएको छ। शिक्षकहरू त्यहीअनुसार सक्षम हुनुपर्छ। हामीबाट उत्पादित विद्यार्थी हाम्रै देशको निम्ति होस्। देशलाई हरेक क्षेत्रमा आत्मनिर्भर बनाउने प्रयास गरौँ। हाम्रो पाठ्यक्रम व्यावहारिक होस्। हामीले भक्तपुर नगरपालिकाका विद्यालयहरूमा यसलाई ध्यानमा राखी स्थानीय पाठ्यक्रम लागु गरेका छौँ।"

कार्यक्रममा पाठ्यक्रम विकास केन्द्र सानोठिमीका महानिर्देशक इमनारायण श्रेष्ठले आगामी नयाँ शैक्षिक सत्रदेखि विद्यार्थीको घरायसी कार्यलाई समेत विद्यार्थी मूल्याङ्कनको आधार बनाउन लागेको हुँदा सरोकारवालाहरूसँग विचार विमर्श गरिरहेको बताउनुभयो।

'विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६' मा ४८ वटा गुणले युक्त विद्यार्थी उत्पादन गर्ने उद्देश्य भए पनि सोसम्बन्धी देशव्यापी रूपमा आवश्यक प्रबोधीकरण नहुँदा उद्देश्य पूरा नभएको स्वीकार्दै उहाँले भन्नुभयो, "पाठ्यक्रम प्रारूपमा तय भएका उद्देश्य पूरा गर्ने देशमा आवश्यक मेकानिज्म नै छैन। अहिले त्यसैलाई सम्बोधन गर्न खोजिएको छ।"

उद्देश्यमा 'श्रमप्रति सम्मान गर्ने जनशक्ति उत्पादन गर्ने' भनिए पनि पाठ्यक्रममा श्रम गर्ने संस्कारयुक्त मेकानिज्मको अभाव देखिएको हुँदा अब अभिभावकको पेसा व्यवसायको श्रममा छोराछोरीले पुऱ्याएको योगदानको आधारमा पनि विद्यार्थीको मूल्याङ्कन गरिने उहाँले प्रस्ट पार्नुभयो।

त्यस्तै 'तार्किक सोचको विकास गर्ने' त भनिएको छ तर कसरी गर्ने भन्ने नभएकोले अब पाठ्यपुस्तकभन्दा बाहिरबाट पनि प्रश्न सोधिने र त्यसमा विद्यार्थीले आ-आफ्नै ढङ्गले तार्किक उत्तर दिन सकिने पनि उहाँले उदाहरणसहित बताउनुभयो।

उहाँले आधारभूत तहको शिक्षा अनिवार्य मात्र होइन, सीपसहितको अनिवार्य गर्न खोजिएको भन्दै बिनासीप जसरी भए पनि ग्रेड बढाउने प्रयास विद्यार्थीमाथि अन्याय हो भन्नुभयो।



वडा नं. ५ का वडाध्यक्ष एवम् अनुगमन समितिका अध्यक्ष योगेन्द्रमान बिजुक्छेँको सभापतित्वमा भएको उक्त कार्यक्रममा समितिका सदस्यद्वय ज्ञानसागर प्रजापति र रोशनराज तुइतुईले पनि बोल्नुभएको थियो। कार्यक्रममा सहभागी शिक्षकहरूले पाठ्यक्रममा देखिएका विभिन्न व्यवहारिक समस्याबारे जिज्ञासा राख्नुभएको थियो। कार्यक्रममा नगरका सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापक/प्रिन्सिपलहरूको सहभागिता थियो।

## समयानुकूल स्थानीय पाठ्यक्रम परिमार्जन गर्नुपर्ने



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा स्थानीय पाठ्यक्रम 'ख्वपको पहिचान' परिमार्जनबारे परामर्श तथा कार्यशाला गोष्ठी चैत ७ गते सम्पन्न भयो ।

उहाँले स्थानीय भूगोल, इतिहास र संस्कृतिबारे युवा युस्तालाई जानकारी दिन स्थानीय पाठ्यक्रम आवश्यक रहेको बताउनुभयो । प्रमुख अतिथि प्रजापतिले राष्ट्रिय पाठ्यक्रम समानुकूल परिवर्तन नहुँदा नयाँ पुस्ता बिदेसिँदै गएकोमा चिन्ता व्यक्त गर्नुभयो ।

उहाँले पाठ्यक्रम परिवर्तनशील हुनुपर्छ, समयअनुसार पाठ्यक्रम परिवर्तन गर्नु उपयुक्त हुन्छ भन्ने विचार व्यक्त गर्दै पाठ्यक्रमको उद्देश्य विद्यार्थीहरूलाई स्थानीय विषयबारे थप ज्ञान दिने र सही दिशा निर्देश गर्ने रहेको बताउनुभयो ।

उहाँले भक्तपुर नगरभित्र अध्ययनरत हजारौँ विद्यार्थीलाई स्थानीय सीप, सम्पदा, संस्कृति र मौलिकताबारे ज्ञान दिन सके ती विद्यार्थीहरूले भक्तपुरको कला संस्कृतिबारे राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा प्रचार प्रसार हुने बताउँदै गैरनेवार विद्यार्थीहरूले नेवारी संस्कृति प्रस्तुति गर्नु खुसीको कुरा हो भन्नुभयो ।

प्रमुख अतिथि प्रजापतिले प्रयोगमा ल्याइएन भने हरेक भाषा, संस्कृति हराउँदै जाने हुँदा अन्तर्राष्ट्रिय विषयसँगै स्थानीय विषयमा पनि युवा पुस्तालाई अध्ययन गर्न जोड दिनुपर्ने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले स्थानीय तहलाई स्थानीय पाठ्यक्रम लागु गर्न पाउने संवैधानिक अधिकारलाई प्रयोग गर्दै भक्तपुर नगरपालिकाले देशमै पहिलो पटक कक्षा १ देखि ८ सम्म चरणबद्ध रूपमा स्थानीय पाठ्यक्रम लागु गर्दै आएको जानकारी दिनुभयो । उहाँले पाठ्यक्रममा स्थानीय भाषा र लिपिलाई समोवश गर्दै स्थानीय परिवेशअनुसारको स्रोत साधनको उपयोग तथा जीवनोपयोगी विषयलाई समेट्दै पाठ्यक्रम परिमार्जन गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा पाठ्यक्रम निर्माण कार्यदलका सदस्यहरू सिद्धिरत्न शाक्य र रोशनराज तुईतुईले पाठ्यक्रम परिमार्जनको आवश्यकता र औचित्यताबारे बोल्नुभएको थियो । कार्यक्रममा देवचन्द्र बज्राचार्य, सुगतरत्न बज्राचार्य, सुवेगमान बिजुक्छेँ, धर्मचन्द्र ब्रजाचार्य, दामोदर सुवाललगायत ३१ जना विषय विज्ञहरूले स्थानीय पाठ्यक्रम परिमार्जन गर्न आ-आफ्ना सुझावहरू दिनुभयो ।

## समाजलाई आमूल परिवर्तनको लागि निःस्वार्थपूर्वक सेवा गर्नुपर्ने




ख्वप माध्यमिक विद्यालय, ख्वप कलेज, शारदा क्याम्पस मा.वि. र ख्वप कलेज अफ लमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको भेला चैत ११ गते सम्पन्न भयो ।

अन्तर्राष्ट्रिय श्रमिक दिवसको सन्दर्भ एवं समसामयिक विषयमा जानकारी दिने उद्देश्यले भएको उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले हरेक घटना र विचारलाई व्यापक दृष्टिकोणले हेर्नु जरूरी भएको बताउनुभयो ।

देश र जनताको इमानदारीपूर्वक सेवा गर्ने लक्ष्य लिएकाहरूलाई पुँजीवादी बन्दोबस्तमा सहजरूपमा काम गर्न नदिने भएकोले नै सङ्घर्षको सहारा लिनुपर्ने धारणा उहाँले व्यक्त गर्नुभयो ।

"पुँजीवादी दृष्टिकोणका शासकबाट कामदार जनताको हित हुनेछैन । सङ्घर्षबिना आमूल परिवर्तन सम्भव नहुने भएकोले क्रान्तिको आधारशीला तयारी गर्नु सच्चा देशभक्तहरूको कर्तव्य हो", अध्यक्ष बिजुक्छेँले भन्नुभयो ।

नैतिक, बौद्धिक र शारीरिकरूपमा सक्षम भएमात्र विरोधीहरूसँग प्रतिस्पर्धा गर्न सकिने भएकोले हाम्रा कलेजले नयाँ पुस्तालाई हरेक क्षेत्रमा अब्बल बनाउनु जरूरी भएको उहाँले बताउनुभयो ।

समाजलाई आमूल परिवर्तनको लागि निःस्वार्थपूर्वक सेवा गर्ने नयाँ पुस्ता तयार गर्नु ख्वप कलेजहरूको उद्देश्य हुनुपर्ने




उल्लेख गर्दै अध्यक्ष बिजुक्छेँले हामीले गर्ने हरेक गतिविधि समाज र राष्ट्रको योगदानमा टेवा पुग्ने खालको हुनुपर्छ भन्नुभयो।

समाजवाद आउन एक ऐतिहासिक युग लाग्न सक्ने भएकोले अहिलेदेखि नै गतिविधिमार्फत सङ्घर्षलाई निरन्तरता दिनुपर्नेमा जोड दिँदै अध्यक्ष बिजुक्छेँले भन्नुभयो, "हाम्रो गतिविधि र आचरण समाजवादी विचारधारासँग मिल्नु जरूरी छ। समाजवादी विचारधाराले तडकभडकलाई निरूत्साहित र शारीरिक श्रमलाई सम्मान गर्नुका साथै उत्पादनलाई प्राथमिकतामा राख्छ।"

आत्मसमीक्षा, आलोचना र आत्मालोचना जरूरी भएको उल्लेख गर्दै उहाँले भन्नुभयो, "व्यक्तिगतभन्दा सामूहिक हितलाई प्राथमिकतामा राख्नुपर्छ; व्यक्तिवादी सोच र प्रवृत्ति त्याग्नु जरूरी छ। नैतिकरूपमा पतन हुनु ठुलो खतरा भएकोले नैतिक मूल्य-मान्यतालाई जोगाउनु जरूरी छ। खराब विचार मनमा आउनु पनि गलत हो। प्राचार्यदेखि कर्मचारीहरूले आर्थिक अनुशासनमा रही काम गरेकै कारण ख्वप कलेजप्रति जनताको विश्वास बढेको हो।"

सङ्गठनले दिएको जिम्मेवारीलाई इमानदारीपूर्वक पालना गर्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले जिम्मेवारीबाट पन्छिने भगुवा प्रवृत्तिको आलोचना गर्नुभयो।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, "समाजवादी शिक्षाको लागि ख्वप विश्वविद्यालय स्थापना गर्नु जरूरी छ। हामी नाफाको लागि होइन, परल मूल्यमा गुणस्तरीय शिक्षा दिन ख्वप विश्वविद्यालय स्थापना गर्छौं। समर्थक र शुभचिन्तकहरूबाट पार्टीलाई प्राप्त सहयोगबाट पार्टीले पुस्तक र पत्रिकाहरू प्रकाशन गरी जनतालाई राजनीतिकरूपमा सचेत पार्ने काम गर्दै छ। हामीले गर्ने हरेक गतिविधिले जनतालाई निरास होइन; ऊर्जा दिइरहेको छ।"

भक्तपुर नगरपालिकाका प्रमुख एवं कलेज/विद्यालय सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले भनपाबाट सञ्चालित कलेजहरू जनताको कलेज भएकोले विद्यार्थीको उज्ज्वल भविष्य र अभिभावकहरूको मन जित्ने गरी शिक्षा दिनु जरूरी छ भन्नुभयो।

हाम्रो मूल्याङ्कन आफूले भन्दा अरू पक्षबाट हुने चर्चा गर्दै प्रमुख प्रजापतिले भन्नुभयो, "भक्तपुर नगरपालिकाले देश र जनताको पक्षमा गरेका कामको मूल्याङ्कन अहिले बिस्तारै हुँदै छ।"

कामदारवर्गका जनतालाई शिक्षाबाट वञ्चित गर्ने बदनियतकै कारण ख्वप विश्वविद्यालयको विधेयक पारित नगरेको स्पष्ट पार्दै उहाँले ख्वप विश्वविद्यालयलाई स्वीकृति दिन सरकारलाई बाध्य पार्ने परिस्थिति बनाउनेतर्फ हाम्रा कलेजहरूको गतिविधि केन्द्रित हुनु जरूरी छ भन्नुभयो।

जनतालाई अगाडि बढ्न नदिने उद्देश्यका साथ शासक पार्टीहरूले षड्यन्त्रमूलक ढङ्गमा दुईदलीय तानाशाही ल्याउन खोज्दै छन्। निर्वाचन आयोगको हालै प्रकाशित विज्ञप्तिमार्फत मतसीमा (थ्रेसहोल्ड) का आधारमा राष्ट्रिय र प्रादेशिक पार्टीको प्रावधान ल्याउन खोज्नु प्रजातन्त्रको भावनाविपरीत छ। जनताले तिरेको करलाई प्राप्त मतको आधारमा राजनीतिक पार्टीलाई अनुदान दिने नीति राजस्व दुरूपयोग हो र अन्ततः यसले दुईदलीय तानाशाही निम्त्याउँछ, प्रमुख प्रजापतिले भन्नुभयो।

शासक पार्टीहरू सङ्घीयतालाई कार्यान्वयन गर्न नचाहेको स्पष्ट पार्दै उहाँले सङ्घीयताको मर्मअनुसार स्थानीय तहलाई स्वायत्त बनाउनुपर्ने र विकास निर्माणका कामहरू स्थानीय तहमार्फत गराउनुपर्नेमा जोड दिनुभयो।



सरकारको गलत शिक्षा नीतिकै कारण ५ सयभन्दा बढी कलेजहरू बन्द हुने स्थितिमा पुगेको प्रमुख प्रजापतिले बताउनुभयो।

भक्तपुर नगरपालिकाका उपप्रमुख एवं कलेज/विद्यालय सञ्चालक समितिका उपाध्यक्ष रजनी जोशीले महिला अधिकारको लागि नभई समाज परिवर्तनको लागि समाजवादी व्यवस्था स्थापना गर्नु जरूरी भएको बताउनुभयो।

समाजवादी व्यवस्थामा मात्र महिलाको मुक्ति सम्भव छ भन्ने यथार्थ सोभियत सङ्घ, प्रजग कोरिया र क्युबाको समाजवादी क्रान्तिले प्रमाणित गरेको उहाँले बताउनुभयो।

महिलालाई आरक्षणभन्दा अवसर र शिक्षा दिनुपर्ने आवश्यक भएको उल्लेख गर्दै उपप्रमुख जोशीले भनपाले समाजवादी आधारशीला निर्माण गर्ने कार्यहरू गर्दै आएको

बताउनुभयो ।

ख्वप कलेजका प्राचार्य प्रकाशकुमार श्रेष्ठले जीवनमा आइपर्ने उत्तारचढावमा संयमित भएर अघि बढ्न सकेमात्र सफल हुने बताउनुभयो ।

उहाँले भन्नुभयो, "हाम्रो शिक्षण पद्धतिमा युग सुहाउँदो हुने गरी हेरफेर गर्नु आवश्यक छ । सांस्कृतिक विविधताप्रति हामी सचेत हुनु जरूरी छ ।"

ख्वप कलेज अफ लका प्राचार्य अनिता जधारीले अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको महत्त्वबारे स्पष्ट पार्दै महिला दिवसलाई समाजवादी आन्दोलनको रूपमा विकास गर्नु जरूरी भएको बताउनुभयो ।

कार्यक्रममा ख्वप मा.वि.का प्राचार्य लक्ष्मीप्रसाद कर्माचार्य र बीए तथा एमए अङ्ग्रेजीका इन्चार्ज कमिनिका न्याइच्याईले पनि बोल्नुभएको थियो ।

## इन्जिनियर समाज नेपालको केन्द्रीय कार्य समिति पुनः गठन




इन्जिनियर समाज नेपालको केन्द्रीय कार्य समितिको चैत १६ गते पुनः गठन भयो ।

भक्तपुरमा सम्पन्न इन्जिनियरहरूको भेलाले नरेश खत्रीको अध्यक्षतामा नयाँ कार्यसमिति गठन गरेको हो । बैठकले प्रदेशहरूमा समाजको सङ्गठन विस्तारको लागि प्रदेश समन्वयको जिम्मेवारी पनि तोकेको छ ।

उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवं प्रतिनिधिसभा सदस्य प्रेम सुवालले इन्जिनियरिङ सेवामा लागेकाहरू विकास निर्माणको काममा निःस्वार्थपूर्वक लाग्नु जरूरी भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "भर्खरै म्यान्मा र थाइलैन्डमा गएको भूकम्पबाट के-कति क्षति भयो, क्षति हुनुमा संरचना निर्माणमा कसको के-कति अंश जिम्मेवार छ आदिबारे स्पष्ट हुनेगरी अनुसन्धानमूलक लेखहरू तयार गरी नेपाली जनतालाई सुसूचित गर्नु उपयुक्त हुनेछ ।"

डण्डी र सिमेन्टको मूल्यवृद्धिले सर्वसाधारण जनता मारमा परेको चर्चा गर्दै सांसद सुवालले भन्नुभयो, "मूल्यवृद्धि हुनुको यथार्थ कारणबारे खोजी गर्नु आवश्यक छ । उद्योगमन्त्रीले मूल्यवृद्धिको समर्थन गर्नु मिलेमतो नै हुनुपर्दछ ।"

उहाँले भन्नुभयो, "प्रधानमन्त्री, अर्थमन्त्री र नेपाल विद्युत् प्राधिकरणका कार्यकारी अधिकृतबिचको विवाद विदेशी पुँजीको ठाउँमा नेपाली पुँजी परिचालन गर्ने, भ्रष्टाचारको विरोध गर्ने, अमेरिकी स्वार्थको लगानी तथा अमेरिकी कानुन र नीति पालना गर्नुपर्ने एमसीसी सम्झौता खारेज गर्नेबारे होइन, मिलेमतोमा राज्यलाई दोहन गर्ने नै हुनुपर्दछ । एमसीसीलाई समर्थन गर्नेहरू सबै नेपाली जनताका शत्रु हुन् । हाल ८० प्रतिशत नेपालीले मात्र बिजुली पाएका छन् ।"

भक्तपुर नगरपालिकाका प्रमुख एवम् नेमकिपाका केन्द्रीय सदस्य सुनिल प्रजापतिले दलीय व्यवस्थामा पार्टीको आ-आफ्नो विचार र सिद्धान्त हुने चर्चा गर्दै सिद्धान्तबिनाको पार्टी मानिसको भिडमात्र हुने धारणा राख्नुभयो ।

उहाँले भन्नुभयो, "एमालेको जनताको बहुदलीय जनवाद र माओवादीको एक्काइसौँ शताब्दीको जनवाद चुनावबाटै समाजवाद स्थापना गर्ने मार्क्सवादविपरीत संशोधनवादी विचार हो । संशोधनवाद पुँजीवाद हो । नेमकिपा त्यसको विरूद्ध सैद्धान्तिक सङ्घर्ष गर्दै समाजवाद प्राप्तिको बाटोमा अगाडि बढ्दै छ ।"

इन्जिनियर बौद्धिक समुदाय भएकोले आफ्नो क्षमताअनुसार देश र जनताको सेवामा लाग्नुपर्ने आवश्यकता औँल्याउँदै प्रमुख प्रजापतिले सङ्गठनमा लाग्नुको उद्देश्य पद र पैसाको लागि नभई पार्टी नीतिअनुसार बहुमत जनताको हितमा काम गर्नु हुनुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "निर्वाचनलाई नेमकिपाले जनताको चेतनास्तर उठाउन र वर्गसङ्घर्षको रूपमा उपयोग गर्दै आएको छ । पुँजीवादीहरू क्रान्तिकारीहरूलाई सजिलै चुनाव जित्न नदिन थ्रेसहोल्ड (मतसीमा) जस्ता अप्रजातान्त्रिक बन्दोबस्त ल्याएर जनताको मतलाई कुन्ठित गर्ने षड्यन्त्र बुन्दै रहेकोले सचेत हुनु जरूरी छ ।"

प्रमुख प्रजापतिले भन्नुभयो, "राजनीतिक दलसम्बन्धी कानुन संशोधन गर्न खोजेर अहिले देशमा दुईदलीय तानाशाही लाद्न नेका र एमाले लाग्दै छन् । नेका र एमाले गठबन्धन सरकारले राम्रो काम नगरेकै कारण राजाधरपक्षहरूले टाउको उठाउन थालेका छन् ।"

भक्तपुर नगरपालिकाका उपप्रमुख एवं आर्किटेक इन्जिनियर रजनी जोशीले पुँजीवादी व्यवस्थाकै कारण युवाहरू विचलित भइरहेकाले खबरदारी गर्न इन्जिनियरहरू अग्रसर हुनुपर्ने बताउनुभयो ।

भेलामा वरिष्ठ इन्जिनियर राजेन्द्र हाडा, वरिष्ठ आर्किटेक सरोज वैद्य, ई.सत्यराम ज्याख्व, ई.रूपेश प्रजापतिलगायतले बोल्नुभएको थियो ।

# स्वास्थ्य सेवा

## स्वास्थ्य स्वयम्सेविकाहरूको समीक्षा बैठक



भक्तपुर नगरपालिकाको १० वटै वडाहरूमा परिचालित महिला स्वास्थ्य स्वयम्सेविकाहरूको मासिक समीक्षा बैठक चैत ४ गते सम्पन्न भयो।

## घरदैलो नर्सिङ र विद्यालय नर्सिङ सेवाको समीक्षा बैठक



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा घरदैलो नर्सिङ र विद्यालय नर्सिङ सेवाको फागुन महिनाको मासिक समीक्षा बैठक चैत ५ गते बस्यो।

बैठकमा प्रमुख प्रजापतिले जनताको घरघरमा गई सहज र सुलभ रूपमा जनतालाई स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले भक्तपुर नपाले घरदैलो नर्सिङ सेवा सञ्चालनमा ल्याएको बताउँदै नर्सहरूलाई आफ्नो क्षमता अभिवृद्धि गर्नेतर्फ जोड दिन प्रेरित गर्नुभयो।

भक्तपुर नपाले २०८१ चैतमा पाठेघर र नाक, कान, घाँटीको स्वास्थ्य शिविर सञ्चालन गर्ने तयारी गरिरहेको बताउँदै भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालमा सीटि स्क्यान मेसिन राख्ने प्रक्रिया अगाडि बढिसकेको धारणा राख्नुभयो।

भक्तपुर नगरपालिकाको घरदैलो नर्सिङ सेवाअन्तर्गत बालबालिका, सुत्केरी महिला र ज्येष्ठ नागरिकहरूलाई स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले यो सेवाको शुभारम्भ भएको बताउँदै उहाँले घरदैलो नर्सिङ र विद्यालय नर्स सेवालाई योजनाबद्ध ढङ्गले अगाडि बढाउने लक्ष्य रहेको स्पष्ट पार्नुभयो।

बैठकमा १० वटै वडाका नर्सहरूले वडावासीहरूको स्वास्थ्य अवस्थाको तथ्याङ्कबारे जानकारी दिएका थिए। सोही क्रममा विद्यालय नर्सका नर्सहरूले पनि आफू कार्यरत विद्यालयमा भएको स्वास्थ्य परीक्षण र विद्यार्थीहरूको स्वास्थ्य अवस्थाबारे जानकारी गराएका थिए।

## भक्तपुरको क्षयरोग नियन्त्रणमा स्वास्थ्य स्वयम्सेविकाहरूको महत्त्वपूर्ण भूमिका



भक्तपुर नगरपालिकाको आयोजनामा विश्व क्षयरोग दिवसको अवसरमा चैत ११ गते स्वास्थ्य स्वयम्सेविका, वडा नर्स र अन्य स्वास्थ्य केन्द्रका सरोकारवालाहरूको उपस्थितिमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरको क्षयरोग नियन्त्रणमा स्वास्थ्य स्वयम्सेविकाहरूको महत्त्वपूर्ण भूमिका रहेको स्पष्ट पार्दै समाजमा पूर्ण रूपमा क्षयरोग निर्मूल नभएसम्म यस रोगको जोखिम रहिरहने बताउनुभयो।

क्षयरोग नियन्त्रण गर्न जनचेतनामूलक कार्यक्रमहरू निरन्तर गरिरहनुपर्नेमा जोड दिँदै उहाँले शरीर रोगी भए पछि जति नै धन सम्पत्ति भए पनि त्यसको कुनै अर्थ नहुने धारणा राख्नुभयो।

नेपालमा ६८ हजार क्षयरोगीमध्ये ४० प्रतिशत स्वास्थ्य उपचारको सम्पर्कमा नआएको तथ्याङ्कले नेपाल क्षयरोगबाट असुरक्षित भएको बताउँदै उहाँले भक्तपुरलाई स्वास्थ्य उपचारमा राम्रो नगरको रूपमा विकास गर्ने सोचका साथ नगरपालिका अगाडि बढिरहेको बताउनुभयो।

भक्तपुर नगरपालिकाबाट सञ्चालित ख्वप अस्पतालले जनताको राम्रो सेवा गरिरहेको र सेवा वृद्धिलाई निरन्तरता दिइरहेको प्रमुख प्रजापतिले बताउनुभयो।

कार्यक्रममा ख्वप अस्पतालका निमित्त मेडिकल

डाइरेक्टर डा. मजेश प्रताप मल्ल र ख्वप अस्पतालका डा. रत्नसुन्दर लासिवाले कुनै बेला खतरनाक मानिने क्षयरोग अहिले भने त्यति भयावह नभएको र नियमित स्वास्थ्य उपचारले यो रोगको उपचार सम्भव भएको उल्लेख गर्दै बदलिँदो जीवनशैली र गलत खानपानका कारण नेपाली समाजमा क्षयरोग ठूलो चुनौतीको रूपमा देखा परेको बताउनुभयो।

कार्यक्रममा ख्वप अस्पतालका नर्स जमुना काफ्लेले क्षयरोगसम्बन्धी भक्तपुरको अवस्थाबारे प्रस्तुति देखाउनुभएको थियो।

## पाठेघरसम्बन्धी स्वास्थ्य शिविर



भक्तपुर नगरपालिका ६ नं. वडा कार्यालयको आयोजनामा भक्तपुर नगरपालिका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भ.न.पा. ६ का वडाध्यक्ष हरिराम सुवालको सभापतित्वमा पाठेघरसम्बन्धी स्वास्थ्य शिविर कार्यक्रम चैत १६ गते सम्पन्न भयो।

उक्त कार्यक्रममा नगर प्रमुख प्रजापतिले दुर्गम जिल्लाका सर्वसाधारण जनता सामान्य उपचारबाट वञ्चित भई अकालबाट मृत्युवरण भइरहेको चर्चा गर्दै सत्तासीन दलहरू गैरजिम्मेवार भइरहेको बताउनुभयो। भक्तपुर नगरपालिकाले शिक्षा र स्वास्थ्यमा विशेष प्राथमिकता दिँदै आएको उल्लेख गर्दै कलेज र ख्वप अस्पताल सञ्चालन यसकै दृष्टान्त हो भन्नुभयो।

शरीर स्वस्थ भएमात्र समाजका लागि केही योगदान गर्न सकिने धारणा व्यक्त गर्दै उहाँले भक्तपुर नगरपालिकाले ख्वप इन्जिनियरिङ कलेजलगायत ७ वटा कलेजहरू सञ्चालन गरी सर्वसाधारण जनताका सन्ततिहरूले न्यून शुल्कमा अध्ययन गर्न पाइरहेको चर्चा गर्नुभयो।

नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर जिल्ला समितिका अध्यक्ष एवं वडा सदस्य गोविन्द दुवालले रोग नै शत्रु हुने बताउँदै एक जना महिला बिरामी हुनु परिवार नै बिरामी भए सरह हुने चर्चा गर्दै महिलाहरूले आफ्नो स्वास्थ्य परीक्षण गराउन लजाउन नहुने बताउनुभयो।

उहाँले समयमै स्वास्थ्य परीक्षण गरे स्वास्थ्य उपचार सहज हुने बताउँदै महिला सचेत हुनु आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो।

समाजसेवी गोपीकृष्ण चाँगुभारीले महिलाहरूले आफ्नो स्वास्थ्य बरोबर परीक्षण गराएर स्वास्थ्य लाभ लिन सकिने बताउँदै भक्तपुर नगरपालिका सञ्चालन गरेको पाठेघरसम्बन्धी स्वास्थ्य शिविर कार्यक्रम सार्थक भइरहेको उल्लेख गर्नुभयो।

कार्यपालिका सदस्य रोशनमैँया सुवालले भक्तपुर नगरपालिकाले नगरवासी महिलाहरूको आर्थिक अवस्था कमजोर भएकाहरूलाई ध्यानमा राखी विभिन्न स्वास्थ्य शिविर कार्यक्रम गर्नुका साथै घरदैलो नर्सिङ कार्यक्रमले थोरै भए पनि स्वास्थ्य लाभ हुने चर्चा गर्नुभयो।

पाठेघरसम्बन्धी स्वास्थ्य शिविर कार्यक्रमका सभापति एवं वडाध्यक्ष हरिराम सुवालले युवाहरू लागूपदार्थ, मादकपदार्थ सेवनमा फसी घरायसी झैं–झगडा बढिरहेको चर्चा गर्दै मादकपदार्थ सेवनबाट टाढा रहनुपर्ने बताउनुभयो। उहाँले वडाको विभिन्न विकास निर्माण कार्यहरूमा वडावासीहरूको साथ, सहयोग र उपभोक्ता समितिमार्फत पारदर्शीरूपमा निरन्तर अगाडि बढिरहेको छ भन्नुभयो।

कार्यक्रममा वडा सदस्य सिद्धिराम अवालले पाठेघर शिविरले स्वास्थ्यलाभ हुने आशा व्यक्त गर्नुभयो।

## वडा नं ५ मा नाक, कान घाँटीको शिविर




भक्तपुर नगरपालिका वडा नं ५ को आयोजनामा नाक, कान, घाँटीसम्बन्धी स्वास्थ शिविर चैत १६ गते सम्पन्न भयो।

शिविरको उद्घाटन गर्दै भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले शिक्षा र स्वास्थ्यलाई भनपाले प्राथमिकतामा राखेर काम गरिरहेको बताउनुभयो।

स्वस्थ भएमात्र समुदाय र देशलाई योगदान गर्नसक्ने भएकोले स्वस्थ हुनु जरूरी भएको चर्चा गर्दै उहाँले भन्नुभयो, "स्वास्थ्य शिविरहरू सञ्चालन हुने बेला सकेसम्म सबै नगरवासीले अवसरलाई उपयोग गर्नु जरूरी छ। अहिले नसर्ने रोगका बिरामीहरूको सङ्ख्या बढिरहेकोले खानपानमा विचार गर्नु जरूरी छ।"

रोगसँग लड्ने क्षमता बढाउन आत्मबल बलियो हुनुपर्ने धारणा राख्दै उहाँले नियमितरूपमा स्वास्थ्य परीक्षण गर्ने बानी बसाल्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

कार्यक्रमका सभापति एवम् वडा नं ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँले अस्पतालमा पनि जान अप्ठ्यारो र जान गाऱ्हो हुने उमेर पुगेका ज्येष्ठ नागरिकहरूको स्वास्थ्यलाई ध्यानमा राखी घर-आँगन नजिकै स्वास्थ्य शिविर सञ्चालन गरेको बताउनुभयो।

कार्यक्रममा सामाजिक कार्यकर्ता पूर्णगोपाल राजचल, स्वास्थ्य स्वयम्सेवी राजमती ढकुछु, वडा नर्स रीतिका फाजुले पनि बोल्नुभएको थियो।

स्वास्थ्य शिविर सञ्चालनको लागि ख्वप अस्पतालका चिकित्सा टोलीले सहयोग गरेको थियो। शिविरमा १३२ ले स्वास्थ्य परीक्षण गराएका थिए।

## भनपाले तथ्याङ्कको आधारमा योजना बनाई काम गर्दै छ



भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप बहुप्राविधिक अध्ययन संस्थानमा प्रमाणपत्र तह नर्सिङ प्रथम वर्ष (२१ औं ब्याच) मा अध्ययनरत विद्यार्थीहरूले भनपा वडा नं. १० को ४ सय घरमा गरेको स्वास्थ्यसम्बन्धी अध्ययनको तथ्याङ्क प्रस्तुतीकरण कार्यक्रम चैत १८ गते सम्पन्न भयो।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको आतिथ्यमा भएको उक्त कार्यक्रममा उहाँले अध्ययन अनुसन्धानबाट प्राप्त सही तथ्याङ्कले योजना बनाउन सहयोग पुग्नुका साथै काम गर्न सहज हुने बताउनुभयो।

उहाँले भन्नुभयो, "भक्तपुर नगरपालिकाले विभिन्न क्षेत्रको तथ्याङ्क लिएर त्यसको आधारमा योजना बनाई काम गरिरहेको छ। घर दैलो नर्सिङ कार्यक्रमबाट धेरै नगरवासी लाभान्वित भइरहेका छन्।"

सङ्कटबाट डराउन नहुने चर्चा गर्दै प्रमुख प्रजापतिले भन्नुभयो, "सङ्कट समाधान गर्न सके नयाँ नयाँ अवसरहरू हासिल हुनेछन्। कोरोना सङ्कटको बेला भक्तपुरवासीले गरेको सहयोगबाट ख्वप अस्पतालमा सञ्चालन भएको अक्सिजन प्लान्टले जनतालाई निःशुल्करूपमा अक्सिजन वितरण भइरहेको छ, यसबाट धेरै जनताले लाभ पाइरहेका छन्।"

अहिले सर्नेभन्दा नसर्ने रोगहरू बढिरहेकोले सजग हुनुपर्ने आवश्यकता औंल्याउँदै उहाँले नियमित खानपिन र व्यायाममा ध्यान दिनुपर्ने सुझाव दिनुभयो।

भनपा वडा नं. १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौमिखाले भनपाले शिक्षा-स्वास्थ्य र सम्पदा संरक्षणलाई प्राथमिकतामा राखी कार्य गरिरहेको बताउनुभयो।

कार्यक्रममा ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. मजेशप्रताप मल्ल, नर्सिङ विभाग प्रमुख ईश्वरी डंगोल, दीपिका कोजु, आर्या मानन्धर, हिमानी दाहाललगायतले बोल्नुभएको थियो।

कार्यक्रममा विद्यार्थीहरूले गीत, नृत्य र नाटक प्रस्तुत गरेका थिए।

## नयाँ वर्ष २०८२ सालको शुभकामना आदान प्रदान तथा मार्गदर्शन कार्यक्रम




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले नेपाल सरकारले भक्तपुर नगरपालिकालाई मेडिकल कलेज खोल्ने अनुमति दिएको भए गरिब जनताका

छोराछोरीहरूले कम शुल्कमा चिकित्साशास्त्र अध्ययन गर्न पाउने र देश र जनताको इमानदारीपूर्वक सेवा गर्ने जनशक्ति तयार हुने बताउनुभयो । उहाँले शासक दलहरू पूँजीपतिवर्ग र मेडिकल माफियाहरूको इसारामा चलिरहेको हुँदा भक्तपुर नगरपालिकालाई मेडिकल कलेजसहितको ख्वप विश्वविद्यालय सञ्चालन गर्न अनुमति नदिएको प्रस्ट पार्नुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताल र ख्वप बहुप्राविधिक अध्ययन संस्थानका कर्मचारीहरूबिच चैत २३ गते सम्पन्न शुभकामना आदानप्रदान तथा मार्गनिर्देशन कार्यक्रममा प्रमुख अतिथि बिजुक्छेँले समाजवादी देश क्युबामा दुई सय जना नागरिक बराबर एक जना डाक्टरको प्रबन्ध भएको चर्चा गर्दै समाजवादमा नागरिकको शिक्षा, स्वास्थ्य उपचारलगायतका सबै सुविधा सरकारको दायित्वअन्तर्गत निःशुल्क हुने जानकारी गराउनुभयो ।

भक्तपुर क्षेत्रफलको हिसाबले देशकै सानो नगर र राजधानीबाट नजिक भएको तथा यहाँका जनतामा एकता रहेको उल्लेख गर्दै भक्तपुरलाई विकास निर्माण, स्वास्थ्य उपचार, सम्पदा संरक्षणजस्ता कार्यमा सरकारले टेस्ट ट्युबको रूपमा नमुना कार्य गरेको भए त्यसबाट आउने सकारात्मक परिणाम देशभरि लागु गर्न सकिने कुरा उहाँले बताउनुभयो ।

छिमेकी समाजवादी मुलुक चीनमा द्रुततर विकास हुनुमा सरकारका हरेक योजनाहरू तल्लो तहसम्म पटक पटक बैठक गरी जनतालाई सुसूचित पार्ने र जनताबिच अपनत्व कायम गर्ने अभ्यास भएको अनुसन्धानबाट थाहा भएको चर्चा गर्दै अध्यक्ष बिजुक्छेँले नगरपालिका र ख्वप अस्पतालका सबै गतिविधि र सेवासुविधाबारे जनतालाई बताइरहनुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "पटक पटकको बैठकले जनता सुसूचित हुन्छन् जनताले निःस्वार्थ भावले नगरपालिका र अस्पतालका हरेक कार्यमा साथ र सहयोग गर्छन् ।"

नयाँ पुस्तालाई आफ्नो मातृभाषाबाहेक कम्तीमा थप तीन वटा भाषा सिक्न उत्साहित गर्नुपर्ने सन्दर्भ जोड्दै प्रमुख अतिथि बिजुक्छेँले चिकित्सक तथा स्वास्थ्यकर्मीहरूलाई बिरामीको भावना बुझ्न र उपचार सेवालाई प्रभावकारी बनाउन बिरामीकै भाषामा बुझाउनुपर्ने तर्क राख्नुभयो । उहाँले संसारका नयाँ नयाँ प्रविधि र वैज्ञानिक अनुसन्धानहरूबारे अध्ययन गर्दै आफूलाई उत्कृष्ट बनाउने मेहनत जारी राख्न सल्लाह दिनुभयो ।

कार्यक्रममा नगर प्रमुख एवं ख्वप अस्पताल तथा ख्वप बहुप्राविधिक अध्ययन संस्थानको सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले ख्वप अस्पताल जनताको अस्पताल भएको चर्चा गर्दै कर्मचारीहरूलाई जनताको डाक्टर, जनताको नर्स र जनताको स्वास्थ्यकर्मी भई इमानदारीपूर्वक निःस्वार्थ भावले उपचारमा लाग्न निर्देशन दिनुभयो ।

उहाँले प्रतिकूलतालाई अनुकूलतामा र सङ्कटलाई अवसरमा परिणत गर्ने सङ्कल्पसहित कोभिड महामारीको समयमा जनताको साथ र सहयोगमा २०७८ वैशाख १७ गते जनस्वास्थ्य केन्द्रलाई ख्वप अस्पतालमा स्तरोन्नति गरेको र अक्सिजन प्लान्ट स्थापना गरी जनतालाई निःशुल्क वितरण गरिरहेको बताउनुभयो ।

प्रमुख प्रजापतिले हाम्रो हरेक गतिविधिको जनताले मूल्याङ्कन गर्ने उल्लेख गर्दै सानो गल्तीले पनि समाजमा ठूलो दुर्घटना हुनसक्ने सचेत हुन तथा जनताको उपचार सेवामा कुनै कमजोरी नगर्न सबैलाई अनुरोध गर्नुभयो ।

उपप्रमुख रजनी जोशीले गरिब तथा आर्थिक अवस्था कमजोर भएका जनतालाई महँगा निजी अस्पतालको सेवा कम शुल्कमा उत्कृष्ट ढङ्गबाट प्रदान गर्ने उद्देश्यसहित ख्वप अस्पताल सञ्चालन भएको बताउनुभयो । उहाँले नेपाल मजदुर किसान पार्टीको मार्गनिर्देशनबमोजिम भक्तपुर नगरपालिकाले शिक्षा र स्वास्थ्य उपचार सेवालाई प्राथमिकता दिएको प्रस्ट पार्नुभयो ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले भक्तपुर नगरपालिकाले नगरवासीहरूलाई निःशुल्क रूपमा अक्सिजन र रगत प्रदान गरिरहेको अनुकरणीय अभ्यास भएको बताउनुभयो ।

ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य ई. सुनिल दुवाल र ख्वप कलेज अफ ल का प्राचार्य अधिवक्ता अनिता जधारीले नगरपालिकाबाट सञ्चालित शिक्षण संस्थाहरूबाट देशभरिका विद्यार्थीहरूले शिक्षा पाइरहेको चर्चा गर्दै देशभक्त, अनुशासित, इमानदार र दक्ष नयाँ पुस्ता तयार गर्ने कार्य निरन्तर जारी रहेको बताउनुभयो ।

ख्वप बहुप्राविधिक अध्ययन संस्थानका इन्चार्ज ईश्वरी डंगोलले ख्वप अस्पतालमा कार्यरत दुईतिहाइभन्दा बढी नर्सिङ जनशक्ति ख्वप बहु प्राविधिक अध्ययन संस्थानकै भएकोमा खुसी व्यक्त गर्नुभयो ।

ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. मजेशप्रताप मल्ल र भक्तपुर नगरपालिका स्वास्थ्य शाखा प्रमुख डा. रत्नसुन्दर लासिवाले स्वास्थ्य सेवामा लागिरहेका कर्मचारीहरूलाई ऊर्जा प्रदान गर्न निरन्तर अग्रजहरूको प्रत्यक्ष मार्गनिर्देशनमा जनताको सेवा गरिरहँदा गर्व अनुभूति भएको बताउनुभयो ।



An Undertaking Of Bhaktapur Municipality

# Khwopa Hospital

## Falgun Report
## 2081

| Age Group | Number | In Percentage |
|---|---|---|
| 0-9 | 2717 | 11.36 |
| 10-14. | 804 | 3.36 |
| 15-19 | 855 | 3.58 |
| 20-59 | 14606 | 61.09 |
| ≥60 | 4926 | 20.60 |
| Total | 23908 | 100.00 |

| Services | Number | In Percentage |
|---|---|---|
| Emergency | 510 | 2.13 |
| General | 3850 | 16.10 |
| Insurance | 19548 | 81.76 |
| Total | 23908 | 100.00 |

| District | Number | In Percentage |
|---|---|---|
| Bara | 1 | |
| Bardiya | 1 | |
| Bhojpur | 1 | |
| Dhading | 1 | |
| Kanchanpur | 1 | |
| Darchula | 1 | |
| Rautahat | 1 | |
| Mugu | 1 | |
| Dolpa | 1 | |
| Jhapa | 2 | |
| Nuwakot | 2 | |
| Parasi | 2 | |
| Udhayapur | 2 | |
| Rukum | 2 | |
| Pyuthan | 2 | |
| Saptari | 2 | |
| Syangja | 2 | |
| Khotang | 3 | |
| Morang | 3 | |
| Bajhang | 3 | |
| Accham | 4 | |
| Dhanusa | 5 | |
| Manwanpur | 5 | |
| Sunsari | 5 | |
| Dang | 6 | |
| Salyan | 6 | |
| Sindhuli | 13 | |
| Banke | 13 | |
| Kalikot | 14 | |
| Rolpa | 16 | |
| Lalitpur | 17 | |
| Okhaldhunga | 18 | |
| Dolkha | 19 | |
| Kailali | 21 | |
| Surkhet | 25 | |
| Ramechap | 42 | |
| Kathmandu | 46 | |
| Sindhupalchowk | 47 | |
| Dailekh | 58 | |
| Jumla | 64 | |
| Kavrepalanchok | 110 | |
| Bhaktapur | 23320 | |
| Total | 23908 | |

| | |
|---|---|
| Madhyapur Thimi | 163 |
| Suryabinayak | 1190 |
| Changu | 4482 |
| Bhaktapur | 17485 |
| Total | 23320 |

| Department | Number | In Percentage |
|---|---|---|
| Nephrology | 13 | 0.05 |
| Neuro Surgery | 52 | 0.22 |
| General Ward | 195 | 0.82 |
| CHRP- Respiratory Medicine | 122 | 0.51 |
| Psychiatric | 172 | 0.72 |
| Cardiologist | 242 | 1.01 |
| Laboratory | 412 | 1.72 |
| Dermatology | 555 | 2.32 |
| Internal Medicine | 702 | 2.94 |
| General Surgery OPD | 709 | 2.97 |
| MDGP | 732 | 3.06 |
| Physiotherapy | 1074 | 4.49 |
| Emergency Ward | 1124 | 4.70 |
| Dental | 1261 | 5.27 |
| ENT | 1353 | 5.66 |
| Obs. & Gynaecology | 1709 | 7.15 |
| Paediatric | 2132 | 8.92 |
| Orthopedic | 2284 | 9.55 |
| General OPD | 9065 | 37.92 |
| Total | 23908 | 100.00 |

| | |
|---|---|
| Patient Admitted | 195 |
| Discharge | 181 |
| LAMA | 3 |
| Refer | 15 |

### Eye Program

| | |
|---|---|
| Total Checkup | 2355 |
| Total Cataract Surgery | 72 |

### Operation

| | |
|---|---|
| Major | 113 |
| Minor | 43 |

| Gender | Number | In Percentage |
|---|---|---|
| Female | 14239 | 59. |
| Male | 9669 | 40. |
| Total | 23908 | 100. |

भक्तपुर नपाद्वारा सञ्चालित
ख्वप अस्पतालको २०८१ फागुन
महिनाको सेवा प्रगति

# अनुभवको आदान-प्रदान

## नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका प्रशिक्षार्थी उपसचिवहरू भक्तपुर नपाको अध्ययन भ्रमणमा

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा 'Innovative Public Policym Use of Evicence-InnoPoIE' विषयक सातदिने प्रशिक्षण कार्यक्रमका प्रशिक्षार्थी उपसचिवहरूद्वारा भक्तपुर नगरपालिकाको शिक्षा, भौतिक पूर्वाधार, सुशासन, सूचना तथा प्रविधि, नवीनता र उद्यमशीलता आदि विषयमा भक्तपुर नगरपालिकाको अध्ययन भ्रमणको क्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग अन्तरक्रिया कार्यक्रम चैत १९ गते सम्पन्न भयो।



प्रशिक्षार्थी टोलीलाई भक्तपुर नगरपालिकामा स्वागत गर्दै प्रमुख प्रजापतिले भक्तपुर नपाका गतिविधिबारे सङ्क्षिप्तमा जानकारी दिनु भयो।

उहाँले भक्तपुर नपाले शिशुस्याहार केन्द्रदेखि स्नातकोत्तर तहसम्म शिक्षा प्रदान गर्दै आएको बताउँदै आर्थिक रूपमा कमजोर विद्यार्थीहरूलाई शैक्षिक ऋण र विभिन्न विषयमा विद्यावारिधिसम्म छात्रवृत्तिको व्यवस्था गर्दै आएको जानकारी दिनुभयो।

संविधान र कानुनमा सङ्घीयता आए पनि शासन सत्तामा बस्ने नेता, प्रधानमन्त्री, मन्त्रीहरू र माथिल्लो तहका सङ्घीय कर्मचारीहरूमा भने एकात्मक सोच र चिन्तन कायमै रहेको उल्लेख गर्दै उहाँले सङ्घ, प्रदेश र स्थानीय तहको समन्वयले मात्रै सङ्घीयताको प्रभावकारी कार्यान्वयन सम्भव हुने बताउनुभयो।

भक्तपुरलाई आदर्श नगरको रूपमा विकास गर्ने प्रयास नगरपालिकाले गर्दै आएको स्पष्ट पार्दै उहाँले नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँद्वारा लिखित 'सय वर्षपछिको भक्तपुर' पुस्तकलाई मार्गदर्शकको रूपमा लिएर भक्तपुरलाई सफा र सुन्दर नगर बनाउन प्रयासरत रहेको बताउनुभयो।

प्रशिक्षार्थीहरूको जिज्ञासाबारे प्रस्ट पार्दै प्रमुख प्रजापतिले भक्तपुर नपाले स्थानीय जनतालाई सक्षम बनाई स्वायत्तताको अभ्यास गरिरहेको बताउनुभयो। स्थानीय तहलाई सक्षम र सबल बनाउनुपर्नेमा जोड दिँदै उहाँले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थाहरूबाट गरिब तथा जेहेनदार विद्यार्थीहरूलाई वार्षिक करिब रु. ४ करोड बराबरको छात्रवृत्ति वितरण गर्दै आएको बताउनुभयो।

मौलिक घर र यहाँका सांस्कृतिक सम्पदाहरू नै भक्तपुरको आकर्षण भएको हुँदा भक्तपुरको मौलिकतालाई संरक्षण गर्न पुरानो नगरभित्र घर निर्माण गर्ने घरधनीलाई आर्थिक सहयोग गर्दै आएको उहाँले बताउनुभयो।

आर्थिक समितिका संयोजक हरिप्रसाद बासुकलाले युवा उद्यमशीलताको सन्दर्भमा भक्तपुर नगरपालिकाले गरिरहेको कार्यहरूबारे अवगत गराउँदै भक्तपुर नपाले युवा उद्यमशीलता ऋण प्रवाह, गत वर्षदेखि लघु उद्यम तालिम सञ्चालन र सेवाग्राहीहरूलाई अनलाइनबाट भुक्तानी गर्न सहजताको लागि एप्सहरूको विकास गरिरहेको बताउनुभयो।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

अन्तरक्रिया कार्यक्रममा स्टाफ कलेजका अध्ययन निर्देशक त्रिलोचन पौड्याललगायतका प्रशिक्षार्थीहरूले भक्तपुरको यातायातको अवस्था, फुटपाथ, पार्किङ व्यवस्थापन र सडक बत्तीको स्थिति, नपाबाट सञ्चालित आवास योजना, भक्तपुरको विकास निर्माणमा जनश्रमदानको अवस्था, डिजिटल नक्सा प्रणाली, अनलाइन कर भुक्तानी प्रणालीको अवस्था, नपाको उद्यमशीलता विकास कार्यक्रम, सामाजिक सञ्जालको प्रयोग, रोजगारीको अवस्था, घरेलु उद्योग प्रवर्द्धनमा नपाको योजना, खानेपानीको गुणस्तर मापदण्ड, सूचना प्रविधिको प्रयोग आदिबारे जिज्ञासा राख्नु भएको थियो।

अध्ययन भ्रमण टोलीमा नेपाल सरकारका विभिन्न मन्त्रालय, विभाग, आयोग, प्राधिकरणमा कार्यरत ३२ जना उपसचिवस्तरका कर्मचारीहरूको सहभागिता थियो।

# भेटघाट

### अन्तर-नगर जिम्न्यास्टिक प्रतियोगिता प्रचारार्थ

## उपप्रमुख जोशीद्वारा विभिन्न स्थानीय तहका उप्रमुखहरूसँग भेट



भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीको नेतृत्वको टोलीले भनपाको आयोजनामा २०८१ चैत २३-२६ गतेसम्म हुन गइरहेको 'अन्तर-नगर जिम्न्यास्टिक प्रतियोगिता' को प्रचार प्रसारको सिलसिलामा काठमाडौँ उपत्यकाका विभिन्न स्थानीय तहका उपप्रमुखहरूसँग चैत ३ गते छुट्टाछुट्टै भेट भयो ।

उप्रमुख जोशीले शंकरापुर नगरपालिकाका उपप्रमुख समिता श्रेष्ठ, कागेश्वरी मनोहरा नपाका उपप्रमुख शान्ता थापा, गोकर्णेश्वर नपाका उपप्रमुख सान्नानी लामा, मध्यपुर थिमि नपाका उपप्रमुख विजयकृष्ण श्रेष्ठलाई सम्बन्धित नगरपालिकाको कार्यालयमा गई भक्तपुर नगरपालिकाको निमन्त्रणामा हुन गइरहेको अन्तर-नगर जिम्न्यास्टिक प्रतियोगिताको सहभागिताको लागि पत्र, खेलाडी दर्ता फाराम, प्रतियोगिताको प्राविधिक नियमावलीलगायत नपाका प्रकाशनहरू हस्तान्तरण गर्नुभयो ।



भनपाबाट उपप्रमुख जोशीको नेतृत्वको टोलीमा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्री, वडा सदस्य ज्ञानबहादुर मानन्धरलगायत जिम्न्यास्टिक सङ्घका पदाधिकारीहरू रहनुभएको थियो ।

## अनुरोध पत्र हस्तान्तरण





भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीको नेतृत्वमा भनपाको आयोजनामा हुन गइरहेको 'अन्तर-नगर जिम्न्यास्टिक प्रतियोगिता' को प्रचार प्रसारको सिलसिलामा सूर्यविनायक नपाका प्रमुख बासुदेव थापा र चाँगुनारायण नपाका प्रमुख जीवन खत्रीसँग चैत ४ गते छुट्टाछुट्टै भेट गरी सहभागिताको लागि अनुरोध पत्र हस्तान्तरण गर्नुभयो ।

## हेटौडा उपमहानगरपालिकालाई अनुरोध



भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशी र वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले हेटौडा उपमहानगर पालिकाका उपप्रमुख मीनाकुमारी लामासँग भेट गरी भक्तपुर नगरपालिकाको आयोजनामा २०८१ चैत २३ देखि २५ गतेसम्म सञ्चालन हुने अन्तरनगर जिम्नास्टिक प्रतियोगितामा सहभागिताको लागि २०८१ चैत ११ गते अनुरोध गर्नुभयो ।

## उपप्रमुख जोशीको पनौती प्रमुख र बनेपाका उपप्रमुखसँग भेट





भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशी र वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीलगायत टोलीले पनौती नगरपालिकाका प्रमुख रामशरण भण्डारी र बनेपाका उपप्रमुख गीता बन्जारासँग भेट गरी भक्तपुर नगरपालिकाको आयोजनामा २०८१ चैत २३ देखि २५ गतेसम्म सञ्चालन हुने अन्तर-नगर जिम्नास्टिक प्रतियोगितामा सहभागिताको लागि चैत १२ गते अनुरोध गर्‍यो ।

**आफू बस्ने घर, चोक, टोल र नगर हाम्रो लागि हामी आफै सफा गरौं । सफाइ गर्दा इज्जत घट्दैन बरू सभ्य भइन्छ र रोगबाट समेत मुक्त हुन्छ ।**

## हाम्रा पुराना मूर्ति



**लक्ष्मी (१८ औं शताब्दी)**

स्रोत : राष्ट्रिय चित्र सङ्ग्रहालय, भक्तपुरको प्रदर्शनी

## Word Search

General Animals

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| H | N | S | C | H | E | E | T | A | H | D | R |
| E | O | R | C | H | B | A | T | H | G | D | T |
| L | P | A | A | R | S | H | E | I | O | O | D |
| I | H | C | A | V | S | I | I | H | H | L | R |
| D | Z | E | S | I | E | S | F | C | E | P | H |
| O | B | A | N | T | T | N | S | A | G | H | A |
| C | R | U | A | S | O | N | I | D | D | I | A |
| O | T | V | E | E | C | R | O | W | E | N | R |
| R | E | G | Z | Y | M | O | L | E | H | C | D |
| C | H | L | N | E | B | A | D | G | E | R | V |
| L | A | O | R | A | B | B | I | T | C | R | A |
| A | P | R | H | C | I | R | T | S | O | E | R |
| H | A | M | S | T | E | R | A | A | B | K | K |
| C | H | A | G | H | E | E | E | L | H | O | E |

BEAR
FISH
DINOSAUR
ZEBRA
AARDVARK
ANT
BADGER
BAT
CHEETAH
CROCODILE
CROW
DOLPHIN
EEL
HEDGEHOG
HAMSTER
MOLE
OSTRICH
PONY
RABBIT
RAVEN

(दायाँ-बायाँ-तल-माथि-तेर्सो-ठाडो-छडके-सुल्टो-उल्टोबाट छेउका मिल्दो शब्दहरू खोज्नुहोस् ।)

# विविध समाचार

## सेकरिड् हट् एकेडेमीको २२ औँ अभिभावक दिवस




सेकरिड् हट् एकेडेमीको २२ औँ अभिभावक दिवस, वार्षिक पुरस्कार वितरण एवम् सांस्कृतिक कार्यक्रम नगर उपप्रमुख रजनी जोशीको प्रमुख आतिथ्यमा फागुन २२ गते सम्पन्न भयो ।

कार्यक्रममा उपप्रमुख जोशीले पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति भने मूल नारालाई आत्मसात गरी भनपाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षणमा विशेष जोड दिई कार्य गरिरहेको बताउनुभयो ।

समाजवादउन्मुख संविधानअनुसार समाजवादको आधारशिला तयार गर्ने काम भक्तपुर नगरपालिकाले गरिरहेको उल्लेख गर्दै उहाँले शिशुस्याहारदेखि विश्वविद्यालयसम्म सञ्चालन गर्ने योजनासहित भक्तपुर नगरपालिका अगाडि बढिरहेको छ भन्नुभयो ।

उपप्रमुख जोशीले भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र बनाई युवा विदेश पलायन रोक्न सीपमूलक तालिम गरी आफ्नै देशमा रोजगारको लागि प्रोत्साहन गरिरहेको बताउनुभयो ।

वडाध्यक्ष उपेन्द्र सुवालले राजनीति राम्रो भएमात्र सबै क्षेत्र राम्रो हुने धारणा राख्दै राजनीतिको उद्देश्य निःस्वार्थरूपमा देश र जनताको सेवा गर्ने हुनुपर्ने बताउनुभयो ।

विद्यार्थीहरूलाई राजनीतिबारे जानकार गराउनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले शासक पार्टीहरूको गलत गतिविधिकै कारण राजनीतिप्रति सर्वसाधारणको वितृष्णा भएको बताउनुभयो ।

गपली टोल सुधार समितिका अध्यक्ष एवम् अभिभावक सङ्घ नेपाल भक्तपुरका अध्यक्ष रामकृष्ण प्रजापतिले बालबालिकाहरू अन्तरनिहित प्रतिभाहरू प्रस्फुटन गर्ने वातावरण विद्यालयमा दिनुपर्ने बताउनुभयो ।

अभिभावक-शिक्षकको राम्रो सम्बन्ध भएमा बालबालिकाको भविष्यमा सकारात्मक प्रभाव पर्ने धारणा उहाँले व्यक्त गर्नुभयो ।

विद्यालयका संस्थापक प्रिन्सिपल श्रीराम सुवालको सभापतित्वमा सम्पन्न कार्यक्रममा सानुमैया अमात्य, डा. विनोद डंगाल, विकासदेव लामा, एन. प्याब्सनका सञ्जय खड्का, शिक्षिका अनिशा तामाङ, विद्यार्थी सुप्रिना लामा, मानिका तामाङलगायतले बोल्नुभएको थियो ।

कार्यक्रममा उपप्रमुख रजनी जोशीले एसईई २०७९ र २०८० का विद्यार्थी एवम् शिक्षकहरूलाई सम्मान गर्नुभएको थियो ।

## प्रदूषण फाल्ने उद्योगहरू उपत्यका बाहिर स्थानान्तरण गर्नुपर्ने



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा समाज सुधार माध्यमिक विद्यालयको ५४ औँ वार्षिकोत्सवको अवसरमा शिक्षक सम्मान, पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रम फागुन २३ गते सम्पन्न भयो । सोही अवसरमा प्रमुख प्रजापतिले विद्यालयले प्रकाशन गरेको स्मारिका विमोचन गर्नुभयो ।

कार्यक्रममा उहाँले भक्तपुर औद्योगिक क्षेत्रका केही उद्योगहरूले वर्षौंदेखि कर नतिरेको कारण त्यस्ता उद्योगहरूमा तालाबन्दी गर्नुपर्ने अवस्था आएको बताउनुभयो ।

उहाँले जनताको स्वास्थ्यमा असर पर्ने गरी प्रदूषण गर्ने उद्योगहरू सञ्चालन गरी नाफा खाने तर नगरपालिकालाई कर नतिर्ने उद्योगहरू अब उपत्यका बाहिर स्थानान्तरणको विकल्प नभएको बताउनुभयो ।

सोही अवसरमा उहाँले स्थानीय जनताको मागबमोजिम ती उद्योगहरू स्थानान्तरणको लागि नेपाल सरकारसमक्ष पहल गरिरहेको पनि जानकारी दिनुभयो ।

भक्तपुर नगरपालिकाले पटक पटक ताकेता गर्दा पनि केही उद्योगहरूले कर नतिरेपछि ती उद्योगहरूमा तालाबन्दी गरेको उल्लेख गर्दै उहाँले जनताले ती उद्योगहरू हटाउन पटक पटक माग गरेको सन्दर्भमा भक्तपुर नपाले उक्त कदम चाल्नुपरेको बताउनुभयो ।

नेपालमा दुई थरीको शिक्षा नीतिको कारण सरकारी र निजी क्षेत्रका विद्यालयहरूबिच शैक्षिक गुणस्तरमा भिन्नता भए पनि भक्तपुर नगरपालिकाभित्र सञ्चालित सामुदायिक र निजी विद्यालयहरूबिच शैक्षिक गुणस्तरमा थप वृद्धिका लागि प्रतिस्पर्धाको नीति नगरपालिकाले लिएको बताउनुभयो ।



सामुदायिक विद्यालयहरूले शैक्षिक गुणस्तरमा उत्कृष्टता प्रदान गर्न नसकेसम्म निजी विद्यालयहरूको औचित्य कायम रहिरहने उल्लेख गर्दै उहाँले प्रतिस्पर्धामा टिक्न नसक्ने विद्यार्थीहरूको अस्तित्व क्रमशः लोप भएर जानेबारे विद्यार्थीहरूलाई सचेत पार्नुपर्ने बताउनुभयो ।

उहाँले विद्यार्थीहरूलाई पढाइसँगसँगै असल व्यवहार, स्वयम्सेवी भावना, देश र जनताको सेवा गर्ने विचार र इमानदारीपूर्वक काम गर्ने तथा श्रमलाई माया गर्नुपर्ने शिक्षा पनि शिक्षकहरूले दिनुपर्ने बताउनुभयो ।

शिक्षकहरूले विद्यार्थीहरूलाई पढाउने मात्रै नभई भविष्यको समाज निर्माण गरिरहेको भन्ने सोचले काम गर्नुपर्ने विचार उहाँले व्यक्त गर्नुभयो ।

भक्तपुर नपा वडा नं. ८ का वडाध्यक्ष कृष्णप्रसाद कोजुले आजभन्दा चार दशक अगाडिसम्म भक्तपुर शैक्षिक क्षेत्रमा निकै पछाडि रहेको चर्चा गर्दै उहाँले शिक्षा, स्वास्थ्य, सरसफाइलगायतका क्षेत्रमा भक्तपुरले परिवर्तन गरेको बताउनुभयो । जनताको साथ र सहयोगमा यहाँको विकास निर्माण कार्य अगाडि बढेको स्पष्ट पार्दै उहाँले विद्यार्थीहरूलाई नैतिकवान र देशभक्त नागरिक बन्न प्रेरित गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक जगन्नाथ प्रजापतिले विद्यालयको वार्षिक प्रगति प्रस्तुत गर्दै विद्यालयमा न्यून आय भएका अभिभावकहरूका छोराछोरी अध्ययन गरिरहेको औँल्याउँदै विद्यालयको गुणस्तरीय शिक्षा प्रदान गर्ने विषयमा जोड दिँदै आएको बताउनुभयो ।

समाज सुधार मावि व्यवस्थापन समितिका अध्यक्ष राम प्रजापतिको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा विद्यालयका पूर्व प्रअ लक्ष्मीनारायण दुवाल र संयुक्त परीक्षा समितिका गणेशराम थुसाले पनि बोल्नुभएको थियो । कार्यक्रममा नगर प्रमुख प्रजापति र अन्य अतिथिहरूले शिक्षक सम्मान, विद्यार्थीहरूलाई पुरस्कार वितरण तथा सेवा निवृत्त शिक्षक सम्मान र एसईई उत्तीर्ण विद्यार्थीहरूलाई सम्मान तथा मायाको चिनो प्रदान गर्नुभएको थियो ।

## शिक्षकहरूले विद्यार्थीको पढाइमा जोड दिनुपर्ने




मिनर्वा इङ्गलिश स्कूलमा सिनियर अभिभावक दिवस नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा फागुन २४ गते सम्पन्न भयो ।

कार्यक्रममा अतिथि प्रजापतिले संस्कृति नयाँ पुस्तामा हस्तान्तरण भएपछि त्यसले जीवन्तता पाउने धारणा व्यक्त गर्दै भनपाले स्थानीय पाठ्यक्रमको व्यवस्था गरेर परम्परागत संस्कृतिलाई नयाँ पुस्तामा हस्तान्तरण गर्ने प्रयास गरिरहेको बताउनुभयो ।

प्रमुख प्रजापतिले भन्नुभयो, "संस्कृति सिक्नु आफैँ शिक्षा हो । हरेक व्यक्तिसँग आ-आफ्नो चाहना, इच्छा र विशेषता हुन्छन् । त्यो विशेषताकै आधारमा विद्यार्थीले आफ्नो पहिचान बनाउँछ ।"

उहाँले भन्नुभयो, "विद्यालय एउटा राम्रो भएर नगरको शिक्षा राम्रो हुने होइन, नगरको शिक्षा राम्रो

बनाउन नगरभरिका सबै विद्यालयको शैक्षिक स्तर राम्रो हुनु जरूरी छ।"

भविष्यको समाज निर्माण उद्देश्यका साथ शिक्षकहरूले विद्यार्थीको पढाइमा जोड दिनुपर्ने आवश्यकता औँल्याउँदै प्रमुख प्रजापतिले विद्यार्थीको पढाइ सँगसँगै विद्यार्थीमा असल व्यवहार सिकाउने, स्वयम्सेवी भावना जगाउने, इमानदार हुने, श्रम गर्नुका साथै श्रमलाई सम्मान गर्ने र समाज र देशको सेवा गर्ने भावना जगाउन शिक्षकहरूले मेहनत गर्नुपर्ने बताउनुभयो।

"निजी र सामुदायिक विद्यालयबाट प्रदान गरिने शैक्षिक गुणस्तरलाई एकरूपता दिन भनपाले प्रयास गरिरहेको छ। तुलनात्मकरूपमा भक्तपुर नगरका शैक्षिक गुणस्तर राम्रो छ। हामी सरकारको भरमा होइन आफ्नै भरमा अघि बढ्नु जरूरी छ", उहाँले भन्नुभयो।

उच्च शिक्षा वा वैदेशिक रोजगारको नाममा युवाहरू बिदेसिने प्रवृत्ति बढ्दै गएकोमा चिन्ता व्यक्त गर्दै प्रमुख प्रजापतिले सन्तान बिदेसिने कुरामा चनाखो हुनुपर्ने बताउनुभयो।

विद्यालयका प्रिन्सिपल राजेन्द्र दुवालले विद्यालयमा भइरहेको गतिविधिबारे जानकारी दिँदै शैक्षिक गुणस्तर वृद्धिको लागि शिक्षक शिक्षिकाले मात्र नभई अभिभावकहरूको सहयोगको पनि उत्तिकै जरूरी भएको बताउनुभयो।

बालरोग विशेषज्ञ डा. विनोद दङ्गालले अभिभावकहरूलाई सन्तानको खानपानमा कसरी ध्यान दिने र कस्तो खालको खाना खुवाउँदा सन्तानको स्वास्थ्य राम्रो हुन्छ भन्ने जानकारी दिनुभयो।

विद्यालयका इन्चार्ज राजु किसिजुले विद्यार्थीहरूको शारीरिक, मानसिक, बौद्धिक, चारित्रिक क्षमता वृद्धि गर्ने जिम्मा तथा भूमिकामा शिक्षक शिक्षिका एवम् अभिभावकहरूको समान दायित्व रहेको बताउनुभयो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रमेश प्रजापतिको सभापतित्वमा भएको उक्त कार्यक्रममा अभिप्रेरक तुल्सीहरि प्रजापति, विद्यार्थीद्वय सृजन भेले र इशान श्रेष्ठले पनि बोल्नुभएको थियो।

कार्यक्रममा चाइनिज भाषाका स्वयम्सेवी शिक्षिका यान्बो पुबाट लेखिएको पत्र वाचन गरिएको थियो।

कार्यक्रममा विद्यालयका विद्यार्थीहरूबाट नृत्य तथा विभिन्न क्रियाकलाप प्रस्तुत गरिएको थियो। अभिभावक दिवसकै अवसरमा विद्यालयका विद्यार्थीहरूले तयार पारेका विभिन्न वस्तु तथा सामग्रीको प्रदर्शनी गरेका थिए।

# विद्यार्थीहरूमा श्रमलाई माया गर्ने र श्रमिकलाई सम्मान गर्ने बानीको विकास गर्नुपर्ने




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा आधारभूत विद्यालय समिति भक्तपुरको २६ औँ वार्षिकोत्सव कार्यक्रम २०८१ को अवसरमा शिक्षक सम्मान, पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रम फागुन २६ गते सम्पन्न भयो।

कार्यक्रमको उद्घाटन गर्दै उहाँले विद्यालयले गुणस्तरीय शिक्षाको साथसाथै विद्यालय तथा कलेजमा अध्ययनरत विद्यार्थीहरूलाई देशभक्त, समाजसेवी र अनुशासित बनाउनु शिक्षकहरूको कर्तव्य भएको बताउँदै शिक्षा देशको समृद्धिको आधार हो भन्नुभयो।

श्रमलाई माया गर्ने र श्रमिकलाई सम्मान गर्ने बानीको विकास गर्नुपर्ने स्पष्ट पार्दै उहाँले भक्तपुर नगरपालिकाले नगरभित्रका विद्यालयमा शिक्षकलाई तालिम, विद्यालयको भौतिक निर्माणको लागि आर्थिक सहयोगलाई जोड दिँदै आएको बताउनुभयो।

१२ कक्षा उत्तीर्ण हुने बित्तिकै विद्यार्थीहरू विदेशिनुमा विद्यार्थीहरू मात्र होइनन्, सरकार मुख्य रूपमा दोषी रहेको औँल्याउँदै उहाँले शिक्षकहरूले नयाँ पुस्तालाई उच्च शिक्षासम्म अध्ययन गरी कुनै न कुनै विषयमा विशेषज्ञ बनेर नेपालमै बसेर काम गर्न विद्यार्थीलाई उत्साहित गर्नु आवश्यक रहेको बताउनुभयो।

विद्यार्थीहरूले जहिल्यै आफू प्रथम हुने उद्देश्यका साथ अध्ययन गर्नुपर्नेमा जोड दिँदै उहाँले विद्यार्थीको मेहेनत र परिश्रमले उनीहरूलाई सफलता दिलाउने बताउनुभयो।

आधारभूत विद्यालय समितिका अध्यक्ष सूर्यबहादुर फौंजुले समितिको वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै आधारभूत

तह बालबालिकाको प्रारम्भिक बाल विकास तह भएको हुँदा यसलाई बलियो बनाउन सके उपलब्धिमूलक हुने बताउनुभयो । समितिले शिक्षक तथा पेसागत सङ्गठनको हकहितमा काम गर्दै आएको र समितिको कार्यलाई अझै प्रभावकारी ढङ्गले सञ्चालन गर्ने नीति लिएको उहाँले बताउनुभयो ।

समितिका संस्थापक विश्वराम कवांले आधारभूत विद्यालय समिति वि.सं. २०५५ सालमा प्रावि, निमावि समितिको नाममा स्थापना भएको स्मरण गर्दै सामुदायिक विद्यार्थीको शैक्षिक स्तरमा एकरूपता, परीक्षा र बिदामा एकरूपता र विद्यालयका समस्या एकापसमा समन्वय र सहकार्य गर्ने उद्देश्यले समिति स्थापना भएको बताउनुभयो ।



आधारभूत विद्यालय समितिका निवर्तमान अध्यक्ष दीपक माकले आधारभूत विद्यालय समिति विद्यार्थी, शिक्षक र अभिभावकको साझा संस्था भएको उल्लेख गर्दै समिति स्थापनाको २६ वर्ष समयावधिमा समितिले विभिन्न आरोह अवरोध पार गरिसकेको बताउनुभयो । विद्यार्थीको बौद्धिक, नैतिक, सांस्कृतिक, समाजिक, व्यवहारिक विकासको जिम्मेवारीबोध गर्दै समिति अगाडि बढिरहेको बताउँदै उहाँले पेसागत विषयमा मात्र ध्यान नदिई शिक्षकले विद्यार्थीलाई देशप्रति उत्तरदायी हुन प्रेरित गर्नुपर्छ भन्नुभयो ।

कार्यक्रममा ब्रह्मायणी आविका प्रअ तीर्थलक्ष्मी धन्छा, समितिका सदस्य असलमाया वनमाला र समितिका सदस्य प्रकाश गोसाईले पनि बोल्नुभएको थियो ।

वार्षिकोत्सवको अवसरमा प्रमुख अतिथि प्रजापति र अन्य अतिथिहरूले आ.वि. समितिमा नवनियुक्त प्रअलाई स्वगत, अवकाश प्राप्त शिक्षक सम्मान, समितिका शिक्षकलाई कदरपत्र, अतिरिक्त क्रियाकलापका विजेता विद्यार्थीहरूलाई पुरस्कार वितरण गर्नुभएको थियो ।

## राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा भक्तपुर नगरपालिका टीम प्रथम



१३ औं भक्तपुर जिल्लाव्यापी राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता यसपटक पनि भक्तपुर नगरपालिकाले जितेको छ । भक्तपुर जिल्ला खेलकुद विकास समितिको आयोजनामा फागुन २४ गतेदेखि फागुन २६ गतेसम्म भएको उक्त प्रतियोगितामा भक्तपुर नगरपालिकाले ३७ स्वर्ण, १९ रजत र ३८ काँस्यसहित ९४ पदक जित्दै १३ औं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा भक्तपुर नगरपालिकाको टीम प्रथम हुन सफल भएको हो ।

मध्यपुर नगरपालिका १५ स्वर्ण, १९ रजत र ३० काँस्यसहित ६८ मेडलका साथ द्वितीय हुन सफल भयो । त्यसैगरी चाँगुनारायण नगरपालिका १२ स्वर्ण, २५ रजत र १८ काँस्यका साथ भक्तपुर जिल्लाव्यापी राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा तृतीय भयो ।

राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा कराँते, भलिबल, कबड्डी, उसु, तेक्वान्डो र एथलेटिक्स गरी ६ वटा खेलमा प्रतिस्पर्धा भएको थियो ।

भक्तपुर नगरपालिकाले उसु खेलमा ५ स्वर्ण, ६ रजत र १० काँस्य जितेको हो ।

भलिबल खेलको महिला र पुरुष दुवैमा स्वर्ण पदक भक्तपुर नगरपालिकाले जितेको थियो ।

एथ्लेटिक्स खेलमा भक्तपुर नगरपालिकाले १३ स्वर्ण, ६ रजत र ८ काँस्य जितेको थियो ।

तेक्वान्डो खेलमा १० स्वर्ण, ४ रजत र ११ कास्य भक्तपुर नगरपालिकाले पाएको थियो ।

कबड्डीको महिला र पुरुष दुवै खेलको स्वर्ण, १ रजत र ३ काँस्य भक्तपुर नगरपालिकाले जित हासिल गरेको थियो ।

प्रतियोगिताको अन्तिम दिन चाँगुनारायण

नगरपालिकाको तपा डम्फोमा भएको कराँते खेलमा ५ स्वर्ण, २ रजत र ६ काँस्य भक्तपुर नगरपालिकाले जितेको थियो ।

सोही क्रममा प्रतियोगितामा विजय खेलाडीहरूलाई मेडल प्रमाणपत्र वितरण तथा नगरपालिकालाई शिल्ड वितरण कार्यक्रम सम्पन्न भयो ।

**१३ औँ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको मेडल तालिका**

| खेल | भक्तपुर नगरपालिका | | | मध्यपुर नगरपालिका | | | चाँगुनारायण नगरपालिका | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | स्वर्ण | रजत | कास्य | स्वर्ण | रजत | कास्य | स्वर्ण | रजत | कास्य |
| उशु | ५ | ६ | १० | २ | २ | २ | ५ | ४ | ३ |
| भलिबल | २ | | | | २ | २ | | | |
| तेक्वान्डो | १० | ४ | ११ | १ | ४ | ७ | १ | ४ | ६ |
| एथलेटिक्स | १३ | ६ | ८ | ९ | ७ | ८ | २ | १० | ६ |
| कबड्डी | २ | १ | ३ | | १ | १ | | | |
| करति | ५ | २ | ६ | ३ | ३ | १० | ४ | ७ | ३ |
| जम्मा | ३७ | १९ | ३८ | १५ | १९ | ३० | १२ | २५ | १८ |

जिल्ला खेलकुद विकास समितिका अध्यक्ष राजु थापाको सभापतित्वमा भएको उक्त कार्यक्रममा चाँगुनारायण नगरपालिकाका प्रमुख जीवन खत्रीले विजयी खेलाडीहरूलाई पुरस्कार वितरण गर्नुभएको थियो । कार्यक्रममा भक्तपुर नगरपालिका युवा तथा खेलकुद समितिका सदस्य रामसुन्दर बासीले भक्तपुर नगरपालिकाको तर्फबाट शिल्ड ग्रहण गर्नुभएको थियो ।

सदस्य रामसुन्दर बासीका अनुसार राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको ११ औँ, १२ औँ र यो वर्षको १३ औँ गरी भक्तपुर नगरपालिकाले लगातार तीन पटक भक्तपुर नगरपालिकाको टीम प्रथम हुन सफल भएको हो ।

रनिङ शिल्डको नियमअनुसार भक्तपुर नगरपालिकाले अब राष्ट्रपति रनिङ शिल्ड फिर्ता गर्नुपर्ने छैन भने आयोजक टीमले अर्को वर्षको लागि नयाँ रनिङ शिल्डको व्यवस्था गर्नेछ ।

## सूर्योदय सेकेन्डरी स्कूलको ४४ औँ वार्षिकोत्सव




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भनपा वडा नं. ७ स्थित सूर्योदय सेकेन्डरी स्कूलको ४४ औँ वार्षिकोत्सवको अवसरमा अभिभावक दिवस, पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रम चैत २ गते सम्पन्न भयो ।

कार्यक्रमको उद्घाटन गर्दै नगर प्रमुख प्रजापतिले देशको निम्ति योग्य विद्यार्थी उत्पादनमा भक्तपुरका सामुदायिक र संस्थागत विद्यालयहरूले महत्त्वपूर्ण योगदान पुऱ्याइरहेको उल्लेख गर्दै भक्तपुर नपाबाट सञ्चालित कलेजहरूमा अध्ययनरत विद्यार्थीहरूले देश विदेशमा उत्कृष्टता हासिल गर्दै आइरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाको आयोजनामा सम्पन्न भक्तपुर महोत्सवमा सबै नगरवासी, सांस्कृतिक समूह, विभिन्न सङ्घ संस्थाको साथ र सहयोगमा भव्यताका साथ सम्पन्न भएको बताउँदै उहाँले विद्यार्थीहरूलाई धन कमाउन मात्र होइन असल नागरिक बनाउन र समाजको निम्ति सेवा गर्ने देशभक्त नागरिक बनाउन अध्ययन गराउनुपर्छ भन्नुभयो ।



विद्यार्थीहरूलाई आफ्नै देशको सेवा गर्न प्रेरित गर्नुपर्ने चर्चा गर्दै उहाँले ख्वप विश्वविद्यालय सञ्चालन भए । भक्तपुरलाई देशकै उत्कृष्ट शैक्षिक केन्द्र बनाउन सक्ने बताउनुभयो ।

विद्यार्थीहरूलाई सभ्य र सुसंस्कृत बनाउन शिक्षक र अभिभावकले पनि महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने बताउँदै उहाँले विद्यार्थीलाई शिक्षा प्रदान गर्नुको मुख्य उद्देश्य अनुशासित, इमानदार र समाजप्रति जिम्मेवार बनाउनको निम्ति हो भन्नुभयो ।

भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले भक्तपुरको शैक्षिक क्षेत्रको उन्नयनमा सूर्योदय विद्यालयको पनि महत्वपूर्ण योगदान रहेको बताउँदै समाजवादी व्यवस्थामा शिक्षा निःशुल्क र अनिवार्य हुनुपर्ने बताउनुभयो ।

प्लस टु सकिने बित्तिकै विद्यार्थीहरू विदेशतिर आकर्षित हुँदै गइरहेकोमा चिन्ता व्यक्त गर्दै उहाँले नगरपालिकाले भक्तपुरमा अध्ययनरत विद्यार्थीहरूलाई ख्वपको पहिचानमार्फत भक्तपुरको पहिचान अध्ययन गराइरहेको बताउनुभयो ।

विद्यालयका प्रिन्सिपल विजय कर्माचार्यले विद्यालयको वार्षिक प्रगति प्रस्तुत र विद्यालयको विविध गतिविधिबारे जानकारी गराउनुभयो । उहाँले सूर्योदय स्कूलले विद्यार्थीहरूलाई रु. १ लाखसम्मको नि:शुल्क स्वास्थ्य बीमाको व्यवस्था गरेको उल्लेख गर्दै विद्यालयले समुदायमा आधारित सरसफाइमा नियमित सहभागी हुँदै आएको बताउनुभयो ।

उक्त कार्यक्रममा सभापति मनोजगोपाल कर्माचार्य, भक्तपुर जिल्ला प्याब्सनका अध्यक्ष राजन कसपाल, विद्यालयका सञ्चालक महेन्द्रगोपाल कर्माचार्य, एभरेस्ट स्कूलका प्रिन्सिपल तथा सूर्योदय स्कूलका पूर्वशिक्षक भक्तराज भण्डारी र प्याब्सनका केन्द्रीय सदस्य सुरेन्द्र श्रेष्ठलगायतले बोल्नुभएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि तथा अतिथिहरूले लामो समय विद्यालयमा सेवारत शिक्षक तथा कर्मचारीलाई सम्मान तथा विद्यालयको आयोजनामा भएको अतिरिक्त क्रियाकलाप प्रतियोगिताका विजयी विद्यार्थीहरूलाई पुरस्कार वितरण गर्नुभएको थियो ।

## खेलाडीहरूले देशको राजनीति बुझेर जनताको सेवा गर्नुपर्ने



भक्तपुर जिल्ला बक्सिङ सङ्घको बैठक भक्तपुर नगरपालिकका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा चैत ३ गते सम्पन्न भयो ।

बैठकमा अतिथि प्रजापतिले जनताको सहयोगमा नेमकिपाको महाधिवेशन सभ्य र भव्य सम्पन्न भएको उल्लेख गर्दै देश र जनताको हितमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रस्तावहरू पास गरी सम्पन्न भएको बताउनुभयो ।

उहाँले २०७२ सालको भूकम्पबाट क्षति भएका मठमन्दिर, पाटी पौवा पुन: निर्माण जनसहभागितामा सम्पन्न भएको बताउनुभयो ।

खेलाडीहरूले पनि देशको राजनीति बुझेर जनताको सेवा गर्नुपर्ने कुरामा जोड दिँदै प्रमुख प्रजापतिले पार्टीको घोषणापत्रअनुसार यस वर्ष अन्तर-नगर जिम्नास्टिक प्रतियोगिता आयोजना गर्न लागेको बताउनुभयो ।

कार्यक्रममा नेपाल बक्सिङ महासङ्घका कोषाध्यक्ष गौतम सुजखुले युवाहरूलाई असल, इमानदार बनाउने र देश र जनताको सेवामा समर्पित खेलाडी तयार गर्न कार्यक्रम गरेको बताउनुभयो ।

भक्तपुर जिल्ला बक्सिङ सङ्घका अध्यक्ष रामकृष्ण प्रजापतिको सभापतित्वमा सम्पन्न कार्यक्रममा सचिव साजन लघु र तुल्सीराम ग्वाछाले पनि बोल्नुभएको थियो ।

## सन्तति आविको ३७ औं वार्षिकोत्सव तथा पुरस्कार वितरण सम्पन्न




सृजनानगर नपलीस्थित सन्तति आधारभूत विद्यालयको ३७ औं वार्षिक उत्सव तथा पुरस्कार वितरण कार्यक्रम चैत ८ गते सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले सरकारले संविधानमा उल्लेख भएको समाजवादउन्मुखको भावनाविपरीत कार्य गरिरहेको उल्लेख गर्दै भक्तपुर नगरपालिका आफ्नो क्षेत्रका जनतालाई शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रमा सेवा तथा सुविधा सहजरूपमा दिइरहेको बताउनुभयो ।

उहाँले विगतमा भक्तपुरका अग्रजहरूको सङ्घर्षको परिणाम भक्तपुर नगरपालिका नमुना नगरपालिकाको रूपमा रहेको उल्लखे गर्दै सरकारले ख्वप विश्वविद्यालय सञ्चालनको स्वीकृति नदिएर जनभावनाको अवमूल्यन गरेको बताउनुभयो ।

उहाँले सामुदायिक विद्यालयको भौतिक तथा शैक्षिक स्तर उकास्न भक्तपुर नगरपालिका लागिपरेको बताउदैं २१ औं शताब्दी सुहाउँदो विद्यार्थी उत्पादनमा जोड दिनुभयो ।

भक्तपुर नगरपालिका वडा नं. १ का वडाध्यक्ष

श्यामकृष्ण खत्रीले शिक्षा क्षेत्रलाई राम्रो बनाउन अग्रजको परिश्रम तथा योगदान महइभ्वपूर्ण रहेको र भक्तपुरलाई शैक्षिक गन्तव्य बनाउन भक्तपुर नगरपालिका लागिरहेको बताउनुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सूर्यप्रसाद श्रेष्ठले विद्यालयको विकासका लागि स्थानीय जनताको साथ र सहयागे महत्त्वपर्णू हुने उल्लखे गर्दै विद्यालय स्थानीय जनतासँग हातेमालो गर्दै अघि बढ्ने बताउनुभयो ।

नपली समाज सेवा समितिका उपाध्यक्ष शमशरे बहादरु न्हुछँ प्रधानले विद्यार्थीलाई साहित्य क्षेत्रमा पनि संलग्न गराउनु पर्नेमा जोड दिदैं त्यसका लागि आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

विद्यालयका प्रधानाध्यापक दीपक माकले विद्यालयको प्रगति विवरण प्रस्तुत गर्दै विद्यार्थीहरूको सर्वाङ्गीण विकासका लागि विद्यालयका गतिविधिहरू गर्दै आएको बताउनुभयो । उहाँले विद्यालयमा थप कक्षाकोठा, शिक्षक, फर्निचर र सूचना तथा सञ्चार प्रविधि आवश्यक भएको उल्लेख गर्नुभयो ।

विव्यसका अध्यक्ष श्रेष्ठको सभापतित्वमा भएको सो कार्यक्रममा विद्यालयका संस्थापक प्रधानाध्यापक मधुमैयाँ प्रधान, शिक्षक लक्ष्मी काफ्लेले पनि बोल्नुभएको थियो ।

कक्षागतरूपमा उत्कृष्टता शैक्षिक उपलब्धि हासिल गर्ने विद्यार्थीहरूलाई पुरस्कार वितरण तथा गरिब तथा जेहनदार विद्यार्थीहरूलाई शैक्षिक सामग्री वितरण गरिएको उक्त कार्यक्रमको बिचबिचमा विद्यार्थीहरूले आआफ्नो सांस्कृतिक कार्यक्रम देखाएका थिए ।

कार्यक्रममा नवनियुक्त शिक्षकहरू दीपक माक, सत्यराम कासिछ्वा, कृष्णमाया ढुकुछु तथा कृष्णमाया बस्नेतलाई स्वागत तथा निवर्तमान प्रअ प्रेमनाथ सुवाललाई बिदाइ गरिएको थियो ।

## हंसबाहिनी आधारभूत विद्यालयको ७३ औं वार्षिकोत्सव कार्यक्रम



भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीको प्रमुख आतिथ्यमा हंसबाहिनी आधारभूत विद्यालयको ७३ औं वार्षिकोत्सव, शिक्षक, अभिभावक, विद्यार्थी सम्मान तथा सांस्कृतिक कार्यक्रम विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लक्ष्मीप्रसाद चवालको सभापतित्वमा चैत ८ गते सम्पन्न भयो ।

उक्त कार्यक्रममा अतिथि जोशीले भक्तपुर नगरपालिकाले शिक्षा क्षेत्रलगायत जनसरोकारका पक्षमा सक्रियतापूर्वक कार्य गर्दै जाँदा भक्तपुरलाई देश विदेशमा चिनाउन सकेको बताउनुभयो ।

स्वदेशमै उच्च शिक्षा हासिल गर्न चाहेका तथा आर्थिक रूपले कमजोर विद्यार्थीहरूलाई छात्रवृत्तिलगायत शैक्षिक सेवा पुऱ्याउँदै आइरहेको उहाँले बताउनुभयो ।

शैक्षिक क्षेत्रको आधार भनेको आधारभूत विद्यालय भएको हुँदा भक्तपुर नगरपालिकाले शैक्षिक गतिविधिमा ध्यान दिइरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं. १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौंमिखाले जनताका छोराछोरीलाई गुणस्तरीय र व्यवहारिक शिक्षा दिन सक्दो प्रयास भइरहेको बताउनुभयो ।

शिक्षाप्रेमी हिमालयश्वरलाल मूलले विद्यालय तथा सम्बन्धित निकायले समयानुकूल अनुगमन गरे शैक्षिक, भौतिकलगायत पक्षमा सुधार हुने र अपेक्षित सिकाइ उपलब्धि हासिल हुनेबारे प्रस्ट पार्नुभयो ।

प्र.अ. सूर्यबहादुर फोजु, शिक्षकद्वय लक्ष्मीश्वरी कर्माचार्य र चन्द्रलक्ष्मी दुवालले पनि बोल्नुभयो ।

उक्त कार्यक्रममा प्रमुख अतिथि रजनी जोशी, वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौंमिखा, हिमालयश्वरलाल मूलले शैक्षिक सत्र २०८१ को कक्षागत पुरस्कारलगायत विभिन्न अतिरिक्त क्रियाकलापमा उत्कृष्ट छात्रछात्राहरूलाई पुरस्कार वितरण गर्नुभयो ।

उत्कृष्ट अभिभावक रञ्जना माक, १० वर्ष र सोभन्दा बढी अवधि कार्यरत प्र.अ. सूर्यबहादुर फोजु, शिक्षक शिवराम बनमाला र अनिलकुमार बनमालालाई कदरपत्र प्रदान गर्नुका साथै विद्यालयलाई खेलकुद सामग्री आदि उपलब्ध गराउने स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेड भक्तपुरलाई प्रशंसापत्र प्रदान गरिएको थियो ।

## सबै अधिकार केन्द्रमा राखे सङ्घीयताको औचित्य नरहने

प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले नेपालको सङ्घीयता नीतिगत रूपमा राम्रो भए पनि कार्यान्वयनको




पक्षमा फितलो र कमीकमजोरी धेरै रहेको उल्लेख गर्दै सङ्घ, प्रदेश र स्थानीय सरकारबिच समन्वय र सहकारिता आवश्यक रहेको चैत ९ गते बताउनुभयो ।

वाग्मती प्रदेश, प्रदेश सुशासन केन्द्रको आयोजनामा शनिबार सम्पन्न सङ्घीयता सवलीकरणमा प्रदेश र स्थानीय तहका सवालहरू विषयक अन्तरक्रिया कार्यक्रममा अतिथि सभामुख घिमिरेले निजामती कर्मचारी ऐन अभावले सङ्घीयता कार्यान्वयन कमजोर हुँदै गएको र वित्तीय सङ्घीयता सन्तोषजनक नरहेको बताउनुभयो ।

उहाँले सङ्घीयताको विकल्प खोज्नुभन्दा यसको सवलीकरण गरेर जानुपर्ने बताउँदै सङ्घीयता कार्यान्वयन सबैको साझा जिम्मेवारी हो भन्नुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले राज्यको सबै क्षेत्रमा केन्द्रले हेर्न नसक्ने भएकोले नै सङ्घीयता आएको उल्लेख गर्दै प्रदेश र स्थानीय तहले हरेक काममा केन्द्रको मुख ताक्नुपर्ने भए सङ्घीयता अर्थहीन हुने बताउनुभयो ।

नेपालमा सङ्घीयताको विषय उठेदेखि नै विकेन्द्रीकरण र स्वायत्ततालाई राम्रोसँग कार्यान्वयन भएको खण्डमा नेपालमा सङ्घीयता आवश्यक नहुने विचार नेमकिपाले राख्दै आएको स्पष्ट पार्दै सङ्घीयता कार्यान्वयनको सवालमा एकात्मक सोचको अन्त्य आवश्यक भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "सङ्घीयता समाजवाद होइन । त्यो राज्य संरचना मात्र हो संविधानले समाजवादउन्मुख राज्य व्यवस्था कल्पना गरेको छ । समाजवादको अर्थ उत्पादनका मुख्य मुख्य साधन र सेवा राष्ट्रियकरण हुने, व्यक्तित्व विकासमा समान अवसर पाउने, शिक्षा र स्वास्थ्य उपचार निःशुल्क हुने, योग्यताअनुसार काम र कामअनुसार ज्यालाको बन्दोबस्त हो ।"

उहाँले प्रदेश र स्थानीय तह अधिकार सम्पन्न भएमात्र जनताले छिटो छरितो सेवा पाउने विचार व्यक्त गर्नुभयो । मावि तह (कक्षा १२) सम्म संविधानले स्थानीय तहको एकल अधिकारमा राखिएको छ । तर, जिल्ला शिक्षा समन्वय एकाइ खडा गरेर स्थानीय तहको अधिकारमाथि हस्तक्षेप गर्दै छ । तलब खुवाउने स्थानीय तह शिक्षकमाथि नियन्त्रण सङ्घले गर्ने काम गलत छ । जिल्ला शिक्षा समन्वय एकाइ खारेज हुनुपर्छ ।" उहाँले भन्नुभयो ।

प्रदेश र स्थानीय तहलाई सङ्घले दिने समानीकरण अनुदान हरेक वर्ष घटाउँदै लगेकोमा आपत्ति जनाउँदै उहाँले समानीकरण अनुदान स्थानीय तहले आवश्यकताअनुसार विकासमा लगाउन पाउने बजेट भएको हुँदा सशर्त बजेट घटाउँदै समानीकरण अनुदान बढाउँदै लानु आवश्यक भएको उहाँले बताउनुभयो ।

ललितपुर महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जनले स्थानीय सरकारको सवालमा आफ्नो कार्यपत्र प्रस्तुत गर्दै स्थानीय तहले पनि विकासका मोडलहरू प्रस्तुत गर्दै आएको बताउनुभयो । ललितपुर महानपाको उल्लेखनीय कार्य र असल अभ्यासबारे प्रस्ट पार्दै उहाँले भन्नुभयो, "सरकारको केन्द्रीकृत मानसिकता सङ्घीयता कार्यान्वयनको चुनौतीको रूपमा रहेको छ ।"

एमालेका मुख्य सचेतक महेश बर्तौलाले गणतन्त्र ल्याउन योगदान गर्ने दलहरू सत्ता राजनीतिको खेलमा फसेको कारण सङ्घीयता विरोधीहरूले टाउको उठाउन थालेको बताउनुभयो ।

नेकाका प्रमुख सचेतक श्यामकुमार घिमिरेले अहिलेको अवस्थामा राजस्व वृद्धि नहुने र चालु खर्च बढ्दै जाने देखिएको हुँदा आर्थिक चुनौती व्यहोर्नुपरेको बताउनुभयो ।

माओवादीका सचेतक हितराज पाण्डेले वित्तीय र प्रशासनिक सङ्घीयता कार्यान्वयनबिना समस्या हल हुनसक्दैन भन्नुभयो ।

वाग्मती प्रदेशका सांसद सुष्मा भुजेलले सङ्घीयता कार्यान्वयनमा सङ्घकै भूमिका महत्त्वपूर्ण रहेको उल्लेख गर्दै सङ्घीयता सबलीकरण गर्न आवश्यक कानुन निर्माणमा ढिलाइ गर्न नहुने बताउनुभयो ।

राष्ट्रिय स्वतन्त्र पार्टीका प्रमुख सचेतक सन्तोष परियारले सङ्घीयता कार्यान्वयनको सवालमा वित्तीय सङ्घीयताबारे पनि छलफल चलाउनुपर्ने आवश्यकता औँल्याउँदै भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, विकास निर्माणलगायतका क्षेत्रमा धेरै उदाहरणीय कार्य गरे पनि सङ्घ सरकारबाट आवश्यक सहयोग नभएको बताउनुभयो ।

एकीकृत समाजवादीका सचेतक अमरबहादुर थापाले तीनवटै तहका सरकारबिच समन्वय हुनुपर्ने बताउँदै बजेटलाई उत्पादनमुखी काममा लगानी गर्नुपर्छ भन्नुभयो । उहाँले भक्तपुर नपालाई ख्वप विश्वविद्यालय सञ्चालन गर्न सरकारले सम्बन्धन दिनुपर्नेमा जोड दिनुभयो ।

बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा राष्ट्रियसभाका पूर्वसदस्य खिमलाल देवकोटाले सङ्घीयता सबलीकरणमा प्रदेश र स्थानीय तहका सवाल विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। उक्त कार्यपत्रमाथि विभिन्न राजनीतिक दलका प्रमुख सचेतक, प्रदेश र सङ्घका सदस्यहरू, नेपाल नगरपालिका सङ्घका अध्यक्ष, नगर प्रमुख र गाउँपालिका सङ्घका अध्यक्षलगायतले टिप्पणी गर्नुभएको थियो।

## आफ्नो स्वार्थ पूरा गर्न साम्राज्यवादीहरू सहयोगको लोभ देखाउँछन्



नेपाल मजदुर किसान पार्टी भक्तपुर नगरपालिका वडा नं. १ एकाइ समितिको आयोजनामा नेमकिपाको आठौँ महाधिवेशन भव्य रूपमा सफल पार्न सहयोग गर्ने वडावासीहरूप्रति धन्यवाद ज्ञापन कार्यक्रम चैत ९ गते सम्पन्न भयो।

कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले पार्टी ठूलो बनाउने नाउँमा विदेसीको सहयोग लियो भने त्यो पार्टी जनताको नहुनेतर्फ सजग हुनु आवश्यक छ भन्नुभयो।

पार्टीको आठौँ महाधिवेशन सफल पार्न कामदारवर्गका जनताले नै आर्थिक, भौतिक र अन्य सहयोग गरेको उहाँले बताउनुभयो।

केन्द्रीय सदस्य प्रजापतिले भन्नुभयो, "पार्टीले दिएको जिम्मेवारी पूरा गर्नु महत्त्वपूर्ण कुरा हो, १ वडाका पार्टी कार्यकर्ता र समर्थकहरूले उद्घाटन कार्यक्रम भव्यरूपमा सफल पार्न महत्त्वपूर्ण योगदान गर्नुभयो।"

अमेरिकी सहयोगले रूससँग युद्ध गर्ने युक्रेनका राष्ट्रपति जेलेन्स्कीसँग अमेरिकाले आधा प्राकृतिक स्रोत माग्दै छ। साम्राज्यवादीहरूले आफ्नो स्वार्थ पूरा नहुने भए केही पनि सहयोग गर्दैनन्, यसतर्फ कार्यकर्ताहरूले जनतालाई सचेत गराउनु आवश्यक छ, उहाँले भन्नुभयो।

केन्द्रीय सदस्य प्रजापतिले पार्टी नीतिलाई निरन्तर अघि बढाउनु नै सम्पूर्ण कार्यकर्ताहरूको जिम्मेवारी र कर्तव्य भएकोले सबैले अनुशासन पालना गर्नु जरूरी छ भन्नुभयो।

उहाँले भन्नुभयो, "नेमकिपाको काम बिस्तारै देशभरि फैलिँदै गएको छ। नेमकिपाप्रति आम जनताको मूल्याङ्कन राम्रो हुँदै गएको छ।"

आयोजक समितिका कृष्णबहादुर दुगुजुको सभापतित्वमा भएको उक्त कार्यक्रममा उपेन्द्र सुवाल, लक्ष्मीनारायण खत्री र बिकुलक्ष्मी कोजुले पनि बोल्नुभएको थियो।

## ज्ञानबहादुर न्याइच्याई असल, सिद्धान्तनिष्ठ र जनताको सेवामा समर्पित कार्यकर्ता



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले ज्ञानबहादुर न्याइच्याई एक असल, सिद्धान्तनिष्ठ र जनताको सेवामा समर्पित कार्यकर्ता भएको र भक्तपुरलाई सफा र पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न उहाँले महत्त्वपूर्ण योगदान पुऱ्याउनुभएको बताउनुभयो।

गणेश माध्यमिक विद्यालयका संस्थापक, भक्तपुर नगरपालिकाका पूर्व नगर प्रमुख तथा किसान नेता ज्ञानबहादुर न्याइच्याईको १४ औँ स्मृति सभा तथा छात्रवृत्ति वितरण कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले चैत १२ गते देश र जनताको लागि राम्रो काम गर्ने व्यक्तिले अमरत्व प्राप्त गर्ने बताउँदै नेमकिपाको नीति र निर्देशनमा रहेर जनताको हितमा उल्लेखनीय कार्यहरू गरेकै कारण आज भक्तपुरवासीहरूले ज्ञानबहादुर न्याइच्याईको स्मरण गरिरहेको बताउनुभयो।

प्रमुख प्रजापतिले भक्तपुर नपाले शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखेकै कारण भक्तपुरमा शैक्षिक परिवर्तन भएको उल्लेख गर्दै उहाँले शैक्षिक परिवर्तनले भक्तपुरका महिलाहरू पनि समाजमा अगाडि बढ्ने अवसर पाएको

बताउनुभयो ।

सम्पदा संरक्षण र संवर्द्धनको लागि पर्यटन सहयोग शुल्क उठाउने निर्णय उहाँकै पालामा सुरु भएको र यसले भक्तपुरको सर्वाङ्गीण विकासमा थप टेवा पुऱ्याएको स्पष्ट पार्नुभयो । उहाँले सहकारी संस्थाहरूले उत्पादनमूलक क्षेत्रमा लगानी गर्नुपर्ने आजको आवश्यकता भएको पनि सो अवसरमा बताउनुभयो ।

वैदेशिक ऋणको पासोमा नेपाल फस्दै गइरहेको बताउँदै उहाँले आर्थिक रूपमा स्वतन्त्र नभएको देश राजनीतिक रूपमा पनि स्वतन्त्र नहुने उदाहरण नेपाल बनेको छ भन्नुभयो ।

नेक्राकिसङ्घ जिल्ला समिति भक्तपुरका अध्यक्ष गोविन्द दुवालले ज्ञानबहादुर न्याइच्याईको भौतिक शरीर नभए पनि जनताको मन मनमा रहन सफल भएको व्यक्तित्व हो, उहाँ देश र जनताको हकहितको निम्ति काम गर्ने सच्चा कार्यकर्ता हुनुहुन्थ्यो भन्नुभयो ।

उहाँले कम्युनिस्ट शासन व्यवस्था आएपछि जनताले सुख सुविधा पाउनुपर्नेमा विदेशमा सस्तो ज्यामी बन्नुपर्ने बाध्यता निम्तिनुमा पनि शासक दलहरू जिम्मेवार रहेको बताउनुभयो ।



गणेश मावि व्यवस्थापन समितिका पूर्वअध्यक्ष रविन्द्र खर्बुजाले गणेश मावि स्थापनाले टोलका किसानहरूले शिक्षा हासिल गर्ने अवसर पाएको औँल्याउँदै ज्ञानबहादुर न्याइच्याईमा सुनाउने क्षमता मात्र नभई सुन्ने धैर्यता पनि भएको प्रतीकको रूपमा रहेको बताउनुभयो ।

विद्यालयका संस्थापक सदस्य एवम् समाजसेवी कृष्णबहादुर दुगुजूले ज्ञानबहादुर न्याइच्याईको योगदानलाई बिर्सन नसकिने बताउँदै उहाँले किसान हकहितमा जग्गा नापी हुँदा जोताहाको नाम उल्लेख गराउन सक्रिय भूमिका खेल्नुभयो ।

भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा गणेश माविका प्रअ गणेशराम थुसाले विद्यालय स्थापनामा योगदान गर्नुभएका शिक्षाप्रेमी, बुद्धिजीवी, समाजसेवी किसान, मजदुर, महिला, टोलवासीहरूलाई धन्यवाद दिनुभयो ।

कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले कक्षागत १० जना विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्नुभएको थियो । १ मिनेट मौन धारणबाट सुरु भएको उक्त कार्यक्रममा दिवङ्गत ज्ञानबहादुर न्याइच्याईको तस्बिरमा अतिथिहरूले माल्यार्पण गर्नुभएको थियो ।

## जुनसुकै वर्ग र समुदायका विद्यार्थी भए तापनि बिनाभेदभाव पठनपाठन गराउनुपर्ने



भक्तपुर नगरपालिकाका २१ वटा आधारभूत विद्यालयको शैक्षिक, भौतिक अवस्थाबारे नेपाल क्रान्तिकारी शिक्षक सङ्घ नगर समितिद्वारा तयार पारिएको अध्ययन प्रतिवेदन प्रस्तुतीकरण तथा छलफल कार्यक्रम २०८१ चैत १४ गते सम्पन्न भयो ।

कार्यक्रममा भनपाका प्रमुख सुनील प्रजापतिले भक्तपुरको शैक्षिक उपलब्धि स्तर राम्रो भएको कारण देशभरिका विद्यार्थीहरू भक्तपुरमा आएर पढ्ने वातावरण बनेको चर्चा गर्दै जुनसुकै वर्ग र समुदायका विद्यार्थी भए तापनि बिनाभेदभाव पठनपाठन गर्नुपर्ने बताउनुभयो ।

सीमित स्रोत साधनबाट आवश्यकता परिपूर्ति गर्नुपर्ने परिस्थितिलाई स्वीकार गर्दै भनपाले क्रमश: शैक्षिक उन्नतिको लागि कार्यक्रम बनाउँदै आएको स्मरण गर्दै प्रस्तुत अध्ययन प्रतिवेदनमाथि व्यापक छलफल चलाई आवश्यक कार्यक्रम ल्याउने विश्वास दिलाउनुभयो ।

विद्यालय अनुगमन तथा प्राविधिक सहयोग समितिका संयोजक योगेन्द्रमान बिजुक्छेँले निजी र सामुदायिक विद्यालयमा पनि सिकाइ स्तर विभिन्न तहको हुने गरेको चर्चा गर्दै विद्यालय शिक्षामा भौतिक पूर्वाधार र शिक्षकको व्यवस्थापन तथा क्रियाशीलताले महत्त्वपूर्ण योगदान पुऱ्याउने बताउनुभयो ।

स्थानीय तहलाई माध्यमिक तहसम्मको शिक्षा हेर्ने अधिकार दिए तापनि सम्पूर्ण अधिकार प्रत्यायोजन नहुँदा कार्यान्वयनमा समस्या देखापरेको चर्चा गर्दै सामुदायिक

विद्यालयको स्तरोन्नति गर्नेभन्दा विद्यालय शिक्षाबाट पन्छिने प्रवृत्ति देखिएको बताउनुभयो ।

नेक्राशिसङ्घका जिल्ला अध्यक्ष गणेशराम थुसाले भक्तपुरको शैक्षिक उन्नतिको लागि शिक्षक, अभिभावक, विव्यसलगायतका स्थानीय जनताको योगदान रहेको चर्चा गर्नुभयो ।

आयोजक समितिका दीपक माकद्वारा प्रस्तुत अध्ययन प्रतिवेदनको छलफलमा भाग लिँदै विव्यस अध्यक्ष तथा प्रधानाध्यापकहरूले महत्त्वपूर्ण सुझाव राख्नुभयो ।

छलफल कार्यक्रममा रीता लाखेमरु, सजनमान प्रधान, सूर्यबहादुर फोजु, प्रेमनाथ सुवाल, कृष्णप्रसाद सुवाल, कृष्णगोपाल आचार्य, लक्ष्मीनारायण दुवाल, कृष्णगोविन्द दुवाल, राजकृष्ण गोरा, सूर्यप्रसाद श्रेष्ठ, नारायणप्रसाद त्वानाबासुले विद्यालय गतिविधि र समस्याबारे जानकारी दिनुभयो ।

सो अवसरमा शिवराम बोहजु, रत्नप्रसाद फैजु र विश्वराम प्रजापतिले पनि बोल्नुभएको थियो ।

## नेवारी बाजा र संस्कृतिको संरक्षण व्यवसायीकरण गर्दै लानुपर्ने



निओ फ्युजन बाजा समूह र नवदुर्गा धिमे खलको संयुक्त आयोजनामा नव वर्ष २०८२ साल तथा बिस्का जात्राको शुभकामना आदानप्रदान एवम् विविध प्रशंसापत्र, सम्मान तथा कदरपत्र वितरण कार्यकम चैत १६ गते सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नेवारी बाजा र संस्कृतिको संरक्षण गर्दै त्यसलाई बिस्तारै व्यवसायीकरण गर्दै लानुपर्ने आवश्यकता औंल्याउनुभयो ।

हाम्रा परम्परागत बाजाहरू नयाँ पुस्तालाई प्रशिक्षण दिँदै त्यसको बोललाई लिपिबद्ध गर्नसके त्यसले जीवन्तता पाउने उहाँले बताउनुभयो ।

प्रमुख प्रजापतिले भन्नुभयो, "युवा र विद्यार्थीहरू बिदेसिने क्रमसँगै देशमा आवश्यक जनशक्तिको अभाव हुन थालेको छ । युवाहरूलाई सरकारले नै घर-खेत बैङ्कमा राख्न लगाएर विदेश धपाएको हो । देश युवाविहीन हुनुमा सरकार नै दोषी छ ।"

"पुँजीवादी गणतन्त्रको विकल्प समाजवादी गणतन्त्र हो । जनताले समाप्त पारिसकेको राजतन्त्र फर्केर आउने हल्लामात्रै हो, त्यो अहिले सम्भव छैन । राजतन्त्रभन्दा गणतन्त्र समाज विकासको दृष्टिले एक पाइला अगाडि हो । गणतन्त्रमा जनताका छोराछोरी पनि राष्ट्रपति बन्न पाइन्छ", उहाँले भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवं भनपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले नयाँ पुस्ताले भाषा र संस्कृति बिस्तारै छोड्दै गएको चिन्ताको विषय भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "संस्कृति र बाजागाजालाई संरक्षण गर्न देशका विभिन्न जिल्लामा बाजाको प्रशिक्षण दिनु जरूरी भइसकेको छ । शिक्षा र संस्कृतिलाई सँगसँगै लानु आवश्यक छ ।"

निओ फ्युजन स्कूल अफ कम्प्युटरका निर्देशक बालकृष्ण बनमालाले बाजागाजामा युवाहरूलाई लक्षित गर्दै नि:शुल्क प्रशिक्षण दिँदै आएको र यसलाई अझ व्यवस्थित गर्दै लैजाने योजना रहेको बताउनुभयो ।

निओ फ्युजन बाजा समूहका सल्लाहकार लक्ष्मीप्रसाद बनमालाले झौखेल, ताथली, इथुली, वागीश्वरी तथा पोखरालगायतका ठाउँमा प्रशिक्षण सञ्चालन गर्दै आएको जानकारी दिनुभयो ।

सविन लेवाको सभापतित्वमा भएको उक्त कार्यक्रममा नवदुर्गा धिमे खल:का संस्थापक दयाराम बनमाला र नवदुर्गा धिमे खल:का अध्यक्ष तथा प्रशिक्षक बालगोपाल बनमालालाई प्रमुख प्रजापतिले सम्मान गर्नुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

## ६८ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा प्रभातफेरी कार्यक्रम



'मर्यादित सहकारी : समुन्नत समाज' नाराका साथ ६८ औँ राष्ट्रिय सहकारी दिवसको अवसरमा भक्तपुर नगर सहकारी समन्वय उपसमिति र भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि. को संयुक्त आयोजनामा भक्तपुर नगरपालिकामा चैत २० गते प्रभातफेरी कार्यक्रम सम्पन्न भयो ।

भक्तपुरको टौमढीमा आयोजित सहकारी दिवस कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षणसँगै सहकारी क्षेत्रमा पनि व्यवस्थित ढङ्गले अगाडि बढ्ने प्रयास गरिरहेको बताउनुभयो ।

सहकारी संस्थाको सिद्धान्त र मूल्य मान्यतालाई हात्तीको देखाउने दाँत बनाउन नहुने बताउँदै उहाँले देश युवाविहीन अवस्थामा पुग्नुमा शासक दल मुख्य रूपमा दोषी रहेको बताउनुभयो ।



भक्तपुर नगरपालिकाभित्र सञ्चालित सहकारी संस्थामा सङ्कट नआओस् भन्ने उद्देश्यले नगरपालिकाले सहकारी अनुगमन समितिलाई सक्रिय बनाइरहेको उहाँले बताउनुभयो ।

भक्तपुर भ्रष्टाचारविरोधी आन्दोलनको ठाउँ भएको हुँदा सहकारी सञ्चालकहरूले भक्तपुरको इतिहासलाई भुल्न नहुने विचार प्रमुख प्रजापतिले राख्नुभयो ।

उहाँले सहकारी संस्थाहरू आर्थिक लेनदेनमा मात्रै सीमित हुन नहुने धारणा राख्दै सहकारीले उत्पादनशील क्षेत्रमा लगानी गर्नुपर्ने र संस्थालाई आत्मनिर्भर ढङ्गले अगाडि बढाउनुपर्नेतर्फ जोड दिनुभयो ।

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घका अध्यक्ष कृष्णगोविन्द लाखाजूले सहकारी संस्थाहरू मर्यादित र अनुशासित बनाउन चुनौतीपूर्ण हुँदै गएको बताउँदै राष्ट्र बैङ्कले सहकारी संस्थाहरूलाई नियमन गर्ने विषय आपत्तिजनक रहेको बताउनुभयो ।

समुदायमा आधारित सहकारी संस्थालाई दुःख दिन पाउँदैन भन्ने आवाज जिल्ला सङ्घले उठाउँदै आएको बताउँदै उहाँले बदमास सहकारीलाई घरघरानाबाट बचत फिर्ता गराउनुपर्ने माग सङ्घले उठाउँदै आएको प्रस्ट पार्नुभयो ।

सङ्घका सचिव तथा नगर समन्वय उपसमितिका संयोजक जगन्नाथ प्रजापतिले सहकारी दिवस मनाउनुको उद्देश्यमाथि प्रस्ट पार्दै भक्तपुरका चारवटै नगरपालिकामा आज एकैसाथ सहकारी दिवसको अवसरमा प्रभातफेरी कार्यक्रम आयोजना गरेको बताउनुभयो । सहकारी संस्थामा देखिएको सङ्कट निराकरणको लागि जिल्ला बचतले निरन्तर आवाज उठाउँदै आएको बताउँदै उहाँले भक्तपुरका समुदायमा आधारित सहकारी संस्थाहरूले समाज उत्थानको लागि सामाजिक गतिविधि अगाडि बढाउँदै आएको चर्चा गर्नुभयो ।

उक्त कार्यक्रम जिल्ला सहकारी सङ्घ लि. भक्तपुर, जिल्ला कृषि सहकारी सङ्घ लि. र जिल्ला बहुउद्देश्यीय सहकारी सङ्घ लि. भक्तपुरको समन्वयमा उक्त कार्यक्रम आयोजना गरिएको थियो ।

प्रभातफेरी कार्यक्रम भनपा वडा नं. १ दूधपाटी र कमलविनायक गरी दुई ठाउँबाट बाजागाजा र र्‍यालीसहित भक्तपुरको टौमढीमा पुगी सभामा परिणत भएको थियो उक्त कार्यक्रममा ६७ वटा सहकारी संस्थाहरूको उत्साहजनक सहभागिता रहेको थियो । सहकारी दिवसको अवसरमै भक्तपुर नगरपालिकाभित्र सञ्चालित सहकारीमध्ये लोकेश्वर बचत तथा ऋण सहकारी संस्था लि. उत्कृष्ट सहकारी घोषणा भएको छ ।

कार्यक्रममा लोकेश्वर बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष राजन जतिले पनि बोल्नुभएको थियो ।

## नगर प्रमुख प्रजापतिद्वारा स्थानीय स्काउट परिषद्को उद्घाटन




भक्तपुर नगरपालिकाका प्रमुख एवम् स्काउट संरक्षक सुनिल प्रजापतिले नेपाल स्काउट वाग्मती प्रदेश स्काउट, स्थानीय स्काउट परिषद्को प्रथम बैठकको चैत २१ उद्घाटन गर्नुभयो ।

बैठकमा नगर प्रमुख प्रजापतिले स्काउटको उद्देश्य

र सिद्धान्तबाट नेपालका बालबालिका तथा युवावर्गलाई परिचित गर्दै उनीहरूलाई देश र समाजप्रति उत्तरदायी बनाउन सक्नुपर्छ भन्नुभयो ।

दैवी प्रकोप तथा दुर्घटनामा परेका व्यक्तिहरूको उद्धार र सहायता कार्यमा परिचालन गर्नु स्काउटको प्रमुख उद्देश्य हो भन्दै उहाँले सङ्कटको समयमा स्काउटले स्वयम्सेवी भावनाले काम गर्नुपर्ने बताउनुभयो ।

स्काउट गतिविधिले विद्यार्थीहरूलाई अनुशासित बनाउनुका साथै सामाजिक क्रियाकलापमा सक्रिय बनाउने बताउँदै उहाँले युवा विद्यार्थीहरूलाई आफ्नै देशमा अध्ययन र रोजगारीको लागि प्रेरित गर्नुपर्छ भन्नुभयो ।

बैठकमा भक्तपुर नगरपालिकाका स्थानीय आयुक्त बालकृष्ण वनमालाले स्काउट गैरनाफामूलक संस्था भएको बताउँदै स्काउट गतिविधिले विद्यार्थीहरूमा दायित्वबोध गराउँदै व्यक्तित्व विकासको अवसर पनि पाइरहेको बताउनुभयो ।

राष्ट्रिय प्रशिक्षक तथा स्थानीय सल्लाहकार रामगोपाल कर्माचार्यले स्काउटको विकासमा भक्तपुर नपाले खेलिरहेको भूमिका सराहनीय भएको बताउँदै स्काउट एउटा स्वयम्सेवी संस्था भएको बताउनुभयो ।

कार्यक्रमको सभापतित्व ग्रहण भक्तपुर नगरपालिकाका उपप्रमुख तथा स्काउट प्रमुख रजनी जोशीले गर्नुभएको थियो भने भनपा वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्व र वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले स्काउट सबैको साझा संस्था भएको हुँदा स्काउटमा लाग्नेहरूमा पारदर्शिता र जिम्मेवारीबोध हुनुपर्ने बताउनुभयो । कार्यक्रममा स्थानीय स्काउटका पुष्पा प्रजापतिले पनि बोल्नुभएको थियो ।

## "रोगको पहिचान समयमै गर्नु नै आधा समस्या समाधान हुनु हो"




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भक्तपुर क्यान्सर अस्पतालको आयोजनामा भएको बालबालिकामा हुने क्यान्सरको पहिचान र उपचारसम्बन्धी सचेतनाका लागि एकदिने अभिमुखीकरण कार्यक्रमको चैत २२ गते एक कार्यक्रमबिच उद्घाटन गर्नुभयो ।

कार्यक्रममा नपा प्रमुख प्रजापतिले बालबालिकामा हुने क्यान्सरको पहिचान छिटो हुन सके धेरैको धनजनको सुरक्षा हुने बताउँदै रोगको पहिचान समयमै गर्नु नै आधा समस्या समाधान हुनु हो भन्नुभयो ।

भक्तपुर क्यान्सर अस्पतालले जनताको विश्वास जितेर जनतालाई स्वास्थ्य उपचार दिइरहेको औँल्याउँदै उहाँले सरकारको स्वामित्व ग्रहण गरेपछि यो अस्पतालले सेवा सुविधामा क्रमशः सुधार गर्दै उत्कृष्ट सेवा प्रवाह गरिरहेको बताउनुभयो ।

चिकित्सक र प्रविधिको अभावले विगतमा रोगको पहिचान समयमै हुन नसक्दा धेरै मानिसहरूले अकालमा ज्यान गुमाउनुपरेको बताउँदै उहाँले वर्तमान समयमा सुविधासम्पन्न अस्पताल र दक्ष जनशक्ति भएर पनि पर्याप्त चेतना नहुँदा उपचारको पहुँचबाट बिरामीहरू टाढा भएका छन् भन्नुभयो ।

सरकारले चिकित्सा क्षेत्रलाई राम्रो ध्यान नदिएका कारण देशका दक्ष चिकित्सकहरू बिदेसिने क्रम बढिरहेको बताउँदै उहाँले चिकित्सकमात्रै बिदेसिने होइन, नेपालको लगानी र त्यसको प्रतिफल लिनबाट जनता बञ्चित भएको छ भन्नुभयो ।

स्वास्थ्य बीमा कार्यक्रमलाई व्यवस्थित ढङ्गले अगाडि बढाउनुपर्नेमा जोड दिँदै प्रमुख प्रजापतिले भक्तपुर स्वास्थ्य उपचारको राम्रो केन्द्रको रूपमा विकास भइरहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर क्यान्सर अस्पतालका डा. रीतु लामिछानेले भक्तपुर क्यान्सर अस्पतालले सातै प्रदेशमा बालबालिकामा हुने क्यान्सरसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने योजना रहेको औँल्याउँदै बालबालिकाको क्यान्सरको अवस्थाबारे थाहा पाउन यस कार्यक्रमले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

जिल्ला जनस्वास्थ्य अधिकृत दीपक अछामीले नसर्ने रोग अहिले भयावह रूपमा अगाडि बढिरहेको हुँदा जिल्ला जनस्वास्थ्य कार्यालयले नसर्ने रोगहरू स्क्रिनिङ कार्यक्रमलाई अगाडि बढाइरहेको बताउनुभयो ।

उक्त कार्यक्रममा अस्पताल प्रशासक राजाराम तजलेले कार्यक्रमको उद्देश्यबारे प्रस्ट पार्नुभयो ।

## आत्मनिर्भर हुनसके देशको विकास हुने

"त्याग, समर्पणको भावना विकास तथा सही राजनीतिक चेतना भएपछि मात्र सभ्य समाजको कल्पना गर्न



सकिन्छ; त्यसको अभ्यास नेपाल मजदुर किसान पार्टीले नेतृत्व गरिरहेको भक्तपुर नगरले गरिरहेको छ।"

उक्त भनाइ नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नेपाल क्रान्तिकारी महिला सङ्घ भक्तपुर नगरपालिका वडा नं ९ वडा समितिको आयोजनामा चैत २२ गते भएको धन्यवाद तथा नव वर्ष २०८२ को शुभकामना आदानप्रदान कार्यक्रममा व्यक्त गर्नुभएको हो।

नेमकिपाको आठौँ महाधिवेशन सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्ने वडावासी महिला दिदी बहिनीहरूलाई धन्यवाद ज्ञापन गर्ने उद्देश्यले भएको उक्त कार्यक्रममा प्रमुख प्रजापतिले भन्नुभयो, "हामीजस्तो वातावरणमा बस्छौँ त्यस्तै हुन्छौँ; भक्तपुरका जनता राजनैतिक रूपमा सचेत भएकोले यहाँका जनता सदैव आफ्नो ठाउँको विकास तथा कला–संस्कृति संरक्षणमा तत्परताका साथ लागिरहेका छन्।"

इमानदारीपूर्वक जनताको सेवा गरेर समाजवाद स्थापना गर्नु नेमकिपाको उद्देश्य भएकोले जनतालाई निरन्तर सचेत गराउने काम पार्टीले गरिरहेको उहाँले बताउनुभयो।

आत्मनिर्भर हुन सकेमात्र देशको विकास हुने स्पष्ट पार्दै प्रमुख प्रजापतिले भन्नुभयो, "शासक दलहरूले देश र जनताको समस्याबारे चासो नराख्दा अहिले धेरै समस्या भइरहेको छ। सङ्घर्षबिना समस्या समाधान नहुने भएकोले हामीमा सङ्घर्षशील भावना हुनु जरूरी छ।"

नेमकिपा ९ नं वडा समितिका अध्यक्ष कृष्णभक्त लवजूले महिलाहरू अगाडि बढे समाज अगाडि बढ्ने भएकोले कामदारवर्गका महिलालाई राजनैतिकरूपमा सचेत पार्नु अहिलेको आवश्यकता हो भन्नुभयो।

नेमकिपाको आठौँ महाधिवेशन सफलतापूर्वक सम्पन्न गर्ने सहयोगी वडावासीहरूलाई धन्यवाद व्यक्त गर्दै उहाँले नेमकिपा कामदारवर्गका जनताको हक हितको लागि सङ्घर्षरत छ भन्नुभयो।

आयोजक समितिका छोरीमैया सुजखुको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा सविना प्रजापति र दयालक्ष्मी प्रजापतिले पनि बोल्नुभएको थियो।

# अनुसन्धानमा अघि बढेको देश शीघ्र विकास हुने




वागीश्वरी कलेजमा क्वालिटेटिभ डेटाएनालाइसिस सफ्टवेयर प्रयोगसम्बन्धी तीनदिने कार्यशाला चैत २४ गते सम्पन्न भएको छ। तालिममा सहभागी फ्याकल्टी सदस्यहरूलाई वागीश्वरी कलेज व्यवस्थापन समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले प्रमाणपत्र वितरण गर्नुभयो।

सो अवसरमा नगर प्रमुख प्रजापतिले अनुसन्धानमा अघि बढेको देश शीघ्र विकास हुने गरेको चर्चा गर्दै भक्तपुरका कलेजहरूले अध्ययन र अनुसन्धानको नमुना बनेर देखाउनुपर्नेमा जोड दिनुभयो।

उहाँले नेपालमै अनुसन्धान गर्नुपर्ने विषय कमी नभएको चर्चा गर्दै नेपालसम्बन्धी तथ्य तथ्याङ्क र अनुसन्धान प्रतिवेदन विदेशीमा भरपर्नुपर्ने अवस्था सधैँ रहनु हुँदैन भन्नुभयो।

प्रमुख प्रजापतिले अमेरिकी सहयोग रोकिएपछि नेपालको स–साना धेरै अनुसन्धान रोकिएको समाचार बाहिरिएको चर्चा गर्दै विदेशीको भरपर्ने सरकारको प्रवृत्तिले देशको हित र विकास हुन नसकिरहेको प्रस्ट पार्नुभयो।

कार्यक्रममा तालिमका स्रोतव्यक्ति डा. बलराम दुवालले देशमा अनुसन्धानको निम्ति वातावरण नबनेको र मौका पाएका कतिपयले पनि सदुपयोग गर्न नसकेको बताउनुभयो।

कलेजका प्राचार्य धनकुमार श्रेष्ठले तालिमले वागीश्वरी कलेजको पठनपाठनमा टेवा पुग्नुका साथै शिक्षक–प्राध्यापकहरूले समाजका अन्य क्षेत्रमा पनि गहकिलो योगदान पुऱ्याउन सक्ने बताउनुभयो। कार्यक्रममा वागीश्वरी कलेज अफ म्यानेजमेन्टका प्राचार्य कृष्णप्रसाद धन्छा र वागीश्वरी माविका प्रधानाध्यापक कृष्णप्रसाद कर्माचार्यको पनि उपस्थिति थियो।

# हाम्रो स्वास्थ्य

## अभिभावकले नै बच्चालाई आँखाको दृष्टि समस्यामा धकेल्दै छन्



–डा. दीपककुमार साह

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)को पछिल्लो तथ्याङ्कअनुसार विश्वमा हाल करिब दुई अर्ब ६० करोड मानिसमा कुनै न कुनै रूपमा आँखामा समस्या छ। सन् २०५० सम्म यो सङ्ख्या बढेर पाँच अर्ब पुग्ने अनुमान गरिएको छ। जसमध्ये करिब १० प्रतिशतमा गम्भीर दृष्टिविहीनको समस्या हुनसक्ने आकलन छ।


### किन बढिरहेको छ आँखाको समस्या ?

आँखाको समस्या बढ्ने प्रमुख कारण आधुनिक जीवनशैली हो। अबको १० देखि २० वर्षसम्ममा आँखाको समस्याले डरलाग्दो रूप लिनसक्ने देखिन्छ। अहिले प्रविधिको विकास भएको छ। सहरीकरण बढेको छ। खानपान पहिलेभन्दा बदलिएको छ। बदलिएको जीवनशैलीले शरीरलाई मात्र होइन, आँखालाई पनि समस्या पार्छ।

जुनबेला आधुनिक साधन थिएन, त्यसबेला बच्चाहरू बढीभन्दा बढी समय हजुरबा–हजुरआमासँग बिताउँथे। उनीहरू खुला ठाउँमा खेल्ने, हिँडने गर्थे। जसकारण टाढासम्म हरियाली वातावरणमा उनीहरूको आँखा पुग्थ्यो। विषादी नभएका ताजा पोषणयुक्त खानेकुरा खान पाउँथे। आँखा तेजिलो हुन्थ्यो। वंशाणुगतबाहेक आँखाको समस्या बुढ्यौलीमा मात्र देख्ने हुन्थ्यो।

तर, अहिले हेर्ने हो भने बच्चा वामे सर्न पाएको हुँदैन। उनीहरूलाई भुलाउने बहानामा मोबाइल हातमा राखिदिएको हुन्छ। बिस्तारै उसको लत मोबाइलमा बस्छ। परिवारसँग घुलमिल हुन खोज्दैन। बाहिर जान मन नगर्ने, स्कूल जान मन नगर्ने, साथी बनाउन मन नगर्ने र समय खाना खाँदादेखि सुत्दासम्म डिजिटल उपकरणमा व्यस्त हुन्छन्।

यसरी बिहान उठेदेखि मोबाइल नै चलाएर भिडियो गेम हेर्ने, सामाजिक सञ्जालमा भिडियो मात्र हेर्ने, विद्यालयबाट फर्केपछि चारदेखि पाँच घण्टासम्म कोठाभित्र बसेर गृहकार्य गर्न लगाउने, कोठाभित्रै खेल्ने, विद्यालयमा पनि अधिकांश समय कक्षाकोठामा बिताउने र खाली समयमा डिजिटल



उपकरण (कम्प्युटर, मोबाइल तथा भिडियो गेम) प्रयोग गर्दा आँखाको नजिक राखेर आँखा पटक्कै नझिम्काउने गर्दा आँखा सुक्खा हुने, आँखाको दृष्टि नजिकको वस्तु मात्रै हेर्ने वातावरणमा अभ्यस्त हुन थालेसँगै मायोपियाको समस्या बढेको छ।

### के हो मायोपिया ?

मायोपिया भनेको दृष्टिदोष हो। जसमा बालबालिकाले नजिकको वस्तु देख्ने र टाढाको वस्तु नदेख्ने समस्या हुन्छ।

एकै ठाँउमा निरन्तर नजिकको वस्तु हेर्दा आँखाको आकार परिवर्तन हुँदै आउँछ। हातखुट्टाको अङ्ग जस्तै आकार बढ्दै जाने भएकाले जति बढ्यो, त्यति पावर घट्छ, जसले मायोपिया भएको बुझिन्छ। त्यति मात्र होइन, आँखाको पर्दामा समस्या ल्याउँछ। बेलैमा उपचार गरेर सामान्य पावरमा ल्याउन सकेन भने आँखाको दृष्टि गुम्दै जान्छ।

मायोपिया भएमा विद्यालय जाने बालबालिकामा टाढाको नदेख्ने, अर्थात् बोर्डमा लेखेको नदेख्ने समस्या धेरै बालबालिकामा देखिन्छ। यस्ता लक्षणका बिरामी आँखा अस्पतालको ओपीडीमा पहिलेभन्दा अहिले बढेको छ।

नेपालमा मात्र होइन, विश्वभरमा यो समस्या छ। हाल विश्वमा २० देखि ३० प्रतिशतमा मायोपियाको समस्या छ। यस्ता समस्या बालबालिकादेखि नै देखियो भने भविष्यमा उमेर नपुग्दै उनीहरूमा दृष्टिदोषको समस्या देखिनसक्छ।

नेसनल इन्स्टिच्युट हेल्थमा प्रकाशित अध्ययनअनुसार २०५० सम्म ३० प्रतिशतबाट बढेर ५० प्रतिशत बढ्ने देखिन्छ। मायोपिया कतिपयमा प्याथोलोजिकल र वंशाणुगत पनि देखिन्छ, जुन केही प्रतिशतमा मात्रै देखिने भए पनि दृष्टिमा

असर पार्ने खालको हुन्छ। जुन सुरुवाती चरणमै पत्ता लाग्ने भएकाले उपचारको पहुँचसमेत बढी छ।

मायोपियाबाहेक आँखा सुक्खा हुने समस्या पनि बढेको छ। आँसुले हाम्रो आँखाको सतहलाई सङ्क्रमणबाट पनि बचाउँछ। यस्तोमा धेरै समय मोबाइल कम्प्युटरमा बिताउँदा त्यसबाट निस्कने परावैजनी किरणले आँखाको मांसपेसीको तन्तुलाई हानि गर्छ र नानीलाई ढाक्ने आँसुका तहहरू फाट्छन्। जसले कर्नियाको सतह चिप्लो हुन नसकेर, आँसुको ग्रन्थीमा आँसु कम उत्पादन हुँदा आँखा सुक्खा भई पोल्ने र चिलाउने हुनसक्छ। लगातार आँखा सुक्खा भई आँसुको कमीले आँखाको सङ्क्रमणको जोखिमसमेत बढ्छ।




त्यस्तै, अर्को समस्या भनेको एकै ठाउँमा मात्र हेरिरहँदा आँखाको मांसपेसी कमजोर भएर तथा आँखाको नसा प्यारालाइसिस भएर भविष्यमा आँखा डेढो हुने सम्भावना बढ्छ। डेढोपन भएमा आँखाले सिधा आँखाले जस्तो राम्रोसँग देख्दैन। समयमा उपचार नगर्दा आँखाको आकारप्रकार र दृष्टिमा फरक आउनसक्छ। चस्माको सहारामा जीवनयापन गर्नुपर्ने हुन्छ। एकपटक चस्मा लगाएपछि त्यो हटाउन मुस्किल हुन्छ।

यसरी सरसरती हेर्दा अभिभावकले नै बच्चालाई दृष्टि समस्यामा धकेलेको देखिन्छ। यदि बच्चालाई समय दिएर खाना खुवाउने, उनीहरूसँग खेल्ने, मोबाइलको पहुँचको संयन्त्र कम गर्ने, कुनै गृहकार्य भए आफैंले बुझाएर गर्न लगाउने र समय समयमा खुला ठाउँमा घुमाउन लाने गरेमा यस्ता उमेरअगावै आँखाको समस्याले सताउन सक्दैन।

## अस्वस्थकर खानपान

बालबालिकालाई मनपर्ने खानेकुराको नाम सोध्यो भने जवाफमा पहिलो रोजाइमा जंकफुड हुन्छ। उनीहरू जंकफुड बढी खाने र घरमा पाकेका खानेकुरा कम खान रुचाउँछन्। जसले शरीरलाई पोषक तत्त्व कम र अनावश्यक रोग बल्झाउने तत्त्व शरीरमा प्रवेश गर्छ।

## हाम्रो स्थानीय तह




### नागार्जुन नपा, काठमाडौं

| जनगणना वर्ष (विसं) | २०६८ | २०७८ |
|---|---|---|
| परिवार सङ्ख्या | १६७४६ | ३१३०१ |
| जनसङ्ख्या | ६७४२० | ११५४३७ |
| परिवार आकार | | ३.६९ |
| लैङ्गिक अनुपात | | ९९.५८ |
| वार्षिक जनसङ्ख्या वृद्धिदर प्रतिशत | | ५.१६ |
| जनघनत्व | | ३८६७ |
| साक्षरता दर प्रतिशत | | ८९.१५ |

स्रोत : नक्सा (नेपाल अर्काइभ्स), जनसङ्ख्या (राष्ट्रिय तथ्याङ्क कार्यालय)

## थाहा पाइराखौं


- टापुहरूको महादेश भनेर अस्ट्रेलिया महादेशलाई भनिन्छ।
- अल्वर्ट आइन्सटाइनको मस्तिष्कलाई अमेरिकाको प्रिन्सटन अस्पतालमा सुरक्षित राखिएको छ।
- पात्रोको प्रकाशन राणा प्रधानमन्त्री रणोदीप सिंहको पालादेखि भएको थियो।
- संसारमा पहिलो कागजी नोटको चलन चीन देशबाट सुरु भएको हो।

*-सङ्कलक: न्हुछेरत्न बुद्धाचार्य*

हाल आँखालाई स्वस्थ राख्ने भिटामिन ए, सी, ई, एन्टी अक्सिडेन्ट पाउने सागपात र फलफूल विषादीयुक्त पाइन्छन्। यस्ता खानेकुराले मात्र पनि अहिले पर्याप्त आँखालाई फाइदा दिन्छ भन्न गाह्रो छ।

यसो भन्दैमा यी खानेकुरा खान रोक्ने भन्ने होइन। बजारबाट ल्याइएका खानेकुरा राम्रोसँग पखालेर र पकाएर खान सकिन्छ। **अनलाइनखबर हेल्थ**

## आ.व. २०८१/८२ फागुन महिनामा पर्यटक सूचना तथा सेवा केन्द्रको पर्यटक आगमन तथ्याङ्क




| गते ➡ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | २३६ | २३० | ३३७ | २३४ | ३४३ | ३४५ | ३५८ | ३८७ | ४०५ | ३६१ | ४५९ | ४०६ | २५८ | ५२० | ४३६ |
| ■ सार्क तथा चिनियाँ | १९३ | २६६ | ३५६ | २६० | ३१८ | ३२१ | २५७ | २६७ | २३६ | ३१६ | २५८ | १९६ | २७४ | २६४ | २७० |

| गते ➡ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | ४३७ | ३९५ | ४११ | ५०१ | २७२ | ३८१ | ३६८ | ४०० | ४४४ | ४९८ | ४७२ | ६३० | ४९० | ३९६ |
| ■ सार्क तथा चिनियाँ | ३७२ | ३४८ | २२४ | २९१ | ३३४ | २७४ | ३१४ | ३९३ | ४९४ | ३७८ | ३७३ | २६६ | ७३६ | ३८९ |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कुल पर्यटक सङ्ख्या |
|---|---|---|---|
| २०८१ फागुन | ११,४१० | ९,२३८ | २०,६४८ |
| २०८० फागुन | १०,८४६ | १०,३९५ | २१,२४१ |
| प्रगति | ५६४ | -१,१५७ | -५९३ |

सम्पादकको पृष्ठ

# नयाँ वर्ष २०८२ को शुभकामना !

भक्तपुर नगरपालिकामा जनप्रतिनिधिहरूले कार्यभार सम्हालेको यो तेस्रो वर्ष हो । २०७९ सालको स्थानीय तह निर्वाचन पछि जनप्रतिनिधिहरूले निर्वाचन घोषणापत्रमार्फत जनताबिच गरेका प्रतिबद्धताहरू एक एक गरी पूरा गर्दैछन् । २०८१ को सुरुदेखि नै भक्तपुर नगरको शिक्षा, स्वास्थ्य उपचार, सम्पदा संरक्षण, सरसफाइ र सीपमूलक तालिम दिने क्रम सुरु गरियो ।

नगरपालिकाले कक्षा ५, ८ र १० को परीक्षा लिने व्यवस्थाले शैक्षिक गुणस्तर वृद्धिमा मद्दत गर्‍यो । यस वर्षको एसईई परीक्षामा नगरभरिका विद्यार्थीहरू ८५ प्रतिशतभन्दा बढी उत्तीर्ण हुनुले यो कुरा पुष्टि हुन्छ । त्यसैगरी ख्वप इन्जिनियरिङ कलेजका विद्यार्थी यो वर्ष पूर्वाञ्चल विश्वविद्यालय प्रथम हुन सफल भयो ।

स्वास्थ्य उपचारको क्षेत्रमा घरदैलो नर्सिङलाई निरन्तरता दिँदै वडा वडामा स्वास्थ्य केन्द्र राख्ने क्रममा यो वर्ष भनपा वडा नं. १० मा स्वास्थ्य केन्द्र सञ्चालन गरियो भने ख्वप तीलगंगा आँखा अस्पताल सञ्चालनले आँखाको उपचार गर्ने बिरामीहरूलाई अत्यन्त सहज बनायो । यसै वर्ष ख्वप अस्पतालमा विभिन्न स्वास्थ्य उपकरण थप्ने क्रम जारी छ । अत्यन्त महत्वपूर्ण सिटी स्क्यान खरिद प्रक्रिया अगाडि बढाइएको छ । ख्वप अस्पताललाई सुविधा सम्पन्न बनाउने क्रमलाई निरन्तरता दिइरहेको छ ।

कला संस्कृतिको माध्यमबाट भक्तपुरलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतमा चिनाउने उद्देश्यले २०८१ मङ्सिर २८ गतेदेखि पुस २ गतेसम्म 'भक्तपुर महोत्सव' आयोजना गरियो । उक्त महोत्सव सातदेखि आठ लाख मानिसहरूले अवलोकन गरेको अनुमान छ । त्यस अवधिमा भक्तपुरका टोल टोल र गल्ली गल्ली महोत्सवमय बन्यो । सिङ्गो भक्तपुर जीवन्त र महोत्सवको सहर देखियो । त्यसैगरी गाईजात्राको बेला प्रस्तुत गरिएका आधुनिक र परम्परागत नाच, ख्याल, बाजा समूहहरूलाई पुरस्कार वितरण, बाँसुरी बाजा प्रतियोगिता र सांस्कृतिक गुरु सम्मानजस्ता कार्यक्रमले पनि परम्परागत संस्कृति संरक्षणमा मद्दत मिलेको छ ।

भक्तपुर नपा वडा नं. ५ अवस्थित अत्यन्त महत्त्वपूर्ण लक्ष्मीनरसिंह मन्दिर यही वर्ष निर्माण सम्पन्न भयो भने टोल–टोलमा रहेका धेरै सम्पदाहरूको पुनःनिर्माण र जीर्णोद्धार सम्पन्न भए । मूर्त र अमूर्त सम्पदा संरक्षणमा यो वर्ष महत्त्वपूर्ण कार्यहरू भए । यही वर्ष अरनिको सभाभवन निर्माण र थंथु दरबार पुनःनिर्माण कार्य प्रारम्भ भयो ।

प्रत्येक युवालाई कुनै न कुनै खेलकुदमा सहभागी गराउने र खेललाई जीवन पद्धतिको रूपमा विकास गर्ने उद्देश्यले यो वर्ष चैत २३ गतेदेखि २५ गतेसम्म अन्तर–नगर जिम्नास्टिक प्रतियोगिता सम्पन्न भयो । तीनवटा महानगर एकवटा उपमहानगरसमेत गरी १८ वटा नगरपालिकाको सहभागितामा सम्पन्न उक्त प्रतियोगिताले खेलकुद जगतको इतिहासमा एउटा इँटा थप्ने काम गर्‍यो । यस वर्ष अन्तर–विद्यालय खेलकुद प्रतियोगिता पनि सम्पन्न भयो । ८५ वटा विद्यालयका दुई हजार पाँच सयभन्दा बढी खेलाडीहरूले भाग लिएको उक्त प्रतियोगिता उत्साहजनक रूपमा सम्पन्न भएको थियो ।

यसका अलावा युवाहरूलाई हातमा सीप दिने उद्देश्यले कम्प्युटर, प्लम्बर, विद्युत्, मोटरसाइकल मर्मत, मोबाइल मर्मत, हेयर कटिङ, जग्गा नापजाँच, सिलाइ, बेकरी, सिकर्मीलगायतका तालिमहरू सम्पन्न गरियो भने चिनियाँ भाषा र जापानी भाषाका तालिमहरू सम्पन्न गरियो ।

जनप्रतिनिधिहरूले जनतालाई दिएको वचन पूरा गर्ने क्रमसँगै २०८१ साल हामीबाट बिदा हुँदै छ । बाँकी काम पुरा गर्न जनप्रतिनिधिहरूलाई नयाँ वर्ष २०८२ मा सफलता मिलोस् । सम्पूर्णलाई हार्दिक शुभकामना !



नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका प्रशिक्षार्थी उपसचिवहरु
भक्तपुर नपाको अध्ययन भ्रमणमा
(चैत १९ गते)




भक्तपुर नपा वडा नं. १० सुकुनाफाँटस्थित सिज: फल्चा (पाटी) शिलान्यास
(चैत १४ गते)




ख्वप कलेजमा शिक्षक तथा कर्मचारी भेला

(चैत ११ गते)



भक्तपुरको प्रसिद्ध बिस्का जात्रा सभ्य, भव्य र शान्तिपूर्ण तरिकाले सञ्चालन गर्न सरोकारवालाहरूसँग बैठक

(चैत १४ गते)